# "होटल मिस्टिक माउन्टेन (२९४ शय्यामा स्तरोन्नति)" को

## वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

### मण्डनदेउपुर नगरपालिका वडा नं. ०२, रोहिणी

### काभ्रेपलान्चोक जिल्ला, बागमती प्रदेश



**प्रतिवेदन पेश गरिएको निकाय**

नेपाल सरकार

श्री वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाण्डौ, नेपाल

**मार्फत**

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ, नेपाल

**प्रस्तावक**


होटल मिस्टिक माउन्टेन प्रा.लि.

मण्डनदेउपुर नगरपालिका, वडा नं. २, काभ्रेपलान्चोक जिल्ला, बागमती प्रदेश

सम्पर्क नंः. ०१-६२००६४६, ०१-४००११०८

इमेलः info@hotelmysticmountain.com

वेबसाइटः www.hotelmysticmountain.com


**श्रावण, २०८३**

# प्रतिवेदनको कार्यकारी सारांश

## १. प्रस्ताव

होटल मिस्टिक प्रा.लि. द्वारा बागमती प्रदेश, काभ्रेपलान्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिका वडा नं. २, रोहिणी (गैरीसमरा) मा चार तारे स्तरमा सञ्चालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूलाई सेवा दिँदै आएको छ। यस होटल बि.सं. २०७३ देखि होटल मिस्टिक माउन्टेन प्रा.लि. अन्तर्गत ७१ पाहुना कोठामा ९९ शय्यामा सञ्चालन हुँदै आएको छ र यसको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वि.सं. २०७४।११।२१ मा श्री पर्यटन विभागबाट स्वीकृत भएको थियो। हाल प्रस्तावकद्वारा यस आयोजनाको क्षमता वृद्धि गर्ने योजना रहेकोले थप ४ नयाँ भवन निर्माण गरी सोको क्षमता ९९ पाहुना कोठामा १९५ शय्या गरी कुल १७० पाहुना कोठामा २९४ शय्या क्षमतामा होटल सञ्चालन गर्ने उद्देश्य राखेको छ। यस होटलमा स्पा, स्विमिङ्ग पूल, ज्याकुजी जस्ता सुविधाहरू पनि रहेको छ।

## २. प्रस्तावको सान्दर्भिकता

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ३, नियम ३ सँग सम्बन्धितः

- घ.१ अनुसार १०० शय्या भन्दा बढीको होटल/रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नुपर्ने र प्रस्तावित होटलमा स्तरोन्नति पश्चात् कुल २९४ शय्या संख्या हुने भएकाले;
- ज.२ अनुसार १०,००० वर्ग मिटर क्षेत्रफलभन्दा बढीको Built up Area वा Floor Area आवासीय, व्यावसायीक भवन निर्माण गर्नका लागि पनि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने र प्रस्तावित भवनको Floor Area १८,३४९.७४ वर्ग मि. हुने भएकाले;
- ज.६ अनुसार २०,००० लिटर भन्दा बढी दैनिक भूमिगत पानीको प्रयोग हुने भवन निर्माण र सञ्चालनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने र यस होटलले पूर्ण सञ्चालनको क्रममा दैनिक ५०,००० लिटर भूमिगत पानी प्रयोग गर्न सक्ने अनुमान गरिएकोले पनि यस होटलको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न लागिएको हो।

## ३. अध्ययन विधि

वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण तथा कार्यसूची मिति २०८२।०३।३२ मा श्री वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भए पश्चात् वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अन्तर्गत सार्वजनिक सुनुवाइको लागि नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा वि.सं. मिति २०८२।०४।०७ मा सूचना प्रकाशित गरियो। मिति २०८२।०४।१३ मा आयोजना गरिएको सार्वजनिक सुनुवाइका बेलामा टिपोट गरिएको स्थानीयवासीबाट आएको सुझावलाई समावेश गर्दै प्रतिवेदन तयार गरिएको हो। तत् पश्चात् स्थानीयवासी, संघ-संस्था तथा सरोकारवालाहरूको यस होटल निर्माण तथा सञ्चालनबाट पर्न जाने प्रभावको बारेमा राय, सुझावका लागि वडा कार्यालय र अन्य संघ-संस्थाहरूमा सार्वजनिक सूचना टाँस गरी मुचुल्का लिइयो। सूचना टाँस भए पश्चात् मिति २०८२।०५।०२ मा नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा राय सुझावका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरियो। सार्वजनिक सुनुवाइबाट प्राप्त राय तथा सुझावहरू साथै सकारात्मक तथा नकारात्मक प्रभावहरूको विश्लेषण पश्चात मिति २०८२।०५।१८ मा मण्डनदेउपुर नगरपालिकाको नगरकार्यपालिकको कार्यालयबाट र मिति २०८२।०६।०२ मा मण्डनदेउपुर नगरपालिका वडा नं. ०२ बाट सिफारिस पत्र प्राप्त गरियो। यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वातावरण संरक्षण नियमावली, २०७७ मा दिएको ढाँचा अनुसार तयार पारिएको छ।

## ४. विद्यमान वातावरणीय अवस्था

### भौतिक वातावरण

होटल रहेको स्थान भौगोलिक रूपमा २७°४१'५४.९४" उत्तरी अक्षांश र ८५°३१'२७.५८" पूर्वी देशान्तरमा अवस्थित छ, जुन समुद्री सतहबाट करिब १,९२८ मि. उचाइमा पर्दछ। होटलको जग्गाको कुल क्षेत्रफल ३६ रोपनी ४ आना ३ पैसा ०.९८ दाम (१८,४६७.५१ वर्ग मिटर) रहेको छ। प्रस्तावित होटलको स्तरोन्नतिको लागि थप गरिने भवनले कुल जग्गाको २,६७९.८० वर्ग मि. क्षेत्रफल ओगट्ने छ। होटल रहेको जग्गा भिरालो रहेको छ र सोही अनुसार भवनको निर्माण गरिएको छ र प्रस्तावित भवनको डिजाइन पनि सोही अनुरूप गरिएको छ। यस आयोजना क्षेत्रको माटो परीक्षणको क्रममा दुईवटा bore hole खनेर अध्ययन गरिएको थियो, जसमा सिल्टी बालुवा र ढुङ्गाको बाक्लो तहहरू छन्।

नेपालमा पाइने मौसमी क्षेत्रहरूको विशिष्टीकरणका दृष्टिकोणले प्रस्तावित आयोजना क्षेत्र काभ्रेपलान्चोक जिल्लामा पर्दछ, जहाँ शीतोष्ण जलवायु पाइन्छ। होटल देखि ४५० मिटर

पूर्वतर्फ अवस्थित जल तथा मौसम स्टेशन, नगरकोटको तथ्याङ्क अनुसार विगत ५ वर्षमा अधिकतम तापक्रम सन् २०२३ को जुन महिना (२४.५५१°C) मा पाइयो भने न्यूनतम तापक्रम सन् २०२२ को फेब्ररी महिना (२.३३२°C) पाइयो भने विगत ६ वर्षको तथ्याङ्क अनुसार सन् २०२२ मा सबैभन्दा बढी वर्षा भएको थियो।

वायुको गुणस्तर मापन गर्दा यस क्षेत्रको हावामा २०.९१ $\mu g/m^3$ $PM_{10}$, १२.१४ $\mu g/m^3$ $PM_{2.5}$ रहेको पाइयो, जुन वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ को सीमाभित्र रहेको छ। मापन अवधि (वि.सं. २०८२/०४/१४ देखि २०८२/०४/१५ सम्म) वर्षायाममा परेकाले वर्षाले वायुमण्डलमा धुलोका कणहरूमा कमि साथै सो समयमा सवारी साधनको आवागमन, निर्माण गतिविधि तथा औद्योगिक क्रियाकलाप न्यून रहेको कारण पि.एम. १० र पि.एम. २.५ को मात्रा मापदण्डभन्दा कम देखिएको हुन सक्छ। पानीको गुणस्तरका लागि प्रयोगशाला परीक्षणबाट प्राप्त नतिजालाई हेर्दा मापदण्डले तोकेका सबै मानकहरू तोकिएको सीमाभित्र रहेको पाइयो।

## जैविक वातावरण

होटल रहेको स्थान कुनै पनि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण क्षेत्र, शिकार आरक्षण क्षेत्र, आधिकारिक रूपमा मान्यता प्राप्त संरक्षण क्षेत्र वा स्थानीय मान्यता प्राप्त पारिस्थितिक सम्वेदनशील क्षेत्रभित्र वा वरपर पर्दैन। होटलको दक्षिणी तर्फ वन रहेको छ भने होटल निर्माण तथा सञ्चालन चरणमा हुने सम्पूर्ण गतिविधि कम्पनीको स्वामित्वमा रहेको निजि जग्गामा मात्र सिमित रहेको छ। प्रस्तावित थप भवनको Project Design गरी निर्माण तथा सञ्चालन गर्दा वरपरको जैविक विविधतामा क्षति नहुने हिसाबले निर्माण गरिनेछ। होटल क्षेत्रमा बोझ्रो, उत्तिस, वन कुरिलो, देवदार, कपुर लगायत धेरै किसिमको बोटविरूवाहरू रहेका छन्। चराहरूको हकमा कालीकण्ठे चिचिल्कोटे, नेपाल फूलबुट्टा, आली चिइयाँ, घर गौंथली आदि पाइन्छन्।

## सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण

होटल रहेको मण्डनदेउपुर नगरपालिकाको नगरकोट एक महत्वपूर्ण पर्यटकीय क्षेत्र हो। मण्डनदेउपुर नगरपालिका वडा नं. २ को रोहिणी (गैरीसमारा) मा रहेको यस सञ्चालनरत होटलको उत्तर तर्फ कात्तिके र गैरी समारा बस्ती रहेको छ। सञ्चालनरत होटल नगरकोट बजार देखि करिब २,५०० मिटर पूर्वतर्फ रहेको छ। यस होटलको करिब चार किलोमिटर

उत्तर-पूर्वमा रोहिणी साठीकुरिया बस्ती रहेको छ। यस होटलबाट करिब ४ किलोमिटर उत्तरमा गोल्डाँडा मकैबारी बस्ती रहेको छ भने करिब ५ किलोमिटर उत्तरमा नाल्दुम बस्ती रहेको छ।

## ५. प्रभावहरूको पहिचान

| *निर्माण चरण* | *सञ्चालन चरण* |
|---|---|
| ***सकारात्मक प्रभाव*** | |
| • रोजगारीको अवसर | • स्थानीयलाई रोजगारीको प्राथमिकता तथा अवसर<br>• पर्यटन विकास<br>• राजस्व सङ्कलन<br>• स्थानीय उत्पादनलाई प्रयोग गरी स्थानीय आर्थिक गतिविधिमा वृद्धि<br>• सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग |
| ***नकारात्मक प्रभाव*** | |
| ***भौतिक वातावरण*** | |
| • ठोस तथा तरल फोहोर व्यवस्थापन<br>• प्रकोपसँग सम्बन्धित प्रभावको सवाल<br>• विद्यमान पूर्वाधारमा प्रभाव<br>• निर्माण सामग्रीको ढुवानी तथा व्यवस्थापन सम्बन्धी चुनौती<br>• अधिक ऊर्जा आवश्यकता<br>• ध्वनि प्रदूषण<br>• उच्च पानी उपभोगसँग सम्बन्धित प्रभाव<br>• जल प्रदूषण<br>• वायु प्रदूषण | • तरल फोहोर उत्पादनसँग सम्बन्धित प्रभाव<br>• ठोस फोहोर उत्पादनसँग सम्बन्धित प्रभाव<br>• प्रकोपसँग सम्बन्धित प्रभाव<br>• उच्च पानी उपभोगसँग सम्बन्धित प्रभावहरू<br>• उच्च ऊर्जा खपत<br>• वायु प्रदूषण<br>• यातायात व्यवस्थापन सम्बन्धी समस्या<br>• ध्वनि प्रदूषण |
| ***जैविक वातावरण*** | |
| • विद्यमान रूख बिरूवा, नजिकको वन तथा वन्यजन्तुहरूमा असर | • प्रस्तावित होटलको परिधिमा हरियालीको संरक्षण तथा व्यवस्थापन |

| *निर्माण चरण* | *सञ्चालन चरण* |
|---|---|
| ***सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण*** | |
| • बालबालिकाको श्रम शोषण तथा ज्यालामा गरिने भेदभाव<br>• कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार<br>• स्थानीयवासीको गुनासो<br>• कामदारहरूको सुरक्षा तथा स्वास्थ्यको जोखिम | • स्थानीयवासीहरूको गुनासो<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको जोखिम<br>• होटलभित्र र वरपर क्षेत्रको स्वास्थ्य तथा सरसफाइ<br>• कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार<br>• खाद्यान्न गुणस्तर<br>• बहु जातीयता, संस्कृति, धर्मका व्यक्तिहरूको् प्रवाह<br>• आगन्तुकहरूको सुरक्षा |

## ६. बढोत्तरीका उपायहरू

- योग्यता, सीप र इच्छुकताको आधारमा रोजगारीका अवसरहरूको लागि स्थानीय व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।
- होटललाई सञ्चालन चरणको बखत प्लम्बर, बिजुली प्राविधिक, प्लान्ट अपरेटर, व्यवस्थापन कर्मचारी, सुरक्षा गार्ड र सफाइ कर्मचारी जस्ता जनशक्ति आवश्यक पर्दछ र यथासम्भव स्थानीय र मण्डनदेउपुर नगरपालिकाको स्थानीय जनतालाई प्राथमिकता दिइनेछ।
- महिला, युवा तथा सीमान्तकृत समुदायका सदस्यहरूलाई रोजगारीका अवसरमा विशेष प्राथमिकता दिइनेछ।
- पर्यटकहरूको सन्तुष्टिलाई पहिलो प्राथमिकतामा राख्दै, सेवा गुणस्तरलाई निरन्तर सुधार र विस्तार गरिनेछ।
- पर्यटकहरूलाई सबै प्रकारका सुविधाहरू समयको माग अनुसार प्रदान गरिदैं आईरहेको छ।
- होटल सञ्चालन वापत संघीय तथा स्थानीय तहलाई बुझाइने राजस्वबाट संघ तथा स्थानीय तहको राजस्व सङ्कलनमा टेवा पुग्नेछ।
- सञ्चालनरत यस होटलले किचनका लागि स्थानीय हरियो तरकारी, सागसब्जी तथा अन्य स्थानीय उत्पादनहरू स्थानीय हाट बजारबाट खरिद गर्दै आएको छ।

- होटलको स्तरोन्नती पश्चात् थप मागका कारण स्थानीय आपूर्ति मजबुत बनी कृषक, संकलनकर्ता र ढुवानीकर्तालाई स्थायी रोजगारी तथा आम्दानीका अवसर मिल्नेछन्।
- होटलले स्थानीय बजारबाट सामग्री खरिद गर्दा आर्थिक लेनदेन सोही क्षेत्रभित्र नै परिक्रमा हुने भएकाले नगरकोट तथा वरपरको गाउँहरूमा समग्र आर्थिक प्रवाह बढ्नेछ।
- सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि समुदाय आधारित कार्यक्रम र गतिविधिहरू जस्तै स्वास्थ्य, शिक्षा, सरसफाइ, धार्मिक, सांस्कृतिक सम्पदा संरक्षण गर्न सहयोग, नजिकको पहुँच सडकहरूको मर्मतमा भाग लिई नेपाल सरकारको नियम बमोजिम सहयोग गरिनेछ।

## ७. वातावरणीय प्रभाव न्यूनीकरण उपायहरू

**भौतिक वातावरणः निर्माण चरण**

- निर्माण स्थलबाट उत्पन्न हुने तथा कामदारहरूबाट ठोस फोहोर तोकिएको ठाउँमा सङ्कलन गरिनेछ र सम्बन्धित विक्रेताहरूलाई बेचिनेछ।
- उत्खनन् गरिने माटो बगैंचाहरूमा प्रयोग गरिनेछ र बाँकी माटोलाई सम्बन्धित विक्रेताहरूलाई बेचिनेछ।
- निर्माण स्थलबाट उत्पन्न हुने तरल फोहोरलाई sedimentation pit मा राखेर थिग्रिए पश्चात् मात्र सोक पिटमा विसर्जन गरिनेछ।
- निर्माण कार्य गर्दा सम्पूर्ण कामदारहरूलाई हेल्मेट, बुट, पन्जा, चस्मा जस्ता व्यक्तिगत सुरक्षाका उपकरणहरू लगाउन निर्देशन दिईनेछ। प्रकोपको समयमा सुरक्षित बहिर्गमनका लागि कामदारहरूलाई अभिमुखीकरण दिइनेछ।
- माटो परीक्षणमा सुझाए बमोजिम भवन निर्माण अगाडी बढाईनेछ।
- प्रस्तावित भवन बन्ने क्षेत्रको Slope stability अनुसार नै निर्माण गरिनेछ।
- राष्ट्रिय भवन संहिता, २०६० को पालना गरेर भवन निर्माण गरिनेछ।
- भवनको निर्माण अवधिमा आवश्यक निर्माण सामग्रीहरूको भण्डारण होटलको स्वामित्वमा रहेको जग्गा भित्र नै गरिनेछ।
- निर्माण क्षेत्रलाई पूर्ण रूपमा घेरेर मात्र निर्माण कार्य गरिनेछ। निर्माण कार्य गर्दा सेफ्टी नेटको प्रयोग र shear wall निर्माण गरिनेछ। यदि कुनै निर्माण गतिविधिको कारण केही क्षति भएको खण्डमा उक्त क्षतिको क्षतिपूर्ति गरिनेछ।
- उच्च ध्वनि निस्कने निर्माण कार्यहरू रात्रिकालीन समयमा गरिने छैन। निर्माण कार्य निर्धारित समय ७:०० देखि १९:०० सम्म मात्र गरिनेछ।

- निर्माण सामाग्री बिक्री वितरण गर्ने व्यक्ति तथा कम्पनीको आधिकारिकता जाँच गरी आधिकारिक रूपमा बिक्री गरिने निर्माण सामाग्रीहरू मात्र खरिद गरिनेछ।
- निर्माण सामग्रीहरूको ढुवानी गर्दा निर्माण सामग्रीलाई प्लास्टिक वा त्रिपालले छोपिनेछ। निर्माण सामग्री ढुवानी गर्दा ढुवानी गर्ने साधनको तोकिएको क्षमता अनुसार मात्र गरिनेछ। चालकहरूलाई सचेतना दिई हर्नको प्रयोगलाई निषेध गरिनेछ।
- ढुवानी तथा अनलोडिङ्ग अपलोडिङ्गको लागि समय तालिका (७:०० देखि १९:०० सम्ममात्र) बनाई पूर्ण रूपमा पालना गरिनेछ।
- पानी चुहावटको नियमित निरीक्षण गरिनेछ र तत्काल समाधान गर्ने व्यवस्था मिलाइनेछ।
- वातावरणमैत्री उपकरणहरूको प्रयोगलाई बढावा दिन डिजेलको प्रयोगलाई न्यूनीकरण गरिनेछ भने नवीकरणीय ऊर्जा जस्तै विद्युतको प्रयोग गरिनेछ।
- निर्माण सामग्री भण्डारण गर्दा प्रयोग नहुने बेला प्लास्टिक वा त्रिपालले छोपिनेछ र निर्माण स्थलमा दिनको दुई पटक पानी छर्किनेछ।
- डिजेल जेनरेटरको स्ट्याक उचाइ कम्तिमा १५ मिटर निर्धारण गरिनेछ। डिजेल जेनेरेटर तथा सवारी साधनको आवधिक मरम्मत गरी नेपाल सरकारले तोकेको वायुप्रदूषण मापदण्ड भित्र पर्ने गरी मात्र प्रयोग गरिनेछ।

**भौतिक वातावरणः सञ्चालन चरण**

- शौचालयबाट निस्कने फोहोर तथा भान्सा, बाथरूम, सरसफाइ गर्दा निस्कने फोहोर पानीको प्रशोधनको लागि STP निर्माण गरिनेछ।
- भान्साबाट निस्कने तरल फोहोरबाट तेलीय तथा बोसोजन्य फोहोर जम्मा गर्न ग्रिज ट्र्यापको प्रयोग गरिनेछ र सो तेललाई सम्बन्धित विक्रेतालाई बेचिनेछ। फोहोर पानी अर्थात सेनेटरी फोहोर पानी लगायत शौचालयबाट निस्कने फोहोर पानीलाई सेप्टिक ट्याङ्की र सोक पिट मार्फत व्यस्थापन गरिएको छ।
- फोहोर पानी पाइपको चुहावट नियन्त्रण गर्न समय समयमा मर्मत र अनुगमन गरिनेछ। फोहोर पानीको विसर्जन गर्दा नेपाल सरकारले लागू गरेको सार्वजनिक ढलहरूमा पठाउने औद्योगिक एफ्लुएन्टको मापदण्ड बमोजिम मात्र विसर्जन गरिनेछ।
- प्रत्येक कोठाहरू र बाथरूममा फोहोर सङ्कलनका लागि फोहोर राख्ने भाँडोको व्यवस्था रहेको छ।
- होटलले हाल भान्साबाट निस्कने खानाजन्य फोहोरलाई पशुपालन व्यवसायीहरूलाई दिदैं आएको छ र नकुहिने फोहोरको लागि निजी संस्थामार्फत व्यवस्थापन गर्दैं आएको छ।

भविष्यमा पनि भान्साबाट निस्कने खानाजन्य फोहोरलाई पशुपालन व्यवसायीहरूलाई दिइनेछ। त्यस्तै अन्य नकुहिने फोहोरलाई हाल व्यवस्थापन गरे जसरी नै व्यवस्थापन गरिनेछ।

- ४० माइक्रोन भन्दा कमको प्लाष्टिक झोलाको प्रयोग प्रतिबन्धित गरिनेछ भने कपडाको झोलाको प्रयोगलाई बढावा दिईनेछ।
- प्रकोपसँग सम्बन्धित प्रभावको आवश्यक साधनहरू हाल ब्लक ए र ब्लक बी दुवैको लागि छुट्टाछुट्टै व्यवस्थापन गरिएको छ।
- प्रत्येक कोठा, स्टाफ कक्ष तथा होटल भित्र अन्य सार्वजनिक स्थलहरूमा आपतकालीन अवस्थामा बाहिर निस्कने सुरक्षित बहिर्गमन योजनाको एक प्रति रखिएको छ।
- होटलमा बस्ने पाहुनाहरूलाई आगलागी तथा भूकम्पजस्ता आपतकालीन अवस्थाहरूमा सुरक्षित रहने उपायहरूको जानकारी दिने सूचना पुस्तिका (Safety Manual) प्रत्येक कोठामा राखिनेछ।
- बर्सातको पानी सङ्कलन गरेर प्रशोधन पश्चात् सरसफाइ प्रयोजन, फ्लशिङ्गका लागि प्रयोग गरिन्छ।
- होटलको कुल जग्गाको ४५.६५% हरियाली र २०% खुला क्षेत्र रहने हुदाँ सो जमिनमार्फत प्राकृतिक रूपमा भूमिगत पानी पुनर्भरण हुनुका साथै खुला क्षेत्रमा १.१ मिटर diameter र ३ मिटर गहिराई भएको रिचार्ज पिट निर्माण गर्ने योजना रहेको छ।
- वातावरणमैत्री तथा ऊर्जा खपत कम हुने फ्रिज, माइक्रोवेभ ओभन, झ्यालमा Double glazed glass, एल.इ.डी. मोनिटर तथा बल्बहरूको प्रयोग गरिनेछ।
- प्रत्येक पाहुना कोठाहरूमा अटोमेटेड लाइटिङ्ग सिस्टम (Automated Lighting System) जडान गरिनेछ।
- नयाँ सवारी साधन खरीद गर्दा विद्युतमा आधारित सवारी साधनलाई प्राथमिकता दिईनेछ।
- डिजेल जेनेरेटर तथा सवारी साधन खरिद गर्नु परे नेपाल सरकारले तोकेको वायु प्रदूषण मापदण्डभित्र पर्ने गरी मात्र खरिद गरिनेछ।
- भान्साबाट हुने वायु प्रदूषणलाई न्यूनीकरण गर्न सकेसम्म विद्युतीय उपकरण तथा इन्धनका लागि एल.पि.जी.को प्रयोग गरिनेछ। सवारी साधन र डिजेल जेनेरेटर सेटहरूको आवधिक मर्मत गरिनेछ।
- सवारी साधन पार्किङ्गका लागि पर्याप्त ठाउँको व्यवस्था रहेको छ र भविष्यमा पनि यसलाई साथै थप प्रभावकारी बनाउन पाहुना तथा कर्मचारीहरूको सुविधाका लागि भिआइपी, ट्याक्सी, र दुईपाङ्ग्रे सवारी साधनहरूको लागि छुट्टै पार्किङ्ग क्षेत्र तोकिनेछ।

- सवारी संकेतहरू जस्तै 'No Roadside Parking', 'Way to Hotel' र 'No Parking' इत्यादि होटल वरपरको सडकहरूमा राखिएको छ।
- उच्च आवाज क्षेत्रहरूमा काम गरिरहेका कर्मचारीहरूका लागि व्यक्तिगत सुरक्षात्मक उपकरण (PPE) को प्रावधान गरिनेछ।
- बैङ्क्वेट हलमा ध्वनि इन्सुलेशन सामाग्री जस्तै रबर, फोम, झ्यालमा Double glazed glass को प्रयोग गरिनेछ।
- ध्वनि प्रदूषण हटाउन प्रस्तावित होटल परिसर भित्र हर्नको प्रयोगमा कडाइका साथ प्रतिबन्ध लगाइनेछ।

**जैविक वातावरण**

- होटल परिसरमा यस क्षेत्रमा उपयुक्त हुने बिरूवाहरू रोपेर हरियाली कायम गरिएको छ भने भविष्यमा त्यसलाई निरन्तर दिईनेछ।
- होटलको सिमानामा लगाएको छेउछाउको रूखहरू छाँट्ने र त्यसलाई छिमेकमा असर नहुने गरी व्यवस्थापन गरिनेछ।
- सञ्चालन चरणमा थप हरियालीको व्यवस्थापनको लागि आयोजना क्षेत्रमा उपयुक्त हुने रूखविरूवाहरू छनोट गरी बगैंचाको निर्माण गरिनेछ।
- बगैंचा निमार्ण गर्दा मिचाहा प्रजातिको प्रयोग हुन नदिन सम्बन्धित विज्ञहरूसँग परामर्श लिएर मात्र रूखविरूवाहरूको छनोट गरिनेछ।
- हरियाली क्षेत्रको मर्मत सम्भार, संरक्षण तथा व्यवस्थापनको लागि सिपयुक्त कामदार वा मालीको नियुक्ति गरिएको छ।
- बगैंचा व्यवस्थापनको लागि प्रयोग हुने औजार तथा उपकरणहरू खरिद गरिएको छ।

**सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणः निर्माण चरण**

- बालबालिकाको श्रम संलग्नता निषेध गरिनेछ र समान कामको समान तलबको कार्यान्वयन गरिनेछ र कामदारहरूको ज्याला निर्धारण पारदर्शी र श्रम कानुनअनुसार निश्चित गरिनेछ।
- निर्माण कम्पनीहरूलाई बालश्रम र ज्याला निष्पक्षता लगायतका श्रम कानूनहरूको पालना प्रमाणित गर्ने इजाजत पत्र लिएको निर्माण कम्पनीलाई मात्र नियुक्ति गरिनेछ।
- गोप्य र सुरक्षित उजुरी व्यवस्थापन प्रणाली स्थापना गरिनेछ जसमा पीडितहरूले सजिलै उजुरी गर्न सक्नेछन्।

- गुनासो पेटिका, मौखिक गुनासो, फोन तथा ईमेलमार्फत प्राप्त गुनासोहरूको तत्काल सुनुवाइ गरिनेछ। आवश्यक कार्यहरू गर्नको लागि गुनासो सुन्ने अधिकारी तोकिनेछ भने गुनासो पेटिका पनि राखिनेछ।
- निर्माण चरणमा कामदारहरूको व्यक्तिगत सुरक्षामा साधनहरू जस्तै हेल्मेट, बुट, चस्मा, मास्क, सेफ्टी बेल्टको प्रयोगलाई अनिवार्य गरिनेछ।
- स्वास्थ्य सम्बन्धी जोखिम न्यूनीकरण तथा सतर्कताका लागि विभिन्न साइनबोर्ड, पर्याप्त बत्ती तथा भवनको रंगरोगन कार्य गर्दा सेफ्टी नेटको व्यवस्था गरिनेछ।
- निर्माण कामदारहरुलाई स्वास्थ्य बीमा, प्राथमिक उपचार किट, सुरक्षित पिउने पानी र पर्याप्त शौचालय जस्ता स्वास्थ्य सुरक्षाहरु प्रदान गरिनेछ
- विभिन्न साइनबोर्ड, पर्याप्त बत्ती तथा भवनको रंगरोगन कार्य गर्दा सेफ्टी नेटको प्रयोग गरिनेछ।

**सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणः सञ्चालन चरण**

- होटल सञ्चालनका लागि प्रशिक्षित र कुशल कर्मचारीहरूको नियुक्ति र स्थानीयहरूलाई प्राथमिकता दिईएको छ र भविष्यमा पनि दिईनेछ। प्राथमिक उपचार किट (First Aid Kit) र स्वास्थ्य बीमाको प्रावधान गरिनेछ। प्रकोपको समयमा आपतकालीन बहिर्गमन ढोकाबाट सुरक्षित खुल्ला स्थानमा भेला गरिनेछ।
- खतरनाक स्थानहरूमा चेतावनी संकेतहरू (Warning Signs) स्पष्ट रूपमा राखिनेछ।
- सामुदायिक स्वास्थ्य र सरसफाइ अभ्यासहरूको बारेमा कर्मचारीहरूलाई जानकारी दिइनेछ।
- खाद्य सामग्रीहरूको expiration date जाँच गरिन्छ। म्याद समाप्त भएको Packaged खाद्यान्न सम्बन्धित विक्रेताको policy बमोजिम फिर्ता गरिनेछ भने बाँकी सामग्रीलाई सो को प्रकृति अनुसार व्यवस्थापन गरिनेछ।
- कर्मचारीहरूलाई भान्सामा लगाउने छुट्टै पोशाकको व्यवस्था (जस्तैः आगो प्रतिरोध क्षमता भएको र धारिलो बस्तुबाट नकाटिने) रहेको छ।
- खाद्यान्नको प्रकृति अनुसार (मासुजन्य खाद्यान्न तथा अन्य खाद्यान्न) का लागि छुट्टाछुट्टै भण्डारण तथा चिस्यानको व्यवस्था रहेको छ।
- मासुजन्य खाद्यान्न तथा अन्य खाद्यान्नका लागि भान्सामा छुट्टाछुट्टै कलर कोर्ड भएको सामाग्रीहरू (जस्तैः मासुजन्य खाद्यान्नको लागि रातो चपिङ्ग बोर्ड र अन्य खाद्यान्नको लागि हरियो रङ्गको चपिङ्ग बोर्ड तथा छुट्टाछुट्टै काट्ने चक्कुहरू) को प्रयोग गरिन्छ।

- खाना पकाउन प्रयोग गरिने पानी राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले सुझाए बमोजिमको गुणस्तरको प्रयोग गरिन्छ।
- मुख्य प्रवेशद्वारमा सुरक्षा चौकीदारद्वारा प्रवेशद्वार नियन्त्रण गरिनेछ। अवैध गतिविधिहरूको निरीक्षणका लागि मुख्य प्रवेशद्वार, लबी र अन्य सार्वजनिक क्षेत्रहरूमा सी.सी.टी.भी.को स्थापना गरिनेछ। सार्वजनिक क्षेत्र र लबी, रिसेप्सन आदिमा सुरक्षा हटलाइन नम्बरहरू (नजिकको प्रहरी चौकी) प्रदर्शन गरेर राखिनेछ।
- गुनासो व्यवस्थापनको लागि गुनासो सुन्ने अधिकारी तोकिएको छ र मुख्यद्वारमा गुनासो पेटिका राखिनेछ। विभिन्न स्रोतहरु बाट प्राप्त गुनासोहरु गुनासो सुन्ने अधिकारीद्वारा दर्ता गरिनेछ र प्रस्तावकद्वारा यसको न्यूनीकरणको लागि स्थानीय व्यक्तिहरूसँग छलफल गरेर आवश्यक कदम अपनाइनेछ।

उल्लिखित न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सञ्चालन चरणका लागि कुल अक्षरेपी रू. पाँच लाख चालिस हजार मात्र एक पटकको खर्चको रूपमा विनियोजन गरिएको छ। साथै सञ्चालन अवधिमा वार्षिक कुल अक्षरेपी रू. अठार लाख न्यूनीकरणको लागि व्यवस्थापकीय खर्च हुने देखिन्छ। त्यस्तै सामाजिक उत्तरदायित्त्वका लागि नेपाल सरकारको नियम अनुसार बजेटको व्यवस्था गरिनेछ।

## ८. वातावरणीय व्यवस्थापन योजना

यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रभावहरूको व्यवस्थापन योजना, अनुगमन योजना संलग्न गरी वातावरणीय व्यवस्थापन योजना तयार गरिएको छ। यस योजनामा नेपालमा विद्यमान प्रदूषण मापदण्डहरूलाई समेत मध्यनजर राखी सो सम्बन्धीको व्यवस्था समेत उल्लेख गरिएको छ। साथै वातावरणीय व्यवस्थापन प्रारूप अन्तर्गत अनुगमन गर्नुपर्ने दायित्वहरूलाई प्रतिवेदनमा उल्लेख गरिएको छ। वातावरणीय अनुगमनका लागि वार्षिक कुल अक्षरेपी रू. पाँच लाख पाँच हजार मात्र विनियोजन गरिएको छ।

## ९. निष्कर्ष

यस वातावरणीय प्रभाव मूल्याङ्कनको सिलसिलामा होटल मिस्टिक माउन्टेनको थप भवन निर्माण तथा सञ्चालन चरणमा हुन सक्ने वातावरणीय प्रभावहरूको लेखाजोखा गरी त्यस्ता वातावरणीय प्रभावहरूलाई घटाउन विभिन्न न्यूनीकरणका उपायहरू प्रस्तुत गरिएको छ। यस प्रतिवेदनमा उल्लेख भए अनुसारको वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने

तथा प्रस्तावित वातावरणीय व्यवस्थापन योजना अनिवार्य रूपमा लागू गरिनेछ। साथै वातावरणीय अनुगमन समेत यस प्रतिवेदनमा उल्लेख भए अनुसार समय समयमा गरिनेछ। यस होटल मिस्टिक माउन्टेन प्रा.लि. ले स्थानीय प्रभावित व्यक्तिहरू, सरोकारवाला संघ संस्थाहरूसँग आपसी समन्वय कायम राखी यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने तथा सो को नियमित अनुगमन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

# EXECUTIVE SUMMARY

## 1. Introduction

Hotel Mystic Pvt. Ltd. has been operating a four-star level hotel providing services to national and international tourists at Rohini (Gairisamara), Ward No. 2, Mandandeupur Municipality, Kavrepalanchok District, Bagmati Province. The hotel has been in operation since B.S. 2073 under Hotel Mystic Mountain Pvt. Ltd., with 71 guest rooms and 99 beds. For this, the Initial Environmental Examination (IEE) report was approved by the Department of Tourism on B.S. 2074/11/21. Currently, the proponent is planning to expand the capacity of this project by constructing four new buildings, increasing the capacity from 99 guest rooms and 195 beds to a total of 170 guest rooms with 294 beds. The hotel also includes facilities such as a spa, swimming pool, and jacuzzi.

## 2. Statutory Environmental Requirement

As per Schedule 3 of the Environment Protection Rules, 2077, related to Rule 3:

- According to Clause Gh.1, an Environmental Impact Assessment (EIA) study is required for the construction, establishment, and operation of hotels/resorts with more than 100 beds. Since the proposed hotel will have a total of 294 beds after upgradation, an EIA is required;
- According to Clause J.2, an EIA is also required for the construction of residential or commercial buildings with a built-up area or floor area exceeding 10,000 square meters. Since the proposed building has a floor area of 18,349.74 square meters, an EIA is required;
- According to Clause J.6, an EIA is required for the construction and operation of buildings that use more than 20,000 liters of groundwater per day. Since the hotel is estimated to use about 50,000 liters of groundwater daily during full operation, an EIA study is required for this hotel.

## 3. Study Method

After the approval of the scoping and Terms of Reference for the Environmental Impact Assessment on B.S. 2082/03/32 by the Ministry of Forests and Environment, a public notice for the public hearing under the EIA study was published in the Nepal Samacharpatra National Daily on B.S. 2082/04/07. During the public hearing held on B.S. 2082/04/13, the report was prepared by incorporating the suggestions received from local residents. Thereafter, public notices were posted at the ward office and other organizations to collect opinions and suggestions from local residents, organizations, and stakeholders regarding the impacts of the construction and operation of the hotel, and formal records (muchulka) were prepared. After posting the notices, a 7-day public notice was published in the Nepal Samacharpatra National Daily on B.S. 2082/05/02 to collect opinions and suggestions. After analyzing the suggestions received from the public hearing along with the positive and negative impacts, recommendation letters were received from the Office of the Municipal Executive of Mandandeupur Municipality on B.S. 2082/05/18 and from Ward No. 02 of

Mandandeupur Municipality on B.S. 2082/06/02. This Environmental Impact Assessment report has been prepared according to the format provided in the Environment Protection Rules, 2077.

## 4. Existing Environmental Condition

**Physical Environment**

The location of the hotel is geographically situated at 27°41'54.94" N latitude and 85°31'27.58" E longitude, at an elevation of approximately 1,928 meters above sea level. The total area of the hotel land is 36 ropani 4 anna 3 paisa 0.98 dam (18,467.51 square meters). The additional buildings proposed for the hotel upgradation will occupy a total area of 2,679.80 square meters of the land. The hotel site is situated on a steep slope, and the existing buildings have been constructed accordingly, with the design of the proposed buildings following the same slope conditions. During soil testing of the project area, two boreholes were drilled, which revealed thick layers of silty sand and stone.

From the perspective of the classification of climatic zones in Nepal, the proposed project area falls in Kavrepalanchok District, which experiences a temperate climate. According to data from the weather and hydrological station located 450 meters east of the hotel in Nagarkot, over the past five years, the maximum temperature was recorded in June 2023 at 24.55 °C, while the minimum temperature was recorded in February 2022 at 2.33 °C. Based on six years of records, the highest rainfall was observed in 2022.

Air quality measurements in the area showed concentrations of 20.91 $\mu g/m^3$ for PM10 and 12.14 $\mu g/m^3$ for PM2.5, which are within the limits set by the National Ambient Air Quality Standards, 2069. The measurement period (B.S. 2082/04/14 to 2082/04/15) fell during the rainy season, which likely reduced the presence of dust particles in the atmosphere. Additionally, vehicular movement, construction activities, and industrial operations were minimal during this period, which may have contributed to the lower PM10 and PM2.5 levels compared to the standard limits. Laboratory tests for water quality indicated that all parameters were within the prescribed standards.

**Biological Environment**

The location of the hotel does not fall within or near any national park, wildlife reserve, hunting reserve, officially recognized conservation area, or locally recognized ecologically sensitive area. There is forest to the south of the hotel, but all activities during the construction and operation phases of the hotel are confined to privately owned land under the company’s ownership. The proposed additional buildings will be designed, constructed, and operated in a manner that avoids damage to the surrounding biodiversity. The hotel area contains a variety of trees and plants, including Bojho, Uttis, Van Kurilo, Deodar, and Kapur. As for birds, species such as Kalikanthé Chichilkote, Nepal Phoolbutta, Ali Chiyaa, and Ghar Gauthali are present.

**Socio-economic and Cultural Environment**

Mandandeupur Municipality's Nagarkot area is an important tourist destination. The operating hotel, located in Rohini (Gairisamara), Ward No. 2 of Mandandeupur Municipality, lies north of the Kattike and Gairi Samara settlements. The hotel is situated approximately 2,500 meters east of Nagarkot Bazaar. About 4 kilometers northeast of the hotel is the Rohini Sathikuriya settlement. Around 4 kilometers north lies the Goldanda Maika Bari settlement, and approximately 5 kilometers north is the Naldum settlement.

## 5. Environmental Impacts

The implementation of proposed project will bring both beneficial and adverse impacts. Such major impacts are:

| **Beneficial Impacts** | |
|---|---|
| **Construction Phase** | **Operation Phase** |
| 1. Employment Opportunity | 1. Priority and opportunities for local employment<br>2. Tourism development<br>3. Revenue Generation<br>4. Promotion of local economic activities by using local products<br>5. Support to the local community under social responsibility initiatives |
| **Adverse Impacts** | |
| **Physical Environment** | |
| **Construction Phase** | **Operation Phase** |
| 1. Solid and liquid waste management<br>2. Impacts related to disasters<br>3. Effects on existing infrastructure<br>4. Challenges related to transportation and management of construction materials<br>5. Higher energy demand<br>6. Noise pollution<br>7. Impacts related to high water consumption<br>8. Water pollution<br>9. Air pollution | 1. Impact related to liquid waste generation<br>2. Impacts related to solid waste generation<br>3. Impacts related to disasters<br>4. Impacts associated with high water consumption<br>5. High energy consumption<br>6. Air pollution<br>7. Problems related to traffic management<br>8. Noise pollution |
| **Biological Environment** | |
| 1. Impact on existing trees, nearby forests, and wildlife | 2. Conservation and management of greenery around the proposed hotel |
| **Socio Economic Environment** | |
| 1. Child labor exploitation and wage discrimination<br>2. Sexual harassment in the workplace<br>3. Grievances of Local Residents | 1. Grievances of Local Residents<br>2. Occupational health and safety risks |

| | |
|---|---|
| 4. Risks to workers' safety and health | 3. Health and Sanitation Within and Around the Project Area<br>4. Health and sanitation within and around the hotel area<br>5. Sexual harassment in the workplace<br>6. Food quality<br>7. Inflow of people from multiple ethnicities, cultures, and religions<br>8. Safety of visitors |

**6. Augmentation Measures**

- Employment opportunities will be given priority to local individuals based on their qualifications, skills, and willingness.
- During the hotel's operation phase, personnel such as plumbers, electrical technicians, plant operators, management staff, security guards, and cleaning staff will be required, and as far as possible, priority will be given to locals from Mandandeupur Municipality.
- Special priority will be given to women, youth, and members of marginalized communities in employment opportunities.
- Service quality will be continuously improved and expanded, keeping tourist satisfaction as the top priority.
- All types of facilities will be provided to tourists according to demand.
- Revenue generated from hotel operations will contribute to revenue collection at both federal and local levels.
- The operating hotel currently procures local green vegetables, leafy greens, and other local products from nearby markets for its kitchen.
- After the hotel's upgradation, increased demand will strengthen local supply chains, providing permanent employment and income opportunities for farmers, collectors, and transporters.
- When the hotel purchases materials from local markets, the financial transactions circulate within the area, increasing overall economic flow in Nagarkot and surrounding villages.
- Under social responsibility, the hotel will support community-based programs and activities for the local community, such as health, education, sanitation, religious and cultural heritage conservation, and participation in the maintenance of nearby access roads, in accordance with the regulations of the Government of Nepal.

**7. Environmental Mitigation Measures**

**<u>Physical Environment: Construction Phase</u>**

- Solid waste generated from the construction site and by workers will be collected at designated locations and sold to authorized vendors.

- Excavated soil will be used in gardens, and any remaining soil will be sold to relevant vendors.
- Liquid waste from the construction site will be collected in a sedimentation pit and released into soak pits only after settling.
- All workers will be instructed to wear personal protective equipment (PPE) such as helmets, boots, gloves, and goggles during construction. Workers will also be oriented on safe evacuation procedures during emergencies.
- Construction will proceed based on the recommendations from soil testing.
- The proposed buildings will be constructed according to the slope stability of the site.
- Construction will comply with the National Building Code, 2060.
- All construction materials will be stored within the hotel-owned land.
- The construction site will be fully enclosed. Safety nets and shear walls will be used during construction. Any damage caused by construction activities will be compensated.
- High-noise construction activities will not be carried out at night. Construction work will be restricted to 07:00 to 19:00.
- Only construction materials from verified and authorized vendors will be purchased.
- During transportation, construction materials will be covered with plastic or tarpaulin, and transportation will be limited to the vehicle's capacity. Drivers will be instructed to avoid using horns unnecessarily.
- A schedule for loading and unloading (07:00 to 19:00) will be strictly followed.
- Regular inspections will be conducted to prevent water leakage, and immediate measures will be taken to address any issues.
- Use of environmentally friendly equipment will be promoted by minimizing diesel consumption and using renewable energy sources such as electricity.
- Stored construction materials will be covered with plastic or tarpaulin when not in use, and the construction site will be sprinkled with water twice daily.
- Diesel generator stacks will be at least 15 meters high. Diesel generators and vehicles will undergo periodic maintenance to ensure air pollution levels remain within the standards set by the Government of Nepal.

**Physical Environment: Operation Phase**

- A Sewage Treatment Plant (STP) will be constructed to treat wastewater generated from toilets, kitchens, bathrooms, and cleaning activities.
- Grease traps will be used to collect oily and fat-laden waste from kitchen effluents, and the collected oil will be sold to authorized vendors. Wastewater, including sanitary sewage from toilets, will be managed through septic tanks and soak pits.
- Leakage from wastewater pipes will be periodically repaired and monitored. Wastewater disposal will comply with the industrial effluent standards prescribed by the Government of Nepal for public drains.
- Each room and bathroom will be equipped with waste bins for collecting waste.

- Currently, the hotel provides kitchen-generated organic waste to livestock farmers and manages non-degradable waste through private organizations. In the future, kitchen waste will continue to be given to livestock farmers, and other non-degradable waste will be managed as done presently.
- The use of plastic bags smaller than 40 microns will be prohibited, while the use of cloth bags will be promoted.
- Necessary resources to address disaster-related impacts have been separately arranged for Block A and Block B.
- Copies of emergency evacuation plans are placed in each room, staff quarters, and other public areas inside the hotel to ensure safe exit during emergencies.
- Safety manuals providing instructions on staying safe during emergencies such as fire and earthquakes will be placed in every guest room.
- Rainwater will be collected, treated, and used for cleaning and flushing purposes.
- Since 45.65% of the hotel land will be greenery and 20% open space, natural groundwater recharge will occur through the soil. Additionally, a soak pit with a diameter of 1.1 meters and a depth of 3 meters will be constructed in the open area.
- Environmentally friendly and energy-efficient equipment such as refrigerators, microwave ovens, double-glazed glass windows, and LED monitors and bulbs will be used.
- Automated lighting systems will be installed in all guest rooms.
- When purchasing new vehicles, electric vehicles will be given priority.
- Diesel generators and vehicles, if purchased, will comply with air pollution standards set by the Government of Nepal.
- To reduce air pollution from the kitchen, electric appliances and LPG fuel will be used wherever possible, and periodic maintenance will be carried out for vehicles and diesel generator sets.
- Adequate parking is available, and in the future, separate parking areas will be designated for VIPs, taxis, and two-wheelers to improve convenience for guests and staff.
- Traffic signs such as “No Roadside Parking,” “Way to Hotel,” and “No Parking” are placed on roads around the hotel.
- Personal Protective Equipment (PPE) will be provided to employees working in high-noise areas.
- Sound-insulating materials such as rubber, foam, and double-glazed glass will be used in the banquet hall.
- The use of horns inside the proposed hotel premises will be strictly prohibited to minimize noise pollution.

**<u>Biological Environment: Contruction and Operation Phase</u>**

- The hotel premises have been landscaped with trees suitable for the area, and this greenery will be maintained continuously in the future.

- Trees planted along the hotel boundary will be pruned and managed in a way that does not affect neighboring areas.
- During the operation phase, additional greenery will be managed by selecting suitable trees and plants for the area and developing gardens.
- While constructing gardens, only appropriate tree and plant species will be selected in consultation with experts to avoid the use of invasive or harmful species.
- Skilled workers or gardeners have been appointed for the maintenance, conservation, and management of green areas.
- Tools and equipment required for garden management have been purchased..

**Socio-economic Environment: Construction Phase**

- Child labor will be strictly prohibited, and equal pay for equal work will be implemented. Workers' wages will be determined transparently in accordance with labor laws.
- Only construction companies with valid certification proving compliance with labor laws, including child labor prohibition and fair wage practices, will be appointed.
- A confidential and secure grievance management system will be established, allowing victims to easily lodge complaints.
- Complaints received via suggestion boxes, verbal communication, phone, or email will be addressed promptly. An officer will be designated to handle grievances, and suggestion boxes will be installed.
- During the construction phase, the use of personal protective equipment (PPE) such as helmets, boots, goggles, masks, and safety belts will be mandatory for workers.
- To minimize health risks and ensure safety, various signboards, adequate lighting, and safety nets will be provided during building painting and other activities.
- Construction workers will be provided with health insurance, first aid kits, safe drinking water, and adequate sanitation facilities.
- Signboards, sufficient lighting, and safety nets will be used consistently to maintain safety during construction activities, including painting and other high-risk tasks.

**Socio-economic Environment: Operation Phase**

- Trained and skilled staff will be appointed for hotel operations, with priority given to local residents, and this practice will continue in the future. First aid kits and health insurance will be provided. During emergencies, guests and staff will be gathered at safe open areas via emergency exit doors.
- Warning signs will be clearly posted in hazardous areas.
- Employees will be educated on community health and sanitation practices.
- The expiration dates of food items will be checked. Expired packaged food will be returned to the vendor as per their policy, while other materials will be managed according to their nature.
- Staff will have separate kitchen uniforms, such as fire-resistant clothing that protects against cuts from sharp objects.

- Separate storage and refrigeration facilities will be provided based on the type of food (e.g., meat products and other food items).
- Color-coded tools will be used in the kitchen: for example, red chopping boards and knives for meat products, and green chopping boards and knives for other food items.
- Water used for cooking will meet the National Drinking Water Quality Standards.
- Security personnel will control the main entrance. CCTV cameras will be installed at the main entrance, lobby, and other public areas to monitor unauthorized activities. Security hotline numbers (nearest police station) will be displayed in public areas, lobby, and reception.
- A designated grievance officer will manage complaints, with a suggestion box placed at the main entrance. Complaints received from various sources will be recorded by the officer, and the proponent will take necessary steps, in consultation with local stakeholders, to address and minimize the issues.

To implement the above-mentioned mitigation measures, the proponent will establish an Environmental Management Unit, and the required activities will be carried out under the supervision of the team leader of the Environmental Management Unit or the Environmental Officer. In order to mitigate various environmental impacts, a total of about NRs. Five Lakh Forty thousand has been allocated for the construction phase (One Time Cost) and NRs. Eighteen Lakh for operation phase (Annual Management Cost). Likewise, budget will be allocated for Corporate Social Responsibility as per Nepal Governments' Rules.

## 8. Environmental Management Plan

This Environmental Impact Assessment (EIA) report has been prepared along with an Environmental Management Plan (EMP), which includes the impact management plan and monitoring plan. The plan also takes into account the existing pollution standards in Nepal and specifies measures to comply with them. Additionally, the report outlines the responsibilities for monitoring under the environmental management framework. For environmental monitoring, a total of NPR 505,000 per year has been allocated.

## 9. Conclusion

In the context of this Environmental Impact Assessment, the potential environmental impacts during the construction and operation of the additional buildings of Hotel Mystic Mountain have been identified, and various mitigation measures to reduce these impacts have been proposed. The mitigation measures outlined in this report will be strictly implemented, and the proposed Environmental Management Plan (EMP) will be compulsorily enforced. Environmental monitoring will also be conducted periodically as specified in this report.

Hotel Mystic Mountain Pvt. Ltd. is committed to coordinating with affected local communities and relevant stakeholder organizations to implement the mitigation measures mentioned in this EIA report and to ensure their regular monitoring and follow-up.

# संक्षेपीकृत शव्दहरू र तिनका विस्तृत रूप

| | |
|---|---|
| ई.सं. | ईस्वी सम्बत् |
| गा.वि.स. | गाउँ विकास समिति |
| नं. | नम्बर |
| ने.रू. | नेपाली रूपैयाँ |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| वा.प्र.मू. | वातावरणीय प्रभाव मूल्याङ्कन |
| वि.सं. | विक्रम सम्वत् |
| A.C. | Air Conditioner |
| BOD | Biological Oxygen Demand |
| CCTV (सि.सि.टि.भी.) | Closed-Circuit Television |
| CBS | Central Bureau of Statistics |
| CFL(सी.एफ.एल.) | Compact Fluorescent Lamp |
| CGI | Corrugated galvanised iron |
| DHM | Department of Hydrology and Meteorology |
| EIA | Environmental Impact Assessment |
| EPA | Environmental Protection Act |
| EPR | Environmental Protection Rule |
| FAR | Floor Area Ratio |
| GoN | Government of Nepal |
| HSD | High Speed Diesel |
| IEE | Initial Environmental Examination |
| KUKL | Kathmandu Upatyaka Khanepani Limited |
| LED (एल.ई.डी.) | Light Emitting Diode |
| L.P.G. | Liquified Petroleum Gas |
| NBC | National Building Code |
| $NO_x$ | Nitrogen Oxide |
| PPE | Personal Protective Equipment |
| PVC | Polyvinyl Chloride |
| PM | Particulate Matter |
| $SO_2$ | Sulphur Dioxide |
| STP | Sewage Treatment Plant |
| TSP | Total Suspended Particles |

**एकाइ**

| | |
|---|---|
| कि.मि. | किलोमिटर |
| के.जी. | किलोग्राम |
| के.भि.ए. | किलो भोल्ट एम्पियर |
| मि. | मिटर |
| लि. | लिटर |
| व.मि. | वर्ग मिटर |
| % | प्रतिशत |

# विषय सूची


**प्रतिवेदनको कार्यकारी सारांश............................................................................ क**

**EXECUTIVE SUMMARY ................................................................................ ङ**

**परिच्छेद १ : प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना........................... १**

१.१ प्रस्तावक ................................................................................................ १

१.२ परामर्शदाता............................................................................................ १

१.३ वातावरणीय प्रभाव मूल्याङ्कनको कानूनी औचित्य ................................................... २

१.४ वातावरणीय प्रभाव मूल्याङ्कनका उद्देश्यहरू............................................................३

१.५ अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुरा...........................................................३

**परिच्छेद २ : प्रस्तावको परिचय ........................................................................ ५**

२.१ भूमिका.................................................................................................... ५

२.२ प्रस्तावको विवरण ..................................................................................... ६

२.२.१ आयोजनाको अवस्थिति................................................................................ ६

२.२.२ प्रस्तावको संरचनात्मक अवयव ....................................................................... ६

२.२.३ आयोजनाको लागि आवश्यकता ..................................................................... २०

२.३ प्रस्तावको उद्देश्य..................................................................................... २३

**परिच्छेद ३: प्रतिवेदन तयार गर्दा अपनाइएको विधि............................................. २४**

३.१ सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री / प्रतिवेदनको पुनरावलोकन..................... २६

३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष)............................................. ३१

३.३ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण ............................ ३१

३.४ चेकलिष्ट /म्याट्रिक्स तथा प्रश्नावली................................................................. ३२

३.५ स्थलगत अध्ययन ...................................................................................... ३३

३.५.१ भौतिक वातावरणमा अपनाइएको विधि............................................................. ३३

३.५.२ जैविक वातावरणमा अपनाइएको विधि ............................................................ ३४

३.५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा अपनाइएको विधि................ ३४

३.६ सङ्कलित नमूनाको प्रयोगशालामा विश्लेषण ......................................................... ३६

३.७ प्राप्त तथ्याङ्कको विश्लेषण ........................................................................... ३६

३.८ प्रभावको पहिचान, आंकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि.. ३६

३.९ मस्यौदा प्रतिवेदनको तयारी........................................................................... ३७

३.१० सार्वजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाइ....................................... ३८

३.११ सार्वजनिक सूचना तथा सूचना सम्प्रेषण र सुझाव सङ्कलन................................. ४३

३.१२ सिफारिस पत्र ........................................................................................ ४४

३.१३ प्रतिवेदनको तयारी ........ ४८

**परिच्छेद ४: प्रस्तावसँग सम्बन्धित नीति, कानुन तथा मापदण्ड ........ ४९**

४.१ संविधान ........ ४९

४.२ ऐनहरू ........ ५०

४.३ नियम तथा नियमावलीहरू ........ ५९

४.४ नीतिहरू ........ ६२

४.५ रणनीतिहरू ........ ६६

४.६ योजना ........ ६६

४.७ निर्देशिका ........ ६७

४.८ कार्यविधिहरू ........ ६८

४.९ मापदण्डहरू ........ ६८

**परिच्छेद ५ : विद्यमान वातावरणीय अवस्था ........ ७७**

५.१ भौतिक वातावरण ........ ७७

५.१.१ भौगोलिक तथा धरातलीय अवस्था भू-उपयोग ........ ७७

५.१.२ भूगर्भ ........ ७७

५.१.३ जल तथा मौसम ........ ७९

५.१.४ वायु, जल तथा ध्वनिको गुण ........ ८१

५.१.५ भूकम्पीय जोखिम ........ ८४

५.१.६ जलस्रोत तथा जलाधार क्षेत्र ........ ८५

५.२ जैविक वातावरण ........ ८६

५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण ........ ९७

५.३.१ मण्डनदेउपुर नगरपालिका ........ ९७

५.३.२ मण्डनदेउपुर नगरपालिका वडा नं. २ ........ १०२

५.३.३ होटल रहेको क्षेत्रबाट नजिक रहेका बस्तीहरू ........ १०३

५.३.४ होटल रहेको क्षेत्रबाट नजिक रहेका घरहरू ........ १०४

५.३.५ सांस्कृतिक वातावरण ........ १०७

**परिच्छेद ६: प्रस्ताव कार्यान्वयनका विकल्पहरू ........ १०८**

६.१ कार्य विकल्प ........ १०८

६.२ वैकल्पिक आयोजना स्थान ........ १०८

६.३ वैकल्पिक डिजाइन ........ १०८

६.४ वैकल्पिक साधनहरू ........ १०८

**परिच्छेद ७ : प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव ........ ११०**

७.१ सकारात्मक प्रभाव ........ ११०

७.२ नकारात्मक प्रभाव ........ ११२

७.२.१ भौतिक वातावरण ........ ११२

७.२.२ जैविक वातावरण ........ ११७

७.२.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण ........ ११८

**परिच्छेद ८ : प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषय ..... १३६**

८.१ सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप ........ १३६

८.२ नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप ........ १३८

८.२.१ भौतिक वातावरण ........ १३८

८.२.२ जैविक वातावरण ........ १४५

८.२.३ सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण ........ १४६

८.३ अनुमानित लागतको सारांश ........ १७८

**परिच्छेद ९ : प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने विषय ........ १८०**

९.१ अनुगमनका प्रकार ........ १८०

९.१.१ प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring) ........ १८०

९.१.२ प्रभाव अनुगमन (Impact Monitoring) ........ १८०

९.१.३ नियमपालन अनुगमन (Compliance Monitoring) ........ १८०

९.२ वातावरणीय अनुगमनका सूचक ........ १८१

९.३ अनुगमनको विधि ........ १८१

९.४ अनुगमनको लागि समय तालिका ........ १८१

९.५ अनुगमन गर्ने निकाय ........ १८१

९.६ अनुगमनको लागि अनुमानित रकम ........ १८२

**परिच्छेद १० : वातावरणीय परीक्षण ........ १८९**

१०.१ वातावरणीय परीक्षण ........ १८९

१०.२ वातावरणीय परीक्षणमा सामान्यतया तीन पक्ष संलग्न हुने गर्दछन्: ........ १८९

१०.३ वातावरणीय परीक्षणको प्रकार ........ १८९

१०.४ वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचाः ........ १९०

**परिच्छेद ११ : निष्कर्ष तथा प्रतिबद्धता ........ १९३**

११.१ निष्कर्ष ........ १९३

११.२ प्रतिबद्धता ........ १९३

**सन्दर्भ सामग्री ........ १९५**

## अनुसूचीहरू


अनुसूची १ : क्षेत्र निर्धारण तथा कार्यसूची स्वीकृत पत्र र स्वीकृत कार्यसूची

अनुसूची २ : कम्पनी सम्बन्धी कागजातहरू

अनुसूची ३ : जग्गाधनी दर्ता प्रमाण पूर्जा

अनुसूची ४ : भवनहरूका नक्साहरू

अनुसूची ५ : सार्वजनिक सुनुवाइको सूचना, मुचुल्का र माइनुट

अनुसूची ६ : ७ दिने सूचना र मुचुल्काहरू

अनुसूची ७ : सिफारिस पत्र

अनुसूची ८ : वायुको स्तर मापनको तथ्याङ्क

अनुसूची ९ : पानी परीक्षणको प्रयोगशाला प्रतिवेदन

अनुसूची १० : माटो परीक्षणको प्रतिवेदन

अनुसूची १२ : अध्ययनको क्रममा प्रयोग गरिएको चेकलिष्ट तथा प्रश्नावली

अनुसूची १३ : सामाजिक उत्तरदायित्व अन्तर्गत प्रमाणित कागजातहरू

अनुसूची १४ : विज्ञहरूको स्वघोषणा पत्र तथा वैयक्तिक विवरण


## तालिकाहरू


तालिका १ : अध्ययन टोली ........ २

तालिका २ : प्रस्तावको प्रमुख विशेषता ........ ७

तालिका ३ : होटलमा आएका पर्यटकको तथ्याङ्क ........ ८

तालिका ४ : होटलको भवनका विवरणहरू ........ १०

तालिका ५ : मापदण्ड बमोजिम तारे स्तरको होटलमा आवश्यक न्यूनतम पूर्वाधार ........ १२

तालिका ६ : होटल निर्माण तथा सञ्चालन चरणमा प्रयोग हुने उपकरण र जडान हुने सुविधाहरु ........ १५

तालिका ७ : निर्माण स्रामाग्री तथा परिमाण ........ २१

तालिका ८ : निर्माण योजना ........ २२

तालिका ९ : क्षेत्र निर्धारण तथा कार्यसूचीमा उल्लेखित शर्तहरू ........ २४

तालिका १० : आयोजनासँग सम्बन्धित सन्दर्भ ग्रन्थ तथा स्रोतहरू ........ २७

तालिका ११ : प्रभाव क्षेत्रको दायरा ........ ३१

तालिका १२ : प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको स्रोत ........ ३१

तालिका १३ : वातावरणीय प्रभावको तह निर्धारण ........ ३७

तालिका १४ : सार्वजनिक सुनुवाइको बेला प्राप्त सुझावहरू ..................................... ३८
तालिका १५ : मण्डनदेउपुर नगरपालिकाबाट प्राप्त सुझावहरू .................................. ४४
तालिका १६ : मण्डनदेउपुर नगरपालिका वडा नं. २ बाट प्राप्त राय सुझावहरू............ ४५
तालिका १७ : प्रस्तावित स्थलको माटो सम्बन्धी विवरण ......................................... ७९
तालिका १८ : आयोजना क्षेत्रको तापक्रम र वर्षा .................................................. ७९
तालिका १९ : आयोजना स्थलमा वायुको गुणस्तर ................................................ ८२
तालिका २० : होटल क्षेत्रको विभिन्न स्थानमा ध्वनिको स्तर.................................... ८२
तालिका २१: होटलमा प्रयोग हुने प्रशोधित भूमिगत पानीको गुणस्तर.......................... ८३
तालिका २२ : होटल क्षेत्रमा रहेका वनस्पतिहरू.................................................... ८७
तालिका २३ : होटल क्षेत्रमा देखिएको चराहरू ..................................................... ९०
तालिका २४ : नजिकको वन क्षेत्रमा पाइने वनस्पतिहरू .......................................... ९३
तालिका २५ : नजिकको वन क्षेत्रमा पाइने जीवजन्तुहरू.......................................... ९६
तालिका २६ : मण्डनदेउपुर नगरपालिकाको जनसाङ्ख्यिक विवरण ........................... ९७
तालिका २७ : मण्डनदेउपुर नगरपालिकामा बसोबास गर्ने धर्मावलम्वी अनुसारको जनसङ्ख्या ........................................................................................................ ९७
तालिका २८ : नगरपालिकामा बोलिने भाषा अनुसारको जनसङ्ख्या ........................... ९८
तालिका २९ : मण्डनदेउपुर नगरपालिकाको जाति अनुसारको जनसङ्ख्या ................... ९८
तालिका ३० : मण्डनदेउपुर नगरपालिकाको साक्षरता स्थिति .................................... ९९
तालिका ३१ : मण्डनदेउपुर नगरपालिकाको खानेपानी सुविधा................................. १००
तालिका ३२ : मण्डनदेउपुर नगरपालिकामा शौचालय सुविधा ................................. १००
तालिका ३३ : खाना पकाउनका लागि ऊर्जाको स्रोत.......................................... १०१
तालिका ३४ : बत्तीका लागि ऊर्जाको स्रोत...................................................... १०१
तालिका ३५ : खाना पकाउनका लागि ऊर्जाको स्रोत.......................................... १०३
तालिका ३६ : घरमुलीको नाम विवरण ........................................................... १०४
तालिका ३७ : सकारात्मक प्रभावहरूको मूल्याङ्कन.............................................. १२१
तालिका ३८ : नकारात्मक प्रभावहरूको मूल्याङ्कन ............................................. १२३
तालिका ३९ : सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप................................ १५२
तालिका ४०: नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप ............................... १५६
तालिका ४१: न्यूनीकरण तथा बढोत्तरीका क्रियाकलापको लागि अनुमानित लागत....... १७८

तालिका ४२: न्यूनीकरण तथा बढोत्तरीका क्रियाकलापको लागि अनुमानित लागतको सारांश ........................................................................................................ १७९
तालिका ४३ : प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालन अनुगमन. १८३
तालिका ४४: अनुगमनका लागि अनुमानित लागत ............................................... १८८
तालिका ४५ : वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा ......................................... १९०
तालिका ४६ : वातावरणीय परीक्षणको लागि चेकलिष्ट ......................................... १९१

## चित्रहरू

चित्र १ : गूगल अर्थमा होटलको अवस्थिति ........................................................... ६
चित्र २ : होटल मिस्टिक माउन्टेनको पछिल्लो चार वर्षको तथ्याङ्क .............................. ९
चित्र ३ : होटलमा सञ्चालन चरणमा आवश्यक सेवाहरू ......................................... १४
चित्र ४ : टोपो नक्सामा होटलको अवस्थिति ......................................................... ३२
चित्र ५: सार्वजनिक सुनुवाईका तस्बीरहरू ............................................................ ४३
चित्र ६: प्रस्तावित आयोजना क्षेत्रको भौगर्भिक नक्सा ............................................... ७८
चित्र ७ : नगरकोट स्टेशनमा मापन गरिएको विगत ५ बर्षको मासिक अधिकतम र न्यूनतम तापक्रमको तथ्याङ्क ........................................................................................ ८०
चित्र ८ : नगरकोट स्टेशनमा मापन गरिएको विगत ६ बर्षको वार्षिक वर्षाको तथ्याङ्क..... ८१
चित्र ९: नेपालका सक्रिय फल्टहरू तथा भूकम्पको नक्सा ....................................... ८५
चित्र १० : होटल क्षेत्रमा राखिएको सुरक्षित बहिर्गमन योजना र प्रकोप जोखिम विरूद्धको उपकरणहरू ........................................................................................................ १४३
चित्र ११ : गुनासो सुनुवाइ तथा न्यूनीकरण योजना ............................................... १४८

# परिच्छेद १ : प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

## १.१ प्रस्तावक

होटल मिस्टिक माउन्टेनको प्रस्तावक होटल मिस्टिक माउन्टेन प्रा.लि. रहेको छ। यस कम्पनीको नाम र ठेगाना यस प्रकार छ :

**होटल मिस्टिक माउन्टेन प्रा.लि.**
मण्डनदेउपुर नगरपालिका, वडा नं. २, काभ्रेपलान्चोक जिल्ला, बागमती प्रदेश
आधिकारिक व्यक्तिको नाम : बाल कृष्ण ध्वजुँ
सम्पर्क नं:. ०१-६२००६४६, ०१-४००११०८
इमेलः info@hotelmysticmountain.com
वेबसाइटः www.hotelmysticmountain.com

## १.२ परामर्शदाता

प्रस्तावकद्वारा प्रस्तावित होटलको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्ने र प्रतिवेदन तयार पार्ने जिम्मेवारी प्रकृति कन्सल्ट प्रा.लि. लाई दिईएको छ, जसको ठेगाना यस प्रकार रहेको छः

**प्रकृति कन्सल्ट प्रा.लि.**
काठमाण्डौ महानगरपालिका, वडा नं. १०, बानेश्वर, काठमाण्डौ जिल्ला, बागमती प्रदेश
सम्पर्क नं:. ०१-५१७२२२६
इमेलः info@prakriticonsult.com.np
वेबसाइटः www.prakriticonsult.com.np

यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने क्रममा निम्न बमोजिमको अध्ययन टोली संलग्न गरिएको थियोः

**तालिका १ : अध्ययन टोली**

| नाम | पद | शैक्षिक योग्यता | EIA/IEE सम्बन्धी अनुभव |
|---|---|---|---|
| बिजय रिजाल | टोली नेता | स्नातकोत्तर (वातावरण विज्ञान) | ३ EIA, ३१ IEE |
| सबिता गिरी | होटल व्यवस्थापन विज्ञ | स्नातकोत्तर (हस्पिटालिटी व्यवस्थापन) | ३ IEE |
| सुजन श्रेष्ठ | जैविक विविधता विज्ञ | स्नातकोत्तर (जीव विविधता तथा वातावरणीय व्यवस्थापन) | १ EIA, ५ IEE |
| तुल्सी गिरी | समाजशास्त्री | स्नातकोत्तर (समाजशास्त्र) | २५ EIA, १७५ IEE |
| सुदीप हाडा | सिभिल ईन्जिनियर | स्नातकोत्तर (ईन्जिनियरिङ्ग) | ३ EIA, १८ IEE |
| शिला गिरी | वातावरण विद् | स्नातकोत्तर (वातावरण विज्ञान) | ९ EIA, ३३ IEE |

## १.३ वातावरणीय प्रभाव मूल्याङ्कनको कानूनी औचित्य

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३, उपदफा २(क) अनुसार प्रचलित कानुन बमोजिम संघको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाहरूको वातावरणीय अध्ययन संघ अन्तर्गत गर्नुपर्छ। नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ को दफा १४, उपदफा २ अन्तर्गत पर्यटन ऐनको दफा १४, उपदफा १ संशोधन गरिएको छ, जसमा तारे स्तरको होटल, बुटिक होटल तथा रिसोर्टहरू संघको क्षेत्राधिकार भित्र पर्ने उल्लेख छ। होटल मिस्टिक माउन्टेन हाल चार तारे होटलको रूपमा सञ्चालनरत रहेको र यसको स्तरोन्नति गरी पाँच तारे स्तरमा सञ्चालन गर्ने योजना रहेकोले यस होटलको वातावरणीय प्रभाव मूल्याङ्कन संघ अन्तर्गत गर्न लागिएको हो।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ सँग सम्बन्धित अनुसूची ३ को

- घ.१ अनुसार १०० शय्या भन्दा बढीको होटल/रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नुपर्ने र यस होटलमा कुल २९४ शय्या संख्या हुने भएकाले;
- ज.२ अनुसार १०,००० वर्ग मिटर क्षेत्रफलभन्दा बढीको Built up Area वा Floor Area आवासीय, व्यावसायीक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन

निर्माण गर्नका लागि पनि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने र प्रस्तावित होटल भवनको Total Floor Area १८,३४९.७४ वर्ग मि. हुने भएकाले;

- ज.६ अनुसार २०,००० लिटर भन्दा बढी दैनिक भूमिगत पानीको प्रयोग हुने भवन निर्माण र सञ्चालनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने र यस होटलले पूर्ण सञ्चालनको क्रममा दैनिक ५०,००० लिटर भूमिगत पानी प्रयोग गर्न सक्ने अनुमान गरिएकोले पनि यस होटलको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न लागिएको हो।

## १.४ वातावरणीय प्रभाव मूल्याङ्कनका उद्देश्यहरू

वातावरणीय प्रभाव मूल्याङ्कनको मुख्य उद्देश्य भनेको भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणमा प्रस्ताव विकास र सञ्चालनसँग सम्बन्धित प्रभावहरूलाई न्यूनीकरण गर्दै आयोजनाको दिगोपन सुनिश्चित गर्नु हो। वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को मातहतमा रहेर यस होटलको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको हो। वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार गरिने यस होटलको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका उद्देश्यहरू निम्न अनुसार छन्ः

- होटल क्षेत्रको विद्यमान भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक आधारभूत वातावरणीय अवस्था कस्तो छ पहिचान गर्ने।
- होटल क्षेत्रको भौतिक, जैविक र सामाजिक वातावरणमा परिरहेको लाभदायक र प्रतिकूल प्रभावहरूको पहिचान, भविष्यवाणी र मूल्याङ्कन गर्ने।
- वातावरणीय प्रभावहरूको महत्त्वको मूल्याङ्कन गर्ने।
- प्रतिकूल प्रभावहरूलाई कम गर्न न्यूनीकरणका उपाय र लाभदायक प्रभावहरू बढाउन बढोत्तरीका उपायहरू उल्लेख गर्ने।
- अनुगमन लागत र योजना सहित वातावरणीय व्यवस्थापन योजना तयार गर्ने।
- सार्वजनिक सुनुवाइको बैठकमा प्रस्ताव विकास क्षेत्रका सम्बन्धित सरोकारवालाहरूलाई प्रतिवेदन निष्कर्षहरू प्रस्तुत गर्ने र प्रस्ताव विकासको सम्बन्धमा उनीहरूका सल्लाह र सुझावहरू लिने।

## १.५ अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुरा

स्तरोन्नती लागि प्रस्तावित होटल मिस्टिक माउन्टेन एक पोइन्ट प्रोजेक्ट हो। होटलको सञ्चालन चरणमा हुने प्रभाव प्रत्यक्ष रूपमा १०० मिटरको परिधिमा हुन सक्ने भएकोले होटल परिसरबाट

१०० मिटरको परिधिको क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र तथा प्रत्यक्ष प्रभावित क्षेत्रबाट १०० मिटरको परिधिको क्षेत्रसम्म होटलले अप्रत्यक्ष रूपमा प्रभाव पार्न सक्ने भएकोले सो क्षेत्रलाई अप्रत्यक्ष प्रभाव क्षेत्रको रूपमा लिई अध्ययन गरिएको छ। यस वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनले बागमती प्रदेश, काभ्रेपलान्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिका वडा नं. २ लाई मात्र समेट्नेछ भने अन्य वडाहरूलाई समेट्दैन। यस वातावरणीय प्रभाव मूल्याङ्कनको समयमा वायु, ध्वनि तथा पानीको गुणस्तरको लागि एकपटक मात्र नमुना सङ्कलन गरी अध्ययन गरिएको छ। प्रस्तावित होटल क्षेत्रको भौतिक र रासायनिक, जैविक र सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने नकारात्मक असरलाई वातावरण संरक्षण नियमावली, २०७७ को आधारमा प्रभावको स्थान, परिमाण, सीमा, अवधिको आधारमा मूल्याङ्कन गरी आवश्यक रोकथाम तथा न्यूनीकरणका उपायहरू सुझाईएको छ, जुन प्रायः वातावरणीय प्रभाव मूल्याङ्कनमा संलग्न विज्ञहरूको व्यक्तिगत दृष्टिकोण र अनुभवमा आधारित हुन्छन्, जसले गर्दा निष्कर्षहरुमा विषयगतता हुन सक्छ।

# परिच्छेद २ : प्रस्तावको परिचय

## २.१ भूमिका

प्राकृतिक र सांस्कृतिक सम्पदाको कारण पर्यटन क्षेत्रमा नेपालमा विकासको ठुलो सम्भावना रहेको छ। नेपालको धरातलीय स्वरूप हिमाल, पहाड, तराई तथा यहाँका प्राकृतिक स्रोत नदी, नाला, तालतलैया, वन, जंगल, वन्यजन्तुहरूको विविधता, सुन्दर हिमालका परिदृश्य र अद्वितीय संस्कृति नेपालमा मुख्य पर्यटक आकर्षणका स्रोतहरू हुन्। प्राकृतिक र सांस्कृतिक सम्पदाको धनी देश नेपालमा पर्यटकको आगमन दिनदिनै बढ्दै गएको छ। पर्यटनले राष्ट्रिय अर्थतन्त्रमा ठुलो योगदान पुऱ्याउँदछ। यसले कुल ग्राहस्थ उत्पादनमा प्रत्यक्ष योगदान पुऱ्याउनुका साथै ठुलो संख्यामा मानिसहरूलाई रोजगारीको अवसर पनि प्रदान गर्दछ। पर्यटनलाई नेपालको अर्थतन्त्रमा ठुलो योगदानकर्ताको रूपमा मानिन्छ, जसले संरक्षण र संवर्द्धनको माध्यमबाट सुरक्षित, उत्साहजनक र अद्वितीय गन्तव्यहरू विकसित गरेको छ। नगरकोट काठमाण्डौ उपत्यका भित्रको पुरानो पर्यटकीय क्षेत्र हो। यो ठाउँ वर्षौंदेखि अहिलेसम्म आन्तरिक पर्यटकहरूको वनभोजको गन्तव्यस्थल रहनुका साथै यहाँ थुप्रै अन्तराष्ट्रिय स्तरका होटलहरू पनि छन्।

यसै सन्दर्भमा होटल मिस्टिक प्रा.लि. द्वारा बागमती प्रदेश, काभ्रेपलान्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिका वडा नं. २, रोहिणीमा चार तारे स्तरमा होटल सञ्चालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूलाई सेवा दिँदै आएको छ। यस होटल बि.सं. २०७३ देखि होटल मिस्टिक माउन्टेन प्रा.लि. अन्तर्गत ७१ पाहुना कोठामा ९९ शय्यामा सञ्चालन हुँदै आएको छ र यसको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वि.सं. २०७४।११।२१ मा श्री पर्यटन विभागबाट स्वीकृत भएको थियो। हाल प्रस्तावकद्वारा यस आयोजनाको क्षमता वृद्धि गर्ने योजना रहेकोले थप ४ नयाँ भवन निर्माण गरी सोको क्षमता ९९ पाहुना कोठामा १९५ शय्या गरी कुल १७० पाहुना कोठामा २९४ शय्या क्षमतामा होटल सञ्चालन गर्ने उद्देश्य राखेको छ। प्रस्तावित चार वटा भवनमा **Block E** (बेन्क्वेट हल) भवनको निर्माण कार्य सक्किसकेको छ भने प्रस्तावित पाहुना भवन (**Block C** र **Block D**) को निर्माण कार्य भईरहेको छ।

## २.२ प्रस्तावको विवरण

### २.२.१ आयोजनाको अवस्थिति

होटल मिस्टिक माउन्टेन बागमती प्रदेश, काभ्रेपलान्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिका वडा नं. २, रोहिणी (गैरीसमारा) मा अवस्थित छ। होटल रहेको स्थान भौगोलिक रूपमा २७°४१'५४.९४" उत्तरी अक्षांश र ८५°३१'२७.५८" पूर्वी देशान्तरमा अवस्थित छ, जुन समुद्री सतहबाट करिब १,९२८ मिटर उचाइमा पर्दछ। यस होटल नगरकोटबाट करिब १ कि.मि. (Aerial Distance) उत्तरतर्फ र नगरकोट बस स्टपबाट करिब ३ कि.मि. दक्षिण-पूर्वमा रहेको छ। होटल रहेको स्थानको गुगल अर्थ नक्सा चित्र नं. १ मा राखिएको छः




**चित्र १ : गूगल अर्थमा होटलको अवस्थिति**

*(स्रोतः गूगल अर्थ, २०८२)*

### २.२.२ प्रस्तावको संरचनात्मक अवयव

#### २.२.२.१ प्रस्तावको प्रमुख विशेषताहरू

तल उल्लेख गरिएको संरचनाको जानकारी र अवयवहरू यस आयोजनाको लागि तयार पारिएको site plan तथा drawing को आधारमा तयार गरिएको छ। यस होटलको मुख्य विशेषता तालिका २ मा राखिएको छ। साथै भवनहरूको विवरण तालिका ४ मा समावेश गरिएको छ।

**तालिका २ : प्रस्तावको प्रमुख विशेषता**

| **संकेत** | **विवरण** | | |
|---|---|---|---|
| प्रस्तावकको नाम | होटल मिस्टिक माउन्टेन प्रा.लि. | | |
| प्रस्तावको नाम | होटल मिस्टिक माउन्टेन | | |
| प्रस्तावको ठेगाना | मण्डनदेउपुर नगरपालिका वडा नं. २, रोहिणी (गैरीसमरा), काभ्रेपलान्चोक जिल्ला, बागमती प्रदेश | | |
| होटलको जग्गाको कुल क्षेत्रफल | ३६ रोपनी ४ आना ३ पैसा ०.९८ दाम (१८,४६७.५१ वर्ग मिटर) | | |
| होटलको भवनहरूले ओगट्ने जग्गाको कुल क्षेत्रफल (ग्राउण्ड कभरेज) | ३,५४७.१६ वर्ग मि. (कुल जग्गाको २२.३५%) | | |
| होटलको भवनहरूको तलाको कुल क्षेत्रफल (Total Floor Area) | १८,३४९.७४ वर्ग मि. | | |
| हरियाली बनाइने क्षेत्र र खुला क्षेत्र | कुल जग्गाको ७७.६५% (४५.६५% हरियाली, २०% खुला क्षेत्र र १२% पार्किङ्ग क्षेत्र) | | |
| | **हाल अवस्थित** | **थप प्रस्तावित** | **कुल** |
| भवन संख्या | २ | ४ | ६ |
| कुल कोठा संख्या | ७१ | ९९ | १७० |
| कुल शय्या संख्या | ९९ | १९५ | २९४ |
| अनुमानित थप लागत | रू. तीस करोड (रू. ३०,००,००,०००।-) | | |

*(स्रोत: कम्पनीसँग सम्बन्धित कागजातहरू)*

| मण्डनदेउपुर नगरपालिकाको लागि शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७४ अनुसारको व्यवस्था र प्रस्तावित भवनमा हुने व्यवस्था निम्नानुसार रहेको छ। | | | |
|---|---|---|---|
| **विवरण** | | **मण्डनदेउपुर नगरपालिकाको लागि शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७४ बमोजिमको व्यवस्था** | **प्रस्तावित होटलमा रहने व्यवस्था** |
| फ्लोर एरिया रेसियो (FAR) | | - | ०.९९ |
| भवनले ओगट्न पाउने जग्गाको क्षेत्रफल (Ground Coverage) | | ४०% | २२.३५% |
| सेट ब्याक (Set Back) | मुख्य सडकबाट | १२ मिटर | >१२ मिटर |
| | दायाँ बायाँ | ६ मिटर | >६ मिटर |

सन् २०२५ को डिसेम्बर सम्मको तथ्याङ्क अनुसार यस होटलमा नेपाली तथा भारतीय पाहुनाहरू धेरै आउने गरेका छन्। सन् २०२५ को तथ्याङ्क अनुसार होटलमा बस्न आएका कुल पाहुनाहरू मध्ये ५४.२७% नेपाली, ८.८४% भारतीय, ६.७७% बङ्गलादेशी, ३०.१२% अन्य देशका नागरिक रहेका छन्। होटलमा आउने सबै पाहुनाहरूलाई एक प्रकारका सेवा सुविधा दिईंदै आइएको छ। पछिल्लो चार वर्षको तथ्याङ्कलाई तल तालिका र रेखाचित्रमा देखाईएको छ।

**तालिका ३ : होटलमा आएका पर्यटकको तथ्याङ्क**

| **क्र.सं.** | **महिना** | **सन् २०२२** | **सन् २०२३** | **सन् २०२४** | **सन् २०२५** |
|---|---|---|---|---|---|
| १. | जनवरी | १,५२१ | २,८२२ | १,१२४ | १,०९६ |
| २. | फेब्रुवरी | १,९२३ | २,२७२ | १,४३४ | १,३७१ |
| ३. | मार्च | २,६३१ | २,८९३ | १,५८० | १,५३१ |
| ४. | अप्रिल | ३,२७६ | ३,११८ | १,६८३ | १,७५२ |
| ५. | मे | १,५२१ | २,८२२ | १,७५६ | १,५९३ |
| ६. | जुन | १,५२१ | २,८२२ | १,७५३ | १,४३२ |
| ७. | जुलाई | ३,७२८ | ३,१८४ | १,४८० | १,३८५ |
| ८. | अगस्ट | ३,२०१ | २,६२५ | १,५४२ | १,६४४ |
| ९. | सेप्टेम्बर | २,७७१ | २,८०४ | १,२७९ | ९६८ |
| १०. | अक्टोबर | ३,६०४ | ३,००४ | १,७९३ | १,५८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | नोभेम्बर | २,६०४ | ३,३५६ | १,७१२ | १,४३९ |
| १२. | डिसेम्बर | ३,३५४ | ३,४५५ | १,६१५ | १,३०६ |
| | **कुल** | **३१,६५५** | **३५,१७७** | **१८,७५१** | **१७,१०२** |
| **सन् २०२२** (६६.०४% नेपाली, १२.३३% भारतीय, ४.०६% बङ्गालादेशी, १७.५७% अन्य) | | | | | |
| **सन् २०२३** (६७.१२% नेपाली, ७% भारतीय, २.५१% बङ्गलादेशी, २३.३७% अन्य) | | | | | |
| **सन् २०२४** (५१.७३% नेपाली, १२.५४% भारतीय, ४.८७% बङ्गलादेशी, ३०.३१% अन्य) | | | | | |
| **सन् २०२५** (५४.२७% नेपाली, ८.८४% भारतीय, ६.७७% बङ्गलादेशी, ३०.१२% अन्य) | | | | | |

*(स्रोत: होटल प्रशासन, होटल मिस्टिक माउन्टेन, २०८०)*




**चित्र २ : होटल मिस्टिक माउन्टेनको पछिल्लो चार वर्षको तथ्याङ्क**

माथि उल्लिखित पाहुना लगायत यस होटलमा Destination Wedding, Engagement, Reception, Conference, Seminar, Get-together, Press meet, Anniversary, Workshop, Family Gathering, Annual General Meeting, College Orientation जस्ता विभिन्न कार्यक्रमहरूका लागि पनि पाहुनाहरू आउँछन्।

### २.२.२.२ प्रस्तावको भवनको विवरण

यस होटलमा कुल छ वटा भवनहरू रहने छन्, जसमध्ये दुई भवनहरू हाल सञ्चालनरत रहेको छ भने चार वटा भवनहरू प्रस्तावित रहेको छ। होटलको भवनको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४ : होटलको भवनका विवरणहरू**

| तला | क्षेत्रफल (वर्ग मि.) | विवरण |
|---|---|---|
| **Block A (सञ्चालनरत)** | | |
| लेभल १ (९०.४ मि.) | २८८.०६ | पाहुना कोठा - ६ |
| लेभल २ (९३.२ मि.) | ३१८.२४ | पाहुना कोठा - ८ |
| लेभल ३ (९६ मि.) | ३१९.२५ | पाहुना कोठा - ७ |
| लेभल ४ (९९.१ मि.) | २८८.३३ | पाहुना कोठा - ६ |
| लेभल ५ (१०२ मि.) | २८०.९० | पाहुना कोठा - ६ |
| लेभल ६ (१०४.९ मि.) | १३५.८० | पाहुना कोठा - ३ |
| लेभल ७ (१०८ मि.) | ८४.१३ | पाहुना कोठा - २ |
| **Block B (सञ्चालनरत)** | | |
| लेभल १ (८७.३५ मि.) | ६७.६० | पाहुना कोठा - ४ |
| लेभल २ (८७.८० मि.) | २६४.८२ | पाहुना कोठा - २, जीम, स्पा, स्टोर |
| लेभल ३ (९०.१५ मि.) | ५४३.३३ | पाहुना कोठा - ११ |
| लेभल ४ (९२.९५ मि.) | ५४८.११ | पाहुना कोठा - ११, स्टोर |
| लेभल ५ (९६.७५ मि.) | ३४६.३४ | पाहुना कोठा - २, कन्फ्रेन्स हल, रिसेप्सन, लबी, ब्याक अफिस |
| लेभल ६ (९८.५५ मि.) | १७३.११ | पाहुना कोठा - ३, कार्यालय |
| लेभल ७ (१०१.६५ मि.) | २१४.०१ | भान्सा कोठा, रेण्टुरेन्ट |
| लेभल ८ (१०६.३ मि.) | ११९ | बार |
| **Block C (प्रस्तावित)** | | |
| भूईं तला् | १,१८२.५ | पाहुना कोठा - १४ |
| पहिलो तला | १,१८२.५ | पाहुना कोठा - १४ |
| दोस्रो तला | १,१८२.५ | पाहुना कोठा - १४ |
| तेस्रो तला | १,१८२.५ | पाहुना कोठा - १२, सर्भिस लबी, ईलेक्ट्रिक रूम |

| | | |
|---|---|---|
| चौथो तला | १,५५९.३३ | पाहुना कोठा - १२, मिटिङ्ग हल, Engineering department, IT department, स्टाफ तालिम हल, Food and beverage department |
| पाचौं तला | १,५५९.३३ | हल (क्षमताः ४५ जना), Buffet रेष्टुरेण्ट (क्षमताः १२० जना), Extended रेष्टुरेण्ट (क्षमताः ४० जना), बेकरी, भान्सा कोठा, स्टोर |
| छैठौं तला | २४८.५ | स्वीमिङ्ग पुल, पुल रेण्टुरेण्ट, बार, कफी सप |
| टेरेस | १७६.७२ | पुल रेण्टुरेण्ट |
| **Block D (प्रस्तावित)** | | |
| भूईं तला | ४९४.३ | पाहुना कोठा - ७ |
| पहिलो तला | ४९४.३ | पाहुना कोठा - ७ |
| दोस्रो तला | ४९४.३ | पाहुना कोठा - ७ |
| तेस्रो तला | ४९४.३ | पाहुना कोठा - ७ |
| चौथो तला | ४९४.३ | पाहुना कोठा - ५ |
| **Block E (बेन्क्वेट हल - प्रस्तावित)** | | |
| भूईं तला | ३७३ | हल, चिल्ड्रन प्ले रूम |
| पहिलो तला | ३७३ | जीम, साउना, स्टीम, मसाज रूम, स्टोर |
| दोस्रो तला | ५९४ | बेन्क्वेट हल (क्षमताः ११५ जना) |
| **Block F (डिस्को हल भवन - प्रस्तावित)** | | |
| भूईं तला | ६३० | रिसेप्सन, बार, हल |
| पहिलो तला | ३८३.३३ | हल |
| दोस्रो तला | ६३० | लबी, पार्किङ्ग (क्षमता १० चार पाङ्ग्रे, २६ दुई पाङ्ग्रे) |
| तेस्रो तला | ६३० | हल |

*(स्रोतः प्रस्तावित भवनको नक्सा, अनुसूची ४)*

### २.२.२.३ निर्माण तथा सञ्चालन चरणका क्रियाकलाप

#### क. निर्माण अघिको चरण

प्रस्तावित आयोजनाको निर्माण कार्य शुरू गर्नु पूर्व विस्तृत ईन्जिनियरिङ्ग ड्रईङ्ग तथा निर्माण योजना तयार गरिन्छ। यसै क्रममा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन पनि गरिन्छ।

### ख. निर्माण चरण

नयाँ भवन निर्माण चरणको क्रममा Foundation उत्खनन् तथा भवनहरूको Civil structures को निर्माण हुन्छ। यस पश्चात् Plastering and Internal Finishing गरिन्छ र ढोका तथा झ्याल तथा External Finishing को काम गरिन्छ। भौतिक संरचनाको कार्य पछि विद्युतीय फिटिङ्ग, प्लम्बिङ्ग जडान तथा होटलका लागि आवश्यक पूर्वाधारहरू जडान हुन्छ।

### ग. सञ्चालन चरण

होटल मिस्टिक माउन्टेन हाल चार तारे होटलको रूपमा सञ्चालनरत रहेको र यसको स्तरोन्नति गरी पाँच तारे स्तरको होटलको रूपमा सञ्चालन गर्ने योजना रहेको छ। होटल, रिसोर्ट, पर्यटक इन, लज, मोटेल र बेड एण्ड ब्रेकफास्टको वर्गीकरण मापदण्ड २०७६ तथा संशोधन २०७७ मा उल्लेख भएका चार तारे स्तरको होटलमा हुनुपर्ने सम्पूर्ण प्रावधान यस होटलमा रहेको र स्तरोन्नती पश्चात् प्रस्ताव गरिएको पाँच तारे स्तरको होटलमा आवश्यक हुने सम्पूर्ण सेवा सुविधाहरू पनि यस होटलमा हुनेछ।

**तालिका ५ : मापदण्ड बमोजिम तारे स्तरको होटलमा आवश्यक न्यूनतम पूर्वाधार**

| होटल, रिसोर्ट, पर्यटक इन, लज, मोटेल र बेड एण्ड ब्रेकफास्टको वर्गीकरण मापदण्ड २०७६ तथा संशोधन २०७७ | | |
|---|---|---|
| **विषय** | **होटलमा भएको व्यवस्था** | **मापदण्डमा पाँच तारे होटलमा हुनुपर्ने प्रावधान** |
| **सुत्ने कोठाको सङ्ख्या** | ७१ सुत्ने कोठामा हाल चार तारे होटलमा सञ्चालित र भविष्यमा पाँच तारेको लागि कूल १७० पाहुना कोठामा प्रस्तावित | काठमाण्डौ उपत्यका बाहिरको हकमा चार तारे होटलको हकमा ६० कोठा सङ्ख्या अनिवार्य र पाँच तारे होटलको लागि ८० कोठा सङ्ख्या |
| **सवारी साधन** | सवारी साधनको व्यवस्था भएको | गेष्टलाई होटलसम्म वा होटलदेखि बसपार्क र एयरपोर्टसम्म आवातजावत गर्ने प्रयोजनको लागि सुविधाजनक सवारी साधनको व्यवस्था हुनुपर्ने |

| | | |
|---|---|---|
| **पार्किङ्ग क्षमता** | हाल २० चार पाङ्ग्रे र १५ वटा दुई पाङ्ग्रे | चार तारे होटलमा २० वटा चार पाङ्ग्रे अनिवार्य |
| | करिब ४५ वटा चार पाङ्ग्रे र १०५ वटा दुई पाङ्ग्रे अट्ने पार्किङ्ग | पाँच तारे होटलमा २५ वटा चार पाङ्ग्रे अनिवार्य |
| **आकासे पानी भण्डारण** | बर्सातको पानी सङ्कलन गरेर प्रशोधन पश्चात् सरसफाइ प्रयोजन, फ्लशिङ्गका लागि प्रयोग गरिन्छ र भविष्यमा पनि गरिनेछ। | आकासे पानी भण्डारण गर्ने प्रविधि जडान गरी पानी भण्डारण र प्रयोग गर्ने व्यवस्था मिलाइएको हुनुपर्ने। |
| **फोहोरमैला व्यवस्थापन** | फोहोरमैला व्यवस्थापन प्रचलित कानून बमोजिम नै भईरहेको | फोहोर सङ्कलन तथा पुनःप्रयोग प्रक्रिया प्रचलित कानून एवं सम्बन्धित स्थानीय तहले तोकेको मापदण्ड तथा कार्यविधि अनुसार हुनुपर्ने। |
| **फायर सेफ्टी** | हाल चार तारे होटलमा हुनुपर्ने बमोजिम भएको र भविष्यमा सम्पूर्ण सेफ्टी र सेक्युरीटी मापदण्डको पाँच तारे होटलमा रहेको प्रावधान अनुरूप हुने। | प्रत्येक तलामा फायर सेफ्टी उपकरण जडान भएको हुनुपर्ने लगायतका सेफ्टी र सेक्युरीटी |
| **प्लाष्टिक झोला प्रयोग निषेध** | ४० माइक्रोन भन्दा कमको झोलाको प्रयोगमा प्रतिबन्ध | होटलमा तोकिएको मापदण्ड पूरा नभएका प्लाष्टिक झोला प्रयोगमा प्रतिबन्ध लगाईएको हुनुपर्ने। |

सञ्चालन चरणमा होटलको सेवा डिजाइन (Service Design) एउटा प्रक्रिया हो जसले पाहुनालाई उत्कृष्ट अनुभव प्रदान गर्नका लागि होटलको सेवाहरूको योजना, व्यवस्थापन र सुधार गर्दछ। सेवा डिजाइनले होटलको पाहुनाको अनुभवलाई प्रभावकारी, सहज, र स्मरणीय बनाउन प्रमुख भुमिका खेल्दछ। यसको केही प्रमुख पक्षहरू यस प्रकार छन्ः




**चित्र ३ : होटलमा सञ्चालन चरणमा आवश्यक सेवाहरू**

होटल निर्माण तथा सञ्चालनको क्रममा विभिन्न किसिमको सुविधाहरूको आवश्यकता हुन्छ। आवश्यक सुविधा प्रदान गर्नको निम्ति होटलले विविध उपयोगिताहरूको प्रयोग गर्दछ। होटलमा रहेका र होटल पूर्ण सञ्चालनको समयमा उपयोगिताहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका ६ : होटल निर्माण तथा सञ्चालन चरणमा प्रयोग हुने उपकरण र जडान हुने सुविधाहरु

<table>
<tr><th></th><th>विद्यमान</th><th>थप प्रस्तावित</th><th>कुल</th></tr>
<tr><td>पानीको स्रोत</td><td colspan="3">प्राकृतिक मुहानको पानी, डिप बोरिङ्ग (२०० मिटर गहिराई र ३ मिटर व्यास भएको), पिउनको लागि Mineral Water र जारको पानी (नोटः हाल प्रति महिना पाहुना कोठामा ४३०० वटा Mineral Water bottle (1 litre) प्रयोग भईरहेको र रेष्टुरेण्टमा ५५० वटा Mineral Water bottle (1 litre) प्रयोग भईरहेको)</td></tr>
<tr><td>कोठा तताउने माध्यम</td><td colspan="3">Air Conditioner (AC)</td></tr>
<tr><td>पानी तताउने माध्यम</td><td><u>ब्लक ए को लागिः</u> हिट पम्प - २ वटा (क्षमताः १० किलोवाट र ५ किलोवाट)<br><u>ब्लक बि को लागिः</u> हिट पम्प - २ वटा (क्षमताः १० किलोवाट र ५ किलोवाट)</td><td>हिट पम्प - ३ वटा</td><td>हिट पम्प - ७ वटा</td></tr>
<tr><td rowspan="2">अनुमानित दैनिक पानीको आवश्यकता</td><td>सञ्चालन चरण – १५,००० लिटर</td><td>निर्माण चरण - १०,००० लिटर<br>सञ्चालन चरण - ३५,००० लिटर</td><td>निर्माण चरण - १०,००० लिटर<br>सञ्चालन चरण - ५०,००० लिटर</td></tr>
<tr><td colspan="3">एक पाहुनाका लागि १०० लिटर पानी आवश्यक हुन्छ भने रेष्टुरेण्टमा प्रति व्यक्तिलाई ५० लिटर पानीको आवश्यक (स्रोतः राष्ट्रिय भवन संहिता, २०८-२००३) साथै सरसफाइ प्रयोजन र अन्य आगन्तुकको लागि पनि समावेश गरिएको छ।</td></tr>
<tr><td>पानी भण्डारण क्षमता</td><td><u>Reserve Water Tank</u> – १ (क्षमता १,००,००० लिटर)</td><td>Reserve Water Tank – १ (क्षमता १,००,००० लिटर)</td><td>Reserve Water Tank – २ (क्षमता १,००,००० लिटर प्रति ट्याङ्की)</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | **ब्लक ए को लागिः** Overhead Water Tank - ४ (१००० लिटर क्षमता प्रति ट्याङ्की)<br>**ब्लक बि को लागिः** Overhead Water Tank - ३ (१००० लिटर क्षमता प्रति ट्याङ्की)<br>**भान्साको लागिः** Reserve Water Tank – १ (क्षमता १,००० लिटर) | Filtered Water Tank – १ (क्षमता ५०,००० लिटर)<br>Fire Fighting Tank – १ (क्षमता १,००,००० लिटर)<br>Overhead Water Tank – ४ (१,००० लिटर क्षमता प्रति ट्याङ्की) | Filtered Water Tank – २ (क्षमता ५०,००० लिटर)<br>Fire Fighting Tank – १ (क्षमता १,००,००० लिटर)<br>Overhead Water Tank – १० (१,००० लिटर क्षमता प्रति ट्याङ्की)<br>भान्साको लागिः Reserve Water Tank – १ (क्षमता १,००० लिटर) |
| पानी प्रशोधन प्रणाली | एक्टिभेटेड कार्वन फिल्टर, रिभर्स असमोसिस (क्षमताः २,५०० लिटर प्रति घण्टा प्रशोधन) | | |
| स्वीमिङ्ग पुलको पानी प्रशोधन प्रणाली | • क्लोरीन, दैनिक भ्याकुम (Vacuum) को प्रयोग, स्वीमिङ्ग पुलको पानी प्रत्येक ३-३ महिनामा परिवर्तन हुन्छ। (स्वीमिङ्ग पुलको पानीलाई स्वच्छ राख्न क्लोरीनले रासायनिक सरसफाइ गर्छ भने दैनिक भ्याकुमले पूलको तल्लो भागमा जमेको फोहोर हटाउने काम गर्छ। क्लोरीनले जीवाणुहरू मार्छ, तर फिजिकल फोहोर हटाउन सक्दैन, त्यसैले पूललाई पूर्ण रूपमा सफा राख्न दैनिक vacuuming आवश्यक हुन्छ।)<br>• ज्याकुजीको पानी दैनिक परिवर्तन गरिन्छ। | | |
| बर्सातको पानी व्यवस्थापन | बर्सातको पानी सङ्कलन गरेर प्रशोधन पश्चात् सरसफाइ प्रयोजन, फ्लशिङ्गका लागि प्रयोग गरिन्छ र भविष्यमा पनि गरिनेछ। | | |
| भूमिगत पानी पुनर्भरण | होटलको कुल जग्गाको ४५.६५% हरियाली र २०% - खुला क्षेत्र रहने हुदाँ सो जमिनमार्फत प्राकृतिक रूपमा भूमिगत पानी पुनर्भरण हुनुका साथै खुला क्षेत्रमा १.१ मिटर diameter र ३ मिटर गहिराई भएको रिचार्ज पिट निर्माण गर्ने योजना रहेको छ। | | |

| | | | |
|---|---|---|---|
| ठोस फोहोर उत्पादन | १०५ देखि ११० के.जी. प्रतिदिन (पाहुनाहरू र कामदारबाट) | निर्माण चरणमाः ३० देखि ३५ के.जी. प्रतिदिन (कामदार तथा सरसफाइबाट)<br>सञ्चालन चरणमाः २३० के.जी. देखि २४० के.जी. प्रतिदिन<br>(१९५ पाहुनाहरू र ६० कामदारहरूबाट) | निर्माण चरणमाः ३० देखि ३५ के.जी. प्रतिदिन (कामदार तथा सरसफाइबाट)<br>सञ्चालन चरणमाः ३३५ के.जी. देखि ३५० के.जी. प्रतिदिन<br>(२९४ पाहुनाहरू र कामदारहरूबाट) |
| | *प्रतिव्यक्ति १.०९ के.जी. उत्पादन हुने* | | |
| ठोस फोहोरमैला व्यवस्थापन | ▪ होटलले हाल भान्साबाट निस्कने खानाजन्य फोहोरलाई पशुपालन व्यवसायीहरूलाई दिदैं आएको छ।<br>▪ नकुहिने फोहोरको लागि निजी संस्थामार्फत व्यवस्थापन गर्दैं आएको छ।<br>▪ पुनः प्रयोग गर्न मिल्ने फोहोरलाई पुनः प्रयोग गरिएको छ।<br>▪ निर्माण चरणमा उत्खनन् गर्दा निस्कने माटोलाई निजी बिक्रेतालाई बेचिनेछ।<br>▪ सञ्चालन चरणमा कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै सङ्कलन गरी भान्साबाट निस्कने खानाजन्य फोहोरलाई भविष्यमा पनि पशुपालन व्यवसायीहरूलाई दिइनेछ।<br>▪ भविष्यमा पनि भान्साबाट निस्कने खानाजन्य फोहोरलाई पशुपालन व्यवसायीहरूलाई दिइनेछ।<br>▪ त्यस्तै अन्य नकुहिने फोहोरलाई हाल व्यवस्थापन गरे जसरी नै व्यवस्थापन गरिनेछ।<br>▪ विद्युतीय फोहोरलाई छुट्टै सङ्कलन गरी सम्बन्धित विक्रेतालाई बेचिनेछ।<br>▪ Batteries, Empty container of chemicals, oils, paints लगायतका जोखिमपूर्ण फोहोरहरू अन्य फोहोरसँग नमिसाइकन होटलद्वारा निजी विक्रेताहरूमार्फत व्यवस्थापन गरिनेछ। | | |
| तरल फोहोर व्यवस्थापन | Septic Tank - ६ वटा (८० KLD Per Tank) | ६० KLD क्षमताको Sewage Treatment Plant | अन्य तरल फोहोर Septic Tank मार्फत व्यवस्थापन हुन्छ। |

<table>
<tr><td></td><td>Soak Pit - ३ वटा (१,००० लिटर क्षमता प्रति पिट)</td><td></td><td>नयाँ भवनको लागि ६० KLD क्षमताको Sewage Treatment Plant</td></tr>
<tr><td>किचनको फोहोर तेल व्यवस्थापन</td><td colspan="3">तेल ग्रिज ट्र्याप</td></tr>
<tr><td>विद्युतको स्रोत</td><td>नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन (ट्रान्सफर्मर ५०० के.भि.ए.)</td><td>३५० के.भि.ए. को ट्रान्सफर्मर</td><td>कुल ८५० के.भि.ए. को ट्रान्सफर्मर</td></tr>
<tr><td>विद्युतको वैकल्पिक स्रोत</td><td>जेनेरेटर - २ (क्षमता २५० के.भि.ए. र १६२ के.भि.ए.)</td><td>जेनेरेटर - १ (५०० के.भि.ए.)</td><td>जेनेरेटर - ३ (कुल ९१५ के.भि.ए.)</td></tr>
<tr><td rowspan="2">सेफ्टी एण्ड सेक्युरिटी (प्रकोप व्यवस्थापन तथा सुरक्षा)</td><td colspan="2"><u>ब्लक ए को लागि:</u><br>▪ फायर एक्स्टिङग्युसर सिलिन्डर - प्रत्येक तलामा चारवटा<br>▪ फायर होज रिल - प्रत्येक तलामा दुईवटा<br>▪ प्रत्येक पाहुना कोठामा स्मोक डिटेक्टर र फायर अलार्मको व्यवस्था</td><td><u>ब्लक बि को लागि:</u><br>▪ फायर एक्स्टिङग्युसर सिलिन्डर - प्रत्येक तलामा तिनवटा<br>▪ फायर होज रिल - प्रत्येक तलामा दुईवटा<br>▪ प्रत्येक पाहुना कोठामा स्मोक डिटेक्टर र फायर अलार्मको व्यवस्था</td></tr>
<tr><td colspan="3">▪ फायर हाइड्रान्ट - तीनवटा<br>▪ इन्टरकम टेलिफोनको व्यवस्था<br>▪ चौबिसै घण्टा सुरक्षाकर्मीको व्यवस्था<br>▪ प्रत्येक कोठा, स्टाफ कक्ष तथा होटल भित्र अन्य सार्वजनिक स्थलहरूमा आपतकालीन अवस्थामा बाहिर निस्कने सुरक्षित बहिर्गमन योजनाको एक प्रति, ईमरजेन्सी टेलिफोन नम्बर<br>▪ होटलको मुख्य प्रवेश द्वार र अन्य सार्वजनिक स्थलहरूमा सि.सि.टि.भी. को व्यवस्था</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| कामदारहरू | ११० (पुरूष - ८१, महिला - २९)<br>७५% स्थानीय | निर्माण चरण – करिब ५० देखि ६० जना<br>सञ्चालन चरण – करिब १५० जना | निर्माण चरण - करिब ५० देखि ६० जना<br>सञ्चालन चरण – करिब २६० जना |
| पार्किङ्ग क्षेत्र | हाल २० चार पाङ्ग्रे र १५ दुई पाङ्ग्रे | करिब ४५ चार पाङ्ग्रे र १०५ दुई पाङ्ग्रे | करिब २,२२० वर्ग मिटर कुल जग्गाको १२% (क्षमताः ६५ चार पाङ्ग्रे र १२० दुई पाङ्ग्रे) |
| गुनासो व्यवस्थापन | मुख्य प्रवेश द्वार तथा लबीमा गुनासो पेटिका राखिएको छ भने विद्युतीय माध्यम जस्तैः ईमेल, वेबसाइटमार्फत पनि गुनासो सङ्कलन गरिनेछ। | | |
| अन्य | स्पा, साउना, ज्याकुजी, जिम, लन्ड्री, स्विमिङ्ग पुल, भिन्न क्षमता भएको व्यक्तिहरूको लागि कोठा तथा Ramp को व्यवस्था, अपाङ्गमैत्री शौचालय | | |

*(स्रोतः स्थलगत सर्वेक्षण, २०८० र प्रस्तावित आयोजनासँग सम्बन्धित कागजातहरू)*

### २.२.३ आयोजनाको लागि आवश्यकता

#### २.२.३.१ आवश्यक जग्गाको क्षेत्रफल र प्रकार

प्रस्तावित आयोजनाको लागि जग्गाको कुल क्षेत्रफल ३६ रोपनी ४ आना ३ पैसा ०.९८ दाम (१८,४६७.५१ वर्ग मिटर) रहेको छ। प्रस्तावित होटलको भवनले कुल जग्गाको ३,५४७.१६ वर्ग मि. क्षेत्रफल ओगट्ने छ। त्यस बाहेकका जग्गालाई खुला क्षेत्र, पार्किङ्ग तथा हरियाली बनाइनेछ। होटल सञ्चालन हुने सम्पूर्ण जग्गा यसै कम्पनीको स्वामित्वमा रहेको जग्गा हो ।

#### २.२.३.२ आवश्यक जनशक्ति

यस होटलमा हाल ८१ जना पुरूष र २९ जना महिला गरी कुल ११० जना कामदारहरू कार्यरत छन्, जसमा ९०% स्थानीय रहेका छन्। होटलको थप भवन निर्माण चरणमा प्राविधिक जनशक्ति र मजदुरहरू सहित दैनिक करिब ५० देखि ६० जना कामदारहरू आवश्यक पर्ने देखिन्छ। निर्माण चरणमा निर्माण कार्यका लागि अत्यधिक कामको चाप भएको समयमा दैनिक करिब ६० (४ दक्ष, १४ अर्धदक्ष तथा बाँकी मजदुर) जना कामदार आवश्यक पर्ने देखिन्छ। दक्ष जनशक्तिमा ईन्जिनियर, निरीक्षक, प्रशासनिक कर्मचारी आदि आवश्यक पर्नेछन्। त्यसै गरी होटलको पूर्ण सञ्चालनको क्रममा विभिन्न तहका कर्मचारीहरू गरेर करिब २६० जना जनशक्ति आवश्यक पर्ने देखिन्छ।

#### २.२.३.३ प्रयोग हुने उर्जाको किसिम

होटल सञ्चालनको क्रममा विद्युतको स्रोतका लागि नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन, ट्रान्सफर्मर एउटा (५०० के.भि.ए.) को प्रयोग गरिएको छ र थप भवनको लागि एउटा ३५० के.भि.ए. को ट्रान्सफर्मरको प्रस्ताव गरिएको छ। होटलको सञ्चालनको क्रममा खाना पकाउनको लागि विद्युतको र एल.पी. ग्यासको प्रयोग गरिएको छ। वैकल्पिक स्रोतको लागि २ वटा जेनरेटर (क्षमताः २५० के.भि.ए. र १६२ के.भि.ए.) को व्यवस्था रहेको छ भने थप भवनको लागि ५०० के.भि.ए. क्षमता हुने एउटा जेनेरेटर थप गर्ने प्रस्ताव रहेको छ।

#### २.२.३.४ निर्माण सामाग्री

होटल निर्माणको लागि ढुङ्गा, गिट्टी, बालुवा, छड, सिमेन्ट, इट्टा, प्लम्बिङ्ग र इलेक्ट्रिकलका सामानहरू, टायल, मार्वल, फर्निचर आदि प्रयोग गरिनेछ भने आवश्यक निर्माण सामाग्रीहरू यथासम्भव स्थानीय बजारबाट खरिद गरिनेछ। यदि स्थानीय बजारमा उपलब्ध नहुने खण्डमा नेपालको तराई क्षेत्र (विरगंज, भैरहवा आदि) वा तेश्रो मुलुकबाट निर्यात समेत गर्ने उद्देश्य

राखेको छ। आयोजनाको निर्माणका लागि लाग्ने निर्माण सामाग्री तथा परिमाणलाई तल तालिकामा देखाईएको छ।

**तालिका ७ : निर्माण स्रामाग्री तथा परिमाण**

| क्र.सं. | निर्माण सामाग्री | | परिमाण | एकाइ |
|---|---|---|---|---|
| १ | Site Clearance | Grass, shrub cutting | ८,६९३ | वर्ग मिटर |
| २ | Earthwork | Excavation, filling under floors, disposal and transportation | ३,२६९.६६ | घनमिटर |
| ३ | Soling works | Compaction | १५५.९१ | घनमिटर |
| | | Layering, sand filling, water spraying | ५४८२ | वर्ग मिटर |
| ४ | Concrete Works | M15, M20 and M25 | ३,५२५.६८ | घनमिटर |
| ५ | Centering and shuttering works | | २१,९६६.७ | वर्ग मिटर |
| ६ | Reinforcement | | ६७८.६१ | टन |
| ७ | Masonry works | | १४७०.६ | घनमिटर |
| ८ | Door and window work | Sal wood frames | २.७८ | घनमिटर |
| | | Accessories, aluminum sliding, aluminum door, toughphen glass | १,१४२.१२ | वर्ग मिटर |
| | | Stainless steel, glass railing | ५८० | रनिङ मिटर |
| ९ | Flooring works | Screeding, thick cement punning, glazed ceramic wall, tiles, marble, water proofing toilet bathroom, plastering | २३,१११.३ | वर्ग फुट |
| १० | Plastering works | Internal and External | ११,७४६ | वर्ग फुट |
| ११ | Painting works | Internal and External | ११,७४६ | वर्ग फुट |
| १२ | Casino block | steel structure | २,९०२ | वर्ग फुट |
| १३ | Miscellaneous | Metal bridge | ४०० | रनिङ मिटर |
| | | Retaining Structure, land scape back fill | ६,१८८ | घनमिटर |
| | | Protecting piling | ९५० | मिटर |

*(स्रोत: BoQ of Construction Materials for Hotel Mystic Mountain )*

### २.२.३.५ निर्माण तालिका

आयोजनाको निर्माण तथा सञ्चालनको पूर्ण सफलताको लागि विस्तृत र योजनाबद्ध निर्माण योजना बनाउनु अति नै महत्वपूर्ण पक्ष हो। वास्तविक निर्माण अवधि पूर्व अनुमानित निर्माण कार्यहरू जस्तै थप विद्युतिय खरिद सम्झौता, विस्तृत ईन्जिनियरिङ्ग नक्साङ्कन, वित्तीय व्यवस्था, निर्माण ईजाजत पत्र, सडक निर्माण आदि गरी सबै काम सक्न २ बर्षको समय लाग्ने अनुमान गरिएको छ। चरणबद्ध रूपमा यस आयोजना निर्माण चरणलाई यस प्रकार विभाजन गरिएको छ। यस अवधिमा निम्न कार्यहरु गरिनेछन्

- निर्माण सामाग्रीको ढुवानी
- भवन निर्माणको लागि जमिनको सतह मिलाउने
- निर्माण स्थल वरिपरि पर्खाल निर्माण गर्ने
- निर्माण सामाग्री भण्डारण गर्ने
- विद्यमान संरचना वा सञ्चालनरत होटललाई असर नहुने गरी निर्माण कार्य थालनी गर्ने
- भवन निर्माणको लागि जग खन्ने
- भवनका विभिन्न संरचना जस्तै पर्खाल, पिल्लर, ढलान आदि निर्माण गर्ने
- अन्य विभिन्न आवश्यक वस्तु जस्तै विद्युत, पानी, संचारका साधनहरु जडान गर्ने
- कोठाहरुमा आन्तरिक सजावट गर्ने

**तालिका ८ : निर्माण योजना**

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">निर्माण योजना</th><th>पहिलो वर्ष</th><th>दोस्रो वर्ष</th></tr>
<tr><td>१.</td><td colspan="2">वातावरण परीक्षण, विस्तृत ईन्जिनियरिङ्ग ड्रईङ्ग, निर्माण योजना</td><td></td><td></td></tr>
<tr><td rowspan="5">२.</td><td rowspan="5">निर्माण ठेक्का प्रक्रिया</td><td>माटो उत्खनन् तथा सम्माउने काम</td><td></td><td></td></tr>
<tr><td>Compacted gravel sand filling</td><td></td><td></td></tr>
<tr><td>Work of raft slap</td><td></td><td></td></tr>
<tr><td>Works of columns, slab, beams, shear walls</td><td></td><td></td></tr>
<tr><td>Formworks</td><td></td><td></td></tr>
<tr><td rowspan="5">३.</td><td rowspan="5">चरणबद्ध निर्माण कार्यहरू</td><td>पर्खाल निर्माण</td><td></td><td></td></tr>
<tr><td>Floor finishing works</td><td></td><td></td></tr>
<tr><td>External and Internal Plastering</td><td></td><td></td></tr>
<tr><td>Staircase Railing</td><td></td><td></td></tr>
<tr><td>ढोका तथा झ्यालको काम</td><td></td><td></td></tr>
<tr><td>४.</td><td colspan="2">विद्युतिय फिटिङ्ग, खानेपानीको संजाल निर्माण</td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ५. | रंगरोगन तथा कार्य सम्पन्न | | |

*(स्रोतः निर्माण कार्यका लागि आवश्यक कागजात)*

यस होटल मिस्टिक माउन्टेन हाल सञ्चालरत रहेको छ र होटल सञ्चालनकै चरणमा थप भवन निर्माण कार्य गर्नुपर्दा, निर्माण सामाग्रीको व्यवस्थापन सावधानीपूर्वक गर्नु अत्यावश्यक हुन्छ ताकि विद्यमान संरचना वा सञ्चालनरत होटलको दैनिक गतिविधिमा असर नपरोस्। यसका लागि उचित स्थानमा सामाग्रीको सुरक्षित भण्डारण, आवश्यकता अनुसार मात्र सामाग्री खरिद र स्थानीय स्रोतहरूबाट सामाग्री खरिद गर्ने अभ्यास गर्नुपर्छ। निर्माण सामाग्रीहरू निश्चित स्थानमा सुरक्षित र व्यवस्थित रूपमा राखेर निर्माण कार्य अगाडि बढाईनेछ, जसले गर्दा पाहुनाहरूको आवागमनमा अवरोध नहोस्। धुलो, आवाज, तथा कम्पनजन्य असर न्यूनीकरणका लागि धुलो नियन्त्रण प्रणाली (जस्तै पानी छर्किने), ध्वनि न्यूनीकरण सामाग्री, र समयानुकूल निर्माण तालिका अपनाईनेछ। निर्माण स्थललाई स्पष्ट रूपमा विभिन्न संकेतहरू जस्तैः Costruction Site, No Entry, Construction Work in Progress संकेतहरूको प्रयोग गरी असुरक्षित क्षेत्रहरूमा पाहुना तथा कर्मचारी प्रवेश निषेध गरिनेछ। यस किसिमले सतर्कता अपनाएमा निर्माण कार्यले होटलको सञ्चालनमा असर नगरी सुरक्षित र कुशल रूपमा सम्पन्न गर्न सकिन्छ।

## २.३ प्रस्तावको उद्देश्य

नगरकोट नेपालको एक प्रसिद्ध पर्यटकीय स्थल हो। २,१७५ मिटरको उचाइमा रहेको नगरकोट हिमालयको मनोरम दृश्यको लागि प्रसिद्ध छ। नेपालको राजधानी काठमाण्डौ घुम्न आउने पर्यटक मध्ये अधिकांश पर्यटकहरूले नगरकोटको भ्रमण गर्ने गर्दछन्, साथै काठमाण्डौको व्यस्त जीवनबाट रिफ्रेस्मेन्टका लागि र केही समय प्रकृतिसँग रम्न नगरकोट आउने गर्दछन्। गर्मी मौसममा पनि चिसो वातावरण हुने नगरकोटबाट मौसम सफा भएको बेला उत्तरमा मनमोहक हिमालयका चुचुराहरूका साथै विश्वको सर्वोच्च शिखर सगरमाथाको रोमाञ्चक दृश्य हेर्न सकिन्छ, जसले गर्दा बर्षेनी लाखौं पर्यटन नगरकोट भ्रमण गर्दछन्। यहाँबाट देखिने अन्य हिमाल चुचुराहरूमा धौलागिरी हिमश्रृङ्खलादेखि कञ्चनजङ्घा हिमश्रृङ्खलासम्मको मनास्लु, गणेश, लाङटाङ, गौरीशङ्कर, चोयु, ल्होत्से, मकालु हिमाल इत्यादि छन्। नगरकोट क्षेत्र सूर्योदयको दृष्यावलोकनका लागि पनि प्रसिद्ध छ। नगरकोटमा होटल मिस्टिक माउन्टेन एक गुणस्तरीय सेवा प्रवाही होटल रूपमा चिनिन्छ। पर्यटकहरूको माग र आवश्यकतालाई ध्यानमा राखेर आवश्यक पूर्वाधारहरू थप गर्दै आफ्नो गुणस्तरीय सेवा सुविधाहरू स्तरोन्नति गर्दै दिगो वातावरण कायम गर्नु नै यस प्रस्तावको सान्दर्भिकता रहेको छ।

# परिच्छेद ३: प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

यो वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन होटल मिस्टिक माउन्टेन प्रा.लि. अन्तर्गत होटल मिस्टिक माउन्टेनका लागि स्वीकृत क्षेत्र निर्धारण र कार्यसूचीको आधारमा गरिएको हो। वा.प्र.मू.को अध्ययन विधिमा सन्दर्भ ग्रन्थ समीक्षा, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीको तयारी र त्यसको वातावरण संरक्षण नियमावली, २०७७ अनुसार श्री वन तथा वातावरण मन्त्रालयबाट स्वीकृति रहेको छ। यस वा.प्र.मू. को क्षेत्र निर्धारण र कार्यसूची मिति २०८२।०३।३२ मा स्वीकृत भएको थियो। वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत क्षेत्र निर्धारण तथा कार्यसूची पत्रमा निम्नानुसार सर्तहरू उल्लेख भएको थियो। उल्लेखित शर्तहरू पनि यस वातावरणीय प्रभाव मूल्याङ्कनमा समावेश गरिएको छ। उक्त स्वीकृत पत्रमा उल्लेखित शर्तहरू निम्नानुसार रहेको छ।

**तालिका ९ : क्षेत्र निर्धारण तथा कार्यसूचीमा उल्लेखित शर्तहरू**

| क्र. सं. | क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूचीमा उल्लेखित शर्तहरू | प्रतिवेदनमा समावेश गरिएको खण्ड |
|---|---|---|
| १. | स्वीकृत क्षेत्र निर्धारण तथा कार्यसूचीको आधारमा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ८(११) बमोजिम दुई वर्षभित्र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ। | - |
| २. | वातावरणीय प्रभाव अध्ययनको क्रममा थप वा नयाँ वातावरणीय सवाल तथा प्रभावहरू पहिचान भएमा तिनीहरूलाई समेत समेटेर वातावरणीय प्रभाव अध्ययन गर्नुपर्नेछ। | थप सवाल तथा प्रभावहरू वातावरणीय प्रभाव मूल्याङ्कनमा समावेश गरिएको छ। |
| ३. | EIA प्रतिवेदन तयारीका क्रममा कार्यसूचीमा उल्लेख गरिएका आयोजना सम्बन्धी वातावरणीय प्रभावहरू तथा तिनको प्रभावकारी निराकरण, न्यूनीकरण वा क्षतिपूर्ति उपायहरू सोही क्रममा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। | तालिका ३९ मा सकारात्मक प्रभावको बढोत्तरीका र तालिका ४० मा नकरात्मक प्रभावहरूको न्यूनीकरणका उपायहरू समावेश गरिएको छ। |

| | | |
|---|---|---|
| ४. | वातावरण व्यवस्थापन योजनामा सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव न्यूनीकरण/निराकरण/क्षतिपूर्तिका उपायहरू, कार्यान्वयन हुने स्थान, जिम्मेवार निकाय तथा कार्यान्वयन समयसम्बन्धी स्पष्ट विवरण समावेश गर्नुपर्नेछ। | तालिका ३९ मा सकारात्मक प्रभावको बढोत्तरीका र तालिका ४० मा नकरात्मक प्रभावहरूको न्यूनीकरणका उपायहरू समावेश गरिएको छ। |
| ५. | प्रतिवेदनमा फोहोर व्यवस्थापन, कार्यस्थल सुरक्षा, आपतकालीन तयारी तथा गुनासो व्यवस्थापन सम्बन्धी छुट्टाछुट्टै योजनाहरू समावेश गर्नुपर्नेछ। | फोहोर व्यवस्थापन तालिका ४०, क.१.१ र क.२.१ मा, कार्यस्थल सुरक्षा तालिका ४०, ग.१.४ र ग.२.२ मा समावेश र गुनासो व्यवस्थापनको न्यूनीकरणको उपायहरू ग.१.३ र ग.२.१ मा समावेश गरिएको छ। |
| ६. | EIA अध्ययनका क्रममा प्रत्यक्ष रूपमा प्रभावित हुने घरधुरी तथा व्यक्तिगत/सार्वजनिक भौतिक संरचना सम्बन्धी सरोकारवालाहलाई छलफल, परामर्श तथा सार्वजनिक सुनुवाइ कार्यक्रममा संलग्न गराउनु पर्नेछ। | सार्वजनिक सुनुवाइमा उपस्थित माइन्युट अनुसूची ५ मा राखिएको छ र सार्वजनिक सुनुवाईको क्रममा उठेका सवालहरू तालिका १३ मा समावेश गरिएको छ। |
| ७. | सार्वजनिक सुनुवाइका क्रममा प्रस्तुत गरिएको जानकारी, सहभागीहरूको विवरण, माइन्युट पुस्तक, उठेका सवाल तथा राय/सुझावहरूलाई सम्बोधन गरिएको तालिका सहित EIA प्रतिवेदनमा समावेश गर्नुपर्नेछ। | माइन्युट अनुसूची ५ मा राखिएको छ र सार्वजनिक सुनुवाईको क्रममा उठेका सवालहरू तालिका १३ मा समावेश गरिएको छ। |
| ८. | आयोजना सम्बन्धी सार्वजनिक सुनुवाइ सम्पन्न गरी सम्बन्धित स्थानीय तह तथा विषयगत कार्यालयहरूको सिफारिस सहित नियम ७(२) बमोजिमको सूचनाको समयावधि समाप्त भएपश्चात् मात्र EIA प्रतिवेदन स्वीकृतका लागि पेश गर्नुपर्नेछ। | अनुसूची ७ मा सिफारिस पत्र समावेश गरिएको छ। |

| | | |
|---|---|---|
| ९. | EIA प्रतिवेदन स्वीकृतिका क्रममा प्रतिवेदनमा पहिचान गरिएका वातावरणीय प्रभावहरूको प्रभावकारी व्यवस्थापनका लागि आयोजना अन्तर्गत प्रस्तावित भौतिक संरचनाहरूको संख्या, आकार, क्षमता वा डिजाइनमा समेत मन्त्रालयले आवश्यक परिमार्जन/समायोजन गराउन सक्नेछ। | स्वीकार्य छ। |

यस प्रतिवेदन तयार गर्ने क्रममा निम्न बमोजिमको विधिहरू अपनाइएको छ।

## ३.१ सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री / प्रतिवेदनको पुनरावलोकन

सन्दर्भ ग्रन्थ समीक्षा वा.प्र.मू. अध्ययनको महत्त्वपूर्ण कामहरू मध्ये एक हो, जसमा कानुनी प्रावधानको बारेमा जानकारी सङ्कलन गर्ने, अभ्यास र आयोजनाहरूको विवरणहरू, आयोजना क्षेत्रको जानकारी र समान वा.प्र.मू. रिपोर्टहरूको समीक्षा समावेश गर्दछ। वा.प्र.मू. अध्ययनमा आवश्यक Secondary Data जिल्ला तथा नगरीय प्रोफाइलबाट सङ्कलन गरिएको छ भने आयोजनासँग सम्बन्धित Primary Data आयोजनाको स्थलगत अध्ययनबाट सङ्कलन गरिएको छ।

**तालिका १० : आयोजनासँग सम्बन्धित सन्दर्भ ग्रन्थ तथा स्रोतहरू**

| क्र. सं. | तथ्याङ्क/जानकारीको बिषय | तथ्याङ्क/जानकारी सङ्कलन गरिएको क्षेत्र | सुचक/मापक | जानकारी सङ्कलन गरिएको विधि तथा स्रोत |
|---|---|---|---|---|
| **भौतिक तथा रासायनिक वातावरण** | | | | |
| १. | भू-उपयोग | समग्र प्रभाव क्षेत्र | विभिन्न भू-उपयोग अन्तर्गत क्षेत्रफल | • हालसालैको स्याटेलाइट डाटाको विश्लेषण<br>• नापी विभागले प्रकाशन गरेको टोपोग्राफिक नक्सा |
| २. | भूगर्भ तथा माटो | समग्र प्रभाव क्षेत्र | विभिन्न भौगर्भिक क्षेत्र अन्तर्गत क्षेत्रफल | खानी तथा भूगर्भ विभागद्वारा प्रकाशित भौगोलिक नक्सा |
| ३. | भूमिगत जलस्रोतको स्थिति | आयोजना स्थल | Water Table | माटो परीक्षण प्रतिवेदन |
| ४. | मौसम तथा जलवायु | आयोजनाको प्रभाव क्षेत्र | वर्षा र तापक्रम | आयोजना स्थल नजिक रहेको जल तथा मौसम विज्ञान विभागको स्टेशनमा मापन गरिएको तथ्याङ्क |
| ५. | फोहोरमैला तथा ढल व्यवस्थापन | आयोजनाको प्रभाव क्षेत्र | सरसफाइको अवस्था | स्थानीय तहको प्रोफाईल |
| ६. | भूकम्पीय जोखिम | आयोजनाको प्रभाव क्षेत्र | सक्रिय फल्टहरू, Seismic Zoning Factor | नेपाल राष्ट्रिय भवन संहिता अन्तर्गत एन.बि.सी. १०५:२०७७ नेपाल भूकम्प प्रतिरोधी भवन निर्माण ढाँचा (डिजाइन) मा समावेश गरिएको नेपालको Seismic Zoning नक्सा |

| **क्र. सं.** | **तथ्याङ्क/जानकारीको बिषय** | **तथ्याङ्क/जानकारी सङ्कलन गरिएको क्षेत्र** | **सुचक/मापक** | **जानकारी सङ्कलन गरिएको विधि तथा स्रोत** |
|---|---|---|---|---|
| **जैविक वातावरण** | | | | |
| १. | वन तथा परिस्थितिकीय प्रणाली | समग्र प्रभाव क्षेत्र | वन तथा परिस्थितिकीय प्रणालीको प्रकार, आयोजना स्थल देखिको दुरी | जिल्ला तथा स्थानीय तहको प्रोफाईल, हालसालैको स्याटेलाइट गूगल अर्थ नक्सा |
| २. | वनस्पति | आयोजना क्षेत्र | वनस्पतिको प्रकार, स्थानीय नाम, वैज्ञानिक नाम, अंग्रेजी नाम, वनस्पतिको मूल स्थान (स्वदेशी/बाह्य), संरक्षित अवस्था | आयोजनासँग सम्बन्धित कागजात, स्थानीय बासिन्दासँग अन्तरक्रिया गरी स्थानीय नामको पहिचान र वैज्ञानिक नामको लागि विभिन्न प्रकाशित पुस्तकको सहयोग |
| ३. | जनावर | समग्र प्रभाव क्षेत्र | जनावरको प्रकार | आयोजनासँग सम्बन्धित कागजात, स्थानीय बासिन्दासँग अन्तरक्रिया गरी स्थानीय नामको पहिचान र वैज्ञानिक नामको लागि विभिन्न प्रकाशित पुस्तकको सहयोग |
| ४. | चराचुरूङ्गी | होटल क्षेत्र | स्थानीय नाम, वैज्ञानिक नाम, अंग्रेजी नाम, संरक्षित अवस्था | प्रत्यक्ष स्पोटिंग, स्थानीय बासिन्दासँग अन्तरक्रिया गरी स्थानीय नामको पहिचान र वैज्ञानिक नामको लागि विभिन्न प्रकाशित पुस्तकको सहयोग |

| क्र. सं. | तथ्याङ्क/जानकारीको बिषय | तथ्याङ्क/जानकारी सङ्कलन गरिएको क्षेत्र | सुचक/मापक | जानकारी सङ्कलन गरिएको विधि तथा स्रोत |
|---|---|---|---|---|
| ५. | जोखिमयुक्त (Critical) बासस्थान, वन वा परिस्थितिकीय प्रणाली | आयोजनाको प्रभाव क्षेत्र | जोखिमयुक्त वासस्थान, राष्ट्रिय निकुञ्ज, शिकार आरक्षण क्षेत्र, सामुदायिक वन तथा अन्य सम्वेदनशील क्षेत्र रहे/नरहेको जानकारी, प्रकार तथा आयोजना स्थल देखिको दुरी | जिल्ला तथा स्थानीय तहको प्रोफाईल हालसालैको स्याटेलाइट गूगल अर्थ नक्सा तथा स्थानीय बासिन्दा सँग अन्तरक्रिया |
| ६. | प्राकृतिक परिदृश्य | सम्रग प्रभाव क्षेत्र | परिदृश्यको प्राकृतिक अवस्था | टोपो नक्सा र हालसालैको स्याटेलाइट गूगल अर्थ नक्सा |
| | | **सामाजिक तथा आर्थिक वातावरण** | | |
| १. | जनसाङ्ख्यिक विवरण | आयोजना क्षेत्र | लिङ्ग, उमेर, भाषा, साक्षरता, धर्म, पेशा व्यवसाय | राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित जानकारीहरू, स्थानीय तहको प्रकाशनहरू |
| २. | सेवा/सेवा प्रदायक निकायमा पहुँच | आयोजना क्षेत्र | यातायात, शिक्षा, स्वास्थ्य, कृषि सेवा, प्रहरी | राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित जानकारीहरू, स्थानीय तहको प्रोफाईल |
| ३. | सार्वजनिक पूर्वाधार | आयोजना क्षेत्र | सार्वजनिक स्वामित्वका पूर्वाधारहरू | स्थानीय तहको प्रोफाईल |

| **क्र. सं.** | **तथ्याङ्क/जानकारीको बिषय** | **तथ्याङ्क/जानकारी सङ्कलन गरिएको क्षेत्र** | **सुचक/मापक** | **जानकारी सङ्कलन गरिएको विधि तथा स्रोत** |
|---|---|---|---|---|
| ४. | उद्योग र विकास | आयोजना क्षेत्र | औद्योगिक तथा विकास सम्बन्धि संस्थाहरू | प्रत्यक्ष अवलोकन र सर्वेक्षण तथा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त तथ्याङ्क, जानकारीहरू, स्थानीय तहको प्रकाशनहरू |
| ५. | सामाजिक संस्था | आयोजनाको प्रत्यक्ष प्रभाव क्षेत्र | क्लब, समुह लगायत | स्थानीय बासिन्दासँग अन्तरक्रिया |
| **सांस्कृतिक वातावरण** | | | | |
| १. | ऐतिहासिक/पुरातात्विक | आयोजनाको प्रत्यक्ष प्रभाव क्षेत्र | ऐतिहासिक/पुरातात्विक संरचना/स्थानहरू | स्थानीय तहको प्रोफाईल |
| २. | सांस्कृतिक/धार्मिक संरचना र स्थानहरू | आयोजनाको प्रत्यक्ष प्रभाव क्षेत्र | मन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता संरचना र सद्गत (अन्त्येष्टि) गर्ने स्थानहरू | स्थानीय तहको प्रोफाईल तथा स्थानीय बासिन्दासँग अन्तरक्रिया |
| ३. | सांस्कृतिक/धार्मिक प्रचलन | समग्र प्रभाव क्षेत्र | चाड पर्व, पुजा अर्चना लगायतका प्रचलनहरू | स्थानीय तहको प्रोफाईल तथा स्थानीय बासिन्दासँग अन्तरक्रिया |

## ३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष)

आयोजनाका संरचनाहरू निर्माण तथा सञ्चालन चरणमा आयोजनास्थल वरपर पर्न सक्ने वातावरणीय असरहरूको आधारमा प्रभाव क्षेत्र निर्धारण गरिएको छ। अध्ययनले आयोजनाका क्रियाकलापबाट पार्ने असरको परिमाण, फैलावट र अवधिको आधारमा प्रभाव क्षेत्रलाई "प्रत्यक्ष प्रभाव क्षेत्र" र "अप्रत्यक्ष प्रभाव क्षेत्र" गरी दुई भागमा बाढेको छ। होटल "पोइन्ट प्रोजेक्ट" भएकोले होटल निर्माण तथा सञ्चालन चरणमा हुने प्रभावहरू प्रत्यक्ष रूपमा १०० मिटरको परिधिमा हुन सक्ने भएकोले होटल परिसरबाट १०० मिटर परिधिको क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र तथा प्रत्यक्ष प्रभावित क्षेत्रबाट १०० मिटरको परिधिको क्षेत्रसम्म होटलले अप्रत्यक्ष रूपमा प्रभाव पार्न सक्ने भएकोले सो क्षेत्रलाई अप्रत्यक्ष प्रभाव क्षेत्रको रूपमा लिई अध्ययन गरिएको छ।

**तालिका ११ : प्रभाव क्षेत्रको दायरा**

| **प्रभाव क्षेत्र** | **क्षेत्र निर्धारण** |
|---|---|
| प्रत्यक्ष प्रभाव क्षेत्र | होटलको साइट र त्यसको परिसरबाट १०० मिटर परिधिको क्षेत्र |
| अप्रत्यक्ष प्रभाव क्षेत्र | प्रत्यक्ष प्रभावित क्षेत्रबाट थप १०० मिटरको परिधिको क्षेत्र |
| समग्र प्रभाव क्षेत्र | मण्डनदेउपुर नगरपालिकाको सम्पूर्ण भू-भाग<br>(होटल सञ्चालनबाट समग्र नगरपालिका सकरात्मक टेवा पुग्ने) |

## ३.३ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण

आयोजना कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण गर्नु महत्वपूर्ण पक्ष हो। होटल मिस्टिक माउन्टेन मण्डनदेउपुर नगरपालिकाको वडा नं. २, नगरकोटमा अवस्थित रहेको छ। प्रस्तावित आयोजनाको भौगोलिक अवस्था, भू-उपयोग, भूगर्भ तथा माटो, भूकम्पीय जोखिमको विवरण देहाय बमोजिमको नक्साको अध्ययन गरी प्राप्त गरिएको छ त्यस्तै होटल रहेको स्थानको टोपो नक्सा चित्र नं. २ मा राखिएको छ।

**तालिका १२ : प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको स्रोत**

| **क्र.सं.** | **सूचक** | **स्रोत** |
|---|---|---|
| १. | भौगोलिक अवस्था, भू-उपयोग | नापी विभागद्वारा प्रकाशित टोपोग्राफी नक्सा, ई.सं. १९९६, पाना नं. २७८५ ०७ए |

| | | |
|---|---|---|
| २. | भूकम्पीय वर्गीकरण | नेपाल राष्ट्रिय भवन संहिता अन्तर्गत एन.बि.सी. १०५:२०७७ नेपाल भूकम्प प्रतिरोधी भवन निर्माण ढाँचा (डिजाइन) मा समावेश गरिएको नेपालको Seismic Zoning नक्सा |
| ३. | भूगर्भ तथा माटो | खानी तथा भूगर्भ विभाग द्वारा प्रकाशित Geological map |




**चित्र ४ : टोपो नक्सामा होटलको अवस्थिति**

*(स्रोत: नापी विभाग, पाना नं. २७८५ ०७ए, ई.सं. १९९६)*

## ३.४ चेकलिष्ट / म्याट्रिक्स तथा प्रश्नावली

यस आयोजना निर्माण तथा सञ्चालनको क्रममा स्थानीय वातावरणमा पर्ने भौतिक तथा रासायनिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण प्रभावहरूको तथ्याङ्क सङ्कलनको लागि तयार पारिएको चेकलिष्ट/म्याट्रिक्स तथा प्रश्नावली तयार गरिएको थियो। उक्त चेकलिष्ट/म्याट्रिक्स तथा प्रश्नावलीहरू प्रयोग गरी स्थलगत अध्ययनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो।

## ३.५ स्थलगत अध्ययन

प्रभावित क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण सम्बन्धी जानकारी सङ्कलन गर्न भौतिक वातावरण विज्ञ, जैविक वातावरण विज्ञ, सामाजिक विज्ञ र अन्य सहयोगी सदस्यहरूको विज्ञ टोलीद्वारा अध्ययन गरिएको छ।

### ३.५.१ भौतिक वातावरणमा अपनाइएको विधि

**क. Field Survey / Direct Observation**

अध्ययन टोलीद्वारा आयोजना प्रभावित क्षेत्र (प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव क्षेत्र) भित्र केन्द्रित रही अध्ययनका लागि उल्लिखित अवयवहरूमा केन्द्रित रही आवश्यक प्रश्नावली तथा चेकलिष्टहरू तयार गरी सोको प्रयोग गरी निम्न तथ्याङ्क सङ्कलन गरिएको छ।

- **भौगोलिक अवस्था, धरातलीय अवस्था र भू-उपयोगः** आयोजना प्रत्यक्ष प्रभावित क्षेत्रका भौगोलिक अवस्था, धरातलीय अवस्था र भू-उपयोग सम्बन्धी जानकारीका लागि स्थलगत अध्ययन गरिएको थियो, जसबाट प्रस्तावित आयोजनाको थप भवन बन्ने जग्गाको अवस्था र सो जग्गाको चारैतिरैको सिमानामा रहेको विषयबस्तु, नजिकको वस्तीको बारेमा जानकारी संकलन गरियो।
- **जल तथा जलाधार क्षेत्रः** प्रस्तावित आयोजना क्षेत्रको मुख्य जलाधार प्रणालीको बारेमा जानकारी प्राप्त गर्नको लागि स्थलगत सर्वेक्षण गरिएको छ।
- **वायुको गुणस्तरः** आयोजना स्थलको वायुको गुणस्तरको लागि होटल क्षेत्रमा वायु गुणस्तर मापक यन्त्र (Temptop M2000 2nd Generation Multi-functional Air Quality Detector) मार्फत मिति वि.सं. २०८२।०४।१४ दिउँसो १:३१ बजेदेखि वि.सं. २०८२।०४।१५ गते दिउँसो १:३० बजेसम्म प्रत्येक एक-एक मिनेटको $PM_{१०}$, $PM_{२.५}$ औसत तथ्याङ्क संकलन गरिएको थियो।
- **पानीको गुणस्तरः** पानीको गुणस्तरको पहिचानको लागि होटलमा प्रयोग हुने भूमिगत पानी र Reverse Osmosis मार्फत प्रशोधित पानीको प्रयोगशाला परीक्षण गरिएको थियो।
- **ध्वनिको तह मापनः** ध्वनिको विद्यमान स्तरका निम्ति मिति २०८२/०४/१४ गतेको दिन गते बिहान र दिउँसोको समयमा होटलको विभिन्न क्षेत्रमा ध्वनि मापक यन्त्र मार्फत मापन गरिएको थियो। सो तथ्याङ्क विश्लेषण गरी Lmax, Lmin र Leq निकालिएको छ।

Lmax = मापन गरिएको तथ्याङ्कहरू मध्येको अधिकतम मान

Lmin = मापन गरिएको तथ्याङ्कहरू मध्येको न्यूनतम मान

$$Leq = 10\, log_{10} \left[\frac{1}{N}(10^{\frac{a1}{10}} + 10^{\frac{a2}{10}} + \cdots \ldots \ldots\ 10^{\frac{an}{10}})\right] dBA$$

## ३.५.२ जैविक वातावरणमा अपनाइएको विधि

**क. Field Survey / Direct Observation**

Field Survey / Direct Observation मार्फत आयोजना क्षेत्र वरपर पाइने वनस्पतिको सूची तयार गरिएको छ।

**ख. मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता (Key Informant Interview)**

स्थानीयवासीहरूसँगको छलफलबाट यस क्षेत्रमा पाइने वनस्पति तथा जीवजन्तुहरूको स्थानीय नाम सहितको सूची तयार गरिएको छ।

## ३.५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा अपनाइएको विधि

आयोजनाबाट प्रभावित क्षेत्र (प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावित क्षेत्र) वा नजिकको बस्तीको घरपरिवार तथा जनसङ्ख्या, जाति, धर्म तथा भाषा, पेसा, रोजगारी, शैक्षिक संस्था, साक्षरता स्थिति, स्थानीय उत्पादन तथा बजार, खानेपानीको अवस्था, शौचालय सुविधा तथा फोहोर व्यवस्थापन, भौतिक सामुदायिक पूर्वाधार र ऊर्जाको स्रोत, स्वास्थ्य संस्थाको अवस्था र स्वास्थ्य स्थिति, वार्षिक आय तथा व्यय, सांस्कृतिक मान्यता, चालचलन र परम्परा, स्थानीय सांस्कृतिक धरोहर तथा सांस्कृतिक स्थल, अन्तिम संस्कार गर्ने स्थल र प्रचलनहरू निम्न विधिहरू अपनाइ सङ्कलन गरिएको छ।

**क. Household Survey**

घरधुरी सर्वेक्षणका क्रममा होटल क्षेत्र नजिकका बस्तीका घरपरिवारसँग प्रत्यक्ष सोधपुछ गरिएको थियो। यस विधिमा परिवार संरचना, भाषा, धर्म, मुख्य पेशा, कृषि तथा व्यापारमा संलग्नता, शिक्षा, ऊर्जा स्रोत, खानेपानी र शौचालय सुविधा सम्बन्धी जानकारी संकलन गरिएको हो। सर्वेक्षणबाट प्राप्त जानकारी अनुसार होटल सञ्चालन र प्रस्तावित आयोजना स्थानीय बासिन्दाको जीवनशैली तथा रोजगार अवसरमा सकारात्मक प्रभाव पारिरहेको देखिएको छ। साथै, बासिन्दाले आयोजनाको सञ्चालनमा स्थानीय समुदायसँग समन्वय आवश्यक हुने र सांस्कृतिक परम्परा तथा स्थानीय उत्पादन संरक्षणमा ध्यान दिनुपर्ने सुझाव पनि दिएका छन्। साथै, सञ्चालनरत होटलमा

काम गर्ने कर्मचारीहरूसँग प्रत्यक्ष अन्तरवार्ता पनि लिइएको थियो। कर्मचारीहरूले रोजगारको अवस्था, कामको प्रकृति, सुविधा, स्थानीय समुदायसँग समन्वय र सुझावहरू प्रदान गरेका थिए। यसबाट होटल सञ्चालनले स्थानीय रोजगार र व्यवसायमा परेको प्रभाव, कर्मचारीहरूको अनुभव र आवश्यकता बुझ्न सहयोग पुगेको छ।

### ख. सरोकारवालासँग छलफल

स्थानीय जनप्रतिनिधि, वडाध्यक्ष, शिक्षक, समाजसेवी र अन्य सरोकारवालासँग छलफल गरेर मण्डनदेउपुर नगरपालिका र आसपासको क्षेत्रको सामाजिक तथा सांस्कृतिक जानकारी संकलन गरिएको थियो। यस विधिबाट मण्डनदेउपुर नगरपालिका वडा नं. २ र आसपासका प्रभावित बस्तीहरू (गैरीसमारा, रोहिणी साठीकुरिया, गोल्डाँडा मकैबारी, नाल्दुम) को प्रत्यक्ष र अप्रत्यक्ष प्रभावित क्षेत्रमा सामाजिक, आर्थिक र भौतिक अवस्थाको जानकारी संकलन गरिएको थियो। यस विधि मार्फत घरपरिवार संख्या, जनसांख्यिकीय विवरण, जातीय संरचना, धर्म, भाषा, मुख्य पेशा, शैक्षिक संस्था, स्वास्थ्य सेवा, खानेपानी, शौचालय, ऊर्जा स्रोत, सडक पहुँच र फोहोर व्यवस्थापनका तथ्याङ्क संकलन गरिएका छन्। यस अन्तर्वार्ताबाट वडा नं. २ मा ६३० घरपरिवार रहेको, जनसङ्ख्या, विद्यालय, स्वास्थ्य सेवा, सामुदायिक वन, खानेपानी, शौचालय र ऊर्जा स्रोत सम्बन्धी तथ्याङ्क प्राप्त भएको छ। साथै, स्थानीय प्रतिनिधिहरूबाट मिस्टिक माउण्टेन रिसोर्ट सञ्चालनपछि रोजगारीका अवसर, पर्यटन व्यवसायमा वृद्धि, स्थानीय उत्पादनको प्रवर्द्धन, सांस्कृतिक संरक्षण र समुदायसँग समन्वय कायम गर्ने उपायहरूबारे पनि जानकारी संकलन गरिएको छ।

### ग. सामुहिक छलफल (Group Discussion)

सामूहिक छलफल विधि प्रयोग गरेर स्थानीय बासिन्दा, रिसोर्टका कर्मचारी र अन्य सरोकारवालाहरूको समूहबाट **आयोजनाको सकारात्मक र नकारात्मक प्रभाव**, समुदायको धारणा, आवश्यक सुझाव र सामाजिक-सांस्कृतिक प्रभावबारे जानकारी संकलन गरिएको थियो। छलफलमा प्रमुख पेसा (कृषि, वैदेशिक रोजगारी, दैनिक ज्यालादारी), चाडपर्वको महत्त्व (छठ, होली, दीपावली, दसैं, तिहार, बुद्ध जयन्ती), खाना पकाउने ऊर्जा स्रोत, सहकारी संस्था, विद्युत र चापाकलको पहुँच र समुदायभित्रको समावेशी अवस्था जस्ता पक्षबारे जानकारी प्राप्त भएको छ।

## ३.६ सङ्कलित नमूनाको प्रयोगशालामा विश्लेषण

**क. माटोः** प्रस्तावकद्वारा यस आयोजनाको प्रस्तावित भवन निर्माणका लागि माटोको प्रयोगशाला परीक्षण गरिएको थियो। यस परीक्षणको क्रममा आयोजना स्थलको माटोको विभिन्न parameters हरू परीक्षण गरिएको थियो। सबै parameters हरूको परीक्षणको आधारमा आयोजनाको भवन निर्माण गर्ने क्रममा अपनाउनुपर्ने क्रियाकलापहरू समेत माटो परीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

**ख. पानीः** पानीको गुणस्तर पहिचानको लागि होटलमा प्रयोग हुने Reverse Osmosis (RO) र भूमिगत पानीको नमुना सङ्कलन गरी प्रयोगशाला परीक्षण गरिएको थियो। सो पानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ बमोजिम भए/नभएको जाँच गर्न प्रयोगशालामा परीक्षण गरिएको थियो।

## ३.७ प्राप्त तथ्याङ्कको विश्लेषण

स्थलगत भ्रमणबाट प्राप्त सूचनाहरूको अध्ययन, सन्दर्भ ग्रन्थ तथा सामग्रीहरूको पुनरावलोकन प्रयोगशालामा गरिएको परीक्षणबाट प्राप्त जानकारीहरूलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने सम्भाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरी तिनलाई भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक गरी तीन शीर्षकमा छुट्याएर वर्गीकरण गरियो। प्रस्तावित क्षेत्रको विशेष अध्ययन गर्दा गरिएको विश्लेषणबाट आएका प्रथम र दोस्रो क्रममा भएका तथ्याङ्क तथा जानकारीलाई संक्षिप्तिकरण गरी आवश्यकता अनुसार तालिकामा राख्ने तथा प्रतिवेदनको उपयुक्त भागमा समावेश गरिएको छ।

## ३.८ प्रभावको पहिचान, आंकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि

आयोजनाको निर्माण तथा सञ्चालन चरणमा भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्नसक्ने सकारात्मक तथा नकारात्मक प्रभावलाई तिनको परिमाण (magnitude), सीमा (extent) तथा समयावधि (duration) का आधारमा मूल्याङ्कन गरी सम्बन्धित प्रभावको जोखिमलाई उच्च, मध्यम र निम्न महत्वका प्रभावका रूपमा वर्गीकरण गरिएको छ। यसका लागि वातावरण संरक्षण नियमावली, २०७७ ले मार्गनिर्देश गरे अनुसारको परिमाणिक महत्व

दिई प्रभावको वर्गीकरण गरिएको छ। उक्त नियमावलीको प्रभाव मूल्याङ्कनको भार विधिलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १३ : वातावरणीय प्रभावको तह निर्धारण**

| परिणाम | | सीमा | | अवधि | |
|---|---|---|---|---|---|
| उच्च | ६० | क्षेत्रीय | ६० | दीर्घकालीन | २० |
| मध्यम | २० | स्थानीय | २० | मध्यम | १० |
| निम्न | १० | स्थलगत | १० | अल्पकालीन | ५ |

*(स्रोतः वातावरण संरक्षण नियमावली, २०७७)*

माथि उल्लिखित तालिका अनुसार कुनै प्रभावलाई प्रदान गरिएको भारको योगफल ४५ भन्दा कम भएमा त्यस्तो प्रभावलाई न्यून महत्वको प्रभाव, ४५ देखि ७५ को योगफल आउने प्रभावलाई मध्यम महत्वको प्रभाव र ७५ भन्दा बढी योगफल आउने प्रभावलाई उच्च महत्वको प्रभाव मानिएको छ।

उल्लिखित विधि अपनाइ गरिएको प्रभाव मूल्याङ्कन पश्चात उच्च महत्वको प्रभावको क्षति कम गर्न न्यूनीकरणका उपाय र सोको अनुगमन तथा व्यवस्थापन विधि तयार गरी अन्य आवश्यक विषयवस्तु समेत समावेश गरी वा.प्र.मू. प्रतिवेदन तयार गरिएको हो।

## ३.९ मस्यौदा प्रतिवेदनको तयारी

आयोजनाबाट स्थानीय वातावरणमा पर्न सक्ने नकारात्मक वातावरणीय प्रभावहरूको विज्ञहरूद्वारा गरिएको विश्लेषणबाट प्रभाव न्यूनीकरणका उपायहरू पहिचान गरी वातावरणीय अध्ययनको मस्यौदा प्रतिवेदनमा समावेश गरिएको थियो। त्यस्तै प्रस्ताव कार्यान्वयनबाट हुने सकारात्मक प्रभावहरूलाई बढोत्तरी गर्ने विषयलाई समेत प्रतिवदेनमा उल्लेख गरिएको थियो। प्रभावहरूको व्यवस्थापन योजना, अनुगमन योजना संलग्न गरी वातावरणीय व्यवस्थापन योजना पनि समावेश गरी वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची १२ को ढाँचामा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पारिएको थियो। वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको सार्वजनिक सुनुवाइ कार्यक्रममा मस्यौदा प्रतिवेदन माथि छलफल गरिएको थियो भने स्थानीय तथा सरोकारवालाहरूको राय सुझावहरू सङ्कलन गरिएको थियो।

## ३.१० सार्वजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाइ

वा.प्र.मू.को क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत भए पश्चात वा.प्र.मू. अध्ययन अन्तर्गत सार्वजनिक सुनुवाइको लागि नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा वि.सं. २०८२।०४।०७ मा सूचना प्रकाशन गरी सार्वजनिक सुनुवाइमा उपस्थितिका लागि स्थानीय निकाय निर्वाचित जनप्रतिनिधि र अन्य सरोकारवालाहरू तथा स्थानीय संघ संस्था, छिमेकीहरूलाई आव्हान गरिएको थियो। सो सूचना सम्बन्धित वडा कार्यालय र अन्य संघ-संस्थाहरूमा टाँस गरी मुचुल्का लिइयो। सार्वजनिक सुनुवाइ वि.सं. २०८२।०४।१३ मा आयोजना गरिएको थियो, जहाँ वडाका प्रतिनिधिहरू लगायत अन्य स्थानीयवासी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो। यस सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थित सरोकारवालाहरूद्वारा दिइएको निम्न लिखित राय सुझावहरूलाई समावेश गर्दै प्रतिवेदन तयार गरिएको छ।

**तालिका १४ : सार्वजनिक सुनुवाइको बेला प्राप्त सुझावहरू**

| क्र.सं. | सार्वजनिक सुनुवाइको बेला प्राप्त सुझावहरू | प्रतिक्रिया |
|---|---|---|
| | **रामचन्द्र गुरूङ** | |
| १. | होटलबाट निस्कने तरल पदार्थ जन्य फोहोरलाई उचित व्यवस्थापन गर्नुपर्छ। अन्यथा खानेपानीको स्रोत दूषित हुन सक्छ। | तालिका ४०, क.१.१. (ठोस तथा तरल फोहोर व्यवस्थापन) र क.२.१ (तरल फोहोर उत्पादनको कारण जल प्रदूषण) मा समावेश गरिएको छ। |
| २. | होटल आउने बाटो पिच भएको छैन। यसले गर्दा एम्बुलेन्स लगायत गाडीहरू आउन गाह्रो छ। बाटो बनाउन होटलले सहयोग गरोस्। | तालिका ३९, ख.५ (सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग) मा समावेश गरिएको छ। |
| | **बिनोद तामाङ** | |
| १. | बाटो नगरपालिका, वाड कसले बनाउने हो, त्यसमा होटलले पनि सहयोग गरोस्। | तालिका ३९, ख.५ (सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग) मा समावेश गरिएको छ। |
| | **राजु गुरूङ** | |

| | | |
|---|---|---|
| १. | खानेपानीको मुहानहरू नयाँ-नयाँ निस्केको छ। ती मुहानहरूको खानेपानीको गुणस्तर जाँच गर्न होटलले सहयोग गरोस्। | तालिका ३९, ख.५ (सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग) मा समावेश गरिएको छ। |
| २. | केही दिन अघि कार्तिके देखि साठी कुरिया जोड्ने बाटो पानी परेर बिग्रेको छ। बाटो बनाउन होटलले सहयोग गरोस्। | सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोगमा समावेश गरिएको छ |
| **डम्बर बहादुर तामाङ** | | |
| १. | पहिले बाटोघाटो घरहरू ढलान नहुने भएकोले बर्षामा जमीनले पानी सोस्थ्यो। अब ढलानले गर्दा पानी सोस्न छोडयो। ढलनल बनाउन होटलले सहयोग गरोस्। | सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोगमा समावेश गरिएको छ। |
| **ठक्कर बहादुर तामाङ** | | |
| १. | स्थानीयबासीलाई खानेपानी व्यवस्थापन गर्न यस होटल लगायत अन्य सबै होटलहरूले सहयोग गर्नुपर्छ। | - |
| **मनमाया तामाङ** | | |
| १. | पहिले-पहिलेको पानीको मुहान सुक्दै गएको छ। त्यसको लागि सबै संघसंस्थाले सहयोग गर्नुपर्छ। | - |
| **ज्ञान बहादुर तामाङ** | | |
| १. | स्थानीयबासीहरूको गुनासो सुनुवाईको लागि गुनासो सुनुवाई अधिकारीको फोन नम्बर सबै स्थानीयबासीलाई दिईनुपर्छ। | तालिका ४०, ग.१.३ मा निर्माण चरणमा हुने स्थानीयवासीको गुनासो र ग.२.१ मा सञ्चालन चरणमा हुने स्थानीयवासीको गुनासोको व्यवस्थापनको उपायहरू समावेश गरिएको छ। |
| २. | स्थानीयबासीहरूलाई खानेपानीको समस्या पर्दा होटलले पानीको व्यवस्थापन गर्नुपर्छ। | तालिका ग.२.१ मा सञ्चालन चरणमा हुने स्थानीयवासीको गुनासोको |

| | | |
|---|---|---|
| | | व्यवस्थापनको उपायहरू समावेश गरिएको छ। |
| **राजु गुरूङ** | | |
| १. | होटलको निर्माण गर्दा कतिखेर गर्ने, सुरक्षाका साधनहरू के-के गर्नुहुन्छ, त्यो योजना आउनुपर्छ। | तालिका ७ मा निर्माण योजना समावेश गरिएको छ। |
| **जीवन गुरूङ (दाउरा बिसाउनी सामुदायिक वन उपभोक्ता समिति)** | | |
| १. | होटल निर्माणको क्रममा EIA मा उल्लेख गरिएको न्यूनीकरणका उपायहरू पूर्ण रूपमा पालना गर्नुपर्नेछ। | तालिका ३९ मा सुझाएका बढोत्तरीका उपायहरू र तालिका ४० मा सुझाएका न्यूनीकरणका उपायहरू आयोजना निर्माण तथा सञ्चालन चरणमा अनिवार्य रूपमा पालना गरिनेछ। |
| २. | होटल वरपर रहेका बाटोघाटो निर्माण तथा Maintaince गर्दा होटलले सहयोग गरोस्। | सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोगमा समावेश गरिएको छ। |
| ३. | नगरकोटको प्रमुख समस्याको रूपमा रहेको खानेपानीको समस्या समाधान गर्न होटलले पनि सहयोग गरोस्। | सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोगमा समावेश गरिएको छ। |
| ४. | होटलको भवन निर्माण गर्दा ध्वनि प्रदूषण हुन सक्छ। त्यस कुरामा होटलमा ध्यान दिनुपर्नेछ। | तालिका ४०, क.१.६ मा निर्माण चरणको ध्वनि प्रदूषण र क.२.८ मा सञ्चालन चरणको ध्वनि प्रदूषणको न्यूनीकरणको उपायहरू समावेश गरिएको छ। |
| ५. | होटलले corporate Social Responsibilities (CSR) अन्तर्गत स्थानीयबासीहरूलाई सहयोग गरोस्। | तालिका ३९, ख.५ (सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग) मा समावेश गरिएको छ। |
| **राजु तामाङ (सचिव, नाल्दूम-नगरकोट Lifting खानेपानी उपभोक्ता समिति)** | | |

| | | |
|---|---|---|
| १. | बागमती प्रदेश सरकारले करिब ५०० घरधुरीको लागि २७ करोडको बजेटमा नाल्दूम-नगरकोट lifting आयोजना निर्माणाधिन छ। पौष सम्ममा यस आयोजना सम्पन्न हुनेछ। त्यस पश्चात खानेपानीको समस्या समाधान हुनेछ भन्ने आशा छ। | - |
| **नविन गुरूङ (अध्यक्ष, नाल्दूम-नगरकोट पर्यटन विकास समिति)** | | |
| १. | स्तरोन्नति पश्चात् होटल मिस्टिक माउन्टेन यस क्षेत्रकै पहिलो पाँच तारे होटलको रूपमा स्थापित हुन सकोस शुभकामना छ। | सकरात्मक प्रतिक्रिया |
| २. | सडक बिस्तार र खानेपानी क्षेत्रमा होटलले सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गरोस्। | तालिका ३९, ख.५ (सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग) मा समावेश गरिएको छ। |
| ३. | होटल परिसरमा ढलनलको राम्रो व्यवस्थापन गरोस्। | तालिका ४०, क.१.१. (ठोस तथा तरल फोहोर व्यवस्थापन) र क.२.१ (तरल फोहोर उत्पादनको कारण जल प्रदूषण) मा समावेश गरिएको छ। |
| ४. | स्थानीयबासीहरूलाई होटल सम्बन्धी तालिम दिएर दक्ष कामदार बनाउन सहयोग गरोस्। | तालिका ३९, क.१ र ख.१ मा समावेश गरिएको छ। |
| **राजकुमार मल्ल (वडा अध्यक्ष, मण्डनदेउपुर नगरपालिका वडा नं. २)** | | |
| १. | होटल मिस्टिक माउन्टेन मण्डनदेउपुर नगरपालिका कै चिनारीको रूपमा रहेको छ। अझ प्रगति गर्दै जाओस्। | सकरात्मक प्रतिक्रिया |
| २. | होटलले गर्ने सहयोग र सकारात्मक कार्यहरू बढ्दै जाओस्। | सकरात्मक प्रतिक्रिया |
| ३. | स्थानीयबासीहरूलाई रोजगारीको अवसर अझै बढाउँदै जाओस्। | तालिका ३९, क.१ र ख.१ मा समावेश गरिएको छ। |

| | | |
|---|---|---|
| ४. | स्थानीय कृषि उत्पादनलाई होटलले किनिदिओस्। | तालिका ४०, ग.२.५ (खाद्यान्न गुणस्तर) अन्तर्गत समावेश गरिएको छ। |
| ५. | यहाँको प्रमुख समस्याको रूपमा रहेको खानेपानीको नाल्दूम-नगरकोट Lifting खानेपानी आयोजना सम्पन्न पश्चात् समाधान हुने आशा छ। | - |
| ६. | होटलबाट निस्कने ठोस तथा तरल जन्य फोहोरहरूको राम्रोसँग व्यवस्थापन गरोस्। | तालिका ४०, क.१.१, क.२.१ र क.२.२ मा समावेश गरिएको छ। |
| ७. | EIA प्रतिवेदमा उल्लेखित न्यूनीकरणका उपायहरू पूर्णतः पालना गरेर मात्र भवन निर्माण गर्नुपर्नेछ। | तालिका ३९ मा सुझाएका बढोत्तरीका उपायहरू र तालिका ४० मा सुझाएका न्यूनीकरणका उपायहरू आयोजना निर्माण तथा सञ्चालन चरणमा अनिवार्य रूपमा पालना गरिनेछ। |





**चित्र ५: सार्वजनिक सुनुवाईका तस्बीरहरू**

स्थानीयवासीसँग गरिएको छलफलमा उठेका कुराहरुलाई अध्ययन टोलीका विज्ञहरूद्वारा विश्लेषण गरी जायज समस्याहरूको समाधानका लागि यस प्रतिवेदनमा त्यसका न्यूनीकरणका उपायहरू उल्लेख गरिएको छ र उल्लेख भएका सबै न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ। सार्वजनिक सुनुवाइको सूचना, मुचुल्का र सार्वजनिक सुनुवाइ कार्यक्रमको माइन्युट ***अनुसूची ५*** मा समावेश गरिएको छ।

## ३.११ सार्वजनिक सूचना तथा सूचना सम्प्रेषण र सुझाव सङ्कलन

सार्वजनिक सुनुवाइ पश्चात स्थानीयवासी, संघ-संस्था तथा छरछिमेकीको यस होटलको निर्माण तथा सञ्चालनबाट पर्न जाने प्रभावको बारेमा थप राय, सुझावका लागि वडा कार्यालय र अन्य

संघ-संस्थाहरूमा सात दिने सार्वजनिक सूचना टाँस गरी मुचुल्का लिइयो। सूचना टाँस भए पश्चात नेपाल समाचारपत्रमा राष्ट्रिय दैनिक पत्रिकामा राय सुझावका लागि ७ दिने सार्वजनिक सूचना मिति २०८२।०५।०२ मा प्रकाशित गरियो।

## ३.१२ सिफारिस पत्र

सार्वजनिक सुनुवाइबाट प्राप्त राय तथा सुझावहरू साथै सकारात्मक तथा नकारात्मक प्रभावहरूको विश्लेषण पश्चात मिति २०८२।०५।१८ मा मण्डनदेउपुर नगरपालिकाको नगरकार्यपालिकको कार्यालयबाट र मिति २०८२।०६।०२ मा मण्डनदेउपुर नगरपालिका वडा नं. ०२ बाट सिफारिस पत्र प्राप्त गरियो। मण्डनदेउपुर नगरपालिका र मण्डनदेउपुर नगरपालिका वडा नं. २ बाट प्राप्त राय सुझावहरू तल तालिका १४ र १५ मा क्रमशः राखिएको छः

**तालिका १५ : मण्डनदेउपुर नगरपालिकाबाट प्राप्त सुझावहरू**

| क्र.सं. | सुझावहरू | प्रतिक्रिया |
|---|---|---|
| | **सकरात्मक प्रभावहरू** | |
| १ | स्थानीयले रोजगारी पाउने | - |
| २ | स्थानीय निकायको राजस्वमा वृद्धि | |
| ३ | पर्यटन विकास | - |
| ४ | स्थानीय पूर्वाधार विकास | - |
| | **नकरात्मक प्रभाव** | |
| १ | ठोस तथा तरल जन्य फोहोर उत्पादनमा वृद्धि हुन सक्ने | न्यूनीकरणको उपायहरू तालिका ४०, क.१.१, क.२.१ र क.२.२ मा समावेश गरिएको छ। |
| २ | ध्वनि प्रदूषण हुन सक्ने | तालिका ४०, क.१.६ मा निर्माण चरणको ध्वनि प्रदूषण र क.२.८ मा सञ्चालन चरणको ध्वनि प्रदूषणको न्यूनीकरणको उपायहरू समावेश गरिएको छ। |
| ३ | ट्राफिक समस्या हुन सक्ने | तालिका ४०, क.१.४ (निर्माण सामग्रीको ढुवानी तथा व्यवस्थापन सम्बन्धी चुनौती) मा र क.२.७ मा यातायात व्यवस्थापन सम्बन्धी |

| | | |
|---|---|---|
| | | समस्याको न्यूनीकरणको उपायहरू समावेश गरिएको छ। |
| **प्रस्ताव कार्यान्वयन गर्न मिल्ने आधार** | | |
| १ | स्थानीयले रोजगारीको अवसर पाउने भएकोले | तालिका ३९, क.१ र ख.१ मा समावेश गरिएको छ। |
| २ | पर्यटन विकास हुने भएकोले | तालिका ३९, ख.२ मा समावेश गरिएको छ। |
| ३ | स्थानीय निकायको राजश्वमा वृद्धि हुने भएकोले | तालिका ३९, ख.४ मा समावेश गरिएको छ। |

**तालिका १६ : मण्डनदेउपुर नगरपालिका वडा नं. २ बाट प्राप्त राय सुझावहरू**

| क.सं. | सुझावहरू | प्रतिक्रिया |
|---|---|---|
| **स्थानीय जनताको गुनासोहरू** | | |
| १ | होटलको विस्तारले सुत्केरी, वृद्धवृद्धा, बालबालिकामा ध्वनि तथा धुलो प्रदूषण बढ्न सक्ने। | तालिका ४०, क.१.६ मा निर्माण चरणको ध्वनि प्रदूषण र क.२.८ मा सञ्चालन चरणको ध्वनि प्रदूषणको न्यूनीकरणको उपायहरू समावेश गरिएको छ। वायु प्रदूषणको न्यूनीकरणको उपाय पनि समावेश गरिएको छ। |
| २ | फोहोरमैला व्यवस्थापन र ढल प्रणाली प्रभावकारी नहुने हो भने स्वास्थ्य नकरात्मक असर पर्ने | फोहोरमैला व्यवस्थापन तथा तरल फोहोर व्यवस्थापनको न्यूनीकरणको उपायहरू तालिका ४० मा समावेश गरिएको छ। |
| ३ | सडक चाप बढ्ने र आवागमनमा असुविधा हुने। | तालिका ४० क.१.४ (निर्माण सामग्रीको ढुवानी तथा व्यवस्थापन सम्बन्धी चुनौती) मा र क.२.७ मा यातायात व्यवस्थापन सम्बन्धी समस्याको न्यूनीकरणको उपायहरू समावेश गरिएको छ। |

| | | |
|---|---|---|
| ४ | परम्परागत जलस्रोत तथा सामुदायिक धरोहरमा असर पर्न सक्ने। | तालिका ४०, क.१.३ (विद्यमान पूर्वाधारमा प्रभाव) मा न्यूनीकरणको उपाय समावेश गरिएको छ। |
| **स्थानीयले पाउने प्रत्यक्ष लाभ** | | |
| १ | रोजगारीमा स्थानीयलाई प्राथमिकता दिने अवसर | तालिका ३९, क.१ र ख.१ मा समावेश गरिएको छ। |
| २ | स्थानीय उत्पादन (कृषि, पशुपालन, हस्तकला आदि) प्रयोग गरेर आम्दानी बढ्ने | तालिका ३९, ख.४ मा समावेश गरिएको छ। |
| ३ | पर्यटन वृद्धि हुँदा स्थानीय व्यापार तथा सेवामा प्रत्यक्ष लाभ पुग्ने | तालिका ३९, ख.२ मा समावेश गरिएको छ। |
| ४ | पूर्वाधार (सडक, बिजुली, खानेपानी, इन्टरनेट) को स्तर सुधार हुने | - |
| **नकरात्मक असरहरू** | | |
| १ | वातावरणीय प्रदूषण (धुलो, ध्वनि, फोहोरमैला) | न्यूनीकरणको उपायहरू तालिका ४०, भौतिक वातावरण अन्तर्गत समावेश गरिएको छ। |
| २ | प्राकृतिक स्रोत (जंगल, पानी, माटो) मा दवाव | न्यूनीकरणको उपायहरू तालिका ४०, भौतिक वातावरण अन्तर्गत समावेश गरिएको छ। |
| ३ | सामाजिक संस्कृतिमा असर पर्न सक्ने सम्भावना | न्यूनीकरणको उपायहरू तालिका ४०, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण अन्तर्गत समावेश गरिएको छ। |
| ४ | यातायात जाम र दुर्घटनाको जोखिम | तालिका ४०, क.१.४ (निर्माण सामग्रीको ढुवानी तथा व्यवस्थापन सम्बन्धी चुनौती) मा र क.२.७ मा यातायात व्यवस्थापन सम्बन्धी समस्याको न्यूनीकरणको उपायहरू समावेश गरिएको छ। |
| **दीर्घकालीन फाइदा** | | |
| १ | क्षेत्रीय पर्यटन प्रवर्द्धन | तालिका ३९, ख.२ मा समावेश गरिएको छ। |

| | | |
|---|---|---|
| २ | स्थानीय युवा रोजगारीका अवसर | तालिका ३९, क.१ र ख.२ मा समावेश गरिएको छ। |
| ३ | वडाको समग्र आर्थिक विकासमा योगदान | तालिका ३९, ख.४ मा समावेश गरिएको छ। |
| ४ | अन्तर्राष्ट्रिय स्तरमा गन्तव्यको प्रचार-प्रसार | तालिका ३९, ख.२ मा समावेश गरिएको छ। |
| **सिफारिस पत्रमा उल्लेखित शर्तहरू** | | |
| १ | नकरात्मक प्रभाव न्यूनीकरणका लागि होटल सञ्चालकले प्रभावकारी फोहोरमैला व्यवस्थापन, ढल व्यवस्थापन र ध्वनि नियन्त्रण प्रणाली लागू गर्नुपर्ने। | न्यूनीकरणको उपायहरू तालिका ४०, भौतिक वातावरण अन्तर्गत समावेश गरिएको छ। |
| २ | स्थानीय बासिन्दालाई रोजगारी र व्यवसायमा प्राथमिकता दिनुपर्ने। | तालिका ३९, क.१ र ख.१ मा समावेश गरिएको छ। |
| ३ | वातावरणीय संरक्षण, परम्परागत धरोहर र प्राकृतिक स्रोत-साधन जोगाउन विशेष व्यवस्थापन गर्नुपर्ने। | न्यूनीकरणको उपायहरू तालिका ४०, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण अन्तर्गत समावेश गरिएको छ। |
| ४ | दीर्घकालमा देखिने कुनै पनि प्रतिकूल असर भएमा व्यवस्थापकीय पक्ष (होटल सञ्चालक) पूर्ण जिम्मेवार हुने। | - |
| ५ | प्रतिवेदनमा उल्लेखित न्यूनीकरण योजना (mitigation measures) लाई व्यवहारमा कार्यान्वयन गर्नुपर्ने। | तालिका ३९ मा सुझाएका बढोत्तरीका उपायहरू र तालिका ४० मा सुझाएका न्यूनीकरणका उपायहरू आयोजना निर्माण तथा सञ्चालन चरणमा अनिवार्य रूपमा पालना गरिनेछ। |

उल्लिखित प्रभावहरूको आधारमा सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभाव न्यून गर्ने वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दै होटल मिस्टिक माउण्टेनको स्तरोन्नतीको

लागि मण्डनदेउपुर नगरपालिका र मण्डनदेउपुर नगरपालिका वडा नं. २ बाट सिफारिस पत्र प्रदान गरिएको हो।

## ३.१३ प्रतिवेदनको तयारी

होटल क्षेत्रको विद्यमान भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक आधारभूत वातावरणीय अवस्थालाई पहिचान गरेर वातावरणीय प्रभावहरूको महत्त्वको मूल्याङ्कन गरिएको छ। सार्वजनिक सुनुवाइको बैठकमा प्रस्ताव क्षेत्रका सम्बन्धित सरोकारवालाहरूलाई प्रतिवेदन निष्कर्षहरू प्रस्तुत गरियो र प्रस्तावको सम्बन्धमा उनीहरूका सल्लाह र सुझावहरू समावेश गरेर यस प्रतिवेदन तयार गरिएको छ। वातावरण संरक्षण नियमावली, २०७७ मा तोकेको ढाँचा बमोजिम विस्तृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। वि.सं. २०८२।०३।३२ मा होटल मिस्टिक माउन्टेनका लागि स्वीकृत क्षेत्र निर्धारण र कार्यसूचीको स्वीकृति पत्रमा भएका शर्तहरू पनि समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ। प्रस्तुत वा.प्र.मू. प्रतिवेदन श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत स्वीकृतिका लागि श्री वन तथा वातावरण मन्त्रालयमा पेश गरिएको हो।

# परिच्छेद ४: प्रस्तावसँग सम्बन्धित नीति, कानुन तथा मापदण्ड

प्रस्तुत आयोजनाको हकमा वा.प्र.मू. अध्ययन तयार गर्दाको समयमा आकर्षित हुने र आयोजना निर्माण तथा सञ्चालनको चरणमा आयोजनाले पालना गर्ने प्रतिबद्धता जनाइएका कानुनी तथा नीतिगत व्यवस्थाहरू यस प्रकार छन्।

## ४.१ संविधान

| नेपालको संविधानले समग्र राष्ट्रको सन्तुलित विकासका लागि आर्थिक लगानीको समान वितरण गर्दै सबै क्षेत्रका जनतालाई शिक्षा, स्वास्थ्य, आवास तथा रोजगारी जस्ता पूर्वाधारको विकास मार्फत जनताको जीवनस्तर बृद्धि गर्ने नीति लिएको छ। | |
|---|---|
| **धारा** | **सम्बन्धित बुँदा** |
| धारा ३० | **स्वच्छ वातावरणको हकः** नेपाली जनताको स्वच्छ तथा स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै वातावरणीय प्रदूषण वा क्षयीकरणबाट क्षति पुग्ने पीडितलाई कानुन सम्मत ढंगले क्षतिपूर्ति पाउने अधिकार समेत सुनिश्चित गरेको छ। |
| धारा ३४ | **श्रमको हकः** प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक सुनिश्चित गर्दै प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक समेत सुनिश्चित गरेको छ। |
| धारा ५१(ठ) | **पर्यटन सम्बन्धी नीतिः** नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने। |

## ४.२ ऐनहरू

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| **संघीय ऐनहरू** | | |
| १. | **तथ्याङ्क ऐन, २०७९** | |
| | दफा ५ उपदफा (१) र (२) | नेपाल सरकारले कुनै विषयमा तथ्याङ्क सङ्कलन गर्न सूचित आदेश जारी गर्न सक्नेछ र सोही आदेश बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयले कुनै व्यक्ति, घर परिवार, संस्था वा सरकारी निकायसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्नेछ। |
| | दफा ५ उपदफा (३) | कार्यालयले कुनै व्यक्ति, घरपरिवार, संस्था वा सरकारी निकायलाई तिनीहरूको भोगचलन वा नियन्त्रणमा रहेको वस्तुको तथ्याङ्क पेश गर्न लिखित सूचना दिन सक्नेछ। |
| | दफा ५ उपदफा (४) | उपदफा (१), (२) वा (३) बमोजिमको आदेश वा सूचना बमोजिमको तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ। |
| २. | **खानेपानी तथा सरसफाइ ऐन, २०७९** | |
| | दफा ३ उपदफा १ र २ | प्रत्येक नागरिकलाई नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार र गुणस्तरीय सरसफाइ सेवामा सहज र सुलभ पहुँचको अधिकार हुनेछ। |
| | दफा ६ | नागरिकको कर्तव्यः पानीको मूल वा मुहान सफा राख्नु, संरक्षण र संवर्द्धन गर्नु र दिगोरूपले उपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ। |
| | दफा ९ | कसैले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत तथा व्यावसायिक उपयोग गर्न वा गराउन चाहेमा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ। |
| ३. | **वातावरण संरक्षण ऐन, २०७६** | |
| | दफा ३ उपदफा १ | प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ। |
| | दफा ३ उपदफा २(क) | यसरी तयार गरिएको अध्ययन प्रतिवेदन स्वीकृतिको लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ। |
| | दफा ८ | वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन पाइने छैन। |

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | दफा १३ | वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ। |
| | दफा १५ उपदफा २ र ३ | कसैले पनि जनजीवन, जनस्वास्थ्य एवं वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्न पाइने छैन। |
| | दफा १५ उपदफा ४ | सम्बद्ध व्यक्ति, समूह वा संस्थालाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्बन गर्न वातावरण विभागले निर्देशन दिन, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ। |
| | दफा ३५ | तोकिए अनुसार कार्य गरे वा गराएमा सोहि दफाको उपदफा १ बमोजिमको दण्ड जरिवाना हुनेछ। |
| ४. | **भू-उपयोग ऐन, २०७६** | |
| | दफा ८ उपदफा १ | नेपालको भूबनोट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा एउटा प्रयोजनको लागि वर्गीकरण गरिएको जग्गा अर्को प्रयोजनमा प्रयोग गर्ने गरी भूउपयोग परिवर्तन गर्न पाइने छैन। |
| ५. | **औद्योगिक व्यवसाय ऐन, २०७६** | |
| | दफा ३ उपदफा १ | कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन पाउने छैन। |
| ६. | **बालबालिका सम्बन्धी ऐन, २०७५** | |
| | दफा ७ उपदफा ९ | चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा कमलरीको रूपमा राख्न पाइने छैन। |
| ७. | **उपभोक्ता संरक्षण ऐन, २०७५** | |
| | दफा ३ उपदफा २ | प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ। |
| | दफा ७ उपदफा १(क) | गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्नु पर्नेछ। |
| | दफा १६ उपदफा १ | कसैले पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न वा गराउन पाउने छैन। |
| ८. | **रोजगारीको हक सम्बन्धी ऐन, २०७५** | |

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | दफा ४<br>उपदफा ३ | कसैले पनि कुनै नागरिकलाई निजको इच्छा विपरित वा निजले नचाहेको रोजगारी गर्न वा त्यस्तो रोजगारीमा लगाउन वा जवरजस्ती गर्न वा बाध्य बनाउन पाउने छैन। |
| | दफा ६ | कसैले पनि बेरोजगार व्यक्तिलाई रोजगारी दिने सम्बन्धमा प्रचलित कानुनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्न पाउने छैन। |
| | दफा ७<br>उपदफा १ | रोजगारीमा रहेको व्यक्तिलाई प्रचलित कानुन बमोजिम बाहेक बिना कारण रोजगारीबाट हटाउन पाउने छैन। |
| ९. | **नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गने ऐन, २०७५** | |
| | दफा ३४, उपदफा २ अन्तर्गत पर्यटन ऐन, २०३५ को दफा १४ उपदफा १ | पर्यटकस्तरको होटल, लज, रेष्टुराँ तथा रिसोर्ट वा बारको निरिक्षण तथा परीक्षण सम्बन्धमा नेपाल सरकारलाई प्राप्त अधिकार प्रदेश सरकारले समेत प्रयोग गर्नेछ। त्यस बाहेकका तारे स्तरको होटल तथा रिसोर्टहरू संघ अन्तर्गत गरिनेछ। |
| १०. | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** | |
| | दफा ११<br>उपदफा १ (ण) | विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने। |
| | दफा २०<br>उपदफा १ | विपद् व्यवस्थापन सम्बन्धमा सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्नुपर्नेछ साथै आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रधिकरणले तोके बमोजिमका आधारभूत अभिमुखीकरण तालिम दिनु पर्नेछ भने आफ्नो भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउनु पर्नेछ। यी संस्थाहरूले फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउनुपर्नेछ। |

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | दफा २० उपदफा २ | सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ। |
| ११. | **योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४** | |
| | दफा ७ | सूचीकृत रोजगारदाताले आफ्नो तर्फबाट वा योगदानकर्ताको योगदानयोग्य आयबाट गर्नु पर्ने योगदानको दर निर्धारण गरी तोकिए बमोजिमको व्यवस्था कार्यान्वयन गर्नुपर्नेछ। |
| | दफा ८ | कुनै श्रमिकले कुनै कारणले पारिश्रमिक नपाउने अवस्था सिर्जना भई नियमित रुपमा कोषमा जम्मा गर्नु पर्ने योगदान जम्मा गर्न नसक्ने भएमा त्यस्तो श्रमिकको बढीमा तीन महिनासम्म निजले जम्मा गर्नु पर्ने योगदान सम्बन्धित सूचीकृत रोजगारदाताले कोषमा जम्मा गरिदिनु पर्नेछ। |
| | दफा २० | श्रमिकको सूचीकरण गराउनु पर्ने व्यवस्था गरेको छ। |
| | दफा २४ | कुनै योगदानकर्ता कुनै कारणले रोजगारीमा नरहेमा सूचीकृत रोजगारदाताले सोको जानकारी १ महिनाभित्र कोषलाई गराउनु पर्नेछ। |
| १२. | **श्रम ऐन, २०७४** | |
| | दफा ३ उपदफा २ | यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित पारिश्रमिक वा सुविधा भन्दा कम पारिश्रमिक वा सुविधा लिने दिने गरी वा यस ऐनमा उल्लिखित शर्त विपरित हुने गरी रोजगारदाता तथा श्रमिकबीच रोजगार सम्झौता यो ऐन विपरीत भएको मानिनेछ र सो हदसम्म त्यस्तो रोजगार सम्झौता बदर हुनेछ। |
| | दफा ४ उपदफा १ | कुनै पनि श्रमिकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाँधा श्रममा लगाउन पाउने छैन। |
| | दफा ५ | कसैले पनि बालबालिकालाई कानुन विपरीत हुने गरी कुनै काममा लगाउनु पाउने छैन। |
| | दफा ६ उपदफा १ | रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधार मध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन। |
| | दफा ७ उपदफा १ | लिङ्गको आधारमा श्रमिकबीच समान मूल्यको कामको लागि पारिश्रमिकमा भेदभाव गर्न पाइने छैन। |

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | दफा ८ उपदफा १ | यस ऐन तथा अन्य कानुनको अधीनमा रही प्रत्येक श्रमिकलाई ट्रेड युनियन गठन गर्ने, सञ्चालन गर्ने, त्यस्तो युनियनको सदस्यता लिने वा सो युनियनमा आवद्ध हुने वा ट्रेड युनियन सम्बन्धी अन्य गतिविधिमा संलग्न हुने अधिकार हुनेछ। |
| | दफा ११ उपदफा १ | रोजगारदाताले रोजगार सम्झौता नगरि कसैलाई काममा लगाउन पाउने छैन। |
| **१३.** | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | |
| | दफा ११ उपदफा २ | स्थानीय सरकारलाई राजस्व  सङ्कलनसँग सम्बन्धित विषयमा नीति निर्माण गर्ने र संघीय र प्रादेशिक कानुनको अधीनमा रहि घर जग्गा बहाल, सवारी, पर्यटन, व्यवसायीक र भूमि कर तोक्ने, लागू तथा अनुगमन गर्ने व्यवस्था गरेको छ। सोही दफाले स्थानीय सरकारलाई वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धी नीति निर्माण गर्ने अधिकार सहित स्थानीय तहलाई वातावरणीय जोखिम न्यूनीकरण, प्रदूषण नियन्त्रण तथा जोखिमयुक्त सामग्रीको नियन्त्रणको लागि जिम्मेवारी दिएको छ। |
| | दफा २७ उपदफा १ | कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नुहुँदैन। |
| | दफा २८ उपदफा १ | गाउँपालिका वा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहित गाउँपालिका वा नगरपालिकाले तोकेको ढाँचामा गाउँपालिका वा नगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ। |
| **१४.** | **अपाङ्गता भएका व्यक्तिको अधिकारी सम्बन्धी ऐन, २०७४** | |
| | दफा ८ उपदफा २ | कुनै रोजगारदातालाई अपाङ्गता भएकै कारण कुनै रोजगारीबाट बञ्चित गर्न पाइने छैन। |
| | दफा २४ उपदफा ३ | कुनै प्रतिष्ठानले अपाङ्गता भएका व्यक्ति विरूद्ध रोजगारी तथा सोसँग सम्बन्धित कुनै विषयमा भेदभाव गर्न पाइने छैन। |
| | दफा २४ उपदफा ७ | रोजगारी दिने निकाय तथा संस्थाले रोजगारीका सिलसिलामा अपाङ्गता भएको कामदार तथा कर्मचारीलाई रोजगारीबाट हटाउने वा पदबाट घटुवा गर्न पाइने छैन। |
| **१५.** | **मुलुकी देवानी संहिता, २०७४** | |

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | मुलुकमा कानुन र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवं आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध कायम राख्नको लागि मुलुकी ऐन तथा अन्य कानूनमा रहेका देवानी सम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरण समेत गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ र प्रस्तावित आयोजना निर्माण तथा सञ्चालनका बखत मुलुकी देवानी संहिताको पालना गरिनेछ। | |
| १६. | **मुलुकी देवानी कार्यविधि संहिता, २०७४** | |
| | देवानी मुद्दाको दायरी, कारवाही, सुनुवाइ र किनारा तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको निर्णय कार्यान्वयन सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी कार्यविधि कानुनलाई सरलीकृत र समयानुकूल बनाउन मुलुकी देवानी कार्यविधि संहिताको पालना गरिनेछ। | |
| १७. | **मुलुकी अपराध संहिता, २०७४** | |
| | मुलुकमा कानुन तथा व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न, विभिन्न धार्मिक तथा सांस्कृतिक समुदायबिचको सुसम्बन्ध तथा शान्ति कायम गर्न, फौजदारी कसूर निवारण र नियन्त्रण गर्न र तत्सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल फौजदारी कसूर सम्बन्धी संहिताको व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ र प्रस्तावित आयोजना निर्माण तथा सञ्चालनका बखत मुलुकी अपराध संहिताको पालना गरिनेछ। | |
| १८. | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४** | |
| | फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, कारवाही, सुनुवाइ र किनारा तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको फैसला कार्यान्वयन गर्न मुलुकी फौजदारी कार्यविधि संहिताको पालना गरिनेछ। | |
| १९. | **कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१** | |
| | दफा ३ | कसैले पनि कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न वा गराउन पाइने छैन। |
| | दफा १२ | कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। |
| २०. | **फोहोरमैला व्यवस्थापन ऐन, २०६८** | |

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | दफा ३ | फोहोरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई तोकेको छ। यस अन्तर्गत ऐनले स्थानान्तरण केन्द्र, ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायोग्यास प्लाण्ट लगायत फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालनका कामहरूको परिकल्पना गरेको छ। |
| | दफा ४ | हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोरमैला व्यवस्थापनको दायित्व त्यस्ता फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायमा निहित गरेको छ। |
| | दफा ६ | फोहोरमैलालाई कम्तीमा जैविक र अजैविक लगाएत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउनु पर्नेछ। |
| | दफा ७ | फोहोरमैला निष्काशनको समय, स्थान र तरिका तोक्ने अधिकार सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ। |
| | दफा १० | फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगको विधिलाई व्यवस्था गर्दै सोको प्रोत्साहन सम्बन्धी कृयाकलापको लागि स्थानीय तहलाई जिम्मेवार निकायको रूपमा तोकिएको छ। |
| | दफा ३८ | कसैले फोहोरमैला व्यवस्थानको विपरित कुनै कार्य गरेमा ऐन बमोजिम कसूर गरेको मानिने छ। |
| | दफा ३९ | ऐनले तोके अनुसारको कसूर गरेमा रू ५०० देखि १ लाख सम्म नगद जरिवाना र बढीमा तीन महिना सम्मको कैद सजाय गर्न सक्नेछ। |
| २१. | **कम्पनी ऐन, २०६३** | |
| | दफा ३<br>उपदफा १ | मुनाफाको उद्देश्य लिई कुनै उद्यम गर्न चाहने व्यक्तिले एक्लै वा अरूसँग समूहबद्ध भई प्रबन्धपत्रमा उल्लेख भए बमोजिम एक वा एक भन्दा बढी उद्देश्यका प्राप्तिका लागि कम्पनी संस्थापना गर्न सक्नेछ। |
| | दफा ९ | प्राइभेट कम्पनीको शेयरधनीहरुको सङ्ख्या एकसय एक भन्दा बढी हुनु नमिल्ने प्रावधान कायम गरेको छ। |
| २२. | **बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६** | |
| | दफा ३<br>उपदफा १ | चौध वर्ष उमेर नपुगेका कुनै पनि बालकलाई श्रममा लगाउन निषेध गरेको छ। |

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | दफा ३ उपदफा २ | बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा (ऐनको अनुसूचीले परिभाषित गरे अनुसार) लगाउन निषेध गरेको छ। |
| | दफा ५ | बालकलाई काममा लगाउँदा दैनिक छ घण्टा भन्दा बढी लगाउन नहुने र लगातार ३ घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय दिनुपर्ने व्यवस्था गरेको छ। |
| २३. | **भवन ऐन, २०५५** | |
| | दफा १० | भवन संहिता अनुसार भवन निर्माण गर्नुपर्नेछ। |
| | दफा ११ | भवनको डिजाइन तथा नक्सा स्वीकृति लिनु पर्ने छ। |
| २४. | **नेपाल पर्यटन बोर्ड ऐन, २०५३** | |
| | दफा ५ बुँदा ग | पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी बढी भन्दा बढी रोजगारीका अबसरहरूको सृजना गर्ने लक्ष्य राखेको छ। |
| २५. | **ट्रेड युनियन ऐन, २०४९** | |
| | दफा ३ उपदफा १ | सम्बन्धित प्रतिष्ठानका कामदारहरूले आफ्नो पेसागत हक हितको संरक्षण र सम्वर्द्धन गर्न प्रतिष्ठानस्तरको ट्रेड युनियनहरूको गठन गर्न सक्नेछन्। |
| २६. | **पर्यटन ऐन, २०३५** | |
| | दफा १० उपदफा १ | कुनै व्यक्तिले आफ्नो आफ्नो होटल, लज, रेष्टुराँ रिसोर्ट वा बारलाई पर्यटक स्तरमा दर्ता गराउन चाहेमा नेपाल सरकार समक्ष तोकिए बमोजिम दरखास्त तिर्नु पर्नेछ। |
| २७. | **मदिरा ऐन, २०३१** | |
| | दफा ४ | कुनै व्यक्तिले अनुमति वेगर र अनुमतिपत्र पाएकोले पनि अनुमति पत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा विक्री वितरण गर्न वा मदिरा खुवाउने बार वा पसल थाप्न पाउने छैन। |
| २८. | **होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३** | |
| | दफा ३ उपदफा १ | मदिरा खुवाउने व्यवस्था भएको होटल वा पसलको मालिकले यो ऐन प्रारम्भ भए पछि दिउँसो १२ बजे भन्दा पहिले र शुक्रबारको हकमा राती १ बजे पछि र अन्य वारको हकमा राती १२ बजे पछि आफ्नो होटल वा पसलमा कसैलाई मदिरा बिक्री गर्न वा खुवाउनु पाउने छैन। |
| | दफा ३ उपदफा २ | होटल मालिकले शुक्रबारको दिन राती १ बजे पछि र अन्य वारको हकमा राती १२ बजे पछि ग्राहकहरूको निमित्त मनोरञ्जन वा नाच गानको गर्न गराउन पाउने छैन। |

| **क्र.सं.** | **दफा, उपदफा** | **सम्बन्धित बुँदा** |
|---|---|---|
| | दफा ४ | होटल मालिकले आफ्नो होटलमा सार्वजनिक सदाचार वा नैतिकतामा नराम्रो असर पर्ने किसिमका मनोरञ्जन वा त्यस्ता नाच गान देखाउन पाउने छैन। |
| २९. | **खाद्य ऐन, २०२३** | |
| | दफा ३ | कुनै व्यक्तिले दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न वा सो मध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्न हुँदैन। |
| | दफा ४ | कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा अखाद्य पदार्थ वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न हुँदैन। |
| | दफा ५<br>उपदफा १ | दफा ३ वा ४ विपरितको कार्य गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। |
| ३०. | **संक्रामक रोग ऐन, २०२०** | |
| | दफा २ | प्रदेशभर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा प्रदेश सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारवाही गर्न सक्नेछ र सर्वसाधारण जनता वा व्यक्तिहरूको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ। |
| **स्थानीय ऐनहरू** | | |
| १. | **मण्डनदेउपुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८** | |
| | दफा १०<br>उपदफा १ | विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्नुपर्नेछ भने आफ्नो भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउनु पर्नेछ। यी संस्थाहरूले फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउनुपर्नेछ। |

| क्र.सं. | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | दफा १०<br>उपदफा २ | सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ। |
| २. | **स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७४** | |
| | दफा ३७ | मण्डनदेउपुर नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरूसँग विभिन्न कार्यहरूका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरूबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरूको सहायता प्राप्त गर्न सक्नेछ। |

## ४.३ नियम तथा नियमावलीहरू

| क्र.सं. | नियम, उपनियम | सम्बन्धित बुँदा |
|---|---|---|
| **संघीय नियमहरू** | | |
| १. | **भू-उपयोग नियमावली, २०७९** | |
| | नियम १४ | विकास निर्माणका कार्य गर्दा वा भौतिक संरचना निर्माण गर्दा भू-उपयोग योजना अनुकूल हुने गरी गर्नु पर्नेछ। |
| २. | **वातावरण संरक्षण नियमावली, २०७७** | |
| | नियम ३ | अनुसूची-१ मा अल्लिखित प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची-२ मा अल्लिखित प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय प्रीरीक्षण र अनुसूची-३ मा अल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ। |
| | नियम ४ | प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि क्षेत्र निर्धारण गर्नु पर्नेछ। |
| | नियम ५ | प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि कार्यसूची तयार गर्नु पर्नेछ। |
| | नियम ६ | प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ। |

| क्र.सं. | नियम, उपनियम | सम्बन्धित बुँदा |
|---|---|---|
| | नियम ७ (२,३) | प्रतिवेदन तयार गर्दा स्थानीयवासी तथा सरोकारवालाहरूको राय सुझाव सङ्कलनको लागि सार्वजनिक स्थलहरूमा सूचना टाँस पश्चात् राष्ट्रिय दैनिकमा ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ। |
| | नियम ८<br>उपनियम १६ | कुनै प्रस्तावको प्रभावित क्षेत्र बाहेक अन्य कुनै विषयमा परिवर्तन आउने भएमा प्रस्तावले क्षेत्र निर्धारण वा कार्यसूची स्वीकृत भई नसकेको अवस्थामा त्यस्तो प्रतिवेदन वा कार्यसूचीमा र क्षेत्र निर्धारण प्रतिवेदन वा कार्यसूची स्वीकृत भइसकेको अवस्थामा वातावरणीय अध्ययन प्रतिवेदनमा समावेश गरी पेश गर्नुपर्नेछ। |
| | नियम १३ | प्रस्तावकले कुनै प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको मितिले तिन वर्षभित्र त्यस्तो प्रस्ताव कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ। |
| ३. | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६** | |
| | नियम ३ | संघीय, प्रदेशीय, जिल्ला र स्थानीय तहका सम्बन्धित निकायहरु र सरोकारवालाहरु संग समन्वय गरी एकीकृत र क्षेत्रीय नीतिहरु, योजनाहरु, रणनीतिक योजनाहरु कार्यान्वयन को अनुगमन गरिनेछ। |
| ४. | **श्रम नियमावली, २०७५** | |
| | नियम १६ | कामको प्रकृति अनुसार काम गर्ने समयको निर्धारण गर्नु पर्नेछ। |
| | नियम १७ | गर्भवती तथा ३ वर्षसम्मको बच्चाको आमाको हकमा ऐनको दफा २८ ले व्यवस्था गरेको समयमा थप ३० मिनेट समय आराम वा स्तनपानको लागि व्यवस्था गर्नु पर्नेछ। |
| | नियम ३४ | कार्यस्थलमा हुनसक्ने व्यवसायिक स्वास्थ्य तथा सुरक्षा जोखिमका बारे जोड दिंदै व्यवसायिक स्वास्थ्य तथा सुरक्षा जोखिमका सम्बन्धमा मार्गनिर्देशन बनाउनु पर्नेछ। |
| | नियम ३८ | आँखामा लाग्न सक्ने चोटपटक, रसायनका कारण पर्नसक्ने प्रभाव र आगलागी जस्ता जोखिमका सुरक्षात्मक प्रबन्ध अपनाउनु पर्नेछ। |
| | नियम ५३ | श्रमिकहरूलाई व्यक्तिगत सुरक्षाको सामग्री र प्राथमिक उपचार उपलब्ध गराउनु पर्नेछ। |
| ५. | **योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५** | |

| क्र.सं. | नियम, उपनियम | सम्बन्धित बुँदा |
|---|---|---|
| | नियम ३ | नेपाल सरकारको कोषबाट तलब सुविधा लिने व्यक्तिले योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा १० ले तोके बमोजिमको सामाजिक सुरक्षा योजनामा भाग लिन पाउनु पर्नेछ। |
| | नियम ४ | अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक तथा स्वरोजगार व्यक्तिले समेत सामाजिक सुरक्षा योजनामा भाग लिन पाउनु पर्नेछ। |
| | नियम ५ | सामाजिक सुरक्षा योजना अनुसार सामाजिक सुरक्षा कोषमा जम्मा हुन आउने रकमको सङ्कलनको लागि कुनै बैंक वा वित्तीय संस्थासँग सम्झौता गर्न सकिनेछ। |
| ६. | **रोजगारीको हक सम्बन्धी नियमावली, २०७५** | |
| | नियम ३ (घ) | नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले न्यूनतम रोजगार प्रदान गर्न निजी क्षेत्र तथा गैर सरकारी संघ संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ। |
| ७. | **मदिरा (दोस्रो संशोधन) नियमावली, २०७४** | |
| | नियम ३ (१) | मदिराको बिक्री वितरण वा निकासी पैठारी गर्न चाहने व्यक्तिले अन्तःशुल्क अधिकारी समक्ष दरखास्त दिई इजाजतपत्र लिनु पर्ने। |
| ८. | **फोहोरमैला व्यवस्थापन नियमावली, २०७०** | |
| | नियम ३ (२) | हानिकारक तथा रासायनिक फोहोरलाई छुट्टै सङ्कलन गर्ने र कुहिने तथा नकुहिने फोहोरलाई स्रोतमा नै छुट्ट्याउने प्रावधान गर्दै हानिकारक तथा रासायनिक फोहोरको व्यवस्थापनको जिम्मेवारी उत्सर्जकमा नै निहित हुनु पर्नेछ। |
| | नियम ५ | हानिकारक, रासायनिक, कुहिने र नकुहिने फोहोरलाई एकै ठाउँमा मिसाउन पाइने छैन र त्यस्ता फोहोरहरू एकै ठाउँमा मिसिन गएमा समग्र फोहोरको सङ्कलन, भण्डारण तथा व्यवस्थापन सावधानीपूर्वक गर्नु पर्नेछ। |
| | नियम २४ (३) | स्थानीय तहले फोहोर उत्पादकलाई स्रोतमा फोहोरको उत्पादन घटाउने, न्यूनिकरण गर्ने, फोहोर व्यवस्थापन शुल्क समयमा तिर्ने सम्बन्धी आदेश दिनसक्ने र फोहोर उत्पादकले स्थानीय निकायको त्यस्तो आदेशको पालना गर्नुपर्ने। |

| क्र.सं. | नियम, उपनियम | सम्बन्धित बुँदा |
|---|---|---|
| | नियम २५ | फोहोरमैला व्यवस्थापनको अनुगमनका सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ। |
| ९. | **भवन नियमावली, २०६६** | |
| | नियम ३ (१) | भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था तथा सरकारी निकायले नक्सा स्वीकृतिका लागि नगरपालिका समक्ष दरखास्त दिँदा भवनको डिजाइन समेत पेश गर्नु पर्नेछ। |
| १०. | **बाल-श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२** | |
| | नियम ४ (१) | बालकलाई श्रमिकको रूपमा काममा लागाउनु अघि निजले सो काम गर्न सक्ने नसक्ने विषयमा बालकको स्वास्थ्य परीक्षण गर्न प्रतिष्ठानले कामको प्रकृति र बालकको उमेर समेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिनु पर्नेछ। |
| | नियम ६ | प्रतिष्ठानमा काम गर्ने बालकले श्रम ऐन, २०४८ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा तोकिदिएको पारिश्रमिक र भत्तामा कम नहुने गरी मासिक पारिश्रमिक र भत्ता पाउनेछ। |
| ११. | **ट्रेड युनियन नियमावली, २०५०** | |
| | नियम ३ | प्रतिष्ठानस्तरको ट्रेड युनियन दर्ताका लागि दरखास्त दिन सक्नेछ। |
| १२. | **होटल, लज, रेष्टुराँ तथा रिसोर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८** | |
| | नियम ३ | होटल, लज, रेष्टूराँ तथा रिजर्ट, तथा बारलाई पर्यटक स्तरको भनी दर्ता गराउन चाहेमा विभाग समक्ष दरखास्त दिनु पर्नेछ। |
| | नियम ४ | होटललाई त्यसमा रहेको सुविधाको आधारमा विभागले पर्यटक स्तरको साधारण होटल वा पर्यटक आवास (टुरिष्ट रिजर्ट) वा एक तारादेखि पाँच तारासम्मको कुनै एक वर्गीकरणमा तोक्नेछ। |

## ४.४ नीतिहरू

| क्र.सं. | परिच्छेद र खण्ड | सम्बन्धित बुँदा |
|---|---|---|
| १. | **फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९** | |

| क्र.सं. | परिच्छेद र खण्ड | सम्बन्धित बुँदा |
|---|---|---|
| | नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गर्ने लक्ष्यका साथ फोहोरमैलाको उचित व्यवस्थापनमार्फत स्वच्छ, स्वस्थ र समुन्नत समाजको स्थापना गर्ने दूरदृष्टि लिईएको छ। | |
| | खण्ड ९ उपखण्ड ९.३ | फोहोरमैलालाई स्रोतमै न्यूनीकरण गरी विसर्जन स्थलको उपयोगलाई दिगो बनाउने। |
| | खण्ड ९ उपखण्ड ९.४ | फोहोरमैला व्यवस्थापनमा नागरिक दायित्व अभिवृद्धि गर्ने। |
| २. | **राष्ट्रिय वातावरण नीति, २०७६** | |
| | यस नीतिले प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गर्ने लक्ष्य लिई नेपालको संविधान अन्तर्गत नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गर्दछ। | |
| | खण्ड ८ उपखण्ड ८.१ | सबै प्रकारका प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरणका लागि प्रभावकारी प्रणाली स्थापना गर्न उद्योग, कलकारखाना, अस्पताल तथा सवारी साधनहरूको सञ्चालनमा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। |
| | खण्ड ८ उपखण्ड ८.३ | स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ। वातावरण प्रदूषण गर्नेले सृजित वातावरणीय प्रभावमा परेका समुदायलाई न्यायोचित ढंगबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ। |
| | खण्ड ८ उपखण्ड ८.५ | भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरण मैत्री संरचना निर्माण गरिनेछ र अति संवेदनशील क्षेत्रको संरक्षण एवं दिगो व्यवस्थापन गरिनेछ। |
| ३. | **राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६** | |
| | जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न एवम् जलवायुमैत्री विकासद्वारा नेपाल सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को अवधारणालाई टेवा पुऱ्याउन यो नीतिको पालना गरिनेछ। यस नीतिको लक्ष्य जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक आर्थिक समृद्धिमा योगदान पुऱ्याउनु हो। | |

| क्र.सं. | परिच्छेद र खण्ड | सम्बन्धित बुँदा |
|---|---|---|
| | खण्ड ८<br>उपखण्ड ८.५ | भरपर्दो, दिगो र न्यून कार्बन प्रविधियुक्त उद्योग, यातायात र भौतिक पूर्वाधारको विकास गरी जलवायु उत्थानशील आर्थिक विकासको अवधारणा अवलम्बन गरिनेछ। |
| | खण्ड ८<br>उपखण्ड ८.६ | पर्यटन क्षेत्रलाई जलवायुमैत्री बनाउँदै महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदाहरूको संरक्षण र विकास गरिनेछ। |
| | खण्ड ८<br>उपखण्ड ८.७ | जलवायुजन्य प्रकोपबाट मानव स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै स्वस्थ जीवनयापनको वातावरण तयार गरिनेछ। |
| ४. | **राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६** | |
| | सुरक्षित तथा स्वस्थ कार्य वातावरणमा काम गर्न पाउने श्रमिकको अधिकार सुनिश्चित एवम् उत्पादात्व अभिवृद्धि गर्ने दूरदृष्टिका साथ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको मापदण्ड र उपायहरूको अवलम्बन एवम् अभ्यास गर्दै सुरक्षित कार्यस्थल सुनिश्चित गर्ने लक्ष्य यस नीतिले लिएको छ। | |
| | रणनीति १ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीतिगत एवं कानुनी सुधार तथा परिमार्जन गरिनेछ। |
| | रणनीति २ | सुरक्षित तथा स्वस्थ्य कार्यस्थलका लागि नियमन तथा प्रोत्साहन गरिनेछ। |
| | रणनीति ३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बद्ध सरोकारवालाको क्षमता अभिवृद्धि गरिनेछ। |
| | रणनीति ४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अनुगमन, निरीक्षण, अध्ययन र अनुसन्धान लगायतका विषयमा सम्बद्ध निकायहरूबीच सहकार्य र समन्वय गरिनेछ। |
| ५. | **राष्ट्रिय भूमि नीति, २०७५** | |
| | भूमिको न्यायिक वितरण, महत्तम उपयोग र सुशासन मार्फत मुलुकको आर्थिक समृद्धि र जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने दिर्घकालीन लक्ष्य रहेको छ। | |
| | खण्ड ५<br>उपखण्ड ७ | भूमिको उत्पादनशील प्रयोगका माध्यमबाट देशको आर्थिक समृद्धि तथा नागरिकको जीवनस्तरमा सुधार ल्याउन। |
| | खण्ड ६<br>उपखण्ड ६.३ | वातावरणीय सन्तुलन, खाद्य सुरक्षा, व्यवस्थित पूर्वाधार विकास तथा सुरक्षित बसोबासका लागि भूमिको महत्तम उपयोग र व्यवस्थापन सुनिश्चित गर्नुका साथै विकास निर्माणका लागि भूमि प्राप्तिलाई सहज |

| **क्र.सं.** | **परिच्छेद र खण्ड** | **सम्बन्धित बुँदा** |
|---|---|---|
| | | वातावरण सिर्जना गर्ने र विकास आयोजनाको लागत जग्गा प्राप्तिका कारण बढ्न नदिने व्यवस्था सुनिश्चित गरिनेछ। |
| ६. | **विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५** | |
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई सन्तुलित रूपमा कार्यान्वयन गरी विपद् बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोतसाधनहरूका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य रूपमा कमी गर्नु तथा तिनीहरूको उत्थानशीलता वृद्धि गर्नु यस नीतिको ध्येय रहेको छ। | |
| | खण्ड ७<br>उपखण्ड ७.६ | शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, ऊर्जा, आवास, यातायात, खानेपानी, सरसफाइ लगायतका पूर्वाधार र ऐतिहासिक तथा सांस्कृतिक सम्पदामा पर्नसक्ने विपद् जोखिमका प्रभाव सम्बन्धमा विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गरी प्रचारप्रसार गरिनेछ। |
| ७. | **श्रम सम्बन्धीः राष्ट्रिय नीति, २०७१** | |
| | खण्ड ८<br>उपखण्ड ८.२<br>बुँदा ८.२.२ | सरोकारवालाहरूको क्षमता विकास तथा रोजगारसम्बन्धी सचेतना अभिवृद्धि मार्फत रोजगारसँग सम्बन्धित नीतिहरू र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने। |
| | खण्ड १०<br>उपखण्ड ३२ | पर्यटनहरूको बसाईको अवधि बढाउन संख्यात्मक र गुणात्मक पर्यटनलाई लक्षित गरी प्रभावकारी कार्यक्रमहरू ल्याईने छ। |
| ८. | **पर्यटन नीति, २०६५** | |
| | खण्ड ७<br>बुँदा (क) | पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरिवी निवारणसँग आवद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्ने। |
| | खण्ड ७<br>बुँदा (ग) | पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता स्रोत र साधनको दिगो रूपमा उपयोग गर्ने। |

## ४.५ रणनीतिहरू

| क्र.सं. | रणनीति र सम्बन्धित बुँदाहरू |
|---|---|
| १. | **राष्ट्रिय जैविक विविधता रणनीति, वि.सं. २०५८** |
| | राष्ट्रिय जैविक विविधता रणनीति योजनाले देशको जैविक दृष्टिबाट विविध संसाधनहरूको संरक्षण र प्रयोग, पारिस्थितिक प्रक्रिया र प्रणालीहरूको संरक्षण, जनताको हितका लागि दिगो आधारमा सुनिश्चित हुने सबै लाभहरूको बराबरी साझेदारी, र जैविक विविधता सम्मेलन अन्तर्गत सबै दायित्वहरूको सम्मान गर्दछ। नेपालमा जैविक विविधता अधिकांश व्यक्तिको जीविका, आर्थिक विकास, कृषि उत्पादकत्व र दिगोपन, मानव स्वास्थ्य र पोषण, स्वदेशी ज्ञान, लैंगिक समानता, निर्माण सामग्री, जल स्रोत, र समाजको सौन्दर्य र सांस्कृतिक कल्याणसँग सम्बन्धित छ। |
| २. | **राष्ट्रिय संरक्षण रणनीति, वि.सं. २०५५** |
| | राष्ट्रिय संरक्षण रणनीति पारितन्त्र गुणस्तर कायम राख्न, क्षतिको स्रोत पुनः प्राप्त गर्न र सांस्कृतिक सम्पदा पुनर्स्थापित गर्न, स्रोतहरूको दिगो व्यवस्थापन गर्न विकसित गरिएको थियो। यो रणनीति "विकासको संरक्षण" अवधारणागत संरचनामा विकसित भएको थियो जसमा चार उद्देश्यहरू छन्: जनताको आधारभूत आवश्यकता पूरा गर्ने, भूमिको दिगो उपयोग र नवीकरणीय स्रोतहरू सुनिश्चित गर्ने, जैविक विविधतालाई जोगाउने र आवश्यक पर्यावरणीय प्रणाली कायम राख्ने। |

## ४.६ योजना

| क्र.सं. | योजना तथा सम्बन्धित बुँदा | |
|---|---|---|
| १. | **सोह्रौं योजना, (२०८१/८२-२०८५/८६)** | |
| | सोह्रौं योजना "सुशासन, सामाजिक न्याय र समृद्धि" हासिल गर्ने सोच हासिल गर्ने आधार योजनाको रूपमा रहने विश्वास लिएको छ। | |
| | परिच्छेद १.१.४ | नेपाललाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री बनाई आकर्षक पर्यटन केन्द्रको रूपमा विकास गर्नु। |
| | परिच्छेद २.५.१२ | जल, वायु, माटो, ध्वनि तथा विद्युतीय लगायत सबै प्रकारका प्रदूषणको रोकथाम र नियन्त्रण गर्दै भौतिक पूर्वाधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम गर्नु। प्रमुख शहर र औद्योगिक क्षेत्र लगायत सबै क्षेत्रबाट सिर्जित फोहोरमैलाको व्यवस्थापन, नदीको स्वच्छता कायम र हरियाली विस्तार गर्नु। प्रदूषण नियन्त्रण सहितको |

| | | |
|---|---|---|
| | | वातावरण व्यवस्थापनका लागि आवश्यक नीति, कानून र प्रभावकारी संरचना निर्माण गर्नुका साथै शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्नु। |
| | परिच्छेद ६, खण्ड ६.३.७ | पर्यटन पूर्वाधारको दिगो विकास, विस्तार र व्यवस्थापन केन्द्रित रहेर प्रभावकारी र बहुउद्देश्यीय आयोजना निर्माणमा जोड दिनु। |
| | परिच्छेद १३.३.२ | जलवायु परिवर्तनले पर्यटन तथा पूर्वाधार क्षेत्रहरुमा ल्याउने प्रतिकूल प्रभाव बारे ज्ञान र जनचेतना वृद्धि गर्नु |
| | परिच्छेद १३.५.४ | उद्योग लगायत सबै क्षेत्रको प्रदूषण एवम् उत्सर्जन मापदण्ड निर्धारण तथा अद्यावाधिक गरि प्रदूषण मापन केन्द्रहरु विस्तार गर्ने, वातावरणीय अध्ययन प्रतिवेदन प्रभावकारी पालना गराउने |
| | परिच्छेद १३.५.८ | जैविक विविधता वातावरण तथा जलवायु जन्य अवस्था प्रवृति तथा जोखिमको अध्ययन अनुसन्धानमा लगानी बढाउने, वातावरण अध्ययनलाई औचित्यपूर्ण बनाउने |
| | परिच्छेद १४.५.७ | सहुलियत दरमा स्वच्छ उर्जा आपूर्ति अभिवृद्धि गर्ने |

## ४.७ निर्देशिका

| क्र.सं. | निर्देशिका तथा सम्बन्धित बुँदा |
|---|---|
| १. | **पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७०** |
| | नेपालको कुनै पनि स्थानमा सञ्चालन हुने तारेस्तरका होटल तथा पर्यटक आवास (रिसोर्ट) संकृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन उद्योग महाशाखामा दर्ता तथा स्तर वर्गीकरण हुनुपर्नेछ। |
| २. | **राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०** |
| | यस निर्देशिकाले आयोजनाको स्क्रीनिङ (screening), क्षेत्र निर्धारण, कार्यसूचीको तयारी, वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको तयारी, प्रभाव पहिचान, आँकलन तथा प्रभाव न्यूनिकरणको सम्बन्धमा मार्गनिर्देशन गरेको छ। त्यसैगरी वातावरणीय अध्ययनको पुनरावलोकन, वातावरणीय अनुगमन तथा लेखा परिक्षण गर्ने सम्बन्धी पनि मार्गनिर्देश गरेको छ। यो निर्देशिका कुनै ऐन वा नियममा भएका प्रावधानहरूको जगमा तयार नभएको हुँदा कानुनी दृष्टिकोणले यसको प्रयोग बाध्यकारी छैन यद्यपि प्रभाव पहिचान र त्यसको भार गणना गर्ने विधिको लागि यो निर्देशिकाको प्रयोग गरिएको छ। |

## ४.८ कार्यविधिहरू

| स्थानीय कार्यविधिहरू | | |
|---|---|---|
| १. | **मण्डनदेउपुर नगरपालिकाको नक्शापास कार्यविधि, २०७४** | |
| | क.५ | १,००० वर्ग फिट भन्दा बढी क्षेत्रफल अथवा तला हुने भवनहरूको निर्माण गर्ने सम्बन्धमा Structural Drawing साथै Working Drawing र माटोको भार वहन क्षमता परीक्षण प्रतिवेदन समेत पेश गर्नुपर्ने छ उक्त कार्यहरू डिजाईन भवन निर्माण संहिता, २०६० बमोजिम हुनुपर्नेछ। |
| | क.६ | Septic tank, Soak pit, Water tank आदी Right of way/Set back भित्र पर्ने गरी निर्माण गर्न नपाउने र नक्शामा स्पष्ट रूपमा उल्लेख गराई उल्लेख भए अनुसार हुनु पर्नेछ। |
| | ख. | निर्माण कर्ताले पेश गरेको नक्शा राज्यको प्रचलित ऐन कानुन बमोजिम भएको हुनु पर्नेछ। |
| २. | **स्थानीय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन कार्यविधि, २०७४** | |
| | ५ (ङ) | भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने। |

## ४.९ मापदण्डहरू

| क्र.सं. | मापदण्डहरू |
|---|---|
| १. | **नेपाल सवारी प्रदूषण मापदण्ड, २०८२** |
| | नेपाल सरकारद्वारा निर्देशित नेपाल सवारी प्रदूषण मापदण्ड, २०८२ को पालना गरिनेछ। |

| क्र.सं. | सवारी साधनको प्रकार | प्रदूषणको अधिकतम सीमा (मिलिग्राम प्रति कि.मि.) | | | |
|---|---|---|---|---|---|
| | | कार्बन मोनोअक्साइड (CO) | कूल हाइड्रोकार्बन (THC) | नाइट्रस अक्साइड (NOx) | कणजन्य पदार्थको मात्रा (PM) |
| १ | **दुईपाङ्ग्रे सवारी साधन** | | | | |
| | हलुका दुई पाङ्ग्रे सवारी साधन (L1) | ५०० | ३५० | १५० | - |
| | दुई पाङ्ग्रे सवारी साधन (L3) | १००० | १०० | ६० | ४.५ |
| २ | **चारपाङ्ग्रे यात्रुवाहक सवारी साधन** | | | | |
| | साना यात्रुवाहक सवारी साधन (M1) | १००० | १०० | ६० | ४.५ |

| क.सं. | मापदण्डहरू | | | | |
|---|---|---|---|---|---|
| | | मझौला यात्रुवाहक सवारी साधन (M2) | | | | |
| | ३ | साना मालवाहक सवारी साधन (N1) | | | | |
| | | Class I (RM ≤ 1305 Kg) | १००० | १०० | ६० | ४.५ |
| | | Class II (1305 Kg < RM ≤1760 Kg) | १८१० | १३० | ७५ | ४.५ |
| | | Class III (RM >1760 Kg) | २२७० | १६० | ८२ | ४.५ |

**२.** **राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९**

नेपाल सरकारले जलश्रोत ऐन २०४९ को दफा १८ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड तयार गरी लागू गरेको हो। मापदण्डमा तोकिएका विभिन्न प्यारामिटरहरू र तिनको सीमा तालिकामा प्रस्तुत गरिएको छ।

| समूह | गुणहरू | इकाइ | अधिकतम सीमा |
|---|---|---|---|
| भौतिक | Turbidity | NTU | ५ |
| | pH | | ६.५ – ८.५* |
| | Colour | TCU | ५ |
| | Taste and Odour | | Non-objectionable |
| | Electrical Conductivity | µS/cm | १५०० |
| | Total dissolved Solids | mg/L | १००० |
| रासायनिक | Iron | mg/L | ०.३ (३) |
| | Manganese | mg/L | ०.२ |
| | Arsenic | mg/L | ०.०५ |
| | Fluoride | mg/L | ०.५ – १.५* |
| | Ammonia | mg/L | १.५ |
| | Chloride | mg/L | २५० |
| | Sulphate | mg/L | २५० |
| | Nitrate | mg/L | ५० |
| | Copper | mg/L | १ |
| | Zinc | mg/L | ३ |
| | Aluminium | mg/L | ०.२ |
| | Total Hardness | mg/L | ५०० |
| | Residual Chloride | mg/L | ०.१ – ०.२* (क्लोरिनेशन गरिने प्रणालीमा) |
| | Calcium | mg/L | २०० |
| | Lead | mg/L | ०.०१ |

| क्र.सं. | मापदण्डहरू | | | |
|---|---|---|---|---|
| | | Cadmium | mg/L | ०.००३ |
| | | Chromium | mg/L | ०.०५ |
| | | Cyanide | mg/L | ०.०७ |
| | | Mercury | mg/L | ०.००१ |
| | | Nitrites | mg/L | ३ |
| | जैविक | E-Coli | CFU/100 ml | ० |
| | | Total Coliform | CFU/100 ml | ० (९५% नमूनाहरूमा) |
| | **द्रष्टव्य: *ले कम र बढी सीमाको संकेत गर्दछ ।** | | | |
| ३. | **होटल, रिसोर्ट, पर्यटक इन, लज, मोटेल र बेड एण्ड ब्रेकफास्टको वर्गीकरण मापदण्ड २०७६ तथा संशोधन २०७७** | | | |
| | यो सूचना होटेल, रिसोर्ट, पर्यटक इन, लज, मोटेल र बेड एण्ड ब्रेकफास्टको वर्गीकरणको लागि मापदण्ड प्रदान गर्दछ। खण्ड 'क' मा लेण्डस्केपिङ, क्षेत्रफल, वातावरण, पार्किङ्ग क्षमता, होटेल सञ्चालन, बिजुली आपूर्ति, पानी व्यवस्थापन, ढल व्यवस्थापन, ठोस फोहोर व्यवस्थापन, आदिको आधारमा होटेललाई तारा (१-५) को वर्गीकरण गरेको छ। त्यस्तै गरि, खण्ड 'ख' ले होटेल डिजाइन, बुटीक वातावरण, सुत्ने कक्षको संख्या, सङ्ग्रहालय, स्टाफ ड्रेस, खाना र पेय पदार्थ, ध्यान कक्ष, पार्किङ्ग क्षमता, इत्यादिको आधारमा साधारण, डिलक्स र लक्जरी गरी ३ वर्गमा हेरिटेज एवं बुटिक होटेलहरूको वर्गीकरण गरेको छ। त्यस्तै खण्ड 'ग' मा रिसोर्टहरूको, खण्ड 'घ' मा साधारण पर्यटक स्तरका होटेल, रिसोर्ट, पर्यटक इन, लज, मोटेल र बेड एण्ड ब्रेकफास्टको वर्गीकरण गरेको छ। | | | |
| ४. | **मण्डनदेउपुर नगरपालिकाको लागि शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७४** | | | |
| | स्थानीय तह, मण्डनदेउपुर नगरपालिका अन्तर्गत यस मापदण्ड शहरी बिकास मन्त्रालयले जारी गरेको भवन निर्माणको नमूना मापदण्ड, २०७१; शहरी योजना सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ र संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयले जारी गरेको बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ तथा अन्य थुप्रै सन्दर्भ सामाग्रीहरूको आधारमा तयार गरिएको यस मापदण्डको पालना गरिनेछ। | | | |
| ५. | **वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२** | | | |
| | नेपाल सरकार, शहरी विकास मन्त्रालयद्वारा प्रकाशित वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ अनुसार भवन निर्माण मापदण्डहरूको पालना गरिनेछ। | | | |
| ६. | **भवन निर्माणको नमुना मापदण्ड, २०७१** | | | |

| क्र.सं. | मापदण्डहरू |
|---|---|
| | नेपाल सरकार, शहरी विकास मन्त्रालयद्वारा प्रकाशित भवन निर्माणको नमुना मापदण्ड, २०७१ अनुसार भवन निर्माण मापदण्डहरूको पालना गरिनेछ। |
| ७. | **वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९** |

नेपाल सरकारले वातावरण संरक्षण नियमावली २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड प्रयोग गरी तयार गरेको लागु गरिनेछ।

| सूचक | समय भारित औषत | अधिकतम (ग्राम/घ.मि.) | परीक्षण विधि |
|---|---|---|---|
| टोटल सस्पेण्डेड पार्टिकल (TSP) | वार्षिक | - | |
| | २४ घण्टा* | २३० | High Volume Sampling and Gravimetric Analysis |
| पि.एम.-१० ($PM_{१०}$) | वार्षिक | - | |
| | २४ घण्टा* | १२० | High Volume Sampling and Gravimetric Analysis, TOEM, Beta Attenuation |
| सल्फर डाइअक्साइड ($S0_2$) | वार्षिक** | ५० | Ultraviolet Fluorescence, West and Gaeke Method |
| | २४ घण्टा* | ७० | Same as Annual |
| नाइट्रस अक्साइड ($NO_2$) | वार्षिक** | ४० | Chemiluminescence |
| | २४ घण्टा* | ८० | Same as annual |
| कार्बन मोनोअक्साइड (C0) | ८ घण्टा* | १०,००० | Non-dispersive Infrared Spectrophotometer |
| शिशा (Lead) | वार्षिक** | ०.५ | High Volume Sampling followed by Atomic Absorption Spectrometry |
| बेञ्जीन (Benzene) | वार्षिक** | ५ | Gas Chromatographic Technique |
| पि.एम.-२.५ ($PM_{२.५}$) | २४ घण्टा* | ४० | $PM_{2.5}$ Sampling Gravimetric Analysis |

| क्र.सं. | मापदण्डहरू |
|---|---|
| ८. | **ध्वनि गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९** |

नेपाल सरकारद्वारा निर्देशित ध्वनि गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ अनुसार वायु गुणस्तर मापदण्डहरूको पालना गरिनेछ।

| क्र.सं. | क्षेत्र | ध्वनि सीमा Leq (डेसिबल) | |
|---|---|---|---|
| | | दिवा | रात्रि |
| १ | औद्योगिक क्षेत्र | ७५ | ७० |
| २ | व्यापारिक क्षेत्र | ६५ | ५५ |
| ३ | ग्रामीण आवास क्षेत्र | ४५ | ४० |
| ४ | शहरी आवास क्षेत्र | ५५ | ५० |
| ५ | मिश्रित आवास क्षेत्र | ६३ | ५५ |
| ६ | शान्त क्षेत्र | ५० | ४० |

| क्र.सं. | मापदण्डहरू |
|---|---|
| ९. | **डिजेल जेनरेटरबाट निष्कासन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा, २०६९** |
| | नेपाल सरकारद्वारा निर्देशित डिजेल जेनरेटरबाट निष्कासन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा अनुसार वायु गुणस्तर तथा धुवाँ सम्बन्धी मापदण्डहरूको पालना गरिनेछ। |

| **उत्सर्जन सीमा (ग्राम प्रति किलोवाट घण्टा)** | | | |
|---|---|---|---|
| **क्षमता (किलोवाटमा)** | **कार्बन मोनोअक्साइड** | **हाइड्रोकार्बन र नाइट्रस अक्साइड** | **पार्टिकुलेट म्याटर** |
| KW <८ | ८ | ७.५ | ०.८ |
| ८ = KW <१९ | ६.६ | ७.५ | ०.८ |
| १९ = KW <३७ | ५.५ | ७.५ | ०.६ |
| ३७ = KW <७५ | ५ | ४.७ | ०.४ |
| ७५ = KW <१३० | ३ | ४ | ०.३ |
| १३० = KW <५६० | ३.५ | ४ | ०.२ |

| क्र.सं. | मापदण्डहरू |
|---|---|
| १०. | **राष्ट्रिय भवन संहिता, २०६०**<br>यस भवन संहितालाई नेपालका नगरपालिका, जिल्लाका प्रमुख गा.वि.स. र शहरीकरण हुँदै गरेको गा.वि.स. हरूमा लागू गरिएको हो। यस संहिता मुख्यतया भवन क्षेत्रको सुरक्षासँग सम्बन्धित मामिलाहरूसँग सम्बन्धित छ। यस संहितामा नगरपालिका र गा.वि.स.मा भवन डिजाइन गर्दा प्रस्तावककर्ताहरूले राष्ट्रिय भवन संहिता अनुसरण गर्नुपर्नेछ भन्ने प्रावधान गरिएको छ। तल उल्लेखित भवन संहिताको खण्ड बाहेकको सम्पूर्ण भवन संहिता, २०६० भवन निर्माण तथा सञ्चालनको समय पालना गरिनेछ। |
| | **<u>राष्ट्रिय भवन संहिता, १०५</u>**<br>नेपालमा २०७२ सालमा गएको भूकम्प, विगत २५ वर्षमा विश्वका विभिन्न देशमा गएका भूकम्प, विभिन्न मुलुकमा प्रचलित भवन संहिता एवं यस सम्बन्धमा गरिएका विभिन्न नयाँ अनुसन्धान, प्रविधि र ज्ञानको विकासका आधारमा भूकम्प प्रतिरोधी सुरक्षित भवन निर्माण गर्न भवन संहिता १०५-२०७७ बनाएको हो। यस संहिताले विभिन्न किसिमका निर्माण सामाग्री प्रयोग हुने गरी सानादेखि अग्ला भवनहरुलाई भूकम्प प्रतिरोधी बनाउनका लागि गर्नु पर्ने इन्जिनियरिङ डिजाइनका लागि आवश्यक प्रकृया र मापदण्डहरु प्रदान गर्दछ। यस संहिताले स्थापित इन्जिनियरिङ मान्यता र सिद्धान्त अनुरुप भूकम्प प्रतिरोधी भवनको विश्लेषण र डिजाइन विधिलाई मार्गदर्शन गर्न मद्दत गर्दछ। |
| | **<u>राष्ट्रिय भवन संहिता, २०६</u>**<br>वास्तु डिजाइनका आवश्यकताहरूः यस संहितामा सबै भवनहरूलाई प्रयोग वा उपभोगको विशेषता अनुसार विभिन्न भागमा विभाजन गरिएको छ। जस्तैः आवासीय, सभा, शैक्षिक संस्था, अस्पताल तथा क्लिनिक, व्यापारिक प्रयोजनका भवनहरू, कार्यालय भवन आदि। त्यस्तै तला |

| क्र.सं. | मापदण्डहरू |
|---|---|
| | र उचाइमा आधारित भवनलाई पनि सामान्य भवन, मध्यम वृद्धिका भवनहरू, उच्च वृद्धिका भवनहरू र Skyscrapers भवनमा विभाजन गरिएको छ। कुनै भवनमा स्थापना गर्दा त्यसमा आवश्यक पर्ने Means of Exit, Occupant Load के कति रहने, Corridors and Passageways कस्ता रहने, Light &Ventilations, basement, Staircase को व्यवस्थाको बारेमा यस संहितामा उल्लेख गरिएको छ। |
| | **राष्ट्रिय भवन संहिता, २०८-२००३**<br>सनेटरी र प्लम्बिङ्ग डिजाइनका आवश्यकताहरूः यस संहितामा कुनै भवनमा स्थापना गर्ने पानी आपूर्तिका प्रणाली, ढल तथा तरल फोहोर व्यवस्थापनका प्रणाली र आकाशे पानी व्यवस्थापनका प्रणालीहरू रहेका छन्। कुनै पनि भवनमा खानेपानी, फ्लशिङ्गका लागि आवश्यक पानी, फायर फाइटिङ्गका लागि आवश्यक पानी तथा ढल तथा तरल फोहोर व्यवस्थापनका लागि आवश्यक पर्याप्त पानीको व्यवस्था गर्नु यस संहिताको उद्देश्य रहेको छ। यस संहिता अन्तर्गत कुनै पनि होटलमा एक पाहुनाका लागि १०० लिटर पानी आवश्यक हुन्छ भने रेष्टुरेण्टमा प्रति व्यक्तिलाई ५० लिटर पानीको आवश्यक हुन्छ। |
| ११. | **सार्वजनिक ढलहरूमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटी बढी सीमा, २०६०** |
| | नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको मापदण्डलाई निर्देशक मापदण्डको रूपमा लागू हुने गरी तोकेको छ। |

| **गुणहरू (Characteristics)** | **घटी बढी सीमा (Tolerance Limit)** |
|---|---|
| Total Suspended solids, mg/L, Max | ६०० |
| pH | ५.५ देखि ९.० सम्म |
| Temperature, ˚C, Max | ४५ |
| Biochemical oxygen demand (BOD) for 5 days at 20 ˚C, mg/L, Max | ४०० |
| Oils and grease, mg/L, Max | ५० |
| Phenolic Compound mg/L Max | १० |
| Cyanides (as CN), mg/L, Max | २ |
| Sulphides (as S), mg/L, Max | २.० |
| Chloride (Cl), mg/L, Max | १००० |
| Insecticides | नरहेको |
| Sulphates ($SO_4$), mg/L, Max | ५०० |
| Fluorides (as F), mg/L, Max | १० |
| Arsenic (as As), mg/L, Max | १.० |

| क.सं. | मापदण्डहरू | |
|---|---|---|
| | Cadmium (as, Cd), mg/L, Max | २.० |
| | Total Chromium, mg/L, Max | २.० |
| | Copper (as Cu), mg/L, Max | ३.० |
| | Lead (as Pb), mg/L, Max | ०.१ |
| | Mercury (as Hg), mg/L, Max | ०.०१ |
| | Nickel (as Ni), mg/L, Max | ३.० |
| | Selenium (as Se), mg/L, Max | ०.०५ |
| | Zinc (as Zn), mg/L, Max | ५ |
| | Ammonical nitrogen, mg/L, Max | ५० |
| | Chemical Oxygen Demand, mg/L, Max | १००० |
| | Silver, mg/L, Max | ०.१ |
| | Total Dissolved Solids, mg/l, Max | २१०० |
| | Mineral Oils, mg/L, Max | १० |
| | Inhibition of nitrification test at 200ml/L | < ५०% |

**१२. संयुक्त फोहोर पानी प्रशोधन प्लान्टबाट सतही पानीमा औद्योगिक एफ्ल्युएन्टको लागि घटी बढी सीमा, २०६०**

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको मापदण्डलाई निर्देशक मापदण्डको रूपमा लागू हुने गरी तोकेको छ।

| **गुणहरू (Characteristics)** | **घटी बढी सीमा (Tolerance Limit)** |
|---|---|
| Total Suspended solids, mg/L, Max | ५० |
| Particle size of total suspended particles | Shall pass 850-micron Sieve. |
| pH | ५५ देखि ९.० सम्म |
| Temperature | Shall not exceed 40 ˚C in any section of the stream within 15 meters down-stream from the effluent outlet. |
| Biochemical oxygen demand (BOD) for 5 days at 20 ˚C, mg/L, Max | ५० |
| Oils and grease, mg/L, Max | १० |
| Phenolic Compound mg/L Max | १.० |
| Cyanides (as CN), mg/L, Max | ०.२ |
| Sulphides (as S), mg/L, Max | २.० |
| Radioactive materials<br>a. Alpha emitters, c/ml, Max<br>b. Beta emitters, c/ml, Max | a. १०$^{-७}$<br>b. १०$^{-८}$ |
| Insecticides | नरहेको |

| क्र.सं. | मापदण्डहरू | |
|---|---|---|
| | Total residual chlorine, mg/L | १ |
| | Fluorides (as F), mg/L, Max | २.० |
| | Arsenic (as As), mg/L, Max | ०.२ |
| | Cadmium (as, Cd), mg/L, Max | २.० |
| | Hexavalent chromium (as Cr), mg/L, Max | ०.१ |
| | Copper (as Cu), mg/L, Max | ३.० |
| | Lead (as Pb), mg/L, Max | ०.१ |
| | Mercury (as Hg), mg/L, Max | ०.०१ |
| | Nickel (as Ni), mg/L, Max | ३.० |
| | Selenium (as Se), mg/L, Max | ०.०५ |
| | Zinc (as Zn), mg/L, Max | ५ |
| | Ammonical nitrogen, mg/L, Max | ५० |
| | Chemical Oxygen Demand, mg/L, Max | २५० |
| | Silver, mg/L, Max | ०१. |
| १३. | **सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएन्टको लागि घटी बढी सीमा, २०५८** | |

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको मापदण्डलाई निर्देशक मापदण्डको रूपमा लागू हुने गरी तोकेको छ।

| **गुणहरू (Characteristics)** | **घटी बढी सीमा (Tolerance Limit)** |
|---|---|
| Total Suspended solids, mg/L, Max | ३० देखि २०० सम्म |
| Particle size of total suspended particles | Shall pass 850-micron Sieve |
| pH | ५.५ देखि ९.० सम्म |
| Temperature | Shall not exceed 40 ˚C in any of the stream within 15 meters downstream from the effluent outlet. |
| Biochemical oxygen demand (BOD) for 5 days at 20 ˚C, mg/L, Max | ३० देखि १०० |
| Oils and grease, mg/L, Max | १० |
| Phenolic Compound mg/L Max | १.० |
| Cyanides (as CN), mg/L, Max | ०.२ |
| Sulphides (as S), mg/L, Max | २.० |
| Radioactive materials<br>a. Alpha emitters, c/ml, Max<br>b. Beta emitters, c/ml, Max | a. १०$^{-७}$<br>b. १०$^{-८}$ |
| Insecticides | नरहेको |
| Total residual chlorine, mg/L | १ |
| Fluorides (as F), mg/L, Max | २.० |

| क्र.सं. | मापदण्डहरू | |
|---|---|---|
| | Arsenic (as As), mg/L, Max | ०.२ |
| | Cadmium (as, Cd), mg/L, Max | २.० |
| | Hexavalent chromium (as Cr), mg/L, Max | ०.१ |
| | Copper (as Cu), mg/L, Max | ३.० |
| | Lead (as Pb), mg/L, Max | ०.१ |
| | Mercury (as Hg), mg/L, Max | ०.०१ |
| | Nickel (as Ni), mg/L, Max | ३.० |
| | Selenium (as Se), mg/L, Max | ०.०५ |
| | Zinc (as Zn), mg/L, Max | ५ |
| | Ammonical nitrogen, mg/L, Max | ५० |
| | Chemical Oxygen Demand, mg/L, Max | २५० |
| | Silver, mg/L, Max | ०.१ |

होटल निर्माण तथा सञ्चालनका क्रममा माथि उल्लिखित सम्पूर्ण नीति, ऐन, नियम, निर्देशिका तथा कार्यविधिका साथै अन्य सान्दर्भिक कानुनहरू पालन गरिनेछ। उल्लिखित नीति ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरूले देहाय बमोजिम पाउने सुविधा र संस्थामा थपिने जिम्मेवारीको लागि संस्था प्रतिबद्ध रहेको छ।

# परिच्छेद ५ : विद्यमान वातावरणीय अवस्था

यस होटलले पार्ने प्रभावको पूर्वानुमान तथा मूल्याङ्कनका लागि आयोजना क्षेत्रको वातावरणीय अवस्थाको आधारभूत जानकारी आवश्यक पर्दछ। आवश्यक तथ्याङ्क तथा सूचनाहरू आयोजना क्षेत्रको निरीक्षण, विभिन्न प्रकाशित प्रतिवेदन तथा विभिन्न नक्साहरूको अध्ययनबाट संकलन गरिएको छ। विद्यमान वातावरणीय अवस्थाहरू जस्तै भौतिक, जैविक र सामाजिक-आर्थिक वातावरणको विस्तृत रूपमा यस खण्डमा व्याख्या गरिएको छ।

## ५.१ भौतिक वातावरण

### ५.१.१ भौगोलिक तथा धरातलीय अवस्था भू-उपयोग

नेपालको राजधानी काठमाण्डौबाट उत्तर-पूर्वमा ५५ कि.मि. दुरीमा रहेको यस मण्डनदेउपुर नगरपालिकाको क्षेत्रफल ८९ वर्ग कि.मि. रहेको छ। यस नगरपालिकाको पूर्वमा भम्लु गाउँपालीका, पश्चिममा भक्तपुर र काठमाण्डौ जिल्ला, उत्तरमा सिन्धुपाल्चोक जिल्ला र दक्षिणमा बनेपा र पाँचखाल नगरपालिका रहेको छ। मध्यम पहाडी हावापानी भएको यस नगरपालिकालाई विभिन्न १२ वटा वडामा विभाजन गरिएको छ। होटल रहेको स्थान भौगोलिक रूपमा २७°४१'५४.९४" उत्तरी अक्षांश र ८५°३१'२७.५८" पूर्वी देशान्तरमा अवस्थित छ, जुन समुद्री सतहबाट करिब १,९२८ मि. उचाइमा पर्दछ। होटलको जग्गाको कुल क्षेत्रफल ३६ रोपनी ४ आना ३ पैसा ०.९८ दाम (१८,४६७.५१ वर्ग मिटर) रहेको छ। प्रस्तावित होटलको स्तरोन्नतिको लागि थप गरिने भवनले कुल जग्गाको २,६७९.८० वर्ग मि. क्षेत्रफल ओगट्ने छ। होटल रहेको जग्गा भिरालो रहेको छ र सोही अनुसार भवनको निर्माण गरिएको छ र प्रस्तावित भवनको डिजाइन पनि सोही अनुरूप गरिएको छ। होटल परिसरमा रहेको जग्गामा भवन, खुला क्षेत्र, हरियाली क्षेत्र र पार्किङ्ग क्षेत्र रहेको छ।

### ५.१.२ भूगर्भ

#### ५.१.२.१ क्षेत्रीय

हिन्दुकुश हिमालय क्षेत्रमा पर्ने र सक्रीय वास्तुशिल्पीय क्षेत्रमा पर्ने हुँदा नेपाल भूकम्प तथा पहिरोको उच्च जोखिममा पर्दछ, यसकारण पूर्वाधार विकासमा आयोजना क्षेत्रको भूगर्भ तथा माटोको विस्तृत अनुसन्धान तथा अध्ययन गरिन्छ। भौगर्भिक हिसाबले आयोजना क्षेत्र Tistung Formation अन्तर्गत बनेको छ जहाँ नवनिर्मित चट्टानहरू छन्। चित्र नं. ५ का अनुसार यहाँको

सतहमा काठमाण्डौको Basement Rock देख्न सकिन्छ। यहाँको सतह Mica, Quartz र Feldspar जस्ता तत्वहरू मिलेर बनेको Metasanstone ले बनेको छ। खानी तथा भूगर्भ विभागले तयार गरेको आयोजनास्थल आसपासको क्षेत्रीय भूगर्भको नक्सा निम्नानुसार तल चित्रमा देखाईएको छ।




**चित्र ६: प्रस्तावित आयोजना क्षेत्रको भौगर्भिक नक्सा**

*(स्रोत: खानी तथा भूगर्भ विभाग, ई.सं. १९९४)*

भौगर्भिक हिसाबले आयोजना क्षेत्र Tistung Formation अन्तर्गत बनेको छ जहाँ नवनिर्मित चट्टानहरू छन्। चित्र नं. ३ का अनुसार यहाँको सतहमा काठमाण्डौको Basement Rock देख्न सकिन्छ। यहाँको सतह Mica, Quartz र Feldspar जस्ता तत्वहरू मिलेर बनेको Metasanstone ले बनेको छ। सतही रूपमा बाहिर रहेको चट्टान टुक्रिएर महादेव खोलामा चुच्चे ढुंगाहरू भेटिन्छ।

## ५.१.२.२ आयोजना स्थलको भौगर्भिक विवरण

यस आयोजना क्षेत्रको माटो परीक्षण गरिएको छ। परीक्षणको क्रममा दुईवटा bore hole खनेर अध्ययन गरिएको थियो। प्रत्येक बोरहोलको गहिराई अनुसारको माटोको विवरण तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका १७ : प्रस्तावित स्थलको माटो सम्बन्धी विवरण**

| क्र.सं. | बोर होल संख्या | गहिराई | माटोको विवरण | Water Table |
|---|---|---|---|---|
| १ | बोर होल १ | ० - ३ मिटर | Silty Sand | १५ मिटरसम्म गहिराईमा Water Table भेटिएन। |
| | | ३ - ४.५ मिटर | Boulder | |
| | | ४.५ - १०.५ मिटर | Silty Sand | |
| | | १०.५ - १५ मिटर | Boulder | |
| २ | बोर होल २ | ० - ६ मिटर | Silty Sand | |
| | | ६ - १५ मिटर | Boulder | |

*(स्रोत: Geotechnical report of building at Mandandevpu, Kavre, अनुसूची १०)*

माटो परीक्षणको प्रतिवेदनबाट निम्न बमोजिमको विवरण प्राप्त गरिएको छ।

- परीक्षणको क्रममा दुईवटा बोरहोलहरू खनेर अध्ययन गरिएको थियो। दुई बोरहोलहरूमा सिल्टी बालुवा र ढुङ्गाको बाक्लो तहहरू छन्।
- बोरहोल खन्ने बेलामा १५ मिटरसम्मको गहिराईमा Water Table भेटिएन।
- भूकम्पको समयमा यस क्षेत्र liquefaction को लागि संवेदनशील रहेको छैन।
- प्रस्तावित भवन निर्माणको लागि खुला फाउन्डेसन उपयुक्त आधार प्रणाली हो।

### ५.१.३ जल तथा मौसम

नेपालमा पाइने मौसमी क्षेत्रहरूको विशिष्टीकरणका दृष्टिकोणले प्रस्तावित आयोजना क्षेत्र काभ्रेपलान्चोक जिल्लामा पर्दछ, जहाँ शीतोष्ण जलवायु पाइन्छ। आयोजना क्षेत्रको विद्यमान जलवायुको बारेमा जानकारी प्राप्त गर्न होटल देखि ४५० मिटर पूर्वतर्फ अवस्थित जल तथा मौसम स्टेशन, नगरकोटको तथ्याङ्कलाई आधार मानिएको छ। नगरकोटको मौसम स्टेशनमा मापन गरिएको जल तथा मौसम सम्बन्धी सूचकहरू यस प्रकार रहेको छः

**तालिका १८ : आयोजना क्षेत्रको तापक्रम र वर्षा**

| साल (ई.सं.) | तापक्रम (°C) | | वार्षिक वर्षात (mm) |
|---|---|---|---|
| | वार्षिक न्यूनतम | वार्षिक अधिकतम | |
| २०१८ | - | - | १,७१५.९ |
| २०१९ | २.९६ | २३.५८ | १,८५७.२ |
| २०२० | २.६६ | २१.९० | १,७९७.३ |

| | | | |
|---|---|---|---|
| २०२१ | २.८८ | २२.७७ | १,८३९.९ |
| २०२२ | २.३३ | २३.०५ | १,९३५.६ |
| २०२३ | ४.२९ | २४.५५१ | १,७५९.३ |

*(स्रोतः जल तथा मौसम विज्ञान विभाग, नगरकोट, २०२४)*

नगरकोट केन्द्रको बार्षिक तापक्रम तथा बार्षिक वर्षाको तथ्याङ्कलाई तलको रेखाचित्रमा पनि क्रमश चित्र नं. ६ र ७ मा प्रस्तुत गरिएको छ।




**चित्र ७ : नगरकोट स्टेशनमा मापन गरिएको विगत ५ बर्षको मासिक अधिकतम र न्यूनतम तापक्रमको तथ्याङ्क**

*(स्रोतः जल तथा मौसम विज्ञान विभाग, नगरकोट)*

जल तथा मौसम विज्ञान विभागको, नगरकोट केन्द्रको विगत ५ वर्षको तथ्याङ्क अनुसार अधिकतम तापक्रम सन् २०२३ को जुन महिना (२४.५५१°C) मा पाइयो भने न्यूनतम तापक्रम सन् २०२२ को फेब्रुरी महिना (२.३३२°C) पाइयो।




**चित्र ८ : नगरकोट स्टेशनमा मापन गरिएको विगत ६ बर्षको वार्षिक वर्षाको तथ्याङ्क**

*(स्रोत: जल तथा मौसम विज्ञान विभाग, नगरकोट)*

विगत ६ वर्षको तथ्याङ्क अनुसार सन् २०२२ मा सबैभन्दा बढी वर्षा भएको थियो, जुन १,९३५.६ मिलिमिटर हो भने सबैभन्दा कम वर्षा सन् २०१८ मा भएको थियो।

## ५.१.४ वायु, जल तथा ध्वनिको गुण

### ५.१.४.१ वायु

होटल क्षेत्रको वायुको गुणस्तरको लागि होटल क्षेत्रमा वायु गुणस्तर मापक यन्त्र (Temtop M2000 2nd Generation Multi-functional Air Quality Detector) मार्फत वायुको गुणस्तर मापन गरिएको थियो। वि.सं. २०८२/०४/१४ दिउँसो १:३१ बजेदेखि वि.सं. २०८२/०४/१५ गते दिउँसो १:३० बजेसम्म प्रत्येक २४ घण्टामा एक-एक मिनेटको औसत तथ्याङ्क संकलन गरिएको थियो, जसमा $PM_{10}$, $PM_{2.5}$ Parameter हरू मापन गरी परिमाण प्राप्त गरियो र उक्त नतिजालाई वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ अनुसार रहे/नरहेको आकलन गरिएको थियो। वायुको गुणस्तरको नतिजा निम्न बमोजिम रहेको छ।

**तालिका १९ : आयोजना स्थलमा वायुको गुणस्तर**

| विवरण | सूचक | एकाइ | आधारभूत मान | वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ |
|---|---|---|---|---|
| वायुको अवस्था | पि.एम. १० | µg/m³ | २०.९१ | १२० |
| | पि.एम. २.५ | µg/m³ | १२.१४ | ४० |

*(स्रोतः स्थलगत सर्वेक्षण)*

मापनबाट प्राप्त जानकारी अनुसार पि.एम. १० र पि.एम. २.५ को २४ घण्टाको औसत तथ्याङ्क मापदण्डले तोकेको भन्दा कम रहेको पाइयो। मापन अवधि (वि.सं. २०८२/०४/१४ देखि २०८२/०४/१५ सम्म) वर्षायाममा परेकाले वर्षाले वायुमण्डलमा धुलोका कणहरूमा कमि साथै सो समयमा सवारी साधनको आवागमन, निर्माण गतिविधि तथा औद्योगिक क्रियाकलाप न्यून रहेको कारण पि.एम. १० र पि.एम. २.५ को मात्रा मापदण्डभन्दा कम देखिएको हुन सक्छ। यसका अतिरिक्त मापन स्थल वरपरको हरियाली र खुला क्षेत्रको उपस्थितिले पनि तथ्याङ्क मापदण्ड भन्दा कम रहेको अनुमान गर्न सकिन्छ।

### ५.१.४.२ ध्वनि

ध्वनिको विद्यमान स्तरका निम्ति मिति २०८२/०४/१४ गतेको दिन गते बिहान र दिउँसोको समयमा होटलको विभिन्न क्षेत्रमा ध्वनि मापक यन्त्र मार्फत मापन गरिएको थियो। ध्वनिको न्यूनतम (Lmin), अधिकतम (Lmax) र औषत (Leq) स्तर ५ सेकेण्डको अन्तरालमा १० मिनेटसम्म लिइएको थियो। ध्वनि मापनको नतिजालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २० : होटल क्षेत्रको विभिन्न स्थानमा ध्वनिको स्तर**

| ध्वनि मापन गरिएको क्षेत्र र समय | ध्वनिको स्तर | | |
|---|---|---|---|
| | अधिकतम (Lmax) | न्यूनतम (Lmin) | औसत (Leq) |
| **होटलको लबी क्षेत्र दिउँसो (१:५७ - २:०७)** | ६०.२५ डेसिबल | ३४.०७ डेसिबल | ४६.२० डेसिबल |
| **होटलको स्वीमिङ्ग पूल तथा ज्याकुजी क्षेत्र दिउँसो (१:२३- १:३३)** | ५२.८७ डेसिबल | ३५.३६ डेसिबल | ४४.६० डेसिबल |
| **प्रस्तावित भवन निर्माण स्थल बिहान (८:१४ - ८:२४)** | ५७.६९ डेसिबल | ३४.०८ डेसिबल | ४२.७४ डेसिबल |

| | |
|---|---|
| **ध्वनि गुण्स्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९** | ४५ डेसिबल (दिउँसोको समय)<br>४० डेसिबल (रात्रिको समय) |

*(स्रोतः स्थलगत सर्वेक्षण)*

ध्वनि सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ ले ग्रामिण आवासीय क्षेत्रको लागि ध्वनिको औषत (Leq) स्तर ४५ डेसिबल तोकेको छ। होटल क्षेत्रको प्रस्तावित भवन निर्माण स्थलमा ध्वनिको औसत (Leq) स्तर तोकिएको मापदण्ड भन्दा कम रहेको पाइयो भने होटलको लबी क्षेत्र र स्वीमिङ्ग पूल तथा ज्याकुजी क्षेत्रमा भने मापदण्डले तोकेको भन्दा बढी रहेको पाइयो। ध्वनि मापन गर्दाको समयमा ध्वनिका मुख्य स्रोतहरूमा हावाको बहाव, पाहुनाहरू बोलेको आवाज, ज्याकुजीको आवाज रहेको थियो। स्वीमिङ्ग पूल तथा ज्याकुजी क्षेत्रमा ध्वनिको स्तर मापदण्ड भन्दा बढी आउनुको कारण पनि ज्याकुजी चल्दाको समयमा ध्वनिको स्तर उच्च हुनु र त्यस क्षेत्रमा पाहुनाहरूको उपस्थिति बढी हुने भएकोले हो।

### ५.१.४.३ पानी

आयोजनाको पानीको गुणस्तरको लागि होटलमा प्रयोग हुने भूमिगत पानीको नमूना संकलन गरी प्रयोगशाला परीक्षण गरिएको थियो। प्रयोगशाला परीक्षणमा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ मा उल्लिखित parameter को परीक्षण गरिएको छ। पानीको गुणस्तर सम्बन्धी आधारभूत तथ्याङ्कलाई तल तालिका ११ मा प्रस्तुत गरिएको छ भने प्रयोगशालाबाट प्राप्त प्रतिवेदनलाई अनुसूची ९ मा समावेश गरिएको छ।

**तालिका २१ः होटलमा प्रयोग हुने प्रशोधित भूमिगत पानीको गुणस्तर**

| विवरण | सूचक | एकाइ | आधारभूत मान | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ |
|---|---|---|---|---|
| | **Physical Parameter** | | | |
| भूमिगत पानीको अवस्था | Electrical Conductivity | µS/cm | १०१ | १५०० |
| | pH (@25$^0$C) | - | ६.५ | ६.५-८.५ |
| | Temperature | $^0$C | २२.७ | १९-२४ |
| | Turbidity | NTU | ० | ५ |
| | Total dissolved solids | mg/L | ६७ | १००० |
| | **Chemical Parameter** | | | |
| | Total Hardness as $CaCO_3$, | mg/L | ३२ | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | Chloride as Cl | mg/L | ४३.१२ | २५० |
| | Nitrate as $NO_3$ | mg/L | ० | ५० |
| | Free Residual Chlorine | mg/L | - | ०.१०-०.५० |
| | Ammonia | mg/L | ०.५ | १.५ |
| | Iron | mg/L | ०.३ | ०.३० (३) |
| | Phosphate | mg/L | ०.०५ | - |
| | **Microbiological Analysis** | | | |
| | Total Coliform | Cfu/100 ml | Nill | Nill |
| | E. Coli | Cfu/100 ml | Nill | Nill |

*(स्रोतः नमुना संकलन तथा प्रयोगशाला परीक्षण)*

प्रयोगशाला परीक्षणबाट प्राप्त नतिजालाई हेर्दा मापदण्डले तोकेका सबै मान मापदण्डको सीमाभित्र रहेको पाइयो। स्थलगत अध्ययन अनुसार भूमिगत पानी परीक्षण पश्चात् पानी ट्वाइलेट, बाथरूम र सरसफाइ प्रयोजनको लागि मात्र, भान्सामा खाना पकाउनको लागि प्रयोग हुने पानी Reverse Osmosis मार्फत प्रशोधित पानी र पिउनको लागि Certified Water Jar र पाहुना कोठाको लागि Mineral Water को प्रयोग गरिएको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिईनेछ।

### ५.१.५ भूकम्पीय जोखिम

भूकम्पीय जोखिमका दृष्टिकोणले समग्र नेपाल उच्च जोखिमयुक्त क्षेत्रमा पर्दछ। नेपालको उच्च भूकम्पीय जोखिम चलायमान टेक्टोनिक प्लेट (Movement of Tectonic Plate) का कारण हुने गरेको छ, जसका कारण पूर्व पश्चिम फैलिएको हिमालयका विभिन्न स्थानमा सक्रिय फल्टहरू (Active Faults) को निर्माण भएका छन्। मेन सेण्ट्रल थ्रस्ट (Main Central Thrust), मेन बाउण्ड्री थ्रस्ट (Main Boundary Thrust) र हिमालयन फ्रण्टल थ्रस्ट (Himalayan Frontal Thrust) को उपस्थितिले भूकम्पीय जोखिमलाई थप बढाएको छ।




**चित्र ९: नेपालका सक्रिय फल्टहरू तथा भूकम्पको नक्सा**

*(स्रोतः (स्रोतः NBC १०५:२०७७)*

## ५.१.६ जलस्रोत तथा जलाधार क्षेत्र

प्रस्तावित होटलको तीन कि.मि. को दुरीमा गडगडे खोला र करिब १० कि.मि. पूर्वमा इन्द्रवती खोला रहेको छ, जुन होटलको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावित क्षेत्रमा पर्दैन। यस होटलले सञ्चालनको चरणमा मुहानको पानी, डिप बोरिङ्ग, पिउनको लागि Mineral Water र जारको पानीको प्रयोग गरिरहेको छ भने भविष्यमा पनि यसलाई नै निरन्तरता दिईनेछ। हाल यस होटलले मुहानको पानी पनि प्रयोग गर्दै आएको छ, जुन होटल परिसरा भित्र पनि व्यवस्थित तरिकाले संरक्षण गरिएको छ। यस क्षेत्रका स्थानीयहरूले पनि अन्य मुहानको पानी प्रयोग गर्दछन्। त्यसैले यस क्षेत्रमा fresh water sources हरू पर्याप्त रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ। मण्डनदेउपुर नगरपालिकामा ढल व्यवस्थापन प्रणालीको व्यवस्था रहेको छैन र आयोजनाले सेप्टिक ट्याङ्की र सोक पिट मार्फत तरल फोहोर व्यवस्थापन गर्दै आईरहेको छ भने भविष्यमा STP मार्फत तरल फोहोर व्यवस्थापन गर्नेछ।

## ५.२ जैविक वातावरण

होटल रहेको स्थान कुनै पनि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण क्षेत्र, शिकार आरक्षण क्षेत्र, आधिकारिक रूपमा मान्यता प्राप्त संरक्षण क्षेत्र वा स्थानीय मान्यता प्राप्त पारिस्थितिक सम्वेदनशील क्षेत्रभित्र वा वरपर पर्दैन। होटलको करिब ५० मिटर दक्षिणी तर्फ वन रहेको छ भने होटल निर्माण तथा सञ्चालन चरणमा हुने सम्पूर्ण गतिविधि कम्पनीको स्वामित्वमा रहेको निजि जग्गामा मात्र सिमित रहेको छ। नयाँ भवन निर्माणको लागि प्रस्ताव गरिएको जग्गा हाल खाली रहेको छ, जसले गर्दा थप भवन निर्माण गर्दा कुनै रूख विरूवा काट्न वा नास्न पर्दैन। प्रस्तावित थप भवनको Project Design गरी निर्माण तथा सञ्चालन गर्दा वरपरको जैविक विविधतामा क्षति नहुने हिसाबले निर्माण गरिनेछ।

यस होटलको स्थलगत अनुगमन तथा प्रत्यक्ष अवलोकनका क्रममा त्यहाँ पाइने वनस्पतिहरू, जीवजन्तुहरू लगायतका जैविक विविधता सम्बन्धी जानकारी संकलन गरिएको छ। सोही क्रममा होटलमा बगैंचाको सरंक्षण र व्यवस्थापन गर्ने मालीसँग र स्थानीय समुदायका जानकार व्यक्तिहरू (जो दीर्घकालदेखि सो क्षेत्रको प्राकृतिक परिवेश र जैविक विविधताको बारेमा जानकार छन्) सँग गरिएको छलफलबाट थप महत्वपूर्ण तथ्यहरू प्राप्त गरिएको थियो। सोही बमोजिम यस होटल क्षेत्रमा निम्नलिखित बोटबिरूवा रहेको छ भने नजिकको वनमा देखिने गरेको वन्यजन्तु तथा चराचुरूङ्गीहरूको पनि तथ्याङ्क तल तालिकामा देखाईएको छ।

**तालिका २२ : होटल क्षेत्रमा रहेका वनस्पतिहरू**

| क्र. सं. | स्थानीय नाम | बैज्ञानिक नाम | अंग्रेजी नाम | मूल स्थान | होटलमा रहेको स्थान | संरक्षित अवस्था (आई. यु. सि. एन.) |
|---|---|---|---|---|---|---|
| १ | बोझो | *Acorus calamus* | Sweet Flag | स्वदेशी | Outdoor | LC |
| २ | उत्तिस | *Alnus nepalensis* | Alder tree | स्वदेशी | Outdoor | LC |
| ३ | वन कुरिलो | *Asparagus filicinus* | Asparagus | स्वदेशी | Indoor | DD |
| ४ | मसुरे कटुस | *Castanopsis tribuloides* | Chestnut | स्वदेशी | Outdoor | LC |
| ५ | देवदार | *Cedrus deodara* | Himalayan cedar | स्वदेशी | Outdoor | LC |
| ६ | जाई | *Chrysojasminum fruticans* | common yellow jasmine | स्वदेशी | Outdoor | |
| ७ | कपुर | *Cinnamomum camphora* | Camphor tree | स्वदेशी | Outdoor | LC |
| ८ | निगालो | *Drepanostachyum sp.* | | स्वदेशी | Outdoor | |
| ९ | निलकाँडा | *Duranta plumieri* | Duranta | स्वदेशी | Outdoor | |
| १० | समी | *Ficus benjamina* | Benjamina fig | स्वदेशी | Outdoor | LC |
| ११ | दुधिलो | *Ficus neriifolia* | Willow-leaf fig | स्वदेशी | Outdoor | |
| १२ | धुपी | *Juniperus indica* | Black Juniper | स्वदेशी | Outdoor | LC |
| १३ | रुख कमल | *Mangnolia grandiflora* | Magnolia | स्वदेशी | Outdoor | |
| १४ | काफल | *Myrica esculenta* | box myrtle | स्वदेशी | Outdoor | |
| १५ | पानी अमला | *Nephrolepis cordifolia* | fishbone fern | स्वदेशी | Indoor/outdoor | |
| १६ | रानी सल्लो | *Pinus wallichiana* | Blue Pine | स्वदेशी | Outdoor | LC |
| १७ | पैंयु | *Prunus cerasoides* | wild Himalayan cherry | स्वदेशी | Outdoor | LC |

| क्र. सं. | स्थानीय नाम | बैज्ञानिक नाम | अंग्रेजी नाम | मूल स्थान | होटलमा रहेको स्थान | संरक्षित अवस्था (आई. यु. सि. एन.) |
|---|---|---|---|---|---|---|
| १८ | आरु | *Prunus persica* | Common Peach | स्वदेशी | Outdoor | LC |
| १९ | बाँझ | *Quercus leucotrichophora* | Banj | स्वदेशी | Outdoor | LC |
| २० | लालीगुराँस | *Rhododendron arboreum* | Gurans | स्वदेशी | Outdoor | |
| २१ | टिमुर | *Zanthoxylum armatum* | Winged Prickly Ash | स्वदेशी | Outdoor | LC |
| २२ | घडि फूल | *Aeonium arboreum* | Tree Aeonium | बाह्य | Indoor/outdoor | |
| २३ | | *Agave attenuata* | Agave | बाह्य | Outdoor | LC |
| २४ | किसमस प्लान्ट | *Araucaria columnaris* | Christmas Tree | बाह्य | Outdoor | LC |
| २५ | गान्ते घाँस | *Beaucarnea recurvata* | Ponytail palm | बाह्य | Outdoor | CR |
| २६ | कागजी फूल | *Bougainvillea glabra* | Bougainvillea | बाह्य | Outdoor | LC |
| २७ | हेज | *Buxus sempervirens* | Buxus | बाह्य | Outdoor | LC |
| २८ | कपासे फूल | *Calliandra sp.* | Calliandra | बाह्य | Outdoor | |
| २९ | चाइनिज गुलाफ | *Camellia japonica* | Camellia | बाह्य | Outdoor | LC |
| ३० | चिया | *Camellia sinensis* | Tea plant | बाह्य | Outdoor | DD |
| ३१ | | *Caryota mitis* | Fishtail palm | बाह्य | Outdoor | LC |
| ३२ | स्पाइडर प्लान्ट | *Chlorophytum capense* | Spider plant | बाह्य | Indoor/outdoor | |
| ३३ | | *Crocosmia sp.* | Crocosmia | बाह्य | Outdoor | |
| ३४ | लेमन धुपी | *Cupressus macrocarpa* | Lemon Cypress | बाह्य | Outdoor | VU |
| ३५ | | *Cycas revoluta* | Sago Palm | बाह्य | Outdoor | LC |
| ३६ | | *Dracaena braunii* | Dracaena | बाह्य | Outdoor | |

| क्र. सं. | स्थानीय नाम | बैज्ञानिक नाम | अंग्रेजी नाम | मूल स्थान | होटलमा रहेको स्थान | संरक्षित अवस्था (आई. यु. सि. एन.) |
|---|---|---|---|---|---|---|
| ३७ | ड्रासिना | *Dracaena reflexa* | song of India | बाह्य | Indoor | LC |
| ३८ | स्नेक प्लान्ट | *Dracaena trifasciata* | Snake plant | बाह्य | Indoor/outdoor | |
| ३९ | मनी प्लान्ट | *Epipremnum aureum* | Money Plant | बाह्य | Indoor | |
| ४० | लालुपाते | *Euphorbia pulcherrima* | Poinsettia | बाह्य | Outdoor | LC |
| ४१ | लण्डन धुपी | *Juniperus chinensis 'Torulosa'* | Hollywood Juniper | बाह्य | Outdoor | LC |
| ४२ | पेन्सिल धुपी | *Juniperus communis 'Compressa'* | Pencil Point Juniper | बाह्य | Outdoor | LC |
| ४३ | मोण्टेरा प्लान्ट | *Monstera deliciosa* | Monstera | बाह्य | Indoor/outdoor | |
| ४४ | कामिनी | *Murraya paniculata* | Night Jasmine | बाह्य | Outdoor | |
| ४५ | थाकल | *Phoenix roebelenii* | Pygmy date palm | बाह्य | Outdoor | |
| ४६ | | *Phormium tenax* | New Zealand flax | बाह्य | Outdoor | |
| ४७ | | *Ravenea sp.* | Dwarf Majesty Palm | बाह्य | Outdoor | LC |
| ४८ | | *Rhapis excelsa* | Rhapis palm | बाह्य | Indoor | LC |
| ४९ | ऐजेलिया | *Rhododendron indicum* | Azelia | बाह्य | Outdoor | |
| ५० | गुलाफ | *Rosa sp.* | Rose | बाह्य | Outdoor | LC |
| ५१ | रोयल पाम | *Roystonea regia* | Royal Palm | बाह्य | Outdoor | LC |
| ५२ | | *Schefflera sp.* | Umbrella plant | बाह्य | Outdoor | |
| ५३ | पीस् लिली | *Spathiphyllum wallisii* | Peace lily | बाह्य | Indoor | |
| ५४ | वर्ड प्याराडाइज | *Strelitzia reginae* | Birds of paradise | बाह्य | Indoor/Outdoor | |

| क्र. सं. | स्थानीय नाम | बैज्ञानिक नाम | अंग्रेजी नाम | मूल स्थान | होटलमा रहेको स्थान | संरक्षित अवस्था (आई. यु. सि. एन.) |
|---|---|---|---|---|---|---|
| ५५ | | *Stromanthe sanguinea tricolor* | Stromanthe | बाह्य | Indoor | |
| ५६ | | *Tamarix chinensis* | Five-stamen tamarisk | बाह्य | Outdoor | LC |
| ५७ | माने फूल | *Thaumatophyllum bipinnatifidum* | Tree philodendron | बाह्य | Outdoor | |
| ५८ | मयुरपंखी धुपी | *Thuja orientalis* | Oriental Arborvitae | बाह्य | Outdoor | NT |
| ५९ | विस्टेरिया | *Wisteria sinensis* | Chinese wisteria | बाह्य | Outdoor | |
| ६० | युक्का | *Yucca gigantea 'Variegata'* | Yucca | बाह्य | Outdoor | DD |

*(स्रोतः स्थलगत सर्वेक्षण, २०८२)*

*(Note: DD: Data Deficient, LC: Least Concern, NT: Near Threatened, VU: Vulnerable, EN: Endangered, CR: Critically Endangered.)*

## तालिका २३ : होटल क्षेत्रमा देखिएको चराहरू

| क्र. सं. | स्थानिय नाम | अंग्रेजी नाम | बैज्ञानिक नाम | संरक्षित अवस्था | | पुष्टिकरण (प्रत्यक्ष स्पोटिंग) |
|---|---|---|---|---|---|---|
| | | | | आई. यु. सि. एन. | साइटिस २०१८ | |
| १ | कालीकण्ठे चिचिल्कोटे | Black-throated tit | *Aegithalos concinnus* | LC | | + |
| २ | नेपाल फूलबुट्टा | Nepal Fulvetta | *Alcippe nipalensis* | LC | | + |
| ३ | आली चिइयाँ | Paddyfield Pipit | *Anthus rufulus* | LC | | + |
| ४ | घर गौंथली | House Swift | *Apus nipalensis* | LC | | + |

| क्र. सं. | स्थानिय नाम | अंग्रेजी नाम | बैज्ञानिक नाम | संरक्षित अवस्था | | पुष्टिकरण (प्रत्यक्ष स्पोटिंग) |
|---|---|---|---|---|---|---|
| | | | | आई. यु. सि. एन. | साइटिस २०१८ | |
| ५ | गाजले पीतचरी | Yellow-Breasted GreenFinch | *Chloris spinoides* | LC | | + |
| ६ | स्वर्णोदर हरितचरा | Orange bellied Leafbird | *Chloropsis hardwickii* | LC | | + |
| ७ | काग | House Crow | *Corvus splendens* | LC | | + |
| ८ | पहाडी कोकले | Grey Treepie | *Dendrocitta formosae* | LC | | + |
| ९ | ध्वाँसे चिबे | Ashy drongo | *Dicrurus leucophaeus* | LC | | + |
| १० | पाल्कोटे | Rusty-cheeked scimitar babbler | *Erythrogenys erythrogenys* | LC | | + |
| ११ | नीलतुथो अर्जुनक | Verditer flycatcher | *Eumyias thalassinus* | LC | | + |
| १२ | कैलोपेटे जुरेली | Mountain bulbul | *Ixos mcclellandii* | LC | | + |
| १३ | भद्राई | Long tailed shrike | *Lanius schach* | LC | | + |
| १४ | कालीकण्ठे तोरीगाँडा | Rufous-chinned laughingthrush | *Lanthocincla rufogularis* | | | + |
| १५ | कालिज | Kalij Pheasant | *Lophura leucomelanos* | LC | III | + |
| १६ | सानो हजारा चाँचर | Blue-capped Rock-Thrush | *Monticola cinclorhyncha* | LC | | + |
| १७ | फुर्सो टिकटिके | Grey wagtail | *Motacilla cinerea* | LC | | + |
| १८ | कल्चौंडे | Blue whistling thrush | *Myophonus caeruleus* | LC | | + |
| १९ | ठुलो नीलतभा | Large Niltava | *Niltava grandis* | LC | | + |

| क्र. सं. | स्थानिय नाम | अंग्रेजी नाम | बैज्ञानिक नाम | संरक्षित अवस्था | | पुष्टिकरण (प्रत्यक्ष स्पोटिंग) |
|---|---|---|---|---|---|---|
| | | | | आई. यु. सि. एन. | साइटिस २०१८ | |
| २० | कर्रा सुगा | Alexandrine Parakeet | *Palaeornis eupatria* | NT | II | + |
| २१ | घर भँगेरा | House Sparrow | *Passer domesticus* | LC | | + |
| २२ | लामपुच्छ्रे रानीचरा | Long-tailed minivet | *Pericrocotus ethologus* | LC | | + |
| २३ | पीतोदर फिस्टो | Tickell's Leaf warbler | *Phylloscopus affinis* | LC | | + |
| २४ | तुमूलकारी फिस्टो | Grey-hooded warbler | *Phylloscopus xanthoschistos* | LC | | + |
| २५ | कालोगर्दने काठफोर | Grey Headed Woodpecker | *Picus canus* | LC | | + |
| २६ | न्याउली | Great barbet | *Psilopogon virens* | LC | | + |
| २७ | सोइरने तोरीगाँडा | White-throated laughingthrush | *Pterorhinus albogularis* | LC | | + |
| २८ | जुरेली | Red Vented Bulbul | *Pycnonotus cafer* | LC | | + |
| २९ | जुल्फे जुरेली | Himalayan Bulbul | *Pycnonotus leucogenys* | LC | | + |
| ३० | हिमाली झ्याप्सी | Grey Bushchat | *Saxicola ferreus* | LC | | + |
| ३१ | झेकझेक झ्याप्सी | Common Stonechat | *Saxicola torquatus* | LC | | + |
| ३२ | तामे ढुकुर | Oriental Turtle Dove | *Streptopelia orientalis* | LC | | + |
| ३३ | छिर्के तोरीगाँडा | Streaked Laughingthrush | *Trochalopteron lineatum* | LC | | + |
| ३४ | काङ्कीर | Indian White eye | *Zosterops palpebrosus* | LC | | + |

| क्र. सं. | स्थानिय नाम | अंग्रेजी नाम | बैज्ञानिक नाम | संरक्षित अवस्था | | पुष्टिकरण (प्रत्यक्ष स्पोटिंग) |
|---|---|---|---|---|---|---|
| | | | | आई. यु. सि. एन. | साइटिस २०१८ | |
| ३५ | काफल पाक्यो | Indian Cuckoo | *Cuculus micropterus* | LC | | + |

*(स्रोतः स्थलगत सर्वेक्षण, २०८२)*

*(Note: DD: Data Deficient, LC: Least Concern, NT: Near Threatened, VU: Vulnerable, EN: Endangered, CR: Critically Endangered; CITES Appendices- I: Appendix I, II: Appendix II, III: Appendix III)*

**तालिका २४ : नजिकको वन क्षेत्रमा पाइने वनस्पतिहरू**

| क्र. सं. | स्थानिय नाम | बैज्ञानिक नाम | संरक्षित अवस्था | | |
|---|---|---|---|---|---|
| | | | आई. यु. सि. एन. | साइटिस २०१८ | नेपाल सरकार |
| १ | बोझो | *Acorus calamus L.* | LC | | |
| २ | कालो वनमारा | *Ageratina adenophora* (Spreng.) R.M.King & H.Rob. | | | |
| ३ | ऊतिस | *Alnus nepalensis D. Don* | LC | | |
| ४ | बाँको | *Arisaema* sp. | | | |
| ५ | तीते पाते | *Artemisia indica* Willd. | | | |
| ६ | वन कुरिलो | *Asparagus filicinus Buch.-Ham. ex D.Don* | DD | | |
| ७ | ठुलो ओखती | *Astilbe rivularis* Buch.-Ham. ex D.Don | | | |
| ८ | जमानेमान्द्रो | *Berberis napaulensis* (DC.) Spreng. | | | |

| क्र. सं. | स्थानिय नाम | बैज्ञानिक नाम | संरक्षित अवस्था | | |
|---|---|---|---|---|---|
| | | | आई. यु. सि. एन. | साइटिस २०१८ | नेपाल सरकार |
| ९ | पाखनवेद | *Bergenia ciliata* (Haw.) Sternb | LC | | |
| १० | कालो कुरो | *Bidens pilosa* L. | | | |
| ११ | मसुरे कटुस | *Castanopsis tribuloides (Sm.) A. DC* | LC | | |
| १२ | जाई | *Chrysojasminum fruticans (L.) Banfi* | | | |
| १३ | चिन्डे | *Clerodendrum indicum* (L.) Kuntze | LC | | |
| १४ | सुनाखरी | Coelogyne cristata Lindl. | | II | |
| १५ | सुनाखरी | *Dendrobium heterocarpum* Wall. ex Lindl. | | II | |
| १६ | निगालो | *Drepanostachyum sp.* | | | |
| १७ | निमारो | *Ficus auriculata* Lour. | LC | | |
| १८ | दुधिलो | *Ficus neriifolia Sm.* | | | |
| १९ | चित्लांगे | Galinsoga quadriradiata Ruiz & Pav. | | | |
| २० | अल्लो | *Girardinia diversifolia* (Link) Friis, Kew Bull. | | | |
| २१ | अरेटो | *Hypericum cordifolium* Choisy. | | | |
| २२ | ओखर | *Juglans regia - L.* | LC | | संरक्षित |
| २३ | ठोट्ने | *Koenigia mollis* (D.Don) T.M.Schust. & Reveal. | | | |

| क्र. सं. | स्थानिय नाम | बैज्ञानिक नाम | संरक्षित अवस्था | | |
|---|---|---|---|---|---|
| | | | आई. यु. सि. एन. | साइटिस २०१८ | नेपाल सरकार |
| २४ | काँडे वनमारा | *Lantana camara L.* | | | |
| २५ | भुसुर | *Leucosceptrum canum* Sm. | LC | | |
| २६ | काउलो | *Machilus* sp. | | | |
| २७ | काफल | *Myrica esculenta Buch.-Ham. ex D. Don* | | | |
| २८ | सेती काठ | *Myrsine capitellata* Wall. | | | |
| २९ | पानी अमला | *Nephrolepis cordifolia (L.) C.Presl* | | | |
| ३० | रानी सल्लो | *Pinus wallichiana A. B. Jackson* | LC | | |
| ३१ | खुर्पानी | *Prunus armeniaca* L. | LC | | |
| ३२ | पैँयु | *Prunus cerasoides Buch.-Ham. ex D.Don* | LC | | |
| ३३ | मयल | *Pyrus pashia* Buch.-Ham. ex D. Don | LC | | |
| ३४ | बाँझ | *Quercus leucotrichophora A. Camus* | | | |
| ३५ | लालीगुराँस | *Rhododendron arboreum Sm.* | LC | | |
| ३६ | रानी भलायो | *Rhus succedanea* L. | LC | | |
| ३७ | मजिठो | *Rubia manjith* Roxb. | | | |
| ३८ | ऐंसेलु | *Rubus ellipticus* Sm. | LC | | |
| ३९ | चिराइतो | *Swertia chirayita* (Roxb.) H.Karst. | | | |

| क्र. सं. | स्थानिय नाम | वैज्ञानिक नाम | संरक्षित अवस्था | | |
|---|---|---|---|---|---|
| | | | आई. यु. सि. एन. | साइटिस २०१८ | नेपाल सरकार |
| ४० | सुगन्धवाल | *Valeriana jatamansi* Jones. | | | |
| ४१ | टिमुर | *Zanthoxylum armatum DC.* | LC | | |

*(स्रोत: स्थलगत सर्वेक्षण, २०८२)*

*(Note: DD: Data Deficient, LC: Least Concern, NT: Near Threatened, VU: Vulnerable, EN: Endangered, CR: Critically Endangered; CITES Appendices- I: Appendix I, II: Appendix II, III: Appendix III)*

**तालिका २५ : नजिकको वन क्षेत्रमा पाइने जीवजन्तुहरू**

| क्र. सं. | वन्यजन्तुको विवरण | | संरक्षित अवस्था | | | पुस्टिकरणका बिधि | |
|---|---|---|---|---|---|---|---|
| | नेपाली नाम | वैज्ञानिक नाम | नेपाल सरकार | आई.यु.सि.एन. रेड लिस्ट | साइटिस २०१८ | प्रत्यक्ष स्पोटिंग | अन्तर्क्रिया र अभिलेख |
| १ | चितुवा | *Panthera pardus* | VU | VU | I | - | + |
| २ | स्याल | *Canis aureus* | LC | LC | III | + | + |
| ३ | राते | *Muntiacus vaginalis* | VU | LC | - | + | + |
| ४ | बँदेल | *Sus scrofa* | LC | LC | - | - | + |
| ५ | लोर्खके | *Dremomys lokriah* | LC | LC | - | + | + |
| ६ | मलसाप्रो | *Martes flavigula* | LC | LC | - | - | + |

*(स्रोत: स्थलगत सर्वेक्षण, २०८२)*

*(Note: DD: Data Deficient, LC: Least Concern, NT: Near Threatened, VU: Vulnerable, EN: Endangered, CR: Critically Endangered; CITES Appendices- I: Appendix I, II: Appendix II, III: Appendix III)*

## ५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

### ५.३.१ मण्डनदेउपुर नगरपालिका

#### क. जनसाङ्ख्यिक विवरण

सञ्चालनरत होटल मण्डनदेउपुर नगरपालिका वडा नं. २ मा रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार मण्डनदेउपुर नगरपालिकामा पुरूषको भन्दा महिलाको जनसङ्ख्या धेरै रहेको छ। तल तालिकामा मण्डनदेउपुर नगरपालिकाको जनसाङ्ख्यिक विवरण प्रस्तुत गरिएको छ।

**तालिका २६ : मण्डनदेउपुर नगरपालिकाको जनसाङ्ख्यिक विवरण**

| क्र.सं. | विवरण | जनसाङ्ख्यिक विवरण |
|---|---|---|
| १ | घरपरिवार | ७,९२४ |
| २ | जनसङ्ख्या | ३०,३८१ |
| ३ | पुरूष | १४,८५३ |
| ४ | महिला | १५,५२८ |
| ५ | पुरूष/महिला | ९५.६५:१०४.३५:१०० |
| ६ | औसत घरपरिवार | ३.८३ |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

#### ख. धर्मावलम्वी अनुसारको जनसङ्ख्या

प्रस्तावित आयोजना प्रभावित मण्डनदेउपुर नगरपालिकामा सबै भन्दा धेरै जनसङ्ख्या हिन्दु धर्मावलम्वी रहेको छ। तल तालिकामा मण्डनदेउपुर नगरपालिकाको धर्मावलम्वी अनुसारको जनसङ्ख्या विवरण प्रस्तुत गरिएको छ।

**तालिका २७ : मण्डनदेउपुर नगरपालिकामा बसोबास गर्ने धर्मावलम्वी अनुसारको जनसङ्ख्या**

| क्र.सं. | मण्डनदेउपुर न.पा. | धर्मावलम्वी अनुसारको जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | २०,८७२ | ६८.७ |
| २ | बौद्ध | ८,५९८ | २८.३ |
| ३ | क्रिस्चियन | ५४७ | १.८ |
| ४ | प्रकृति | २४३ | ०.८ |
| ५ | इस्लाम | ३० | ०.१ |

| | | | |
|---|---|---|---|
| ६ | जम्मा | ३०,३८१ | १०० |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

### ग. बोलिने भाषा अनुसारको जनसङ्ख्या

प्रस्तावित आयोजना रहने मण्डनदेउपुर नगरपालिकामा विस भन्दा धेरै भाषा बोल्ने बासिन्दाहरूको बसोबास रहेको छ। यस नगरपालिकामा सबै भन्दा धेरै नेपाली भाषा बोल्ने बासिन्दा रहेका छन्। तल तालिकामा बोलिने भाषा अनुसारको जनसङ्ख्या विवरण प्रस्तुत गरिएको छ।

**तालिका २८ : नगरपालिकामा बोलिने भाषा अनुसारको जनसङ्ख्या**

| क्र.सं. | बोलिने भाषा | जनसङ्ख्या | पुरूष | महिला |
|---|---|---|---|---|
| १ | नेपाली | १७,१९६ | ८,३६२ | ८,८२० |
| २ | तामाङ | ८,८११ | ४,२४८ | ४,५५० |
| ३ | दनुवार | १,८२२ | ९०६ | ९१६ |
| ४ | नेवारी | १,३६७ | ७१३ | ६६८ |
| ५ | राई | ६९९ | ३८६ | ३५७ |
| ६ | अन्य | ४८६ | २३८ | २१७ |
| **जम्मा** | | **३०,३८१** | **१४,८५३** | **१५,५२८** |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

### घ. जाति अनुसारको जनसङ्ख्या

दश भन्दा धेरै जाति रहेको यस नगरपालिकामा सबैभन्दा धेरै ब्राह्मण जातिको बसोबास रहेको छ। तल तालिकामा मण्डनदेउपुर नगरपालिकामा बसोबास गर्ने मुख्य जातजातिको जनसङ्ख्या विवरण प्रस्तुत गरिएको छ।

**तालिका २९ : मण्डनदेउपुर नगरपालिकाको जाति अनुसारको जनसङ्ख्या**

| क्र.सं. | जाति | जाति अनुसारको जनसङ्ख्या | पुरूष | महिला |
|---|---|---|---|---|
| १ | ब्राह्मण पहाडी | ९,०५४ | ४,४११ | ४,६५८ |
| २ | तामाङ | ८,९३२ | ४,३०७ | ४,६१२ |
| ३ | क्षेत्री | २,६१३ | १,२७७ | १,३५१ |

| | | | | |
|---|---|---|---|---|
| ४ | नेवार | २,००५ | १,०२५ | ९७८ |
| ५ | दनुवार | १,८२३ | ९०६ | ९३२ |
| ६ | मिजार | ९७२ | ४७५ | ४९७ |
| ७ | विश्वकर्मा | ८८१ | ४१६ | ४६६ |
| ८ | राई | ७९० | ४१६ | ४१९ |
| ९ | परियार | ७९० | ३८६ | ३८८ |
| १० | अन्य | २,५२१ | १,२३४ | १,२२७ |
| **जम्मा** | | **३०,३८१** | **१४,८५३** | **१५,५२८** |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

**ङ. साक्षरता**

मण्डनदेउपुर नगरपालिकाको कुल जनसङ्ख्या मध्ये पाँच वर्ष भन्दा माथिको ७२.६ प्रतिशत जनसङ्ख्या पढ्न र लेख्न सक्षम रहेका छन्। तल तालिकामा मण्डनदेउपुर नगरपालिकाको साक्षरता स्थिति प्रस्तुत गरिएको छ।

**तालिका ३० : मण्डनदेउपुर नगरपालिकाको साक्षरता स्थिति**

| क्र.सं. | साक्षरता स्थिति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लेख्न पढ्न सक्ने | २०,५५४ | ७२.६ |
| २ | पढ्न मात्रै सक्ने | १४१ | ०.५ |
| ३ | लेख्न पढ्न नसक्ने | ७,६१६ | २६.९ |
| ५ | पाँच वर्षदेखि माथिको जनसङ्ख्या | २८,३११ | १०० |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

**च. खानेपानीको स्रोत**

मण्डनदेउपुर नगरपालिकाका अधिकांश घरहरूमा पाइपद्वारा वितरित खानेपानीको सुविधा रहेको छ। तल तालिकामा मण्डनदेउपुर नगरपालिकाका घरपरिवारमा वितरित खानेपानीको स्रोत विवरण प्रस्तुत गरिएको छ।

**तालिका ३१ : मण्डनदेउपुर नगरपालिकाको खानेपानी सुविधा**

| क्र.सं. | पानीको स्रोत | घर परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | घर परिसरमा धारा | ३,१७३ | ४०.०४ |
| २ | घर परिसर बाहिर धारा | ३,०९६ | ३९.०७ |
| ३ | चापाकल | ९ | ०.११ |
| ४ | ढाकिएको इनार | २७२ | ३.४३ |
| ५ | नढाकिएको इनार | ४२४ | ५.३५ |
| ६ | बर्षातको पानी | ९२१ | ११.६२ |
| ७ | खोलाको पानी | १९ | ०.२४ |
| ८ | जारको पानी | ५ | ०.०६ |
| ९ | अन्य | ५ | ०.०६ |
| **जम्मा** | | **७,९२४** | **१००** |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

**छ. शौचालय सुविधा**

मण्डनदेउपुर नगरपालिकाका २६५ घरहरूमा शौचालय सुविधा नभएको देखिएको छ। तल तालिकामा मण्डनदेउपुर नगरपालिकाका घरपरिवारमा रहेको शौचालय सुविधा विवरण प्रस्तुत गरिएको छ।

**तालिका ३२ : मण्डनदेउपुर नगरपालिकामा शौचालय सुविधा**

| क्र.सं. | शौचालय सुविधा | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | आधुनिक शौचालय (सेफ्टी ट्याङ्क) | ४,०६८ | ५१.३ |
| २ | खाल्डे चर्पी | ३,४२३ | ४३.२ |
| ३ | सार्वजनिक शौचालय | २३ | ०.३ |
| ४ | सुविधा नभएको | २६५ | ३.३ |
| **जम्मा** | | **७,९२४** | **१००** |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

**ज. खाना पकाउने ऊर्जाको स्रोत**

मण्डनदेउपुर नगरपालिकाका अधिकांश घरहरूमा खाना पकाउनका लागि दाउरा प्रयोग गर्ने गरेका छन्, खाना पकाउने स्रोत दाउराका अतिरिक्त एल.पी. ग्याँस प्रयोग गर्ने सङ्ख्या पनि उल्लेख्य रहेको छ। तल तालिकामा मण्डनदेउपुर नगरपालिकाका घरहरूमा खाना पकाउनका लागि प्रयोग गरिने ऊर्जा विवरण प्रस्तुत गरिएको छ।

**तालिका ३३ : खाना पकाउनका लागि ऊर्जाको स्रोत**

| क्र.सं. | ऊर्जाको स्रोत | घर परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | दाउरा | ४,२४८ | ५३.६१ |
| २ | एल.पी. ग्याँस | ३,३९७ | ४२.८७ |
| ३ | अन्य | २७९ | ३.५२ |
| **जम्मा** | | **७,९२४** | **१००** |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

**झ. *बत्तीका लागि ऊर्जाको स्रोत***

मण्डनदेउपुर नगरपालिकाका अधिकांश घरहरूमा बत्तीका लागि नेपाल विद्युत प्राधिकरणको विद्युत प्रयोग गर्ने गरेका छन्। तल तालिकामा मण्डनदेउपुर नगरपालिकामा बत्तीका लागि प्रयोग गर्ने गरेको बत्तीको स्रोत विवरण प्रस्तुत गरिएको छ।

**तालिका ३४ : बत्तीका लागि ऊर्जाको स्रोत**

| क्र.सं. | ऊर्जाको स्रोत | घर परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | विजुली | ७,८३० | ९८.८१ |
| २ | सोलार | ७४ | ०.९३ |
| ३ | मटितेल | १३ | ०.१६ |
| ४ | अन्य | ७ | ०.०९ |
| **जम्मा** | | **७,९२४** | **१००** |

*(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*

### ५.३.२ मण्डनदेउपुर नगरपालिका वडा नं. २

#### क. घरपरिवार, जनसङ्ख्या, शिक्षा, खानेपानी तथा सरसफाइ

स्थलगत अध्ययनका क्रममा मण्डनदेउपुर नगरपालिका वडा नं. २ का जनप्रतिनिधीि तथा स्थानीय जानकार महानुभावहरूबाट नगरपालिका, वडा तथा प्रभावित बस्तीका बारेमा जानकारी लिइएको थियो। वडाको घरपरिवार, जनसङ्ख्या तथा सामाजिक तथा आर्थिक स्थितिको सर्वेक्षण भैरहेको र सो प्रकाशित हुन केही समय लाग्ने जानकारी प्राप्त भयो। वडा जनप्रतिनिधिहरूले दिएको जानकारी अनुसार मण्डन देउपुर नगरपालिका वडा नं. २ मा ६३० घरपरिवार रहेको जानकारी प्राप्त भयो।वडाध्यक्ष श्री राजकुमार मल्लका अनुसार यस वडामा १,३६० जना पुरूषको जनसङ्ख्या रहेको छ भने महिलाको जनसङ्ख्या १,३३० रहेको छ। यस वडामा ४ वटा सरकारी विद्यालयहरू रहेका छन् जस मध्ये २ वटा माध्यमिक स्तरका रहेका छन् भने २ वटा आधाभूत स्तरका रहेका छन्। जनप्रतिनिधी श्री मल्लज्युका अनुसार यस वडामा सबै बासिन्दाहरू पढ्न र लेख्ने सक्षम रहेका छन्। स्वास्थ्य सेवाका लागि यस वडामा एक हेल्थपोष्ट रहेको छ भने एक शहरी स्वास्थ्य केन्द्र रहेको छ। वडाध्यक्ष मल्ल ज्यूका अनुसार यस वडामा ४ वटा सामुदायिक वन रहेका छन् भने २ वटा कवुलियत वन रहेका छन्। यस वडाका ६३० घर मध्ये २५० घरमा एक घर एक धारा रहेका छन् भने अन्य घरहरूमा मुहानको पानी खाने गरेको जानकारी पाइयो। यस वडाका सबै घरहरूमा पक्की शौचालयको सुविधा रहेको जानकारी पाइयो। वडाध्यक्ष श्री मल्लज्यूका अनुसार यस वडाका सबै घरहरूमा नेपाल विद्युत प्राधिकरणको बत्ती सुविधा रहेको भने खाना पकाउनका लागि दाउरा र एल.पी. ग्याँस प्रयोग गर्ने गरेका छन्*(स्रोतः स्थलगत अध्ययन, २०८०)* ।

स्थानीय जानकार महानुभाव श्री नविन गुरूङबाट प्राप्त जानकारी अनुसार गैरी समारा वस्तीमा तामाङ, नेवार, गुरूङ र नेवार जातिको बसोबास रहेको छ। गैरीसमारा वस्तीका सबै बासिन्दाहरू नेपाली भाषा बोल्न जानेका छन् भने घरपरिवारमा तामाङ भाषा बोल्ने गर्दछन्। गुरूङका अनुसार यस वस्तीका बासिन्दाहरू हिन्दु र बौद्ध धर्म मान्छन्। यस वस्तीका बासिन्दाहरूको मुख्य पेशा कृषि हो भने वैदेशिक रोजगारी र पर्यटन व्यवसायलाई पनि दैनिकीका रूपमा आधार बनाउदै आएका छन्। श्री नविन गुरूङका अनुसार मिस्टिक माउण्टेन रिसोर्ट सञ्चालनबाट स्थानीय बासिन्दाहरूले रोजगारीका अवसर पाएका छन् र साथै नजिक रहेका होमस्टे, किराना पसल तथा खाजा पसलहरूको व्यापार बढेको छ। मिस्टिक माउण्टेन रिसोर्टको निर्माण तथा सञ्चालनबाट गैरीसमारा वस्तीको मात्र नभै समग्र नगरकोटको पर्यटन व्यवसायका सकारात्मक प्रभाव परेको छ। श्री नविन गुरूङ आफै नगरकोट-नाल्दुम पर्यटन विकास समितिको अध्यक्ष

रहेको र छिमेकीको हैसियतले दिएको सुझाव अनुसार रिसोर्ट र स्थानीहरूको विच समन्वय भैरहेको र यसलाई भविष्यमा पनि यस्तै सम्वन्ध कायम राखिनु पर्छ भन्ने सुझाव दिनु भएको थियो। साथै वहाँका थप सुझावहरूमा स्थानीय संस्कृति जगेर्नाका लागि सहयोग गरिनु पर्छ र स्थानीय उत्पादनका लागि प्रोत्साहन र खरिद गरिनु पर्छ भन्ने थियो *(स्रोतः स्थलगत अध्ययन, २०८२)*।

## ५.३.३ होटल रहेको क्षेत्रबाट नजिक रहेका बस्तीहरू

### क. बस्ती, जाति, घरपरिवार जनसङ्ख्या तथा मुख्य पेसा

मण्डनदेउपुर नगरपालिका वडा नं. २ को रोहिणी (गैरीसमारा) मा रहेको यस सञ्चालनरत होटलको उत्तर तर्फ कात्तिके र गैरी समारा बस्ती रहेको छ। सञ्चालनरत होटल नगरकोट बजार देखि करिब २,५०० मिटर पूर्वतर्फ रहेको छ। यस होटलको करिब चार किलोमिटर उत्तर-पूर्वमा रोहिणी साठीकुरिया बस्ती रहेको छ। यस होटलबाट करिब ४ किलोमिटर उत्तरमा गोल्डाँडा मकैबारी बस्ती रहेको छ भने करिब ५ किलोमिटर उत्तरमा नाल्दुम बस्ती रहेको छ। होटल नजिक रहेका बस्तीहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३५ : खाना पकाउनका लागि ऊर्जाको स्रोत**

| क्र.सं. | बस्ती | मुख्य जाति | घर | जनसङ्ख्या | मुख्य पेसा |
|---|---|---|---|---|---|
| १ | रोहिणी साठी कुरिया | गुरूङ - तामाङ | ५५ | ३५० | कृषि - दैनिक ज्यालादारी |
| २ | गोलडाडा मकैबारी | तामाङ | २२ | १३४ | कृषि, व्यापार र दैनिक ज्यालादारी |
| ३ | नाल्दुम टोल | तामाङ | ४० | २२५ | कृषि, वैदेशिक रोजगारी, दैनिक ज्यालादारी |

*(स्रोतः स्थलगत अध्ययन, २०८०)*

### ख. खानेपानी, शौचालय र ऊर्जा

स्थलगत अध्ययनका क्रममा प्राप्त जानकारी अनुसार यी बस्तीहरूमा खानेपानीका लागि पाइपद्वारा वितरित पानी रहेको छ भने सबै घरहरूमा पक्की शौचालयको सुविधा रहेको छ *(स्रोतः स्थलगत अध्ययन, २०८०)*।

### ग. शैक्षिक संस्था र साक्षरता स्थिति

स्थलगत अध्ययनका क्रममा प्राप्त जानकारी अनुसार यस बस्तीका बासिन्दाहरूको सबै भन्दा नजिक रहेको विद्यालय नगरकोट स्थित महाकाली मा.वि. हो भने यस मा.वि. का अतिरिक्त एक मा.वि. र २ आधारभुत विद्यालयहरू रहेका छन्। जनप्रतिनिधि तथा स्थानीय महानुभावहरूले दिएको जानकारी अनुसार यी बस्तीका सबै बासिन्दाहरू लेख्न र पढ्न सक्ने रहेका छन् *(स्रोतः स्थलगत अध्ययन, २०८०)*।

### घ. ऊर्जाको स्रोत

स्थलगत अध्ययनका क्रममा प्राप्त जानकारी अनुसार यी सबै बस्तीमा खाना पकाउनका लागि दाउरा र एल.पी. ग्याँस प्रयोग गर्ने गरेको पाइयो। दाउरा र एल.पी. ग्याँसका अतिरिक्त सबै घरहरूमा विजुलीबाट चल्ने इण्डक्सन चुलो पनि प्रयोग गर्ने गरेको जानकारी पाइयो। बत्तीका लागि सबै घरहरूमा नेपाल विद्युत प्राधिकरणद्वारा वितरित विजुली प्रयोग गर्ने गरेका छन् *(स्रोतः स्थलगत अध्ययन, २०८०)*।

## ५.३.४ होटल रहेको क्षेत्रबाट नजिक रहेका घरहरू

### क. घरपरिवार तथा जाति

होटल मण्डनदेउपुर नगरपालिका वडा नं. २ मा रहेको होटलको उत्तरतर्फ गैरीसमारा बस्ती रहेको छ। गैरीसमारा बस्तीमा २० घरपरिवारको बस्ती रहेको छ। सबैभन्दा धेरै तामाङ बस्ती रहेको यस बस्तीमा ९ घर तामाङ जातिको रहेको छ, ८ घर गुरूङ जातिको रहेको छ भने ३ घर ब्राम्हण जातिको रहेको छ। गैरीसमारा स्थित घरमुलीको नाम तथा जाति विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३६ : घरमुलीको नाम विवरण**

| क्र.सं. | घरमुलीको नाम | थर |
|---|---|---|
| १ | तेज वहादुर तामाङ | तामाङ |
| २ | नम्वर तामाङ | तामाङ |
| ३ | सोम तामाङ | तामाङ |
| ४ | विनोद तामाङ | तामाङ |
| ५ | श्याम वहादुर तामाङ | तामाङ |
| ६ | ओशिस तामाङ | तामाङ |

| | | |
|---|---|---|
| ७ | चतुर तामाङ | तामाङ |
| ८ | ज्ञान वहादुर तामाङ | तामाङ |
| ९ | रूवा तामाङ | तामाङ |
| १० | राजकुमार गुरूङ | गुरूङ |
| ११ | माइला गुरूङ | गुरूङ |
| १२ | नारन गुरूङ | गुरूङ |
| १३ | सानोकान्छा गुरूङ | गुरूङ |
| १४ | उद्धव गुरूङ | गुरूङ |
| १५ | नविन गुरूङ | गुरूङ |
| १६ | लक्ष्मी गुरूङ | गुरूङ |
| १७ | सहदेव गुरूङ | गुरूङ |
| १८ | रामचन्द्र तिमिल्सिना | ब्राह्मण |
| १९ | नवराज तिमिल्सिना | ब्राह्मण |
| २० | गोकुल तिमिल्सिना | ब्राह्मण |

*(स्रोतः स्थलगत अध्ययन, २०८०)*

### ख. भाषा तथा धर्म

स्थलगत अध्ययनका क्रममा प्राप्त जानकारी अनुसार गैरीसमारा बस्तीका सबै बासिन्दाहरू नेपाली भाषा र तामाङ बोल्ने गर्दछन्। स्थानीय महानुभावहरूले दिएको जानकारी अनुसार सबै स्थानीयहरू हिन्दु तथा बौद्ध धर्म मान्ने गरेको जानकारी पाइयो *(स्रोतः स्थलगत अध्ययन, २०८०)*।

### ग. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई

स्थलगत अध्ययनका क्रममा प्राप्त जानकारी अनुसार गैरीसमारा बस्तीका सबै बासिन्दाहरू पढ्न र लेख्न सक्षम रहेका छन्। यस बस्तीका बासिन्दाहरूका लागि आधारभूत शिक्षा र माध्यमिक शिक्षाका लागि नगरकोट स्थित महाकाली मा.वि. मा पढ्ने गरेको जानकारी पाइयो। प्राप्त जानकारी अनुसार यस बस्तीमा कुनै व्यक्ति शारिरिक अशक्त रहेका छैनन्। स्वास्थ्य सेवाका लागि यस बस्तीका बासिन्दाहरू शहरी स्वास्थ्य केन्द्र नगरकोट र हेल्थपोष्टमा जाने गरेको जानकारी पाइयो। स्थलगत अध्ययनका क्रममा गैरी समारा बस्तीका बासिन्दाहरू खानेपानीका लागि पाइपद्वारा वितरित खानेपानी प्रयोग गर्ने गरेको पाइयो। स्थलगत अध्ययनका क्रममा प्राप्त

जानकारी अनुसार यस बस्तीका सबै घरहरूमा पक्की शौचादय रहेको जानकारी पाइयो *(स्रोतः स्थलगत अध्ययन, २०८०)*।

### घ. ऊर्जा तथा सडक पहुँच

गैरी समारा बस्तीका सबै घरहरूमा बत्तीका लागि नेपाल विद्युत प्राधिकरणद्वारा वितरित बत्ती रहेको छ भने यस बस्तीमा कच्ची सडकको पहुँच रहेको छ *(स्रोतः स्थलगत अध्ययन, २०८०)*।

### ङ. पेसा तथा जग्गामा पहुँच

स्थलगत अध्ययनका क्रममा प्राप्त जानकारी अनुसार गैरी समारा बस्तीका घरपरिवारहरू सुकुम्बासी रहेका छैनन्। प्राप्त जानकारी अनुसार सबै घरपरिवारहरूको मुख्य पेसा कृषि रहेको छ। कृषि पेसाका अतिरिक्त स्थानीयहरू पर्यटन व्यवसाय, दैनिक ज्यालादारी, वैदेशिक रोजगारीमा पनि संलग्न रहेका छन्*(स्रोतः स्थलगत अध्ययन, २०८०)*।

### च. घरधुरी सर्वेक्षणका क्रममा प्राप्त जानकारी

स्थलगत अध्ययनका क्रममा मिस्टिक माउण्टेनदेखि सबै भन्दा नजिक घर रहेको नम्वर तामाङसँग सञ्चालनरत रिसोर्ट र प्रस्तावित आयोजनाको विशेषता र यसबाट पर्न सक्ने प्रभावका बारेमा सोधपुछ गरिएको थियो। सोधपुछका क्रममा नम्वर तामाङको आफ्नो घरपरिवार विवरण र प्रस्तावित आयोजनाबारे धारणा दिनु भएको थियो। प्रस्तावित आयोजना देखि वहाँको घर दश मिटर उत्तरमा रहेको छ। कृषि तथा किराना पसल चलाएर आफ्नो जीवन गुजारा गर्नु भएका श्री नम्वर तामाङको घरमा तामाङ भाषा नै बोल्ने गरेको बताउनु भयो। वहाँका अनुसार कृषि र पर्यटनमा संलग्न वहाँको परिवार रिसोर्ट निर्माण तथा सञ्चालनबाट गैरीसमारा वस्तीलाई सकारात्मक प्रभावहरू परेको जानकारी दिनु भयो। वहाँका अनुसार रिसोर्ट सञ्चालनका चरणमा स्थानीयहरूसंग समन्वय गरेर सञ्चालन गरेको जानकारी दिनुभयो। आउने दिनमा पनि रिसोर्टले स्थानीयहरूसंग समन्वय गरेर अगाडि बढ्नु पर्ने सुझाव दिनु भएको थियो, साथै स्थानीय संस्कृति संरक्षणका लागि आवश्यक समन्वय गरिनु पर्छ भनेर सुझाव दिनुभएको थियो *(स्रोतः स्थलगत अध्ययन, २०८२)*।

### छ. सञ्चालनरत रिसोर्टमा काममा संलग्न कर्मचारीबाट प्राप्त सुझाव

स्थलगत अध्ययनका क्रममा सञ्चालनरत मिस्टिक माउण्टेन रिसोर्टका कर्मचारीसंग पनि प्रश्नावली मार्फत सुझाव सङ्कलन गरिएको थियो। प्रश्नावली मार्फत सुझाव सङ्कलन गर्दा फुड एण्ड वेभरेज

विभागका निरोज गौतम, एक्जुकेटिभ फ्रन्ट अफिसबाट अपिल गणेजु, गार्डेन हेरचाह गर्ने लक्ष्मी गुरूङ बोहोरा, हाउसकिपिङबाट ऋषिराम थापा र किचनमा काम गर्ने सन्तोष सुनारबाट सझाव लिइएको थियो ।

छ वर्ष देखि मिस्टिक माउण्टेन रिसोर्टमा काम गर्दै आएका निरोज गौतमले सबै सुझावहरू सकारात्मक दिनुभयो। एक वर्ष देखि किचनमा काम गर्दै आएका सन्तोष सुनारको पनि सबै प्रश्नावलीका सुझावहरू सकारात्मक छन्। एक वर्ष अगाडि देखि हाउस किपिङमा काम गरेका ऋषिराम थापाको पनि सबै सुझावहरू सकारात्मक रहेको पाइयो। तिन वर्ष देखि गार्डेनमा काम गर्दै आएकी लक्ष्मी गुरूङ बोहोराका अधिकांश सुझाव सकारात्मक रहेको भएपनि नियमित स्वास्थ्य परीक्षण नभएको कुरा गर्नु भएको थियो भने करारमा राखिएका सबै कर्मचारीलाई स्थायी बनाउनु पर्छ भनेर सुझाव दिनुभएको थियो। आठ वर्ष देखि मिस्टिक माउण्टेन रिसोर्टको फ्रन्ट अफिसमा काम गर्दै आएका श्री अपिल गणेजुले दिएको सुझाव अनुसार नियमित स्वास्थ्य परीक्षण गराउनु पर्ने, नेपाल सरकारको नियमानुसार रिसोर्टले सेवा र सुविधा उपलव्ध गराउनु पर्ने, कामको मूल्याङ्न गरेर प्रोत्साहन भत्ता उपलव्ध गराउनु पर्ने र हाल दिइदै आएको सबै सुविधाहरूलाई निरन्तरता दिइनु पर्ने भन्ने रहेको छ *(स्रोतः स्थलगत अध्ययन, २०८१)*।

### ५.३.५ सांस्कृतिक वातावरण

होटलबाट प्रभावित क्षेत्रमा बौद्ध धर्मावलम्वी तथा हिन्दु धर्मावलम्वीहरूको बसोबास रहेको छ। होटलबाट प्रभावित क्षेत्रमा सोनाम ल्होसार, तमु ल्होसार, दसैं, तिहार, बुद्ध जयन्ती, जनै पूर्णिमा, कृष्ण जन्माष्टमी, माघे सक्रान्ती जस्ता चाडपर्वहरू मनाउने गरिन्छ। होटल देखि करिब दुई सय मिटर पश्चिममा रहेको महांकाल मन्दिर यस क्षेत्रको नजिकको प्रसिद्ध मन्दिर हो। होटलबाट प्रभावित क्षेत्रका हिन्दु धर्मावलम्वीहरू मृत्य पश्चात तीन किलोमिटर दुरीमा रहेको गडगडे खोलामा मृत्यु संस्कार गर्दछन् भने तामाङ जातिहरू मृत्य पश्चात करिब तिन सय मिटर पश्चिममा रहेको चिहान डाँडामा मृत्यु संस्कार गर्ने चलन रहेको छ। होटलबाट प्रभावित क्षेत्रमा स्थानीयहरूको मठ मन्दिरहरू नरहेको जानकारी पाइयो *(स्रोतः स्थलगत अध्ययन, २०८०)* ।

# परिच्छेद ६: प्रस्ताव कार्यान्वयनका विकल्पहरू

वैकल्पिक विश्लेषण वातावरणीय प्रभाव मूल्याङ्कनको एक महत्वपूर्ण अंग हो। आयोजनासँग सम्बन्धित विभिन्न पक्षहरूको विकल्प विश्लेषणको मुख्य उद्देश्य भनेको विकास निर्माणका कार्यहरू गर्दा सकारात्मक प्रभावहरूलाई बढोत्तरी र नकारात्मक प्रभावहरू कम हुने प्रकारको क्रियाकलापलाई अंगीकार गर्नु हो। यस अध्यायमा निम्न गतिविधिहरू अन्वेषण गरिएको छ।

## ६.१ कार्य विकल्प

नेपालमा होटल/रिसोर्ट र लज उद्योगलाई नेपाली अर्थतन्त्रको विकासको आधार मानिन्छ। देशमा होटलहरूको स्थापना र सञ्चालनले राष्ट्रिय अर्थतन्त्रलाई राम्रो बनाउँदछ र दक्ष तथा कुशल जनशक्तिलाई रोजगारी सिर्जना गर्दछ। यस होटलको स्तरोन्नतिले थप मानिसहरूलाई रोजगारीको अवसर प्रदान गर्दछ। साथै यस होटलमा प्राय जसो full occupancy हुने गर्दछ, जसको कारण थप कोठाहरूको निर्माणले पर्यटकहरूलाई नगरकोटमा बस्न आकर्षित गर्दछ।

## ६.२ वैकल्पिक आयोजना स्थान

यस होटल कुनै पनि ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्त्व रहेको स्थानमा पर्दैन। यस होटलको प्रस्तावित भवनहरू निर्माण हुने जग्गा कम्पनीको स्वामित्वमा रहेको खाली जग्गा हो। भवनहरूको निर्माण तथा सञ्चालनले वरिपरिको वातावरणमा पर्ने प्रभावहरू न्यूनीकरण गर्न सकिने भएकोले प्रस्तावित भवनहरू निर्माण र सञ्चालनको लागि उपयुक्त भेटियो। त्यसैले आयोजना स्थानको लागि विकल्प आवश्यक रहेको छैन।

## ६.३ वैकल्पिक डिजाइन

प्रस्तावित भवनहरूको लागि तयार गरिएको डिजाइन ड्रईङ्गहरू आयोजना स्थानलाई मध्यनजर राखेर बनाइएको छ। तारे होटलमा हुनु पर्ने सम्पूर्ण सुरक्षात्मक पूर्वाधारहरू यस भवनमा हुनेछ। हाल यस होटलमा S.T.P. नरहेको र स्तरोन्नति गर्दा S.T.P. स्थापना गर्ने प्रस्ताव रहेको छ।

## ६.४ वैकल्पिक साधनहरू

ऊर्जा खपत र जलवायु परिवर्तनको बढ्दो चिन्तालाई ध्यानमा राख्दै प्रस्तावित आयोजनाले वातावरणमैत्री नवीकरणीय ऊर्जाहरू जस्तै विद्युतको प्रयोग गरिनेछ। ठोस फोहोरको उत्पादनमा

प्लास्टिकको परिमाण घटाउन पानीको बोतलहरू पुनर्भरण गर्ने अभ्यास वा प्लास्टिकको बोतलको सट्टा गिलास र स्टीलको बोतलहरू प्रयोग गरेर पाहुनाको आवश्यकता अनुसार पुनर्भरण र पुनः प्रयोग गर्ने अभ्यासहरू अनुशरण गर्न सकिन्छ। वैकल्पिक संसाधन अपनाउँदा बगैंचाबाट निस्केको झारपात र भान्साबाट निस्कने कुहिने फोहोरलाई कम्पोस्टमा रूपान्तरण गर्न सकिन्छ। यी प्रक्रियाहरू अपनाउँदा होटलबाट निस्कने फोहोरको मात्रा कम हुन्छ र यसले वातावरण सफा राख्नमा केही हदसम्म मद्दत पुऱ्याउँदछ।

# परिच्छेद ७ : प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव

अध्ययन टोलीद्वारा होटल निर्माण तथा सञ्चालन चरणको बखत प्रभावहरूको पहिचान र पूर्वानुमान उपस्थित कार्य/गतिविधिहरूलाई उचित ध्यान दिएर गरिएको छ। दुवै सकारात्मक तथा नकारात्मक प्रभावहरूको अध्ययन र विश्लेषण गरिएको छ। सम्भावित प्रभावहरूलाई तीन पक्षमा विभाजन गरिएको छः भौतिक, जैविक, सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण। पूर्वानुमानित वातावरणीय प्रभावहरूलाई परिमाण, सीमा र अवधिको आधारमा वातावरण संरक्षण नियमावली, २०७७ मा दिईएका दिशा निर्देशहरूको आधारमा मूल्याङ्कन गरिएको छ। विशेषज्ञको मूल्याङ्कन बाहेक अन्य त्यस्तै समान आयोजनाहरूबाट आएका अनुभवहरूलाई वातावरणीय प्रभावहरूको पूर्वानुमानका लागि उपकरणको रूपमा पनि लिइएको छ।

## ७.१ सकारात्मक प्रभाव

### अ. निर्माण चरण

### क. रोजगारीको अवसर

प्रस्तावित थप भवनको निर्माण चरणमा विभिन्न योग्यता भएका दैनिक करिब ५० देखि ६० जना जनशक्तिको आवश्यकता हुने अनुमान गरिएको छ। अधिकांश जनशक्ति स्थानीय समुदायबाट सीप तथा दक्षता अनुरूप नियुक्ति गरिनेछ। यसले स्थानीयलाई रोजगारीको अवसर प्रदान गरी स्थानीय अर्थव्यवस्थालाई वृद्धि गर्नेछ। यसले श्रमिकहरूको सीप र क्षमता विकास गर्न मद्दत गर्दछ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, स्थानीय, परिमाणमा निम्न र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

### आ. सञ्चालन चरण

### क. स्थानीयलाई रोजगारीको प्राथमिकता तथा अवसर

यस होटलमा हाल ८१ जना पुरूष र २९ जना महिला गरी कुल ११० जना कामदारहरू कार्यरत छन्, जसमा ९०% स्थानीय रहेका छन्। त्यसै गरी होटलको पूर्ण सञ्चालनको क्रममा विभिन्न तहका कर्मचारीहरू गरेर करिब २६० जना जनशक्ति आवश्यक पर्ने देखिन्छ। सञ्चालन चरणमा दक्ष, अदक्ष तथा अर्धदक्ष जनशक्तिहरूको आवश्यकता पर्नेछ र दक्षता अनुसार स्थानीयहरूलाई रोजगारीका लागि प्राथमिकीकरण गरिनेछ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, स्थानीय, परिमाणमा मध्यम र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ख. पर्यटन विकास**

नगरकोट काठमाण्डौ उपत्यका भित्रको पुरानो पर्यटकिय क्षेत्र हो। यो ठाउँ वर्षौ देखि अहिलेसम्म आन्तरिक पर्यटकहरूको वनभोजको गन्तव्यस्थल रहनुका साथै यहाँ थुप्रै अन्तराष्ट्रिय स्तरका होटलहरू पनि छन्। प्रस्तावित होटलको निर्माण तथा सञ्चालनले यस क्षेत्रको पर्यटन विकासमा उल्लेखनीय योगदान पुऱ्याउने देखिन्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, क्षेत्रीय, परिमाणमा उच्च र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ग. राजस्व सङ्कलन**

होटल सञ्चालनबाट स्थानीय निकाय र संघीय सरकारको राजस्वमा वृद्धि हुन्छ भने होटल वरपरका मानिसहरूलाई पसल तथा हस्तकला (स्थानीय सांस्कृतिक कलात्मक सामग्री) का सामानहरू विक्री वितरण गर्ने अवसर प्रदान गर्दछ र तिनीहरूलाई जीविकोपार्जन गर्न मद्दत गर्दछ। कर्मचारीको रूपमा कार्यरत स्थानीयले आफ्नो जीविका चलाउने अवसर पाएका छन्। जसले स्थानीय अर्थव्यवस्था वृद्धि गर्न मद्दत गर्दछ। त्यस्तै सुविधाजनक होटलको सञ्चालनले देशलाई पर्यटनबाट आय आर्जन गर्न लाभान्वित गर्दछ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, स्थानीय, परिमाणमा मध्यम र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**घ. स्थानीय उत्पादनलाई प्रयोग गरी स्थानीय आर्थिक गतिविधिमा वृद्धि**

सञ्चालनरत यस होटलले किचनका लागि स्थानीय हरियो तरकारी, सागसब्जी तथा अन्य स्थानीय उत्पादनहरू स्थानीय हाट बजारबाट खरिद गर्दै आएको छ। होटलको स्तरोन्नती पश्चात् थप मागका कारण स्थानीय आपूर्ति मजबुत बनी कृषक, संकलनकर्ता र ढुवानीकर्तालाई स्थायी रोजगारी तथा आम्दानीका अवसर मिल्नेछन्। होटलले स्थानीय बजारबाट सामग्री खरिद गर्दा आर्थिक लेनदेन सोही क्षेत्रभित्र नै परिक्रमा हुने भएकाले नगरकोट तथा वरपरको गाउँहरूमा समग्र आर्थिक प्रवाह बढ्नेछ। यसले होटल र स्थानीय समुदायबीच सहकार्य तथा विश्वास बढाई दीगो पर्यटन तथा सामुदायिक विकासमा पनि सकारात्मक योगदान पुऱ्याउनेछ। यस प्रभावलाई परिमाणमा मध्यम, स्थानीय र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ङ. सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग**

प्रस्तावित होटलले सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि सहयोगको गतिविधिहरू गर्नेछ। प्रस्तावकले धेरै सामाजिक कार्यक्रम, जागरूकता अभियान तथा पर्यावरण संरक्षण अभियान आदिका लागि बजेट विनियोजन गर्नेछ। त्यस्ता कार्यक्रमहरूमा स्वास्थ्य,

शिक्षा, पानी आपूर्ति र सरसफाइ, धार्मिक र सांस्कृतिक सम्पदा संरक्षण गर्न सहयोग, नजिकको पहुँच सडकहरूको मर्मतका लागि लागत विनियोजन आदि हुन सक्नेछन्। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, स्थानीय, परिमाणमा मध्यम र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

## ७.२ नकारात्मक प्रभाव

### ७.२.१ भौतिक वातावरण

#### अ. निर्माण चरण

#### क. ठोस तथा तरल फोहोर व्यवस्थापन

निर्माण चरणको अवधिमा ठोस फोहोरहरू जस्तै इट्टाका टुक्राहरू र टुटेको टाइलहरू, निर्माण सामग्री जस्तै बालुवा, सिमेन्ट र प्याकिंग सामग्री, फर्नीचर सेटअपबाट काठको टुक्राहरू र धुलो, पेन्ट, PVC र फलाम स्क्राप आदि हुन्। यस्ता फोहोरहरूको अप्रबन्धित व्यवस्थापनले क्षेत्रको सौन्दर्यलाई असर गर्न सक्दछ भने कामदारहरूलाई चोटपटक लाग्न सक्छ। त्यस्तै निर्माण चरणमा तरल फोहोरको रूपमा बालुवा मिश्रित पानी, शौचालयबाट निस्कने पानी आदि हुन्। यी तरल पदार्थको अप्रबन्धित व्यवस्थापनले भूमिगत पानी र नजिकैको पानीको स्रोतमा प्रदूषण हुन सक्छ। जग खन्दा निस्कने माटोको अनुचित व्यवस्थापनले होटल परिसरमा धुलोको कारणले वायु प्रदूषण हुन सक्छ। यी फोहोरहरूको कारण होटल परिसरमा फोहोर भई होटलमा आउने पाहुनाहरूलाई निरूत्साहन गर्न सक्छ, जसले निर्माण चरणमा होटलमा पाहुनाहरूको आगमन घट्न सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, स्थलगत, परिमाणमा उच्च र मध्यमकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

#### ख. प्रकोपसँग सम्बन्धित प्रभावको सवाल

भूकम्पको बेला निर्माण स्थलबाट सुरक्षित बहिर्गमन बाटो नरहेको कारण समयमा निस्कन पाउँदैनन्। साथै निर्माण कार्य भईरहेको बेला भूकम्पीय पराकम्पन हुँदा निर्माण सामग्रीहरू पल्टिने वा खस्ने सम्भावना हुन्छ, जसको कारण कामदारहरूलाई चोट लाग्न सक्छ। त्यस्तै आगलागी भएको खण्डमा सुरक्षित बहिर्गमन बाटो नरहेको खण्डमा उच्च जोखिम हुन सक्छ भने सञ्चालनरत होटलका भवनहरूमा पनि यसको असर हुन सक्छ। विद्युतीय उपकरणहरू प्रयोग गर्नुपर्ने निर्माण कार्यमा आवद्ध कामदारहरूलाई इलेक्ट्रिक शर्ट सर्किट हुने सम्भावना हुन्छ, जुन सामान्य देखि घातक समेत हुन सक्छ। निर्माण कार्य हुने जग्गाको सतह नमिल्दा

पहिरो र भू-क्षय जस्ता प्रकोपको जोखिम हुन सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा उच्च, स्थलगत र मध्यमकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ग. विद्यमान पूर्वाधारमा प्रभाव**

जग खन्दा हुने vibrations को कारण होटल परिसरमा अवस्थित विद्यमान पूर्वाधारहरू चर्किन सक्ने सम्भावना हुन्छ। निर्माण सामग्रीहरू ढुवानी गर्दा heavy सवारीसाधनका कारण यस क्षेत्रका सडकहरू बिग्रन सक्छ भने होटल भित्रको आन्तरिक सडकहरू पनि बिग्रन सक्ने सम्भावना हुन्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थानीय देखि स्थानीय र मध्यमकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**घ. निर्माण सामग्रीको ढुवानी तथा व्यवस्थापन सम्बन्धी चुनौती**

निर्माण चरणमा आवश्यक हुने विभिन्न निर्माण सामग्रीको अव्यवस्थित ढुवानी तथा व्यवस्थापनले होटल परिसर तथा वरपर रहेका बासिन्दाहरूलाई असर पर्न सक्दछ। होटल क्षेत्र परिसर तथा वरपर रहेका बासिन्दाहरूलाई वायु प्रदूषण, ध्वनि प्रदूषण हुन सक्छ। दुर्घटना भई मानवीय तथा जनधनको क्षति हुन सक्छ र निर्माण सामग्रीको अवैध व्यापार बढ्न सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थानीय र मध्यमकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ङ. अधिक ऊर्जा आवश्यकता**

निर्माण चरणमा प्रयोग हुने विभिन्न प्रकारका मेशिनेरीहरूले डिजेल तथा विद्युतको प्रयोग गर्दछ। ऊर्जाको रूपमा प्रयोग गरिने डिजेल ईन्धन अनवीकरणीय ऊर्जा हो, जसको आपूर्ति सीमित हुन्छ र दिगो रूपमा प्रयोग गर्न सकिँदैन। डिजेलको उच्च उपभोगको कारणले दीर्घकालीन रूपमा यसको अभाव हुन सक्छ। विद्युतीय ऊर्जा नवीकरणीय ऊर्जा भएको कारण यसको उच्च उपभोग सम्बन्धी कुनै प्रतिकूल प्रभाव रहेको छैन। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**च. ध्वनि प्रदूषण**

निर्माण मेशिनरी तथा उपकरणहरूको सञ्चालनबाट ध्वनिको स्तर बढ्न सक्छ र यसको कारण छरछिमेकको होटल तथा स्थानीयहरूलाई प्रभाव हुन सक्छ। निर्माण सामग्रीहरू ढुवानी गर्दा heavy सवारीसाधनको प्रयोगले निर्माण स्थल तथा वरपर ध्वनिको मात्रा बढ्न सक्छ, जसले

रात्रिको समयमा स्थानीय तथा अन्य होटलको पाहुनाहरूको निन्द्रामा प्रभाव पर्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थानीय र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**छ. उच्च पानी उपभोगसँग सम्बन्धित प्रभाव**

निर्माणको आवश्यकता पूरा गर्न प्रति दिन करिब १०,००० लिटर पानी चाहिने अनुमान गरिएको छ, जसको कारण पानी आपूर्ति गर्ने स्रोतहरूमा दबाव भई अन्य ठाउँहरूमा पानी नपुग्न सक्छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थलगत र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ज. जल प्रदूषण**

निर्माण शिविर, निर्माण सामग्री भण्डारण गर्ने ठाउँ, ब्याचिङ्ग प्लान्ट तथा मिश्रण क्षेत्रबाट फोहोर पानी उत्पादन हुन्छ। यसरी उत्पादन हुने पानीलाई खुला रूपमा छोडियो वा यसको उचित व्यवस्थापन गरिएन भने सो पानी नजिकै रहेको पानीको स्रोतमा गएर प्राकृतिक स्रोतको पानी प्रदूषित हुन्छ। त्यस्तै, प्रयोग गरिएको ईन्धन इत्यादिले फोहोर पानीको प्रवाहमा तेल र ग्रीज सामग्री बढाउन सक्छ, जसले पानीमाा हुने जैविक विविधतालाई समेत नकारात्मक असर गर्न सक्छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा निम्न, स्थानीय र मध्यमकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**झ. वायु प्रदूषण**

निर्माणको बेला प्रयोग हुने मेशिनरी तथा सवारीसाधनहरूबाट SO2, NOx, PM जस्ता प्रदूषक उत्सर्जन हुन्छ। जग खन्दा निस्कने माटोको अनुचित व्यवस्थापनले होटल परिसरमा माटोको मसिनो धुलो उडेर वायु प्रदूषण हुन सक्छ। निर्माण सामग्रीहरूको अव्यवस्थित भण्डारणको कारण बालुवा, सिमेन्टहरू उड्न सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा निम्न, स्थलगत र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**आ. सञ्चालन चरण**

**क. तरल फोहोर उत्पादनसँग सम्बन्धित प्रभाव**

होटलबाट उत्पन्न हुने प्राथमिक अर्ध-ठोस र तरल फोहोर शौचालय र बाथरूमबाट हुन्। साथै भुइँ र भान्सा सफा गर्दा पनि फोहोर पानी उत्पन्न हुन्छ। यस फोहोर पानीको विशेषता moderate

total solid, उच्च biological oxygen demand र रोग निम्त्याउने शौचालयको प्रवाहहरू हुन्। कालो पानी (शौचालयबाट) र नुहाउने, धुने र सफा गर्ने खैरो पानीको संयुक्त सङ्कलनले संक्रमित नभएको सम्पूर्ण फोहोर पानीलाई दूषित पार्छ। होटलले हाल सेप्टिक ट्याङ्की र सोक पिटमार्फत तरल फोहोर व्यवस्थापन गर्दै आएको छ। तरल फोहोरको पाइपहरूको चुहावटबाट उक्त फोहोर बगेर जाने र स्थानीयहरूलाई नराम्रो गन्ध तथा अन्य स्वास्थ्य सम्बन्धी प्रभाव पर्न सक्छ। यस्तो फोहोर पानीको अप्रबन्धित विसर्जनले TS को वृद्धि, BOD को मात्रा वृद्धि र रोगजनक प्रदूषणको कारण जल प्रदूषण हुन सक्छ। ढल निकास पाइपको चुहावटको कारण कालो पानी (Black Water) ले जमिनको पानी पनि दूषित गर्न सक्दछ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा उच्च, स्थानीयमा सिमीत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ख. ठोस फोहोर उत्पादनसँग सम्बन्धित प्रभाव**

होटलको ठोस फोहोर प्रायः दुई किसिम (जैविक र अजैविक) को हुन्छ। त्यस्ता फोहोरहरूमा खानाको फोहोर, कागजको फोहोर र उपभोक्ता प्याकेजिंग फोहोर हुन्छन्, जसमध्ये बहुसंख्यक जैविक फोहोर हुन्छ। पाहुनाहरूको फोहोर बाहेक, भान्साको फोहोर होटलको कुल फोहोरको सबैभन्दा ठुलो अंश हो। प्रशासनिक र हाउसकीपिंग विभागबाट उत्पन्न भएको फोहोरहरू कागज, फुटेका भाँडा तथा शीशा, लुगा र टायल आदि हुन्। होटल पूर्ण सञ्चालनको क्रममा कुहिने र नकुहिने फोहोर गरी कुल ३३५ देखि ३५० के.जी. फोहोर उत्पादन हुनसक्ने आंकलन गरिएको छ। यी बाहेक आवधिक मर्मत गर्दा टुक्रिएको वा प्रयोग गरिएको लाइट बल्ब (सीएफएल वा एल.ई.डी. बल्ब), प्रयोग गरिएको ब्याट्री आदि अपेक्षित गरिन्छ, जुन सामान्यता जोखिमपूर्ण हुन्छ। त्यस्ता फोहोरहरूको अप्रबन्धित व्यवस्थापनले कर्मचारीहरू र वरपरको वातावरणलाई विभिन्न तरिका जस्तैः अप्रिय दृश्य, नराम्रा गन्ध र संक्रमित रोगहरूको प्रसार आदिले असर गर्न सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा उच्च, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ग. प्रकोपसँग सम्बन्धित प्रभाव**

प्रस्तावित होटल सञ्चालन चरणमा भूकम्प र आगो लाग्न सक्ने घटनाहरू परिकल्पना गरिएको सम्भावित प्रकोप हो। भूकम्पको समयमा बहिर्गमनको क्रममा पाहुना तथा कामदारहरू हतारिएर निस्कने क्रममा चोटपटक लाग्ने सम्भावना हुन्छ। विद्युतीय उपकरणहरू प्रयोग गर्नुपर्ने कार्यमा आवद्ध कामदारहरूलाई इलेक्ट्रिक शर्ट सर्किट हुने सम्भावना हुन्छ, जुन सामान्य देखि घातक

समेत हुन सक्छ। होटलको भान्सामा मुख्य गरेर आगलागीको जोखिम हुन्छ, जुन अन्य ठाउँमा समेत फैलिएर मानवीय तथा जनधनको क्षति हुन सक्छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा उच्च, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

### घ. उच्च पानी उपभोगसँग सम्बन्धित प्रभावहरू

होटलमा पानी प्रायः सेनेटरी प्रयोजनका लागि, नुहाउने, भान्सामा प्रयोग, पिउने पानी र सफाइ आदिका लागि खपत हुन्छ। होटलमा हाल पाहुनाहरूलाई पिउनको लागि Reverse Osmosis द्वारा प्रशोधित पानीको प्रयोग गरिन्छ भने अन्य प्रयोजनको लागि भूमिगत र मुहानको पानीको प्रयोग गरिन्छ। स्तरोन्नति पश्चात् यस होटलमा दैनिक ५०,००० लिटर पानी आवश्यक हुने देखिन्छ, जसको कारण पानी आपूर्ति गर्ने स्रोतहरूमा दबाव भई अन्य ठाउँहरूमा पानी नपुग्न सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा निम्न, स्थानीयमा सिमीत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

### ङ. उच्च ऊर्जा खपत

सञ्चालन चरणको बखत ऊर्जा खपत अधिक हुने आशा गरिन्छ। सञ्चालन चरणमा ऊर्जाको लागि डिजेल तथा विद्युतको प्रयोग गरिन्छ। ऊर्जाको रूपमा प्रयोग गरिने डिजेल ईन्धन अनवीकरणीय ऊर्जा हो, जसको आपूर्ति सीमित हुन्छ र दिगो रूपमा प्रयोग गर्न सकिँदैन। डिजेलको उच्च उपभोगको कारणले दीर्घकालीन रूपमा यसको अभाव हुन सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ। विद्युतीय ऊर्जा नवीकरणीय ऊर्जा भएको कारण यसको उच्च उपभोग सम्बन्धी कुनै प्रतिकूल प्रभाव रहेको छैन।

### च. वायु प्रदूषण

होटलको गतिविधिहरूले कुनै पनि प्रकारको प्रमुख वायु प्रदूषकहरू उत्सर्जन गर्दैन। यद्यपि डिजेल जेनरेटरहरूको प्रयोगले वायु प्रदूषकहरू जस्तै Sulfur dioxide ($SO_2$), Nitrogen oxides ($NO_X$) and particulate matters (PM) उत्सर्जन हुन सक्छन्। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा निम्न, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**छ. यातायात व्यवस्थापन सम्बन्धी समस्या**

सञ्चालन चरणको बखत पाहुना र व्यक्तिहरूको बहावको कारण ट्राफिक घनत्व बढ्छ। थप रूपमा, सडक साइड पार्किङ्गको कारण सडकमा ट्राफिक जाम हुन्छ र पैदलयात्रीमा असर पर्न सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा निम्न, स्थलगत र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ज. ध्वनि प्रदूषण**

प्रस्तावित होटलको विभिन्न गतिविधिहरू जस्तै बढेको मानवीय अन्तरक्रिया, जेनेरेटर र पम्पहरूको सञ्चालनले उच्च ध्वनि उत्पन्न हुने र होटलमा आउने पाहुना तथा स्थानीयहरूलाई नकारात्मक प्रभाव हुन्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा निम्न, स्थलगत र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

## ७.२.२ जैविक वातावरण

**अ. निर्माण चरण**

**क. विद्यमान रूख बिरूवा, नजिकको वन तथा वन्यजन्तुहरूमा असर**

निर्माण चरणको बेला वायु प्रदूषणको कारण होटल परिसरमा अवस्थित रूख बिरूवाहरूको हेरचाहमा अभाव भई ती रूख बिरूवाहरूमा नकारात्मक असर हुन सक्छ। निर्माण चरणको बेला उत्पन्न हुने ध्वनिको कारण यस क्षेत्रमा तथा नजिकको वनमा बास बस्ने चराचुरूङ्गी तथा जनावरहरूको बासस्थान समेत परिवर्तन हुने सम्भावना रहेको छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थानीय र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**आ. सञ्चालन चरण**

**क. प्रस्तावित होटलको परिधिमा हरियालीको संरक्षण तथा व्यवस्थापन**

होटल परिसरभित्र प्रस्तावकले वरपर रूख लगाएर हरियाली कायम गरिरहेको छ र भविष्यमा पनि हरियालीको संरक्षण तथा व्यवस्थापन गर्ने प्रतिबद्धता गर्दछ। यद्यपि व्यवस्थापनको अभावले प्रस्तावित होटल परिधिमा हरियाली गुम्न सक्छ। यस प्रभावलाई परिमाणमा मध्यम, स्थलगत र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

## ७.२.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

### अ. निर्माण चरण

### क. बालबालिकाको श्रम शोषण तथा ज्यालामा गरिने भेदभाव

प्रस्तावित होटल निर्माणको बखत बालबालिकाहरूलाई काममा लगाई बालबालिकाको श्रम शोषण पनि हुन सक्छ। यसका कारण बालबालिकाहरूको मानसिक तथा शारीरिक स्वास्थ्यमा हानि पर्न सक्छ, जुन सामाजिक वा नैतिक रूपमा हानिकारक हुन्छ। निर्माण साइटहरूमा दैनिक ज्यालामा भेदभाव हुन सक्छ। महिला कामदारहरूलाई कम पारिश्रमिक र पुरुष समकक्षको तुलनामा ज्यालाको भुक्तानीमा भेदभाव हुन सक्छ। यस प्रभावलाई परिमाणमा मध्यम, स्थानीयमा सीमित र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

### ख. कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार

निर्माण चरणको बेला कार्यस्थलमा जो कोहीसँग यौनजन्य दुर्व्यवहार हुने सम्भावना रहेको छ। यस प्रभावलाई परिमाणमा मध्यम, स्थानीयमा सीमित र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

### ग. स्थानीयवासीहरूको गुनासो

निर्माण चरणमा हुने विभिन्न प्रकारका प्रभावहरू जस्तै वायु तथा ध्वनि प्रदूषण, फोहोर व्यवस्थापन, ट्राफिक जाम आदिका कारण यस क्षेत्रका स्थानीयवासीहरुको गुनासो हुन सक्छ। यस प्रभावलाई परिमाणमा मध्यम, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

### घ. कामदारहरूको सुरक्षा तथा स्वास्थ्यको जोखिम

निर्माण चरणको बखत उच्च तापक्रम, उच्च ध्वनि, कमजोर प्रकाश प्रणाली आदिले कामदारहरूलाई शारीरिक रूपमा हानि पुऱ्याउन सक्छ। विभिन्न प्रकारको मेशिन प्रयोग गर्दा सामान्य चोट पटक देखि लिएर घातक समेत हुने सम्भावना रहेको छ। असुरक्षित पिउने पानी, सरसफाइ अवस्थाले थप सरूवा रोगहरूको जोखिम बढाउन सक्छ। पेन्ट, ग्रीज, डस्टजस्ता खतरनाक सामग्रीको दीर्घकालीन जोखिमले श्वास सम्बन्धी रोग, टाउको दुख्ने र काम गर्ने दक्षता घटाएर कर्मचारीहरूलाई जोखिम थप्न सक्छ। चिप्लो भुइँ र इलेक्ट्रोक्रुशनका कारण निर्माणकर्मीहरूलाई चोटपटक लाग्ने सम्भावना रहेको छ। यस प्रभावलाई परिमाणमा मध्यम, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**आ. सञ्चालन चरण**

**क. स्थानीयवासीको गुनासो**

होटल सञ्चालनको क्रममा अप्रबन्धित फोहोरमैला व्यवस्थापन, उच्च ध्वनिको स्तर र अव्यवस्थित सवारी साधन पार्किङ्गका कारण स्थानीयवासीहरूमा गुनासो उत्पन्न हुन सक्छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थानीय र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ख. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको जोखिम**

विभिन्न कारकहरू जस्तै उच्च तापक्रम, उच्च ध्वनि, कमजोर प्रकाश प्रणाली आदिले प्रस्तावित होटलभित्र काम गर्नेहरूलाई शारीरिक रूपमा हानि पुऱ्याउन सक्छ। कामदारहरूमा विभिन्न स्वास्थ्य प्रभावहरू देखिन सक्छ, विशेष गरी भान्सा जस्ता विभागहरूमा बिजुलीबाट सञ्चालित उपकरणहरू तथा फलफूल र तरकारीहरू काट्न अत्यन्तै धारिलो चक्कुको प्रयोग गरिन्छ जस्को कारण जल्ने, काटिने, आदि हुन सक्छ। मेशीनरी, पम्प र जेनरेटर अपरेटरहरू जस्ता उच्च आवाज क्षेत्रमा काम गरिरहेका कर्मचारीहरूलाई उच्च स्तरको आवाज र इलेक्ट्रोक्रुसनले प्रभाव पर्न सक्छ। फोहोरमैला व्यवस्थापनमा संलग्न कर्मचारीहरूलाई संक्रमित रोगहरू लाग्न सक्छ। अन्य स्वास्थ्य जोखिमहरू भान्सा भित्र ग्याँस बिस्फोट, चिप्लो भुँईको कारण दुर्घटना आदि हुन सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ग. होटलभित्र र वरपर क्षेत्रको स्वास्थ्य तथा सरसफाइ**

प्रस्तावित होटलबाट उत्पन्न हुने कुहिने र नकुहिने फोहोरको अप्रबन्धित व्यवस्थापनले वरपरको वातावरण प्रदूषित गर्न सक्छ। कुहिने फोहोरको अप्रबन्धित व्यवस्थापन वा भण्डारणले दुर्गन्ध बढाउन सक्दछ। लामखुट्टे, झिंगा जस्ता रोग निम्त्याउन सक्ने किराहरूको लागि अनुकूल वासस्थान प्रदान गर्न सक्छ र यसले सामुदायिक स्वास्थ्यलाई असर गर्न सक्छ। फोहोर पानी पाइपको चुहावट र ढल निकासको अनुचित व्यवस्थाले वरपरको वातावरण बिगार्न सक्छ र यदि त्यस्तो चुहावट भूमिगत पानीको स्रोतमा पुग्यो भने जमिनको पानीलाई दूषित पारी यसले समुदायको स्वास्थ्यलाई असर गर्न सक्छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**घ. कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार**

सञ्चालन चरणको बेला कार्यस्थलमा जो कोहीसँग यौनजन्य दुर्व्यवहार हुने सम्भावना रहेको छ। यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**ङ. खाद्यान्न गुणस्तर**

होटलद्वारा आपूर्ति गरिने खाना स्वस्थ भएमा यसले स्वास्थ्यमा कुनै प्रतिकूल प्रभाव पार्ने छैन। होटलको कर्मचारीहरूलाई यस विषयमा सचेत बनाएर यसलाई प्रभावकारी ढंगले व्यवस्था गर्न सकिन्छ। अस्वच्छ खाना, सफाइ अवस्था, म्याद सकिएको कच्चा खाद्य सामग्रीको प्रयोगले खाद्यान्न र सरसफाइको गुणस्तरलाई चुनौती दिन सक्छ र उपभोक्ताहरुलाई गम्भीर असर पार्छ। परिकल्पित प्रभाव प्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थलगत र मध्यमकालीन अवधिको रूपमा चित्रित गरिएको छ।

**च. बहु जातीयता, संस्कृति, धर्मका व्यक्तिहरूको प्रवाह**

होटलले सेवा पुऱ्याउने पाहुना र पर्यटकहरु विभिन्न जाति, संस्कृति र धर्मबाट आएका हुन्छन् र होटलका कर्मचारीहरू पनि विभिन्न जाति, संस्कृति र धर्मबाट आएका हुन्छन्। यस सन्दर्भमा सानो छलफल र झगडा अपेक्षित हुन्छ साथै रेष्टुरेण्टमा मदिरापानले सामान्य बहस र झगडा निम्त्याउन सक्छ। साथै यस्तो अवस्थामा यौन दुर्व्यवहारको पनि सम्भावना रहेको हुन्छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा मध्यम, स्थलगत र दीर्घकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

**छ. आगन्तुकहरूको सुरक्षा**

होटल सञ्चालनको समयमा ठुलो संख्यामा पाहुना र पर्यटकहरू आउन सक्ने सम्भावना रहन्छ। त्यहाँ व्यक्तिगत सामान, ग्याजेटहरू आगन्तुकहरूबाट र कर्मचारीहरूबाट समेत पनि चोरी हुने सम्भावना हुन सक्छ। रेष्टुरेण्टमा मदिरापानले सामान्य बहस र झगडा निम्त्याउन सक्छ। त्यसैले प्रस्तावित होटल परिसर वरिपरि सुरक्षा प्रभाव उच्च रहेको छ। यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, परिमाणमा निम्न, स्थलगत र अल्पकालीन अवधिको रूपमा वर्गीकरण गरिएको छ।

## तालिका ३७ : सकारात्मक प्रभावहरूको मूल्याङ्कन

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| **क. निर्माण चरण** | | | | | | | | |
| १ | रोजगारीको अवसर | ▪ स्थानीय व्यक्ति र अन्यलाई रोजगारीको अवसर<br>▪ स्थानीय अर्थव्यवस्थामा वृद्धि | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ६० | मध्यम महत्व |
| **ख. सञ्चालन चरण** | | | | | | | | |
| १ | रोजगारीको अवसर | ▪ स्थानीय व्यक्ति र अन्यलाई रोजगारीको अवसर<br>▪ स्थानीय अर्थव्यवस्थामा वृद्धि | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ६० | मध्यम महत्व |
| २ | पर्यटन विकास | ▪ आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको आगमन | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ६० | मध्यम महत्व |
| ३ | राजस्वमा वृद्धि | ▪ स्थानीय निकायमा वर्षेनी तिरिने राजस्व | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ६० | मध्यम महत्व |
| ४ | स्थानीय उत्पादनलाई प्रयोग गरी स्थानीय आर्थिक गतिविधिमा वृद्धि | ▪ स्थानीय आपूर्ति मजबुत बनी कृषक, संकलनकर्ता र ढुवानीकर्तालाई स्थायी रोजगारी तथा आम्दानीका अवसर<br>▪ स्थानीय बजारबाट सामग्री खरिद गर्दा आर्थिक लेनदेन सोही क्षेत्रभित्र नै परिक्रमा हुने | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ६० | मध्यम महत्व |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग | ▪ होटलले सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि सहयोगको गतिविधिहरू गर्नेछ<br>▪ स्वास्थ्य, शिक्षा, पानी आपूर्ति र सरसफाइ, धार्मिक र सांस्कृतिक सम्पदा संरक्षण गर्न सहयोग, नजिकको पहुँच सडकहरूको मर्मतका लागि लागत विनियोजन गर्नेछ | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ६० | मध्यम महत्व |

## तालिका ३८ : नकारात्मक प्रभावहरूको मूल्याङ्कन

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| **क.** | **भौतिक वातावरण** | | | | | | | |
| **निर्माण चरण** | | | | | | | | |
| १. | ठोस तथा तरल फोहोर व्यवस्थापन | ▪ ठोस फोहोरहरू जस्तै इट्टाका टुक्राहरू र टुटेको टाइलहरू, निर्माण सामग्री जस्तै बालुवा, सिमेन्ट र प्याकिंग सामग्री, फर्नीचर सेटअपबाट काठको टुक्राहरू र धुलो, पेन्ट, PVC र फलाम स्क्रैप आदिले उपद्रव पैदा गर्न सक्छ।<br>▪ तरल फोहोरको रूपमा बालुवा मिश्रित पानी, शौचालयबाट निस्कने पानी आदिले भूमिगत पानी र नजिकैको पानीको स्रोतमा प्रदूषण हुन सक्छ।<br>▪ जग खन्दा निस्कने माटोको अनुचित व्यवस्थापनले होटल परिसरमा धुलोको कारणले वायु प्रदूषण हुन सक्छ।<br>▪ यी फोहोरहरूको कारण होटल परिसरमा फोहोर भई होटलमा आउने पाहुनाहरूलाई निरूत्साहन गर्न सक्छ, जसले निर्माण चरणमा होटलमा पाहुनाहरूको आगमन घट्न सक्छ। | प्रत्यक्ष | स्थलगत (१०) | उच्च (६०) | मध्यमकालीन (१०) | ८० | उच्च महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| २. | प्रकोपसँग सम्बन्धित प्रभावको सवाल | ▪ भूकम्पको बेला निर्माण स्थलबाट सुरक्षित बहिर्गमन बाटो नरहेको कारण समयमा निस्कन पाउँदैनन्। साथै निर्माण कार्य भईरहेको बेला भूकम्पीय पराकम्पन हुँदा निर्माण सामग्रीहरू पल्टिने वा खस्ने सम्भावना हुन्छ, जसको कारण कामदारहरूलाई चोट लाग्न सक्छ।<br>▪ निर्माण कार्य हुने जग्गाको सतह नमिल्दा पहिरो र भू-क्षय जस्ता प्रकोपको जोखिम हुन सक्छ।<br>▪ त्यस्तै आगलागी भएको खण्डमा सुरक्षित बहिर्गमन बाटो नरहेको खण्डमा उच्च जोखिम हुन सक्छ भने सञ्चालनरत होटलका भवनहरूमा पनि यसको असर हुन सक्छ।<br>▪ विद्युतीय उपकरणहरू प्रयोग गर्नुपर्ने निर्माण कार्यमा आवद्ध कामदारहरूलाई इलेक्ट्रिक शर्ट सर्किट हुने सम्भावना हुन्छ, जुन सामान्य देखि घातक समेत हुन सक्छ। | प्रत्यक्ष | स्थलगत (१०) | उच्च (६०) | मध्यमकालीन (१०) | ८० | उच्च महत्व |
| ३. | विद्यमान पूर्वाधारमा प्रभाव | ▪ जग खन्दा हुने vibrations को कारण होटल परिसरमा अवस्थित विद्यमान पूर्वाधारहरू चर्किन सक्ने सम्भावना हुन्छ। | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | अल्पकालिन (५) | ४५ | न्यून महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | | ▪ निर्माण सामग्रीहरू ढुवानी गर्दा heavy सवारीसाधनका कारण यस क्षेत्रका सडकहरू बिग्रन सक्छ भने होटल भित्रको आन्तरिक सडकहरू पनि बिग्रन सक्ने सम्भावना हुन्छ। | | | | | | |
| ४. | निर्माण सामग्रीको ढुवानी तथा व्यवस्थापन सम्बन्धी चुनौती | ▪ निर्माण सामग्रीको अव्यवस्थित ढुवानी तथा व्यवस्थापनले होटल क्षेत्र परिसर तथा वरपर रहेका बासिन्दाहरूलाई वायु प्रदूषण, ध्वनि प्रदूषण हुन सक्छ।<br>▪ दुर्घटना भई मानवीय तथा जनधनको क्षति हुन सक्छ।<br>▪ निर्माण सामग्रीको अवैध व्यापार बढ्न सक्छ। | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | अल्पकालिन (५) | ४५ | न्यून महत्व |
| ५. | अधिक ऊर्जा आवश्यकता | ▪ निर्माण चरणमा प्रयोग हुने विभिन्न प्रकारका मेशिनरीहरूले डिजेल तथा विद्युतको प्रयोग गर्दछ।<br>▪ ऊर्जाको रूपमा प्रयोग गरिने डिजेल ईन्धन अनवीकरणीय ऊर्जा हो, जसको आपूर्ति सीमित हुन्छ र दिगो रूपमा प्रयोग गर्न सकिदैन। डिजेलको उच्च उपभोगको कारणले दीर्घकालीन रूपमा यसको अभाव हुन सक्छ।<br>▪ विद्युतीय ऊर्जा नवीकरणीय ऊर्जा भएको कारण यसको उच्च उपभोग सम्बन्धी कुनै प्रतिकूल प्रभाव रहेको छैन। | प्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | अल्पकालिन (५) | ३५ | न्यून महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| ६. | ध्वनि प्रदूषण | ▪ निर्माण मेशिनरी तथा उपकरणहरूको सञ्चालनबाट ध्वनिको स्तर बढ्न सक्छ र यसको कारण छरछिमेकको होटल तथा स्थानीयहरूलाई प्रभाव हुन सक्छ।<br>▪ निर्माण सामाग्रीहरू ढुवानी गर्दा heavy सवारीसाधनको प्रयोगले निर्माण स्थल तथा वरपर ध्वनिको मात्रा बढ्न सक्छ, जसले रात्रिको समयमा स्थानीय तथा अन्य होटलको पाहुनाहरूको निन्द्रामा प्रभाव पर्छ। | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | अल्पकालीन (५) | ४५ | न्यून महत्व |
| ७. | उच्च पानी उपभोगसँग सम्बन्धित प्रभाव | ▪ निर्माणको आवश्यकता पूरा गर्न प्रति दिन करिब १०,००० लिटर पानी चाहिने अनुमान गरिएको छ, जसको कारण पानी आपूर्ति गर्ने स्रोतहरूमा दबाव भई अन्य ठाउँहरूमा पानी नपुग्न सक्छ। | अप्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | अल्पकालीन (५) | ३५ | न्यून महत्व |
| ८. | जल प्रदूषण | ▪ निर्माण शिविर, निर्माण सामग्री भण्डारण गर्ने ठाउँ, ब्याचिङ्ग प्लान्ट तथा मिश्रण क्षेत्रबाट फोहोर पानी उत्पादन हुन्छ। यसरी उत्पादन हुने पानीलाई खुला रूपमा छोडियो वा यसको उचित व्यवस्थापन गरिएन भने सो पानी नजिकै रहेको पानीको स्रोतमा गएर प्राकृतिक स्रोतको पानी प्रदूषित हुन्छ। | अप्रत्यक्ष | स्थानीय (२०) | निम्न (१०) | मध्यमकालीन (५) | ३५ | न्यून महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | | ▪ त्यस्तै, प्रयोग गरिएको ईन्धन इत्यादिले फोहोर पानीको प्रवाहमा तेल र ग्रीज सामग्री बढाउन सक्छ, जसले पानीको हुने जैविक विविधतालाई समेत नकारात्मक असर गर्न सक्छ। | | | | | | |
| ९. | वायु प्रदूषण | ▪ निर्माणको बेला प्रयोग हुने मेशिनरी तथा सवारीसाधनहरूबाट SO2, NOx, PM जस्ता प्रदूषक उत्सर्जन हुन्छ।<br>▪ जग खन्दा निस्कने माटोको अनुचित व्यवस्थापनले होटल परिसरमा माटोको मसिनो धुलो उडेर वायु प्रदूषण हुन सक्छ।<br>▪ निर्माण सामाग्रीहरूको अव्यवस्थित भण्डारणको कारण बालुवा, सिमेन्टहरू उड्न सक्छ। | प्रत्यक्ष | स्थलगत (१०) | निम्न (१०) | अल्पकालीन (५) | २५ | न्यून महत्व |
| **सञ्चालन चरण** | | | | | | | | |
| १. | तरल फोहोर उत्पादनसँग सम्बन्धित प्रभावहरू | ▪ यस होटल क्षेत्रमा नगरपालिकाको ढल प्रणाली रहेको छैन, जसको कारण होटल आफैले तरल फोहोर व्यवस्थापन गर्दै आईरहेको छ।<br>▪ होटलले हाल सेप्टिक ट्याङ्की र सोक पिट मार्फत तरल फोहोर व्यवस्थापन गर्दै आएको छ। तरल फोहोरको | प्रत्यक्ष | स्थानीय (२०) | उच्च (६०) | दीर्घकालीन (२०) | १०० | उच्च महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | | पाइपहरूको चुहावटबाट उक्त फोहोर बगेर जाने र स्थानीयहरूलाई नराम्रो गन्ध तथा अन्य स्वास्थ्य सम्बन्धी प्रभाव पर्न सक्छ।<br>▪ फोहोर पानीको चुहावटले सतही पानीको स्रोतहरूमा TS को वृद्धि BOD को मात्रा वृद्धि र रोगजनक प्रदूषकको कारण जल प्रदूषण हुन सक्छ। | | | | | | |
| २. | ठोस फोहोर उत्पादनसँग सम्बन्धित प्रभाव | ▪ होटल पूर्ण सञ्चालनको क्रममा दैनिक ३३५ देखि ३५० के.जी. फोहोर उत्पन्न हुने अनुमान गरिएको छ।<br>▪ यस्तो फोहोरको उचित व्यवस्थापन नहुँदा होटल परिसरमा अप्रिय दृश्य, नराम्रो गन्ध, रोग भेक्टरमा बढाव र संक्रमित रोगहरूको प्रसार हुन सक्छ।<br>▪ टुक्रिएको वा प्रयोग गरिएको लाइट बल्ब (एल.ई.डी र सी.एफ.एल), प्रयोग गरिएको ब्याट्री आदि अपेक्षित गरिन्छ, जुन सामान्यतया जोखिमपूर्ण हुन्छ। | प्रत्यक्ष | स्थलगत (१०) | उच्च (६०) | दीर्घकालीन (२०) | ९० | उच्च महत्व |
| ३. | प्रकोपसँग सम्बन्धित प्रभाव | ▪ भूकम्पको समयमा बहिर्गमनको क्रममा पाहुना तथा कामदारहरू हतारिएर निस्कने क्रममा चोटपटक लाग्ने सम्भावना हुन्छ। | अप्रत्यक्ष | स्थलगत (१०) | उच्च (६०) | दीर्घकालीन (२०) | ९० | उच्च महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | | ▪ विद्युतीय उपकरणहरू प्रयोग गर्नुपर्ने कार्यमा आवद्ध कामदारहरूलाई इलेक्ट्रिक शर्ट सर्किट हुने सम्भावना हुन्छ, जुन सामान्य देखि घातक समेत हुन सक्छ।<br>▪ होटलको भान्सामा मुख्य गरेर आगलागीको जोखिम हुन्छ, जुन अन्य ठाउँमा समेत फैलिएर मानवीय तथा जनधनको क्षति हुन सक्छ। | | | | | | |
| ४. | उच्च पानी उपभोगसँग सम्बन्धित प्रभावहरू | ▪ होटलमा हाल पाहुनाहरूलाई पिउनको लागि प्रशोधित पानीको प्रयोग गरिन्छ भने अन्य प्रयोजनको लागि भूमिगत तथा मुहानको पानीको प्रयोग गरिन्छ।<br>▪ स्तरोन्नति पश्चात् यस होटलमा दैनिक ५०,००० लिटर पानी आवश्यक हुने देखिन्छ, जसको कारण पानी आपूर्ति गर्ने स्रोतहरूमा दबाव भई अन्य ठाउँहरूमा पानी नपुग्न सक्छ। | प्रत्यक्ष | स्थानीय (२०) | निम्न (१०) | दीर्घकालीन (२०) | ५० | मध्यम महत्व |
| ५. | अधिक ऊर्जा आवश्यकता | ▪ सञ्चालन चरणमा ऊर्जाको लागि डिजेल तथा विद्युतको प्रयोग गरिन्छ।<br>▪ ऊर्जाको रूपमा प्रयोग गरिने डिजेल ईन्धन अनवीकरणीय ऊर्जा हो, जसको आपूर्ति सीमित हुन्छ र दिगो रूपमा प्रयोग | प्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ५० | मध्यम महत्व |

| क.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | | गर्न सकिँदैन। डिजेलको उच्च उपभोगको कारणले दीर्घकालीन रूपमा यसको अभाव हुन सक्छ।<br>▪ विद्युतीय ऊर्जा नवीकरणीय ऊर्जा भएको कारण यसको उच्च उपभोग सम्बन्धी कुनै प्रतिकूल प्रभाव रहेको छैन। | | | | | | |
| ६. | वायु प्रदूषण | ▪ सवारी साधन र डिजेल जेनेरेटरको सञ्चालनबाट सल्फर डाइअक्साईड ($SO_2$), नाइट्रोजन अक्साईड ($NO_x$) र कण वस्तु (PM) जस्ता वाष्पीय प्रदूषकहरू उत्सर्जन हुन सक्छ। | प्रत्यक्ष | स्थलगत (१०) | निम्न (१०) | दीर्घकालीन (२०) | ४० | न्यून महत्व |
| ७. | यातायात व्यवस्थापन सम्बन्धी समस्या | ▪ धेरै सवारीसाधनको आवतजावतको कारण ट्राफिक जाम र ट्राफिक दुर्घटनाहरू हुने सम्भावना हुन्छ।<br>▪ अव्यवस्थित पार्किङ्गको कारण पैदल यात्रीहरू र अन्य आगन्तुहरूलाई समस्या हुन सक्छ। | प्रत्यक्ष | स्थलगत (१०) | निम्न (१०) | अल्पकालीन (५) | २५ | न्यून महत्व |
| ८. | ध्वनि प्रदूषण | ▪ प्रस्तावित होटलको विभिन्न गतिविधिहरू जस्तै बढेको मानवीय अन्तरक्रिया, जेनेरेटर र पम्पहरूको सञ्चालनले उच्च ध्वनि उत्पन्न हुने र होटलमा आउने पाहुना तथा स्थानीयहरूलाई नकारात्मक प्रभाव हुन्छ। | प्रत्यक्ष | स्थलगत (१०) | निम्न (१०) | अल्पकालीन (५) | २५ | न्यून महत्व |
| **ख.** | **जैविक वातावरण** | | | | | | | |
| **निर्माण चरण** | | | | | | | | |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| १. | विद्यमान रूख बिरूवा, नजिकको वन तथा वन्यजन्तुहरूमा असर | ▪ निर्माण चरणको बेला वायु प्रदूषणको कारण होटल परिसरमा अवस्थित रूख बिरूवाहरूको हेरचाहमा अभाव भई ती रूख बिरूवाहरूमा नकारात्मक असर हुन सक्छ।<br>▪ निर्माण चरणको बेला उत्पन्न हुने ध्वनिको कारण यस क्षेत्रमा बास बस्ने चराचुरूङ्गी तथा जनावरहरूको बासस्थान समेत परिवर्तन हुने सम्भावना रहेको छ। | अप्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | मध्यमकालिन (१०) | ५० | मध्यम महत्व |
| **सञ्चालन चरण** | | | | | | | | |
| १. | होटलको परिधिमा हरियालीको संरक्षण तथा व्यवस्थापन | ▪ व्यवस्थापनको अभावले होटल परिधिमा हरियाली गुम्न सक्छ। | प्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | अल्पकालीन (५) | ३५ | न्यून महत्व |
| **ग.** | **सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण** | | | | | | | |
| **निर्माण चरण** | | | | | | | | |
| १. | बालबालिकाको श्रम शोषण तथा | ▪ बालबालिकाहरूलाई कुनै पनि किसिमको कामहरू गराउने सम्भावना रहेको छ र बालबालिकाको शोषण पनि हुन सक्छ, जसको कारण बालबालिकाहरूको मानसिक तथा शारीरिक | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | अल्पकालिन (५) | ४५ | मध्यम महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | ज्यालामा गरिने भेदभाव | स्वास्थ्यमा हानि पर्न सक्छ, जुन सामाजिक वा नैतिक रूपमा हानिकारक हुन्छ।<br>▪ निर्माण साइटहरूमा दैनिक ज्यालामा भेदभाव हुन सक्छ। महिला कामदारहरूलाई कम पारिश्रमिक र पुरुष समकक्षको तुलनामा ज्यालाको भुक्तानीमा भेदभाव हुन सक्छ। | | | | | | |
| २. | कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार | ▪ कार्यस्थलमा जो कोहीसँग यौन जन्य दुर्व्यवहार हुन सक्छ। | प्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ६० | मध्यम महत्व |
| ३. | स्थानीयवासीको गुनासो | ▪ वायु तथा ध्वनि प्रदूषण, फोहोर व्यवस्थापन र अव्यवस्थित सवारी साधन पार्किङ्गका कारण स्थानीयवासीहरूमा गुनासो हुन सक्छ। | अप्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | अल्पकालीन (१०) | ५० | मध्यम महत्व |
| ४. | कामदारहरूको सुरक्षा तथा स्वास्थ्यको जोखिम | ▪ उच्च तापक्रम, उच्च ध्वनि, कमजोर प्रकाश प्रणाली आदिले कामदारहरूलाई शारीरिक रूपमा हानि पुऱ्याउन सक्छ।<br>▪ विभिन्न प्रकारको मेशिन प्रयोग गर्दा सामान्य चोट पटक देखि लिएर घातक समेत हुने सम्भावना रहेको छ। | प्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ४० | न्यून महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | | ▪ पेन्ट, ग्रीज, डस्टजस्ता खतरनाक सामग्रीको दीर्घकालीन जोखिमले श्वास सम्बन्धी रोग, टाउको दुख्ने र काम गर्ने दक्षता घटाएर कर्मचारीहरूलाई जोखिम थप्न सक्छ।<br>▪ चिप्लो भुइँ र इलेक्ट्रोकुशनका कारण निर्माणमा संलग्न कामदारहरूलाई चोटपटक लाग्ने सम्भावना रहेको छ। | | | | | | |
| **सञ्चालन चरण** | | | | | | | | |
| १. | स्थानीयवासीको गुनासो | ▪ अप्रबन्धित फोहोरमैला व्यवस्थापन, उच्च ध्वनिको स्तर र अव्यवस्थित सवारी साधन पार्किङका कारण स्थानीयवासीहरूमा गुनासो | अप्रत्यक्ष | स्थानीय (२०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ६० | मध्यम महत्व |
| २. | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको जोखिम | ▪ फोहोरमैला व्यवस्थापनमा संलग्न कर्मचारीहरूलाई संक्रमित रोगहरू लाग्न सक्छ।<br>▪ उच्च तापक्रम, उच्च ध्वनि, कमजोर प्रकाश प्रणाली, आदिले होटल भित्र काम गर्नेहरूलाई शारीरिक रूपमा हानि पुऱ्याउन सक्छ।<br>▪ उच्च आवाज क्षेत्रमा काम गरिरहेका कर्मचारीहरूलाई उच्च स्तरको आवाज र इलेक्ट्रोकुसनले प्रभाव पर्न सक्छ | प्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ५० | मध्यम महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | | ▪ भान्सा भित्र ग्याँस बिस्फोट, चिप्लो भुँईको कारण दुर्घटना आदि हुन सक्छ। | | | | | | |
| ३. | होटल भित्र र वरपर क्षेत्रको स्वास्थ्य तथा सरसफाइ | ▪ कुहिने फोहोरको अप्रबन्धित व्यवस्थापन वा भण्डारणले दुर्गन्ध बढाउन सक्दछ। लामखुट्टे, झिंगा जस्ता रोग भेक्टरहरूको लागि अनुकूल वासस्थान प्रदान गर्न सक्छ र यसले सामुदायिक स्वास्थ्यलाई असर गर्न सक्छ।<br>▪ फोहोर पानी पाइपको चुहावट र ढल निकासको अनुचित व्यवस्थाले जमिनको पानीलाई दूषित पार्न सक्छ। | प्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ५० | मध्यम महत्व |
| ४. | कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार | ▪ कार्यस्थलमा जो कोहीसँग यौन जन्य दुर्व्यवहार हुन सक्छ। | प्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | दीर्घकालीन (२०) | ५० | मध्यम महत्व |
| ५. | खाद्यान्न गुणस्तर | ▪ अस्वस्थ्यकर खाना, सरसफाइको अवस्था, म्याद सकिएको कच्चा खाद्य सामग्रीको प्रयोगले खाद्यान्न र सरसफाइको गुणस्तरलाई चुनौती दिन सक्छ र उपभोक्ताहरुलाई गम्भीर असर पार्छ। | प्रत्यक्ष | स्थलगत (१०) | मध्यम (२०) | मध्यमकालीन (१०) | ४० | न्यून महत्व |
| ६. | बहु जातीयता, संस्कृति, धर्मका | ▪ मदिरापानले सामान्य बहस र झगडा निम्त्याउन सक्छ।<br>▪ यौन दुर्व्यवहारको पनि सम्भावना हुन सक्छ। | अप्रत्यक्ष | स्थलगत (१०) | निम्न (१०) | दीर्घकालीन (२०) | ४० | न्यून महत्व |

| क्र.स. | मुद्दाहरू | प्रभावहरू | प्रभाव मूल्याङ्कन | | | | जम्मा अंक | महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | सीमा | परिमाण | समयावधि | | |
| | व्यक्तिहरूको प्रवाह | ▪ होटल भित्र होहल्ला र झगडा हुन सक्छ। | | | | | | |
| ७. | आगन्तुकहरूको सुरक्षा | ▪ व्यक्तिगत सामान, ग्याजेटहरू चोरी हुने सम्भावना रहन्छ।<br>▪ मदिरापानले सामान्य बहस र झगडा निम्त्याउन सक्छ। | अप्रत्यक्ष | स्थलगत (१०) | निम्न (१०) | अल्पकालीन (५) | २५ | न्यून महत्व |

# परिच्छेद ८ : प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषय

आयोजनाबाट प्रभावित हुने क्षेत्रको वातावरणीय अवस्थिति, आयोजना कार्यान्वयन विधिहरू तथा क्रियाकलापहरूको अध्ययनबाट स्थानीय वातावरणमा पर्नसक्ने नकारात्मक वातावरणीय प्रभावहरूको विश्लेषणबाट प्रभाव न्यूनीकरणका उपायहरू पहिचान गरी वातावरणीय अध्ययन प्रतिवेदनमा समावेश गरिएको छ। यसरी वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू सुझाउँदा सम्भव भएसम्म प्रभाव हुन नदिने वा प्रतिरोधात्मक (Preventive Measure) र यदि यस्तो सम्भावना नरहेमा प्रभाव न्यूनीकरण गर्ने वा सुधारात्मक उपाय (Corrective Measure) अवलम्बन गर्ने र अन्तिम विकल्पका रूपमा क्षतिपूर्ति प्रदान गर्ने (Compensatory Measure) उपायलाई आत्मसात गरिएको छ। त्यस्तै प्रस्ताव कार्यान्वयनबाट हुने सकारात्मक प्रभावहरूलाई बढोत्तरी गर्ने विषयलाई समेत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएको छ। यस प्रतिवेदनमा उल्लेख भएका सम्पूर्ण प्रभाव न्यूनीकरणका उपायहरू तथा सकारात्मक प्रभाव बढोत्तरीकरण गर्ने उपायहरूको अनिवार्य कार्यान्वयन गर्ने दायित्व उल्लेख भएअनुसार आयोजना प्रस्तावक वा निर्माण कम्पनीको हुनेछ। अध्ययन प्रतिवेदनमा सकारात्मक प्रभावका बढोत्तरीकरण तथा नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरू, विधि, दायित्व तथा अनुमानित बजेट समेत उल्लेख गरी निम्नानुसार प्रस्तुत गरिएको छ।

## ८.१ सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप

### अ. निर्माण चरण

#### क. रोजगारीको अवसर

सम्भव भएसम्म योग्यता, सीप र इच्छुकताको आधारमा रोजगारीका अवसरहरूको लागि स्थानीय व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ। वरपरका समुदायमा उपलब्ध दक्ष जनशक्तिको लागि स्थानीयलाई रोजगार तालिम उपलब्ध गराइनेछ।

### आ. सञ्चालन चरण

#### क. रोजगारीको अवसर

योग्यता, सीप र इच्छुकताको आधारमा रोजगारीका अवसरहरूको लागि स्थानीय व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ। वरपरका समुदायमा उपलब्ध दक्ष जनशक्तिको लागि स्थानीयलाई रोजगार

तालिम उपलब्ध गराइनेछ। होटललाई सञ्चालन चरणको बखत प्लम्बर, इलेक्ट्रिसियन, प्लान्ट अपरेटर, व्यवस्थापन कर्मचारी, सुरक्षा गार्ड र सफाइ कर्मचारी जस्ता जनशक्ति आवश्यक पर्दछ र यथासम्भव स्थानीय र मण्डनदेउपुर नगरपालिकाको स्थानीय जनतालाई प्राथमिकता दिइनेछ। स्थानीय रोजगारीको अवसर बढाउन विशेष सीप विकास कार्यक्रम, तालिम तथा कोर्सहरूको आयोजना गरिनेछ। महिला, युवा तथा सीमान्तकृत समुदायका सदस्यहरूलाई रोजगारीका अवसरमा विशेष प्राथमिकता दिइनेछ।

### ख. पर्यटन विकास

पर्यटकहरूको सन्तुष्टिलाई पहिलो प्राथमिकतामा राख्दै, सेवा गुणस्तरलाई निरन्तर सुधार र विस्तार गरिनेछ। पाहुनाहरूको सुविधाका लागि २४/७ ग्राहक सेवा उपलब्ध गराइनेछ, जसले उनीहरूको कुनै पनि जिज्ञासा वा गुनासोलाई तत्काल सम्बोधन गर्न मद्दत गर्नेछ। पर्यटकहरूलाई सबै प्रकारका सुविधाहरू समयको माग अनुसार प्रदान गरिदैं आईरहेको छ। होटलको प्रत्येक पाहुना कोठा तथा लबीमा प्रतिक्रिया फारम राखिएको छ। पर्यटकमैत्री वातावरण कायम राख्न होटलको भौतिक संरचना तथा उपलब्ध सुविधाहरू समयानुकूल रूपमा परिमार्जन र अद्यावधिक भइरहन्छन्। यस क्रममा डिजिटल प्रविधिको प्रभावकारी प्रयोग गर्दै अनलाइन बुकिङ प्रणाली, मोबाइल एप तथा ग्राहक सहायता सेवाजस्ता सुविधा उपलब्ध छन्। साथै, होटलको सेवा स्तर अझ प्रभावकारी बनाउन कर्मचारीहरूलाई नियमित तालिम प्रदान गरिनेछ।

### ग. राजस्व सङ्कलन

होटल सञ्चालनबाट स्थानीय निकायको राजस्वमा वृद्धि हुन्छ भने होटल वरपरका मानिसहरूलाई पसलहरू र हस्तकला बजारहरू सञ्चालन गर्ने अवसर प्रदान गर्दछ र तिनीहरूलाई जीविकोपार्जन गर्न मद्दत गर्दछ। कर्मचारीको रूपमा कार्यरत स्थानीयले आफ्नो जीविका चलाउने अवसर पनि पाउने छन्, जसले स्थानीय अर्थव्यवस्था वृद्धि गर्न मद्दत गर्दछ। त्यस्तै होटल सञ्चालनले राजस्व सङ्कलन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

### घ. स्थानीय उत्पादनलाई प्रयोग गरी स्थानीय आर्थिक गतिविधिमा वृद्धि

सञ्चालनरत यस होटलले किचनका लागि स्थानीय हरियो तरकारी, सागसब्जी तथा अन्य स्थानीय उत्पादनहरू स्थानीय हाट बजारबाट खरिद गर्दै आएको छ। होटलको स्तरोन्नति पश्चात् थप मागका कारण स्थानीय आपूर्ति मजबुत बनी कृषक, संकलनकर्ता र ढुवानीकर्तालाई स्थायी

रोजगारी तथा आम्दानीका अवसर मिल्नेछन्। होटलले स्थानीय बजारबाट सामग्री खरिद गर्दा आर्थिक लेनदेन सोही क्षेत्रभित्र नै परिक्रमा हुने भएकाले नगरकोट तथा वरपरको गाउँहरूमा समग्र आर्थिक प्रवाह बढ्नेछ।

**ङ. सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग**

सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि समुदायमा आधारित कार्यक्रम र गतिविधिहरूमा भाग लिई सहयोग गरिनेछ। प्रस्तावकले धेरै सामाजिक कार्यक्रम, जागरूकता अभियान तथा पर्यावरण संरक्षण अभियान, आदिका लागि बजेट विनियोजन गर्दै आएको छ भने भविष्यमा पनि गर्नेछ। त्यस्ता कार्यक्रमहरूमा स्वास्थ्य, शिक्षा, पानी आपूर्ति र सरसफाइ, धार्मिक र सांस्कृतिक सम्पदा संरक्षण गर्न सहयोग, नजिकको पहुँच सडकहरूको मर्मतका लागि नेपाल सरकारको नियम अनुसार लागत विनियोजन आदि समावेश छन्। आयोजनाले हालसम्म सामाजिक उत्तरदायिन्व अन्तर्गत निम्न सहयोग गर्दै आएको छ।

१. मिति २०२५ नोभेम्वर ४ देखि ८ सम्म सातदोबाटो स्थित नेपाल टेनिस संघको टेनिस कम्प्लेक्समा टेनिस प्रतियोगिता आयोजना
२. नाल्दुम-नगरकोट बृहत लिफ्ट खानेपानी वाटर प्लान्टका लागि आर्थिक सहयोग
३. एक लाख पाँच हजार पाँच सय बयालिस (अक्षेरूपी रू. १,०५,५४२) रूपैयाँ बराबरको फर्निचर खरिद गरी स्थानीय स्वास्थ्य चौकी (वालुवापाटी स्वास्थ्य चौकी)मा सहयोग

*(नोटः सामाजिक उत्तरदायित्व सम्बन्धित कागजातहरू अनुसूची १३ मा समावेश गरिएको छ।)*

## ८.२ नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप

### ८.२.१ भौतिक वातावरण

**अ. निर्माण चरण**

**क. ठोस तथा तरल फोहोर व्यवस्थापन**

निर्माण कार्यबाट उत्पन्न हुने अधिकांश फोहोर भनेको उत्खनन् गरिएको माटो हो। त्यस बाहेक अन्य ठोस फोहोरहरूमा इट्टाका टुक्राहरू र टुटेको टाइलहरू, निर्माण सामग्री जस्तै बालुवा, सिमेन्ट र प्याकिंग सामाग्री, फर्निचर सेटअपबाट काठको टुक्राहरू आदि निष्कासन हुन्छ। यस्ता फोहोरहरूको अप्रबन्धित व्यवस्थापनले क्षेत्रको सौन्दर्यलाई असर गर्न सक्दछ भने कामदारहरूलाई चोटपटक लाग्न सक्छ। नयाँ भवन बन्ने स्थानबाट उत्खनन् गरिएको माटोलाई निर्माण पश्चात जमिन सम्याउन, बगैंचाहरूमा प्रयोग गरिनेछ र बाँकी माटोलाई सम्बन्धित

विक्रेताहरूलाई आपूर्ति गरी व्यवस्थापन गरिनेछ। त्यस्तै अन्य फोहोर पनि वर्गीकरण गरी पुनः चक्रीय फोहोर तोकिएको ठाउँमा सङ्कलन गरिनेछ र सम्बन्धित विक्रेताहरूलाई आपूर्ति गरिनेछ र बाँकी फोहोर नगरपालिकाको फोहोरमैला व्यवस्थापन मार्फत व्यवस्थापन गरिनेछ। निर्माण स्थलबाट उत्पन्न हुने ठोस तथा तरल फोहोरको जथाभावी विसर्जन गरिने छैन। निर्माण स्थलबाट उत्पन्न हुने तरल फोहोरलाई sedimentation pit मा राखेर थिग्रिए पश्चात् मात्र सोक पिटमा विसर्जन गरिनेछ।

### ख. प्रकोप सम्बन्धित प्रभाव

प्रकोपको समयमा निर्माणमा संलग्न कामदारहरूको सुरक्षाका लागि निम्न उपायहरू अपनाइनेछः

- निर्माण स्थलमा फायर एकसटिङ्ग्युसरको प्रावधान गरिनेछ।
- कामदारहरूलाई हेल्मेट, बुट, पन्जा, चस्मा जस्ता व्यक्तिगत सुरक्षाको व्यवस्था गरिनेछ।
- प्रकोपको समयमा आपतकालीन बहिर्गमनका लागि योजना बनाईसुरक्षित बहिर्गमनका लागि कामदारहरूलाई अभिमुखीकरण दिइनेछ।
- माटो परीक्षणमा सुझाए बमोजिम भवन निर्माण अगाडी बढाईनेछ।
- प्रस्तावित भवन बन्ने क्षेत्रको Slope stability अनुसार नै निर्माण गरिनेछ।
- NBC (National Building Code, 2060) बमोजिम भवन निर्माण गरिनेछ।

### ग. विद्यमान पूर्वाधारमा प्रभाव

होटलको वरपर अवस्थित विद्यमान संरचनाहरूलाई कुनै पनि असर हुन नदिन निर्माण परिसर वरपर सेफ्टी नेट र shear wall लगाईनेछ। यदि कुनै निर्माण गतिविधिको कारण केही क्षति भएको खण्डमा उक्त क्षतिको क्षतिपूर्ति गरिनेछ।

### घ. निर्माण सामग्रीको ढुवानी तथा व्यवस्थापन सम्बन्धी चुनौती

निर्माण सामग्री बिक्री वितरण गर्ने व्यक्ति तथा कम्पनीको आधिकारिकता जाँच गरी आधिकारिक रूपमा बिक्री गरिने निर्माण सामग्रीहरू मात्र खरिद गरिनेछ। निर्माण सामग्री खरिद गर्नु अघि त्यसको गुणस्तरको बारेमा बुझेर खरिद गरिनेछ। निर्माण सामग्रीहरूको ढुवानी गर्दा निर्माण सामग्रीलाई प्लास्टिक वा त्रिपालले छोपिनेछ भने निर्माण सामग्री ढुवानी गर्दा ढुवानी गर्ने साधनको तोकिएको क्षमता अनुसार मात्र गरिनेछ। निर्माण सामग्री ढुवानी तथा अनलोडिङ्ग अपलोडिङ्गको लागि समय तालिका (७:०० देखि १९:०० सम्म मात्र) बनाई पूर्ण रूपमा पालना गरिनेछ।

**ङ. अधिक ऊर्जा आवश्यकता**

निर्माण चरणको बखत ऊर्जा खपतलाई न्यूनीकरण गर्न वातावरणमैत्री उपकरणहरूको प्रयोगलाई बढावा दिइनेछ। डिजेलको प्रयोगलाई न्यूनीकरण गरिनेछ र नवीकरणीय ऊर्जा जस्तै विद्युतको प्रयोग गरिनेछ। पुराना र अप्रभावी मेसिनरी उपकरणहरूलाई बिस्थापन गरिनेछ। ऊर्जा सम्बन्धी दक्षता प्राप्त जनशक्तिको प्रयोग गरी ऊर्जा मैत्री योजना बनाई कार्यान्वयन गरिनेछ।

**च. ध्वनि प्रदूषण**

निर्माण कार्यबाट उत्पन्न हुने ध्वनि प्रदूषणलाई कम गर्न निम्नलिखित न्यूनीकरणका उपायहरू अपनाइनेछः

- उच्च ध्वनि उत्पादन गर्ने उपकरणहरूको प्रयोग दिनको समयमा मात्र गरिनेछ।
- हर्नको प्रयोगलाई कडाइका साथ निषेध गरिनेछ।
- निर्माण चरणमा प्रयोग हुने सवारीसाधन तथा डिजेल जेनेरेटरहरूको आवधिक मर्मत गरिनेछ।
- डिजेल जेनेरेटर तथा सवारी साधन प्रयोग गर्दा नेपाल सरकारले तोकेको ध्वनिको गुणस्तर सम्बन्धी मापदण्ड भित्र पर्ने गरी मात्र प्रयोग गरिनेछ।

**छ. उच्च पानी उपभोगसँग सम्बन्धित प्रभाव**

पानीको माग र खपतलाई न्यूनीकरण र यसको उचित व्यवस्थापन गर्न सबै कामदारहरूलाई पानीको महत्त्व, पानी संरक्षणका उपायहरु अपनाउने बारेमा प्रशिक्षण दिइनेछ। पानी चुहावटको नियमित निरीक्षण गरिनेछ र तत्काल समाधान गर्ने व्यवस्था मिलाइनेछ। पानीको पाइपलाइनमा नियमित परीक्षण तथा मर्मत गरिनेछ।

**ज. जल प्रदूषण**

निर्माण शिविर, सामान भण्डारण गर्ने ठाउँ, ब्याचिङ्ग प्लान्ट, मिश्रण क्षेत्रबाट उत्पादन हुने फोहोर पानीलाई जथाभावी विसर्जन गर्न दिईने छैन भने खाडलमा जम्मा गरी थिग्राइसकेपछि सोक पिटमा विसर्जन गरिनेछ। फोहोर पानीमा प्रयोग गरिएको तेल र रासायनिक पदार्थहरूको मिसावटमा निषेध गरिनेछ। सबै निर्माण सम्बन्धी गतिविधिहरू निर्माण स्थलमा सीमित हुनेछ।

### झ. वायु प्रदूषण

निर्माण चरणको बखत हुने धुलो तथा वायु प्रदूषणलाई न्यूनीकरण गर्न निर्माण स्थलमा दिनमा दुई पटक पानी छर्कने काम गरिनेछ। निर्माण सामग्रीको भण्डारण गर्दा प्लास्टिक वा त्रिपालले छोपिनेछ र निर्माण स्थलको वरपर CGI पाताले घेरिनेछ। डिजेल जेनेरेटर तथा सवारी साधन प्रयोग गर्दा नेपाल सरकारले तोकेको वायुप्रदूषण मापदण्ड भित्र पर्ने गरी मात्र प्रयोग गरिनेछ। निर्माण मजदुर तथा सम्बन्धित व्यक्तिहरूलाई मास्क तथा व्यक्तिगत सुरक्षाका सामग्री प्रदान गरिनेछ।

### आ. सञ्चालन चरण

### क. तरल फोहोर उत्पादनको कारण जल प्रदूषण

कालो पानी (शौचालयबाट निस्कने फोहोर) र खैरो पानी (भान्सा, बाथरूम, सरसफाइ गर्दा निस्कने फोहोर) को मिश्रण हुन दिइनेछैन। फोहोर पानीलाई सेप्टिक ट्याङ्की र सोक पिट मार्फत व्यस्थापन गरिएको छ र Sewage Treatment Plant (६० KLD) निर्माण गरी तरल फोहोरको व्यवस्थापन गरिनेछ। यस STP बाट निस्कने Sludge लाई मलको रूपमा बगैंचामा प्रयोग गरिनेछ। भान्साबाट निस्कने तेलीय तथा बोसोजन्य तरल फोहोरलाई जम्मा गर्न ग्रिज ट्र्यापको प्रयोग गरिनेछ र सो तेललाई सम्बन्धित विक्रेतालाई बेचिनेछ। फोहोर पानीको विसर्जन गर्दा नेपाल सरकारले लागू गरेको सार्वजनिक ढलहरूमा पठाउने औद्योगिक एफ्लुएन्टको मापदण्ड बमोजिम मात्र विसर्जन गरिनेछ।

### ख. ठोस फोहोर उत्पादनसँग सम्बन्धित प्रभाव

सञ्चालन चरणमा होटल भित्र उत्पन्न ठोस फोहोरको संरचना मुख्य रूपले कुहिने फोहोर हुन्छ। प्रत्येक कोठाहरूमा फोहोर सङ्कलनका लागि फोहोर राख्ने भाँडोको व्यवस्था गरिएको छ र यस प्रक्रियालाई कडाईका साथ लागू गरिनेछ। होटलको फोहोर व्यवस्थापन निकायमा काम गर्ने कामदारहरूलाई तालिम र निर्देशन दिइनेछ र अन्य फोहोरमा जैविक उत्पादनयोग्य फोहोर मिसाउन नपाउने व्यवस्था मिलाइएको छ। फोहोरलाई स्रोतमा नै उचित तरीकाले छुट्टा छुट्टै डस्टबिनमा अलग-अलग सङ्कलन गरिएको छ। होटलले हाल भान्साबाट निस्कने खानाजन्य फोहोरलाई पशुपालन व्यवसायीहरूलाई दिदैं आएको छ र नकुहिने फोहोरको लागि निजी संस्थामार्फत व्यवस्थापन गर्दैं आएको छ। भविष्यमा पनि भान्साबाट निस्कने खानाजन्य फोहोरलाई पशुपालन व्यवसायीहरूलाई दिइनेछ। त्यस्तै अन्य नकुहिने फोहोरलाई हाल व्यवस्थापन गरे जसरी नै व्यवस्थापन गरिनेछ। ४० माइक्रोन भन्दा कमको प्लाष्टिक झोलाको

प्रयोग प्रतिबन्धित गरिनेछ। इलेक्ट्रोनिक फोहोरलाई छुट्टै सङ्कलन गरी सम्बन्धित विक्रेतालाई आपूर्ति गरिनेछ तथा होटल परिसरमा फोहोर जलाउन निषेध गरिनेछ।

**ग. प्रकोपसँग सम्बन्धित प्रभाव**

होटलमा प्रदान गरिने अत्यावश्यक सेवाहरू मध्ये एक अग्नि सुरक्षा हो। निम्न सुविधाहरू आगलागी र भूकम्पजस्ता प्रकोपको विरूद्ध लड्न निर्धारित गरिएको छ।

<u>**ब्लक ए को लागिः**</u>

- फायर एक्स्टिङग्युसर सिलिन्डर - प्रत्येक तलामा चारवटा
- फायर होज रिल -प्रत्येक तलामा दुईवटा
- प्रत्येक पाहुना कोठामा स्मोक डिटेक्टर र फायर अलार्मको व्यवस्था

<u>**ब्लक बि को लागिः**</u>

- फायर एक्स्टिङग्युसर सिलिन्डर - प्रत्येक तलामा तिनवटा
- फायर होज रिल - प्रत्येक तलामा दुईवटा
- प्रत्येक पाहुना कोठामा स्मोक डिटेक्टर र फायर अलार्मको व्यवस्था
- त्यस्तै फायर हाइड्रान्ट - तीनवटा
- इन्टरकम टेलिफोनको व्यवस्था
- चौबिसै घण्टा सुरक्षाकर्मीको व्यवस्था
- प्रत्येक कोठा, स्टाफ कक्ष तथा होटल भित्र अन्य सार्वजनिक स्थलहरूमा आपतकालीन अवस्थामा बाहिर निस्कने सुरक्षित बहिर्गमन योजनाको एक प्रति रखिएको छ।
- ईमरजेनसी टेलिफोन नम्बर
- होटलको मुख्य प्रवेश द्वार र अन्य सार्वजनिक स्थलहरूमा सि.सि.टि.भी. को व्यवस्था
- होटल प्रशासन र स्थानीय अग्नि नियन्त्रण निकायबीच समन्वय गर्न विशेष सम्पर्क अधिकारीको व्यवस्था
- होटलमा बस्ने पाहुनाहरूलाई आगलागी तथा भूकम्पजस्ता आपतकालीन अवस्थाहरूमा सुरक्षित रहने उपायहरूको जानकारी दिने सूचना पुस्तिका (Safety Manual) प्रत्येक कोठामा राखिनेछ।
- फायर अलार्म सक्रिय भएपछि स्वचालित रूपमा बिजुली प्रवाह बन्द गर्ने प्रणाली




**चित्र १० : होटल क्षेत्रमा राखिएको सुरक्षित बहिर्गमन योजना र प्रकोप जोखिम विरूद्धको उपकरणहरू**

### घ. उच्च पानी उपभोगसँग सम्बन्धित प्रभावहरू

होटल परिसर भित्र पानीको माग मुहानको पानी, नगरपालिकाबाट वितरित पानी, पिउनको लागि प्रशोधित पानीबाट पूर्ण हुन्छ। बर्सातको पानी सङ्कलन गरेर प्रशोधन पश्चात् सरसफाइ प्रयोजन, फ्लशिङ्गका लागि प्रयोग गरिन्छ। होटलको कुल जग्गाको ४५.६५% हरियाली र २०% -खुला क्षेत्र रहने हुदाँ सो जमिनमार्फत प्राकृतिक रूपमा भूमिगत पानी पुनर्भरण हुनुका साथै खुला क्षेत्रमा १.१ मिटर diameter र ३ मिटर गहिराई भएको रिचार्ज पिट निर्माण गर्ने योजना रहेको छ। प्रयोग गरिसकेको पानीलाई STP मार्फत प्रशोधन गरिनेछ र सो पानीलाई सरसफाइ प्रयोजन र फ्लशिङ्गका लागि प्रयोग गरिनेछ। बर्सातको पानी सङ्कलन गरेर प्रशोधन पश्चात् प्रयोग गरिन्छ।

### ङ. उच्च ऊर्जा खपत

होटलमा प्रमुख ऊर्जा खपत गर्ने उपकरणहरू वातानुकूलन प्रणाली, पानी पम्पहरू, खाना पकाउन प्रयोग हुने उपकरण, रेफ्रिजरेसन इत्यादिका हुन्। त्यसै गरी प्रशासनिक ऊर्जा खपत कम्प्युटर,

प्रिन्टरहरूबाट हुन्छ। वातावरणमैत्री तथा ऊर्जा खपत कम हुने फ्रिज, माइक्रोवेभ ओभन, झ्यालमा Double glazed glass, एल.इ.डी. मोनिटर तथा बल्बहरूको प्रयोग गरिनेछ। प्रशासनिक ऊर्जा खपतलाई घटाउनका लागि कम्प्युटरहरूमा पावर सेभिङ मोड प्रयोग गरिनेछ। प्रत्येक पाहुना कोठाहरूमा अटोमेटेड लाइटिङ्ग सिस्टम (Automated Lighting System) जडान गरिनेछ। नयाँ सवारी साधन खरीद गर्दा विद्युतमा आधारित सवारी साधनलाई प्राथमिकता दिईनेछ

## च. वायु प्रदूषण

होटलको सञ्चालन चरणमा प्रमुख वायु प्रदूषकहरू उत्सर्जन हुँदैन तर डिजेल जेनरेटर र सवारी साधनको सञ्चालनले $SO_2$, NOx र PM जस्ता वायु प्रदूषकहरू उत्सर्जन हुन सक्छ। त्यस्ता स्रोतहरूबाट हुने सम्भावित प्रभावलाई न्यूनीकरण गर्न विभिन्न उपायहरू लागू गरिनेछ। केही उपायहरू निम्न छन्ः

- डिजेल जेनेरेटर तथा सवारी साधन खरिद गर्दा नेपाल सरकारले तोकेको वायु प्रदूषण मापदण्ड भित्र पर्ने गरी मात्र खरिद गरिनेछ।
- जेनेरेटरको स्टयाक उचाइ भूमिबाट कम्तिमा १५ मिटर कायम राखिनेछ।
- सवारी साधन र डिजेल जेनेरेटर सेटहरूको आवधिक मर्मत गरिनेछ।
- भान्साबाट हुने वायु प्रदूषणलाई न्यूनीकरण गर्न सकेसम्म विद्युतीय उपकरण तथा इन्धनका लागि एल.पी.ग्याँसको प्रयोग गरिनेछ।
- पानी तताउनको लागि हिट पम्पको प्रयोग गरिनेछ।
- होटल परिसरभित्र हरियाली प्रवर्धन गर्दै धूलो तथा हावामा फैलिने कणलाई नियन्त्रण गर्न रूखरोपण तथा हरियाली क्षेत्रको विस्तार गरिनेछ।

## छ. यातायात व्यवस्थापन सम्बन्धी समस्या

सवारी साधन पार्किङ्गका लागि पर्याप्त ठाउँको व्यवस्था रहेको छ र भविष्यमा पनि यसलाई साथै थप प्रभावकारी बनाउन पाहुना तथा कर्मचारीहरूको सुविधाका लागि भिआइपी, ट्याक्सी, र दुईपाङ्ग्रे सवारी साधनहरूको लागि छुट्टै पार्किङ्ग क्षेत्र तोकिनेछ। सवारी संकेतहरू जस्तै 'No Roadside Parking', 'Way to Hotel' र 'No Parking' इत्यादि होटल वरपरको सडकहरूमा राखिएको छ। दुर्घटनाहरू कम गर्न होटल भित्र आउने सहायक सडकमा स्पीड ब्रेकरको प्रावधान गरिनेछ। प्रस्तावित होटल वरपर Street light को व्यवस्था गरिनेछ र प्रस्तावित होटल प्रवेश गर्ने बाटोलाई मर्मत गरिनेछ।

**ज. ध्वनि प्रदूषण**

उच्च आवाज क्षेत्रहरूमा काम गर्नुपर्ने कर्मचारीहरूका लागि व्यक्तिगत सुरक्षात्मक उपकरण (PPE) को प्रावधान गरिनेछ। कम आवाज उत्पादन गर्ने उपकरणहरू जस्तै पम्प, डिजेल जेनरेटरहरू वा पम्पहरूको खरिद गरिनेछ भने जेनरेटरहरू साइलेन्सरको साथ जडान गरिनेछ र बन्द कक्षमा राखिनेछ। बैङ्क्वेट हलमा ध्वनि इन्सुलेशन सामाग्री जस्तै रबर, फोम, झ्यालमा Double glazed glass को प्रयोग गरिनेछ। ध्वनि प्रदूषण हटाउन प्रस्तावित होटल परिसर भित्र हर्नको प्रयोगमा कडाइका साथ प्रतिबन्ध लगाइनेछ। पाहुनाहरूलाई अनावश्यक रूपमा उच्च आवाजमा संगीत बजाउन वा हल्ला गर्न नदिनका लागि सचेत गराइनेछ।

## ८.२.२ जैविक वातावरण

**अ. निर्माण चरण**

**क. विद्यमान रूख बिरूवा, नजिकको वन तथा वन्यजन्तुहरूमा असर**

वायु तथा ध्वनि प्रदूषण न्यूनीकरण गर्ने सम्पूर्ण उपायहरू अवलम्बन गरिनेछ। होटलको सम्पूर्ण क्रियाकलाप होटल परिसरमा नै गरिनेछ र होटलमा वरपर खाली ठाँउहरूमा रूखहरू रहेका छन्,क जसले वन्यजन्तु लाई आयोजनाले नकारात्मक प्रभाव नभई वन्यजन्तु संरक्षणमा टेवा पुऱ्याउनेछ।

**आ. सञ्चालन चरण**

**क. होटलको परिधिमा हरियालीको संरक्षण तथा व्यवस्थापन**

होटल परिसरमा यस क्षेत्रमा उपयुक्त हुने बिरूवाहरू रोपेर हरियाली कायम गरिएको छ भने भविष्यमा त्यसलाई निरन्तर दिईनेछ। होटलको सिमानामा लगाएको छेउछाउको रूखहरू छाँट्ने र त्यसलाई छिमेकमा असर नहुने गरी व्यवस्थापन गरिनेछ। सञ्चालन चरणमा थप हरियालीको व्यवस्थापनको लागि आयोजना क्षेत्रमा उपयुक्त हुने रूखविरूवाहरू छनोट गरी बगैंचाको निर्माण गरिनेछ। बगैंचा निमार्ण गर्दा मिचाहा प्रजातिको प्रयोग हुन नदिन सम्बन्धित विज्ञहरूसँग परामर्श लिएर मात्र रूखविरूवाहरूको छनोट गरिनेछ। हरियाली क्षेत्रको मर्मत सम्भार, सरंक्षण तथा व्यवस्थापनको लागि सिपयुक्त कामदार वा मालीको नियुक्ति गरिएको छ। बगैंचा व्यवस्थापनको लागि प्रयोग हुने औजार तथा उपकरणहरू खरिद गरिएको छ।

## ८.२.३ सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण

### अ. निर्माण चरण

### क. बालबालिकाको श्रम शोषण तथा ज्यालामा गरिने भेदभाव

बालबालिकाको श्रम संलग्नता निषेध गरिनेछ र समान कामको समान तलबको कार्यान्वयन गरिनेछ र कामदारहरूको ज्याला निर्धारण पारदर्शी र श्रम कानुनअनुसार निश्चित गरिनेछ। श्रम ऐन, २०७४, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। निर्माण कम्पनीहरूलाई बालश्रम र ज्याला निष्पक्षता लगायतका श्रम कानूनहरूको पालना प्रमाणित गर्ने इजाजत पत्र लिएको निर्माण कम्पनीलाई मात्र नियुक्ति गरिनेछ। निर्माण कार्यमा संलग्न कामदारहरूको उमेर खुल्ने परिचयपत्र लिएर मात्र काममा लगाउन निर्देशन दिईनेछ। निर्माण क्षेत्रमा कार्यरत सबै कामदारहरूको स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्न नियमित अनुगमन प्रणाली लागू गरिनेछ।

### ख. कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार

गोप्य र सुरक्षित उजुरी व्यवस्थापन प्रणाली स्थापना गरिनेछ जसमा पीडितहरूले सजिलै उजुरी गर्न सक्नेछन्। यदी कसैको केही गुनासो भए गुनासो पेटिका, मौखिक गुनासो, फोन तथा ईमेलमार्फत जानकारी दिन प्रोत्साहन गरिनेछ। गुनासो पेटिका, मौखिक गुनासो, फोन तथा ईमेलमार्फत प्राप्त गुनासोहरूको तत्काल सुनुवाइ गरिनेछ। कर्मचारीहरूलाई प्रत्यक्ष रूपमा यौन हिंसा भए/नभएको सोधपुछ गर्न गुनासो सुन्ने अधिकारी तोकिनेछ र कार्यस्थलको अवलोकन तथा निरीक्षण गरिनेछ। यदी कसैको केही गुनासो भए गुनासो पेटिका, मौखिक गुनासो, फोन तथा ईमेलमार्फत जानकारी दिन प्रोत्साहन गरिनेछ र प्राप्त गुनासोहरूको तत्काल सुनुवाइ गरिनेछ।

### ग. स्थानीयवासीको गुनासो

आवश्यक कार्यहरू गर्नको लागि गुनासो सुन्ने अधिकारी तोकिनेछ भने गुनासो पेटिका पनि राखिनेछ। स्पष्ट र पारदर्शी गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिनेछ, जहाँ स्थानीयवासीहरू सजिलै गुनासो दर्ता गर्न सक्नेछन्। नेपाल सरकारको नियमअनुसार यस प्रस्तावित होटलको थप भवन निर्माण गरिनेछ।

### घ. कामदारहरूको सुरक्षा तथा स्वास्थ्यको जोखिम

भवन निर्माणको क्रममा निर्माण कामदारहरू विभिन्न निर्माण सम्बन्धी स्वास्थ्य जोखिमहरू जस्तै उच्च ध्वनि, शारीरिक चोटपटक आदिमा पर्न सक्छन्। यी जोखिमलाई न्यूनीकरण गर्न

कामदारहरूलाई व्यक्तिगत सुरक्षा उपकरण (PPE) जस्तै हेल्मेट, बुट, पन्जा, चस्मा, मास्क, सुरक्षा पेटी आदिको प्रावधान गरिनेछ। निर्माण स्थलमा सुरक्षालाई अझ प्रभावकारी बनाउनका लागि नियमित रूपमा सुरक्षा निरीक्षण (Safety Inspection) गरिनेछ। कामदारहरूका लागि नियमित रूपमा सुरक्षा तालिम (Safety Training) तथा आपतकालीन प्रतिक्रिया योजना (Emergency Response Plan) सम्बन्धी अभ्यास गरिनेछ। कुनै आकस्मिक दुर्घटना भएमा तत्काल उद्दार तथा उपचार प्रदान गर्न आपतकालीन सम्पर्क नम्बरहरू प्रस्ट रूपमा तोकिनेछन्। र प्राथमिक उपचार किटको (First Aid Kit) प्रावधान गरिनेछ। कामदारहरूको स्वास्थ्य बीिमा र आवधिक स्वास्थ्य जाँचको प्रावधान गरिनेछ साथै निश्चित कार्य घण्टा निर्धारण गरिनेछ र आवश्यक आराम समय (Break Time) को व्यवस्था गरिनेछ। सतर्कताका लागि विभिन्न साइनबोर्ड, पर्याप्त बत्ती तथा भवनको रंगरोगन कार्य गर्दा सेफ्टी नेटको व्यवस्था गरिनेछ। यसका साथै सुरक्षित पिउने पानी र पर्याप्त शौचालयको व्यवस्था गरिनेछ। प्रवेशद्वारमा चौकीदारहरूको व्यवस्था गरी कामसँग सम्बन्धित कर्मचारीहरूलाई मात्र निर्माण क्षेत्रमा जान अनुमति दिइनेछ। निर्माण सामाग्री तथा उपकरणहरूको भण्डारण गरिनेछ र निर्माण कार्य पश्चात हरेक दिन निर्माण सामाग्री तथा विद्युतिय उपकरणहरूको सुरक्षित भण्डारण गरिनेछ। निर्माण कार्य पूरा भएपछि साइट क्लिनअप (Site Cleanup) गरिनेछ र अनावश्यक फोहोर, निर्माण अवशेषहरू तथा प्रयोग नगरिएका सामाग्रीहरूको व्यवस्थापन गरिनेछ।

### आ. सञ्चालन चरण

### क. स्थानीयवासीको गुनासो

सार्वजनिक समुदाय वा सरोकारवालाहरुबाट प्राप्त भएका गुनासोहरु, टिप्पणीहरु र सुझावहरु समाहित गर्न धेरै आवश्यक छ। होटल सञ्चालनको क्रममा कुनै नकारात्मक प्रभावहरू देखा पर्दछ भने प्रस्तावकले यसको न्यूनीकरणको लागि स्थानीय व्यक्तिहरूसँग छलफल गरेर आवश्यक कदम अपनाउनेछ। सार्वजनिक परामर्शका बखत प्राप्त सबै प्रतिक्रियाहरू/सुझावहरूलाई होटलको सञ्चालनको समयमा सम्बोधन गरिनेछ र समय समयमा छरछिमेकसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ। गुनासो व्यवस्थापनको लागि Grievance Redress Mechanism तयार गरिएको छ र सोही बमोजिम गुनासो व्यवस्थापन गरिनेछ। आवश्यकता अनुसार यस समय तालिकालाई फेरबदल गर्न सकिनेछ।

**गुनासो सुनुवाई तथा न्यूनीकरण योजना**




**चित्र ११ : गुनासो सुनुवाइ तथा न्यूनीकरण योजना**

**ख. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको जोखिम**

प्रस्तावकले व्यावसायिक स्वास्थ्य र कर्मचारीहरूको सुरक्षालाई कम गर्न निम्न रणनीति र न्यूनीकरण उपायहरू कार्यान्वयन गर्नेछ।

- प्रशिक्षित र कुशल कर्मचारीहरूको नियुक्ति गरिएको छ।
- एल.पी.जी. चुहावटसँग सम्बन्धित जोखिमहरूलाई कम गर्न भान्सा क्षेत्रमा सुरक्षित तवरले व्यवस्थापन गरिएको छ।
- वातावरणीय सुरक्षाका लागि उचित भेन्टिलेसन तथा निकास प्रणालीको व्यवस्था गरिएको छ।
- खतरनाक स्थानहरूमा चेतावनी संकेतहरू (Warning Signs) स्पष्ट रूपमा राखिनेछ।
- सावधानीकाबारे कर्मचारीहरूलाई जानकारी दिइनेछ र प्राथमिक उपचार किटको (First Aid Kit) प्रावधान रहेको छ।
- स्वास्थ्य बीमा र आवधिक स्वास्थ्य जाँचको प्रावधान गरिनेछ।
- आकस्मिक बहिर्गमन योजनाको निरूपण र त्यस सम्बन्धी जानकारी स्टोर, कोठा, भान्सा, लबी र अन्य स्थानहरुमा राखिनेछ।

### ग. होटलभित्र र वरपर क्षेत्रको स्वास्थ्य तथा सरसफाइ

होटल परिसर भित्र वा वरपर स्वास्थ्य तथा सरसफाइ कायम गर्न, सञ्चालन चरणको बखत निम्न प्रक्रियाहरू पुरा गरिनेछः

- भूमिगत पानी प्रयोग गर्नु अघि प्रशोधन गरिन्छ।
- सामुदायिक स्वास्थ्य र सरसफाइ अभ्यासहरूको बारेमा कर्मचारीहरूलाई जानकारी दिइनेछ।
- प्रस्तावित होटल परिसर भित्र सफाइ कायम गर्न विशेष ध्यान दिइनेछ।
- संक्रामक रोगहरूको रोकथामका लागि समय-समयमा कीटाणु नाशक औषधी छर्कने तथा आवश्यक स्वास्थ्य सुरक्षाका उपायहरू अपनाइन्छ।

### घ. कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार

कर्मचारीहरूलाई प्रत्यक्ष रूपमा यौन हिंसा भए/नभएको सोधपुछ गर्न गुनासो सुन्ने अधिकारी तोकिनेछ र कार्यस्थलको अवलोकन तथा निरीक्षण गरिनेछ। यदी कसैको केही गुनासो भए गुनासो पेटिका, मौखिक गुनासो, फोन तथा ईमेलमार्फत जानकारी दिन प्रोत्साहन गरिनेछ र प्राप्त गुनासोहरूको तत्काल सुनुवाइ गरिनेछ।

**ङ. खाद्यान्न गुणस्तर**

- भान्सामा काम गर्ने कर्मचारीहरूको सुरक्षा तथा खाद्यान्नको गुणस्तर कायम गर्दै आएको छ।
- कर्मचारीहरूलाई भान्सामा लगाउने छुट्टै पोशाकको व्यवस्था (जस्तैः आगो प्रतिरोध क्षमता भएको र धारिलो बस्तुबाट नकाटिने) रहेको छ।
- खाद्यान्नको प्रकृति अनुसार (मासुजन्य खाद्यान्न तथा अन्य खाद्यान्न) का लागि छुट्टाछुट्टै भण्डारण तथा चिस्यानको व्यवस्था रहेको छ।
- मासुजन्य खाद्यान्न तथा अन्य खाद्यान्नका लागि भान्सामा छुट्टाछुट्टै कलर कोर्ड भएको सामाग्रीहरू (जस्तैः मासुजन्य खाद्यान्नको लागि रातो चपिङ्ग बोर्ड र अन्य खाद्यान्नको लागि हरियो रङ्गको चपिङ्ग बोर्ड तथा छुट्टाछुट्टै काट्ने चक्कुहरू) को प्रयोग गरिन्छ।
- म्याद समाप्त भए/नभएको जाँच गरी म्याद समाप्त भएको Packaged खाद्यान्न सम्बन्धित विक्रेताको policy बमोजिम फिर्ता गरिनेछ भने बाँकी सामग्रीलाई सोको प्रकृति अनुसार व्यवस्थापन गरिनेछ।
- खाद्यान्नको लागि प्रयोग हुने उपकरण तथा भाँडाहरू सफा र सेनिटाइज गरिनेछ। होटलको भान्सामा स्वस्थकर खानाको तयारी तथा खाद्य सुरक्षा मापदण्डहरू पालना गरिनेछ।
- खाना पकाउन स्वच्छ खानेपानी (राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ को मापदण्ड अनुरूप) को प्रयोग गरिनेछ।
- स्थानीय कृषि उत्पादनलाई प्राथमिकता दिईनेछ र स्थानीय समुदायमा प्रचलित खानालाई होटलको खानाको तालिकामा थप गरिनेछ।
- राष्ट्रिय (खाद्य ऐन, २०२७) र अन्तर्राष्ट्रिय खाद्य सुरक्षा (जस्तैः ISO २२०००) र गुणस्तर मापदण्डहरूको पालना गरिनेछ।
- भान्सामा सर्प, माउसुली तथा अन्य विषालु किरा फट्याङ्ग्रा पस्न नदिनको लागि भान्सा कोठाको प्रत्येक प्रवेश द्वार तथा झ्यालहरूमा जालीको प्रयोग गरिनेछ।

**च. बहु जातीयता, संस्कृति, धर्मका व्यक्तिहरूको प्रवाह**

कर्मचारीहरूलाई विविध जाति र सामाजिक संस्कृतिलाई सम्मान गर्न सचेतना दिइनेछ। यदि होटलको सञ्चालनका क्रममा सामाजिक र सांस्कृतिक समस्याको बारेमा कुनै विवाद उत्पन्न भयो भने तुरून्तै त्यस समस्याको समाधान गरिनेछ। स्थानीय संस्कृति, परम्परा, र खानपानलाई

प्रवर्द्धन गर्न होटलको मेनूमा स्थानीय तथा क्षेत्रिय स्वाद अनुसारका परिकारहरू समावेश गरिनेछ र स्थानीय कलात्मक कार्यक्रमहरू आयोजना गरिनेछ।

**छ. आगन्तुकहरूको सुरक्षा**

मुख्य प्रवेशद्वारमा सुरक्षा चौकीदारद्वारा प्रवेशद्वार नियन्त्रण गरिनेछ। सुरक्षा चौकीदारद्वारा सवारी साधनहरूको पार्किङ्ग व्यवस्था अनुगमन गरिनेछ, र कुनै पनि अनधिकृत गाडी पार्क गर्न प्रतिबन्ध लगाइनेछ। अवैध गतिविधिहरूको निगरानीका लागि मुख्य प्रवेशद्वार, लबी र अन्य सार्वजनिक क्षेत्रहरूमा सि.सि.टि.भी. को व्यवस्था गरिनेछ। रिसेप्शन र सार्वजनिक क्षेत्रहरूमा, नजिकको प्रहरी चौकीका सुरक्षा हटलाइन नम्बर स्पष्ट रूपमा प्रदर्शन गरिनेछ। यसले आगन्तुकलाई तत्काल सुरक्षा सहायता प्राप्त गर्न मद्दत पुर्याउनेछ। होटलको वरपर स्ट्रीट लाईटको व्यवस्था गरिनेछ।

## वातावरणीय व्यवस्थापन योजना

### तालिका ३९ : सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप

| क्र. सं. | सकरात्मक प्रभावहरू | बढोत्तरीका क्रियाकलाप | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित बजेट (ने.रू.) | अनुगमन तथा मूल्याङ्कन |
| | **क. निर्माण चरण** | | | | | | | |
| १. | रोजगारीको अवसर | सम्भव भएसम्म योग्यता, सीप र इच्छुकताको आधारमा रोजगारीका अवसरको लागि स्थानीय व्यक्तिलाई प्राथमिकता दिइनेछ। | निर्माण क्षेत्र | • स्थानीयहरूलाई दक्षता अनुसार महिला पुरूषलाई समान अवसर दिईनेछ। | निर्माण चरण | प्रस्तावक | - | प्रस्तावक |
| | **ख. सञ्चालन चरण** | | | | | | | |
| १. | रोजगारीको अवसर | मण्डनदेउपुर नगरपालिकाको स्थानीयवासीहरूलाई रोजगारीको पहिलो प्राथमिकता दिईनेछ। | होटल परिसर | आवश्यक कर्मचारी पदपूर्तिको लागि समुदायका इच्छुक दक्ष जनशक्तिलाई रोजगारीको लागि प्राथमिकता दिईनेछ। | सञ्चालन अवधि भर | प्रस्तावक | - | प्रस्तावक |
| | | सिप मुलक तालिमको व्यवस्था | होटल परिसर | स्थानीय रोजगारीको अवसर बढाउन विशेष सीप विकास कार्यक्रम, तालिम तथा कोर्सहरूको आयोजना गरिनेछ। | | | | |

| क्र. सं. | सकरात्मक प्रभावहरू | बढोत्तरीका क्रियाकलाप | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित बजेट (ने.रू.) | अनुगमन तथा मूल्याङ्कन |
| २. | पर्यटन विकास | पर्यटकहरूलाई सबै प्रकारका सुविधाहरू समयको माग अनुसार प्रदान गरिदैं आईरहेको छ। | होटल परिसर | • होटलको प्रत्येक पाहुना कोठा तथा लबीमा प्रतिक्रिया फारम राखिएको छ।<br>• होटलको वेवसाइट तथा सामाजिक सञ्जालबाट आएका नकरात्मक सुझावहरूलाई समाधान गरिदैं आएको छ। | सञ्चालन चरण | प्रस्तावक | - | प्रस्तावक / सम्बन्धित मन्त्रालय वा विभाग/स्थानीय निकाय |
| | | पर्यटकहरूको सन्तुष्टिलाई पहिलो प्राथमिकतामा राखिनेछ। | | सेवा गुणस्तरलाई निरन्तर सुधार गर्दै पाहुनाहरूको सुविधाका लागि २४/७ ग्राहक सेवा उपलब्ध गराइनेछ, जसले उनीहरूको कुनै पनि जिज्ञासा वा गुनासोलाई तत्काल सम्बोधन गर्न मद्दत गर्नेछ। | | | | |

| क्र. सं. | सकरात्मक प्रभावहरू | बढोत्तरीका क्रियाकलाप | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित बजेट (ने.रू.) | अनुगमन तथा मूल्याङ्कन |
| ३. | राजस्व सङ्कलन | होटल सञ्चालन वापत संघीय तथा स्थानीय तहलाई बुझाइने राजस्वबाट संघ तथा स्थानीय तहको राजस्व सङ्कलनमा टेवा पुग्नेछ। | स्थानीय निकाय | • संघीय तथा स्थानीय निकायको नियमानुसार प्रत्येक आर्थिक वर्षमा राजस्व बुझाईनेछ।<br>• पर्यावरणीय मापदण्ड तथा स्थानीय नियमहरूको पालना गर्दै दिगो तथा उत्तरदायी व्यवसायिक अभ्यासहरूलाई पनि प्राथमिकता दिइनेछ। | सञ्चालन चरण | प्रस्तावक | नेपाल सरकारको नियम बमोजिम | सम्बन्धित वडा कार्यालय |
| ४. | स्थानीय उत्पादनलाई प्रयोग गरी स्थानीय आर्थिक गतिविधिमा वृद्धि | स्थानीय उत्पादन तथा उद्यमशीलतालाई प्रवर्द्धन | होटल परिसर, स्थानीय बजार | • होटलमा प्रयोग हुने कृषि उत्पादन, हस्तकला सामग्री, दुग्धजन्य पदार्थ तथा अन्य आवश्यक वस्तुहरू अधिकतम रूपमा स्थानीय स्थानीय हाट बजारबाट खरिद गर्दै आएको छ। | सञ्चालन अवधि भर | प्रस्तावक | - | प्रस्तावक |

| क्र. सं. | सकरात्मक प्रभावहरू | बढोत्तरीका क्रियाकलाप | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित बजेट (ने.रू.) | अनुगमन तथा मूल्याङ्कन |
| | | | | • होटलले स्थानीय बजारबाट सामग्री खरिद गर्दा आर्थिक लेनदेन सोही क्षेत्रभित्र नै परिक्रमा हुने | | | | |
| ५. | सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि गरिने सहयोग | सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायका लागि समुदाय आधारित कार्यक्रम र गतिविधिहरूमा भाग लिई सहयोग गर्दै आईरहेको छ भने भविष्यमा पनि यसलाई निरन्तरता दिईनेछ। | होटलको प्रभावित क्षेत्र | स्वास्थ्य, शिक्षा, सरसफाइ, धार्मिक, सांस्कृतिक सम्पदा संरक्षण गर्न सहयोग, नजिकको पहुँच सडकहरूको मर्मत | निर्माण तथा सञ्चालन चरण | प्रस्तावक | नेपाल सरकारको नियम बमोजिम | |

## तालिका ४०: नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप

| क्र. सं. | नकारात्मक प्रभावहरू | न्यूनीकरणका क्रियाकलापहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित बजेट (ने.रू.) | अनुगमन तथा मूल्याङ्कन |
| क. भौतिक क्षेत्र | | | | | | | | |
| १. निर्माण चरण | | | | | | | | |
| १. | ठोस तथा तरल फोहोर व्यवस्थापन | निर्माण स्थलबाट उत्पन्न हुने तथा कामदारहरूबाट ठोस तथा तरल फोहोरको जथाभावी विसर्जन गरिने छैन। | निर्माण स्थल | पुनः चक्रीय फोहोर तोकिएको ठाउँमा सङ्कलन गरिनेछ र सम्बन्धित विक्रेताहरूलाई बेचिनेछ। | निर्माण अवधि भर | प्रस्तावक | २,००,०००।- एक पटक खर्च | प्रस्तावक |
| | | उत्खनन् गरिने माटोको उचित व्यवस्थापन गरिनेछ। | होटल परिसर | बगैंचाहरूमा प्रयोग गरिनेछ र बाँकी माटोलाई सम्बन्धित विक्रेताहरूलाई बेचिनेछ। | निर्माण चरण पश्चात | | | |
| | | तरल फोहोरलाई सोक पिटमार्फत व्यवस्थापन गरिनेछ। | निर्माण स्थल | निर्माण स्थलबाट उत्पन्न हुने तरल फोहोरलाई sedimentation pit मा राखेर थिग्रिए पश्चात् मात्र सोक पिटमा विसर्जन गरिनेछ। | | | | |
| २. | प्रकोपसँग सम्बन्धित प्रभाव | फायर एकसटिङ्ग्युसर सिलिन्डर राखिनेछ। | निर्माण स्थल | | निर्माण चरण | प्रस्तावक | | |

